Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अभिलेख
ABHILEKHA

वर्ष ३४ २०७३ पूर्णाङ्क ३४



राष्ट्रिय अभिलेखालय

रामशाहपथ, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अभिलेख
ABHILEKHA

वर्ष ३४ ❁ २०७३ ❁ पूर्णाङ्क ३४

प्रधान सम्पादक
सौभाग्य प्रधानाङ्ग

सम्पादक
निरण कुमार राजवंशी
राजु रिमाल
मनिता न्यौपाने
रज्जु हाडा

दुई शब्द

आजको विकसित समाज अतीतको मानव सभ्यताको ज्ञान, अनुभव, सीप एवं कठीन परिश्रमको स्वरूप हो भने त्यसलाई लिपिका माध्यमबाट व्यक्त गरिएका सामग्रीहरू अभिलेख हुन् । यसरी लिपिबद्ध गरिएका ऐतिहासिक, सामाजिक, सांस्कृतिक ज्ञान, सीप, अनुभव एवं उल्लेखनीय संग्रहहरू अभिलेखको रूपमा कुनै स्थान विशेष, राष्ट्र विशेषमा मात्र सीमित नभै विश्वकै लागि महत्त्वपूर्ण सम्पति हुन् । आजको तीब्र रूपमा विकसित भइरहेको समाजको परिवेश एवं परिस्थितिमा ती सामग्रीहरूको उचित संरक्षण एवं सम्वर्द्धन प्रति अझ बढी जागरुक हुनुपर्ने आवश्यकता भएको छ । संग्रहित एवं संरक्षित अभिलेख आजको समाजमा सत्य, तथ्य र न्यायका लागि जति सहयोगी हुन्छ त्यति नै सामाजिक सद्भावको विकासमा यसले महत्त्वपूर्ण योगदान दिन सक्दछ ।

नेपालमा वि. सं. २०२४ सालमा राष्ट्रिय अभिलेखालयको स्थापनापछि प्राचीनकालदेखिका संग्रहित महत्त्वपूर्ण हस्तलिखित ग्रन्थहरूको उचित संरक्षण हुँदै आइरहेको छ । निजी संकलनमा रहेका ऐतिहासिक महत्त्वका कागजपत्रहरूका साथै सरकार सञ्चालनको दैनिककार्यका क्रममा सिर्जना हुने महत्त्वपूर्ण काजगपत्रहरू प्राप्त गरी त्यसको उचित संरक्षण तथा व्यवस्थापन गर्ने कार्य राष्ट्रिय अभिलेखालयले गर्दै आइरहेको छ । यस्ता कार्यहरू गर्न अभिलेखालयलाई अभिलेख संरक्षण ऐन,२०४६ र अभिलेख संरक्षण नियमावली, २०६३ ले कानूनी आधार प्रदान गरेको छ । वर्तमान राष्ट्रिय अभिलेखालयको मूल भवन अभिलेखको वैज्ञानिक व्यवस्थापन तथा संरक्षण गर्ने उद्देश्यका लागि भारत सरकारको सहयोगमा र पछाडिको माइक्रोफिल्म भवन जर्मनी सरकारको सहयोगमा निर्मित भएको हो । यी भवनहरूमा अभिलेख संरक्षणका लागि वातानुकुलित भण्डारण कक्षहरू, माइक्रोफिल्म उत्पादनका लागि डार्क रुम, रासायनिक संरक्षण तथा मर्मतको लागि प्रयोगशाला, सेवाग्राहीहरूको लागि अध्ययनकक्ष जस्ता पूर्वाधारहरू रहेका छन् । यी पूर्वाधारहरूको अभावमा अभिलेखको व्यवस्थापन, संरक्षण तथा सेवाप्रवाह प्रभावकारी हुन नसक्ने हुनाले राष्ट्रिय अभिलेखालयलाई अन्यत्र स्थानान्तरण गर्ने नेपाल सरकारको निर्णयमा पुर्नविचार गर्नुपर्ने आवश्यकता यस क्षेत्रका विद्वान्हरूले औंल्याएका छन् । राष्ट्रिय अभिलेखालय पचासौं वर्षमा आइपुग्दा यसलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउने उदेश्यले विभिन्न नीति तथा योजनाहरू तयार गर्दै यसै अर्न्तगत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वको अभिलेख संकलन केन्द्र, अध्ययन अनुसन्धान तथा तालिम केन्द्र, अभिलेख संरक्षण केन्द्र, श्रव्य दृश्य तथा डिजिटल अभिलेख केन्द्रको रूपमा विकास गर्ने सोच रहेको छ । अभिलेखपत्रिकाको प्रकाशनको थालनी वि. सं. २०४० सालदेखि भएको हो ।

अभिलेखका विभिन्न पक्षसँग सम्बन्धित विषयमा लेखिएका अनुसन्धानात्मक र मौलिक लेखहरूलाई विशेष महत्त्वका साथ यसको प्रकाशनलाई निरन्तरता दिंदै आएको कुरा पाठकवर्गमा विदितै छ । विगतका अंकहरूले जस्तै यस वर्ष प्रकाशन हुन लागेको चौतीसौं अङ्कले पनि पाठकवर्गको चाहनालाई न्याय गर्न सकोस् भन्ने सम्पादकमण्डल अपेक्षा गर्दछ । पाठकवर्गकै अमूल्य सुझाव, सदाशयता तथा आत्मीयताका कारणले नै अभिलेख पत्रिका आजको अवस्थासम्म आइपुगेको हो । अन्तमा, आफ्नो अमूल्य रचना उपलब्ध गराई अभिलेख पत्रिकाको चौतीसौं अङ्क प्रकाशनमा महत्त्वपूर्ण सहयोग गर्नुहुने सबै लेखक महानुभावहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै यस पत्रिकाको प्रकाशनमा देखिएका कमी-कमजोरीहरू औंल्याई सुधारको लागि रचनात्मक सुझावको अपेक्षा गर्दछु ।

सौभाग्य प्रधानाङ्ग
प्रमुख
राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्रकाशक : राष्ट्रिय अभिलेखालय
फोन नं. : ४२६४३५३, ४२२७५९७
फ्याक्स नं.: ४२२४५१४
Website : narchives.gov.np
प्रकाशन मिति : वि. सं. २०७३
प्रकाशित प्रति : ५००
मूल्य रु. : १००/-
मुद्रक : कोशी प्रिन्टिङ्ग प्रेस, बबरमहल, काठमाडौं
फोन नं. : ४२२५६९६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विषय-सूची

विषय	लेखक	पृष्ठ संख्या
राज्यराज्यको बीचमा संस्कृतमा पत्रव्यवहार	- डा. महेशराज पन्त	५
किपट व्यवस्थापनमा १८९३ सालको सवाल	- प्रा. डा. भवेश्वर पंगेनी	२०
हस्तलिखित ग्रन्थमा उल्लेखित विवाह विधि	- डा. गोपाल धौबन्जार	३०
मन्थलीका केही अभिलेखहरूमा व्यक्तिवाचक नामिक पदको अध्ययन	- डा. भूपहरि पौडेल	३९
अभिलेखबाट बनेपा र चण्डेश्वरीलाई हेर्दा	- प्रा. डा. पुरुषोत्तम	४८
उत्तर पृथ्वीनारायणकालिक नेपाल-तिब्बत व्यापार सम्बन्धमा टक्सारीको भूमिका	- देविचन्द्र श्रेष्ठ	६४
आयुर्वेदग्रन्थ लङ्कावतार (नेसं २८)को अन्तिम पत्र	- काशीनाथ तमोट	७१
राष्ट्रिय संग्रहालय छाउनी सम्बन्धी १२ वटा कागजपत्र	- प्रकाश दर्नाल	७५
ल.पु. चपट गणेश मन्दिरमा फेलापरेको अप्रकाशित लिच्छवि अभिलेख	- श्याम सुन्दर राजवंशी	८६
लिच्छविकालका अभिलेखमा धारा प्रणाली	- सौभाग्य प्रधानाङ्ग	९०
हस्तलिखित ग्रन्थका गाताहरू	- गृह मान सिंह	१०२
भोट भाषामा काथाङ ग्रन्थहरूको संक्षिप्त अध्ययन	- प्रा. पुण्य प्रसाद पराजुली	१०६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सिन्धुपाल्चोक थपिनारायणमन्दिरका ६ वटा र हनूमान्ढोका शिवमन्दिरको एउटा अप्रकाशित अभिलेख

- *प्रकाश खड्का / रोशनीश्रेष्ठ*........................११२

पाल्पा रिब्दीकोट जलेश्वर महादेव र बोधिसत्व

- *निर्मल श्रेष्ठ*..१२२

राष्ट्रिय अभिलेखालयमा रहेको ग्रन्थ वास्तुविधिको समीक्षा

- *मनिता न्यौपाने* १३१

थोन्मी संभोट र संभोट व्याकरण : एक परिचय

- *कल्पना पराजुली*..१३७

Reporting across Borders in a Time of Turmoil
Eight Reports from Lokaramaṇa Upādhyāya from the Years 1837-1844

- Manik Bajracharya,
Simon Cubelic and
Rajan Khatiwada १४२

Dated Manuscript of Newārī Version of
Āryāvalokiteśvara Stotraṃ of Carapatipāda

- Prof. Shanker Thapa १७७

कौसी तोषाखानाबाट प्राप्त लालमोहर

- १८५

आर्थिक वर्ष २०७२/०७३ को वार्षिक गतिविधि

- १९५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राज्यराज्यको बीचमा संस्कृतमा पत्रव्यवहार

-डा. महेशराज पन्त*

१. प्राचीन कालमा भारतवर्षका विभिन्नभाषाभाषीमध्ये पठितवर्गको साझा भाषा संस्कृत थियो भन्ने कुरामा बढी लेख्नु आवश्यक छैन । कालान्तरमा राजकाजको भाषा फारसी भएकोले त्यस भाषाको प्रभाव बढ्दै जाँदा संस्कृतको क्षेत्र साँगुरिँदै गयो । तैपनि राज्यराज्यमा सम्पर्कभाषाको रूपमा संस्कृत रहँदै आइरहेको थियो । भारतवर्षमा मात्र होइन, बाहिरफेरबाट हाम्रो यतातिर चिठी पठाउँदा संस्कृतमा लेखिने गरेको एउटा दृष्यन्तको रूपमा चीनका बादशाह योङ ले[१]ले बनेपाका शासक मदनसिंहरामलाई महाचीनाब्द (महाचीनको संवत्) अर्थात् ने.सं. ५३५ तदनुसार वि.सं. १४७२ आषाढशुक्लदशमीको दिन लेखेको परवाना संस्कृतमा लेखिएकोतर्फ औँल्याउन सकिन्छ ।[२]

वि.सं. १८७१-१८७२ को लडाइँमा अङ्ग्रेजसँग हारेपछि पाश्चात्त्य (पश्चिमा), दाक्षिणात्य (दक्खिना) र आर्यावर्तका (हिमालय र विन्ध्यको बीचको भूभागका) अर्थात् भारतवर्षभरका राजाहरूलाई अङ्ग्रेजको विरोधमा उठाउन पाशुपत क्षेत्रमा बसेर गौतम गोत्रका ब्राह्मण वाणीनिधिले वि.सं. १८७७ को मङ्सीर महीनामा लेखेको, संस्कृतको लघुकाव्यको सम्झना पनि यस प्रसङ्गमा आउँछ ।[३]

२. राज्यराज्यको बीचमा उन्नाइसौँ शताब्दीसम्म पनि संस्कृतमा चिठीपत्र हुन्थ्यो भन्ने देखाउने ३ वटा पत्रको विषय लिएर यो सानो लेख कोरिएको छ ।

३. पहिला २ पत्र परराष्ट्र मन्त्रालयमा र तेस्रो चाहिँ लक्ष्मीपति-नयराजसङ्ग्रहमा छन् । परराष्ट्रमन्त्रालयका कागजात अहिले राष्ट्रिय अभिलेखालयमा आइसकेकाले यी दुवै पत्र पनि त्यहीँ आइसकेको हुनुपर्छ ।

४. पहिलो पत्रको मूलपाठ रुक्मनाथ पौडेलले छपाएका हुन् । उनले लेखेअनुसार मूल पत्रको नापो १८ × १० अङ्गुल छ । यसै पत्रमा गाभिएको, पत्रचिह्नको अर्थात् कोसेलीको फेहरिस्त लेखिएको कागजको लम्बाइ ५ अङ्गुलभन्दा अलि बढी र चौडाइचाहिँ झण्डै साढे

---

*संशोधन-मण्डलसँग आबद्ध हुनुहुन्छ ।

१. केनेथ स्कट ल्याटूरेट (२०२९: २२९)ले यी बादशाहको नाउँ रोमन लिपिमा Yung Lo लेखेका छन् । यसैको अनुसरण गरी ज्ञानमणि नेपाल (२०७३: १२४)ले देवनागरीमा **युङ्लो** लेखेका छन् । तर चिनियाँ ऐतिहासिकहरूले रोमनमा Yong Le लेखेकाले (बाइ शौयि २०३९: ३३२) तदनुसार मैले **योङ ले** लेखेको हुँ ।

२. धनवज्र वज्राचार्य २०३१: २४-२८ ।

३. गोरण्डाख्यो मलिम्लुचः २०१०: १, ५ । नरहरिनाथ र जनकलाल ढकाल २०१२: ११७-११९ । नयराज पन्त २०१८: ८६-९१ । महेशराज पन्त २०७१: ७ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

३ अङ्गुल छ भन्ने उनको भनाइ छ । यस पत्रमा ठाउँठाउँमा सुनका तबक लगाइएका छन् भन्ने पनि उनले लेखेका छन् ।[४] मूल पत्र वा त्यसको प्रतिच्छवि देख्न नपाइएकोले रुक्मनाथ पौडेलले पढेकै पाठ तल सारिएको छ ।

दोस्रो पत्रको मूलपाठ पनि रुक्मनाथ पौडेलले नै छपाएका हुन् । उनले लेखेअनुसार मूल पत्रको नापो १६ × १० अङ्गुल छ । यसै पत्रमा गाभिएको, पत्रचिह्नको फेहरिस्त लेखिएको कागजको लम्बाइ १० × ५ अङ्गुल छ भन्ने उनको भनाइ छ । यस पत्रमा पनि ठाउँठाउँमा सुनका तबक लगाइएका छन् भन्ने पनि उनले लेखेका छन् ।[५] मूल पत्र वा त्यसको प्रतिच्छवि देख्न नपाइएकोले रुक्मनाथ पौडेलले पढेकै पाठ तल सारिएको छ ।

तेस्रो पत्रको मूलपाठ र उल्था सबभन्दा पहिले इतिहास-प्रकाश १ अङ्कमा छापिएको हो ।[६] त्यो छापिएको ९ वर्ष बितिसकेपछि मूलबाटै पढी त्यसको पाठ र नयाँ उल्था ऐतिहासिक पत्रसंग्रह २ भागमा छापियो ।[७] त्यसको २ वर्ष नबित्दै त्यस पत्रको फोटो पूर्णिमा ९ अङ्कमा छापियो र ऐतिहासिक पत्रसंग्रहमै छापिएको, त्यस पत्रको पाठ र उल्था पूर्णिमाको त्यही अङ्कमा फेरि छापियो ।[८] अहिले मूल पत्रसँग भिडाई पाठ यहाँ दिइएको छ र उल्था पनि सकेसम्म मूलको नजीक हुने गरी गरिएको छ ।

१० × ८ अङ्गुल नापो भएको सेतो कागजमा अक्षर अक्षर छुट्ट्याई कालो मसीले लेखिएको यस पत्रको शिरमा १ अङ्गुल छोडी साक्षी राखिएका देवताहरूका नाउँ एकै पङ्क्तिमा लहरै लेखिएका छन् । त्यसपछि ०.९ अङ्गुल छोडी पूरै बायाँपट्टि २ × २ अङ्गुल नापो भएको, चारकुने छाप लगाइएको छ । त्यस छापको शिरमा दायाँबाट बायाँ फर्किएको, तेर्सो गरी राखिएको त्रिशूल छ । त्यस छापभित्र दायाँबायाँ, तलमाथि सरल रेखाको घेरा छ । छापपछि ०.४ अङ्गुल ठाउँ छोडी यस पत्रको पेटबोली लेखिएको छ । बायाँपट्टि किनारामा ०.८ अङ्गुल र दायाँपट्टि किनारामा ०.५ अङ्गुल छोडी लेखिएको छ । यस पत्रमा ठाउँठाउँमा सुनका तबक लगाइएका छन् । त्यस्ता तबक छापको पहिलो पङ्क्तिको हाराहारीमा ५ र पेटबोलीको सातौँ पङ्क्तिमा ५ गरी जम्माजम्मी १० वटा छन् ।

५. अलिकति यी पत्रको लेखाइको विषयमा ।

५.१. शुद्ध संस्कृतमा लेखिएका यी पत्रमा गोरखाली राजाहरूको प्रशस्तिमा बीचमा आएको **महाराज** शब्द ती राजाहरूका अरू अरू पत्रमा जस्तै यिनमा पनि **महाराजे**[९] नै लेखिएको चाखलाग्दो छ ।

५.२. लिपिकरबाट भएका गल्ती दोस्रो पत्रमा बढी छन् । खुलाएर भन्दा, पहिलो पत्रमा १ ठाउँमा,[१०] दोस्रोमा ८ ठाउँमा[११] र तेस्रोमा चाहिँ १ ठाउँमा[१२] त्यस्ता गल्ती छन् । लिपिकरबाट भएको गल्ती सच्याउने काम तेस्रो पत्रमा भएको छ भन्ने कुरा यहाँनिर भन्नुपर्छ ।[१३]

---

४. रुक्मनाथ पौडेल २०४०: ४२-४४ ।

५. ऐजन: ४२, ४४-४५ ।

६. नरहरिनाथ २०१२: १५३ ।

७. रामजी तेवारी आदि २०२१: ७-९ ।

८. पूर्णिमा ९ पूर्णाङ्कको १ पृष्ठभन्दा अगाडिको फोटो, दिनेशराज पन्त २०२३: ४१-४२ ।

९. पहिलो पत्रमा ६ पङ्क्ति, दोस्रो पत्रमा ७ पङ्क्ति, तेस्रो पत्रमा १ पङ्क्ति ।

१०. १९ पङ्क्तिमा **शूभं** ।

११. १ पङ्क्तिमा °**खर्वीकृति**°, २ पङ्क्तिमा °**पारशीकोर्वीश**° र °**सौर्य**°, ३ पङ्क्तिमा °**भूपालिलोकोत्तर**°, ७ पङ्क्तिमा °**सम्सेरजंङ्ग**°, ८ पङ्क्तिमा **समत्र**, १२ पङ्क्तिमा **ज्येष्ट**°, १३ पङ्क्तिमा **भूयान्निरंतम्** ।

१२. ५ पङ्क्तिमा **साक्षिण्य कृताः** ।

१३. २ पङ्क्तिमा **शिल्लिख्य** लेखिएकोमा **शि**को बाइमात्रा २ वटा ठाडा धर्काले काटेर **श**लाई **स** पारी **सल्लिख्य** बनाइएको छ, **समाथि** हाल्नुपर्ने अनुनासिक भने छुटेको छ ।
६ पङ्क्तिमा °**विपर्यकारिण**° भएकोमा **विपर्य**को **र्य** र **कारिण**को **का**को बीचमा ६ र ७ पङ्क्तिको बीचको खाली ठाउँमा **य** थपी **विपर्यय** बनाइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

५.३. व्याकरणविरुद्ध पद अघिल्ला २ पत्रमा कहीँ कहीँ छन् । खुलाएर भन्दा, पहिलो पत्रमा पुंलिङ्गी शब्दको प्रयोग नपुंसकलिङ्गमा भएको छ,[१४] दोस्रो पत्रमा चाहिँ भाववाचक शब्दमा **ता**[१५] प्रत्यय लगाइएको छ र ईकारान्त शब्दलाई इकारान्त[१६] बनाइएको छ ।

५.४. सन्धि गर्नुपर्ने ठाउँमा, पहिलो पत्रमा पनि २ ठाउँमा, दोस्रो पत्रमा पनि २ ठाउँमा छोडेर अन्यत्र सबै ठाउँमा सन्धि गरिएको छ । खुलाएर भन्दा, पहिलो पत्रमा **सवर्णदीर्घसन्धि** गर्नुपर्नेमा र विसर्गपछि **त्** आउँदा विसर्गको ठाउँमा **स्** हुनुपर्नेमा सन्धि गरिएको छैन;[१७] दोस्रो पत्रमा चाहिँ पदान्तको **म्**पछि व्यञ्जन आएको खण्डमा **म्**को ठाउँमा अनुस्वार हाल्नुपर्ने नियमको पालन गरिएको छैन[१८] र इको विसर्गपछि **व्** आउँदा विसर्गको ठाउँमा **र्** हुनुपर्नेमा सन्धि गरिएको छैन[१९] । तेस्रो पत्रमा सन्धि नगरी छोडेको कहीँ छैन ।[२०]

५.५. अवग्रह अर्थात् खण्डाकारको प्रयोग यी पत्रमा धेरै नै कम छ । खुलाएर भन्दा, तेस्रो पत्रमा अवग्रह कहीँ पनि राखिएको छैन, पहिलो पत्रमा समस्तपदमा सर्वणदीर्घसन्धि हुँदा २ ठाउँमा[२१] र दोस्रो पत्रमा चाहिँ **अः**पछि **अ** आएकोमा **अः**को साटो **ओ** भई त्यसपछिको **अ**को लोप हुँदा राखिएको छ[२२] ।

५.६. रेफदेखि व्यञ्जन पर हुँदा यी पत्रमा सामान्यतया व्यञ्जनको द्वित्व गरिएको छैन, खालि कहीँ कहीँ मात्र द्वित्व गरिएको छ ।[२३] उही धातु वा उही धातुबाट निष्पन्न शब्द पहिलो पत्रमा ४ पटक आउँदा २ ठाउँमा द्वित्व गरिएको[२४] र त्यति नै ठाउँमा द्वित्व गरिएको छैन[२५] । त्यसै गरी, तेस्रो पत्रमा उही शब्द ४ पटक आउँदा ३ ठाउँमा द्वित्व गरिएको[२६] र १ ठाउँमा चाहिँ द्वित्व गरिएको छैन[२७] । **पत्र**को ठाउँमा **पत्त्र** र **मित्र**को ठाउँमा **मित्त्र** पनि लेखिने गरेकोमा तेस्रो पत्रमा १ ठाउँमा

---

१४. ९-१० पङ्क्तिमा **भूपैर्विघ्नानि कति न संपादितानि**, १४ पङ्क्तिमा **सन्तीत्येतद्वृत्तान्तमत्रत्यम्** ।
१५. १० पङ्क्तिमा **परंपरैक्यतास्माकं** ।
१६. पत्रचिह्नको १० पङ्क्तिमा **कस्तूरिमृग**° ।
१७. ८-९ पङ्क्तिमा **नेपालदेशस्याक्रमणाय अस्मत्सैन्यानि**, १३ पङ्क्तिमा **कतिचिच्चावशिष्यः तेपि** ।
१८. ७ पङ्क्तिमा **देवानाम् सदा**, ७-८ पङ्क्तिमा **समरविजयिनाम् सलामेत्याख्याः** ।
१९. ११ पङ्क्तिमा **श्रीमद्भिः विशेष**° ।
२०. देवीदेवताको र मान्यजनको नाउँ जहाँ लेख्नुपर्ने हो, त्यहाँ नलेखी माथि पत्रको शिरमा लेख्ने चलनअनुसार यहाँ ६ पङ्क्तिमा देवताहरूको नाउँ चाहिने हुँदा त्यस ठाउँमा यस्तो ¨ चिह्न हालिएको छ । माथि शिरमा लेखिएका नाउँ तल ओह्राल्दा **अनिष्टकारिण्यः**को अगाडि शिरको **देवताः**को विसर्गलाई यहाँ गन्नु भएन ।
२१. २ पङ्क्तिमा °**भस्मीभूताऽरि**°, ३-४ पङ्क्तिमा **श्रीश्रीश्रीमत्कूर्माचलाऽधीश्वरेषु** ।
२२. ९ पङ्क्तिमा **चिरादस्मत्स्वान्तमतोऽभिन्न**° ।
२३. पहिलो पत्रको १ पङ्क्तिमा °**मार्त्तण्ड**° ।
दोस्रो पत्रको १ पङ्क्तिमा °**प्राखर्य्य**°, ४ पङ्क्तिमा °**निसर्ग्ग**°, १३ पङ्क्तिमा °**पुर्य्यां** ।
तेस्रो पत्रको ५ पङ्क्तिमा **निर्व्वाह्य**° ।
२४. ९ पङ्क्तिमा **गोर्षाकूर्माचलान्तर्वर्त्ति**°, १४ पङ्क्तिमा **मद्वशवर्त्तिनः** ।
२५. १३ पङ्क्तिमा **भेरीपर्यन्तवर्तिनो**, १४ पङ्क्तिमा **वरीवर्तीति** ।
२६. ३ पङ्क्तिमा २ पटक **कूर्म्माचलाधीश**°, ९ पङ्क्तिमा °**कूर्म्माचल**° ।
२७. छापको २ पङ्क्तिमा °**कूर्माद्रि**° ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पत्र[२८] र अर्को ठाउँमा पत्र[२९] तथा २ ठाउँमा मित्र[३०] र त्यति नै ठाउँमा मित्र[३१] लेखिएको छ। द्वित्व गरिनुपर्नेमा पनि नगरिएकोको उदाहरण दोस्रो पत्रमा पाइएको छ।[३२]

५.७. परसवर्ण गर्नैपर्ने अवस्थामा पनि आम तर अशुद्ध चलनअनुसार यी पत्रमा कहीँ कहीँ अनुस्वार हालिएको छ।[३३] विकल्पले परसवर्ण हुने शब्दमा कहीँ पनि परसवर्ण गरिएको छैन।[३४]

५.८. पदान्त **म्**को अगाडि स्पर्शवर्ण आउँदा जुन वर्गको वर्ण आएको छ, सो **म्** अनुस्वार नभई विकल्पले त्यही वर्णको पाँचौँ वर्णमा परिवर्तित हुने नियमको अनुसरण तेस्रो पत्रमा पटक पटक भएको छ।[३५]

५.९. **शर्** अर्थात् **श् ष् स्** पर भएमा विसर्गको ठाउँमा **शर्** हुने वा विसर्ग नै हुने नियम भएकोमा तेस्रो पत्रमा २ ठाउँमा विसर्ग हटाई **शर्** गरिएको छ।[३६]

५.१०. **प्** वा **फ्** पर भएमा विसर्गको ठाउँमा विकल्पले उपध्मानीय ᳶ हुने नियमको अनुसरण तेस्रो पत्रमा १ पटक गरिएको छ,[३७] त्यस्तै स्थिति त्यही पत्रमा अन्त आउँदा भने विसर्ग नै राखिएको छ।[३८]

५.११. पहिलो चिठीको दाँजोमा ज्यादै लामो समस्तपद दोस्रो चिठीमा छ।[३९] त्यसले गर्दा दोस्रो पत्रको समस्तपदको अभिप्रेत अर्थ बुझ्न गाह्रो परेको छ। अघिल्ला २ पत्रको दाँजोमा तेस्रो पत्रको भाषा बढी स्पष्ट छ। अघिल्ला २ पत्र गद्यमा मात्र भएकोमा पछिल्लो पत्रमा छापमा अनुष्टुभ्मा लेखिएको पद्य त छँदैछ, त्यसबाहेक पेटबोलीमा सुवदना छन्दको एउटा पद्य पनि छ।

१ सङ्ख्या

६. श्री ५ रणबहादुर शाह (वि.सं. १८३२-१८६३, राज्यकाल वि.सं. १८३४-१८५५)को नाउँले कुमाउका राजालाई लेखिएको चिठी यो हो। यसमा कुमाउका राजाको नाउँ दिइएको छैन, मिति पनि साल नदिई खालि **चैत्रकृष्णएकादशी बृहस्पतिवार** मात्र लेखिएको छ। यस कारण यो चिठी कुन सालमा लेखिएको हो र त्यस वेला कुमाउको गद्दीमा को थिए भन्ने कुरा खुलाउनुपरेको छ।

६.१. कुमाउका राजा दीपचन्द्रको कमजोरीले गर्दा

२८. २ पङ्क्तिमा **धर्मपत्रं**।
२९. १० पङ्क्तिमा **बीजम्पत्रं**।
३०. २ पङ्क्तिमा **'मस्मन्मित्त्रमस्मन्मित्त्रञ्च**।
३१. २ पङ्क्तिमा **'मित्र'**, ३ पङ्क्तिमा **'मित्र'**।
३२. ९ पङ्क्तिमा **'कीर्तिरुज्वलयति**।
३३. पहिलो पत्रको १ पङ्क्तिमा **'मंडल'**, ११ पङ्क्तिमा **जगुहुस्तदनंतरं**।
दोस्रो पत्रको ४ पङ्क्तिमा **'मंडलेशमंडनीभवन्नीति'**, ९ पङ्क्तिमा **उदंतस्तु**, पत्रचिह्नको १० पङ्क्तिमा **'सर्वांगे**।
तेस्रो पत्रमा छापको १ पङ्क्तिमा **श्रीनाथांघ्रि'**।
३४. पहिलो पत्रको २ पङ्क्तिमा **'संपत्तिसंप्रदानीकृतार्थिजन'**, १० पङ्क्तिमा **संपादितानि**, ११ पङ्क्तिमा **विधिवशाद्दिवंगता'**, १६ पङ्क्तिमा **स्युरित्यस्मत्संमतिः**।
दोस्रो पत्रको २ पङ्क्तिमा **'संभूताद्भुत'**, ३ पङ्क्तिमा **'संतापितातपत्र'**, १० पङ्क्तिमा **परंपरैक्य'**।
३५. २ पङ्क्तिमा **दत्तङ्गोरक्षाधीश'**, **'मस्मन्मित्त्रञ्च**, ३ पङ्क्तिमा **'मित्त्रङ्गोरक्षाधीश'**, १० पङ्क्तिमा **'बीजम्पत्रं**।
३६. १ पङ्क्तिमा **'देवैश्श्री'**, ५ पङ्क्तिमा **निर्व्वाह्यश्श्री'**।
३७. १० पङ्क्तिमा **प्रलिखितमदᳶ पञ्च'**।
३८. ७ पङ्क्तिमा **'भूभिः परिमित'**।
३९. पहिलो चिठीमा १ पङ्क्तिदेखि ३ पङ्क्तिको आधाआधीसम्म छ त दोस्रोमा चाहिँ १ पङ्क्तिदेखि शुरू भएको समस्तपदले पाँचौँ पङ्क्ति छोएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

त्यहाँको राजकाजमा जोशीहरूको प्रभाव बढ्न लागेको थियो । यस्तैमा मोहनसिंह भन्ने एक जना भारादारले दीपचन्द्रकी रानी शृङ्गारमञ्जरीको सहायताले कुमाउको शासन आफ्नो हातमा पारे । आफ्नो शक्ति बढ्दै आएपछि राजा, रानी र राजपुत्रहरूलाई पन्छाएर र अरू विरोधीहरूको दमन गरेर मोहनचन्द्रको नाउँले वि.सं. १८३४ को हिउँदमा उनी आफैँ कुमाउको गद्दीमा बसेका थिए । परन्तु २ वर्षभित्रै वि.सं. १८३६ मा जोशीहरूले छिमेकी राज्य गढवालको सहायताले मोहन चन्द्रलाई धपाए । यसपछि फेरि वि.सं. १८४३ मा मोहनचन्द्र कुमाउको गद्दीमा बस्न समर्थ भए ।[४०] यसको अर्कोन साल वि.सं. १८४४ फागुन ३ गतेसम्म गद्दीमा मोहनचन्द्र नै भइरहेको कुरा यही लेखमा तल ३ सङ्ख्याको रूपमा प्रकाशित पत्रबाट थाहा हुन्छ ।

रणबहादुर शाह गद्दीनशीन भइरहेको समयमा, उनका काका बहादुर शाह (वि.सं. १८१४-१८५४) को नायबीमा वि.सं. १८४३ मङ्सीर ७ गते गोरखा राज्यको सिमाना पश्चिममा भेरी नदीसम्म पुगे[४१]पछि गोरखा र कुमाउको बीचमा बलिया राज्य जुम्ला र डोटी बाँकी हुन गए । विजययात्रा गर्दै गएको गोरखा राज्यले महाकालीपारको कुमाउ राज्यलाई अनुकूल पारी कुमाउभन्दा पूर्वका राज्य जित्ने मनसुबा गरेकोले कुमाउका राजालाई आफ्नो अनुकूल बनाउनु आवश्यक भयो । यसैले **हामीबाट पनि जब फौजहरूलाई पश्चिमको सामुन्ने पारियो, तब भेरीसम्मका राजाहरू सबै भागे । केही बाँकी रहे, ती पनि मेरो वशमा रहेका छन् । अबउप्रान्त गोर्खा र कुमाउको एक मतोबाट ठूला ठूला अरू काम होऊन् भन्ने हाम्रो विचार छ** भनी यस चिठीमा लेखिएको हो । यस कारण यो चिठी भेरीसम्म साँध लागिसकेपछि लेखिएकोमा शङ्का छैन । पात्रो पल्ट्याई हेर्दा यहाँको तिथिमिति वि.सं. १८४३ मा मिलेकोले भेरी साँध लागेको झण्डै ४ महीना हुँदा त्यही साल चैत ५ गते यो चिठी लेखेको ठहर्छ ।[४२] कुमाउका राजालाई लेखिएको यस चिठीमा राजाको नाउँ नहालिए पनि यस वेला कुमाउको गद्दीमा मोहनचन्द्र थिए भन्ने कुरा माथि हामीले लेखेको कुराबाट स्पष्ट भइसकेको छ ।

६.२. **खुलाएर त कनकनिधि त्रिपाठीले भन्यैछन्** भनी यस चिठीमा लेखिएकोले चिठी बोकेर कनकनिधि त्रिपाठी कुमाउ गएका देखिन्छन् । यसैले यिनको विषयमा जानेबुझेसम्मको कुरा यहाँ लेख्नुपरेको छ ।

६.२.१. कम्पनी सरकारको दूत भई वि.सं. १८५९ वैशाख ९ गते काठमाडौँ आइपुगेका विलियम हन्टर डग्लस नक्स[४३](वि.सं. १८२०-१८८६)

---

४०. माथिको कण्डिकाका वाक्य धेरैजसो रामजी तेवारी आदि २०२१: ९ बाट सारिएका हुन् । रामजी तेवारी आदि २०२१: ९ को आधार बदरीदत्त पांडे १९९४: ३३४-३५८ हो ।
पछिल्ला अभिलेखमा जस्तो आफ्नो नाउँ **मोहनचन्द्र**[क] नलेखी शाके १६९३ (वि.सं. १८२८) पौषकृष्णप्रतिपदा सोमवारको पत्रमा **मोहनसींह** लेखे पनि **श्रीराजाजीउको रजाईस्** (राम सिंह २०५८: ३५० पृ.मा ५७ सङ्ख्या) भनी त्यस पत्रमा लेखिएकोले वि.सं. १८३४ को हिउँदमा उनी राजा भए भनी पूर्वसूरिहरूले लेखेको कुरामा पुनर्विचार गर्नुपर्छ जस्तो लाग्छ ।

४१. रामजी तेवारी २०२१: ६१-६७ ।

४२. **संवत् १८४३ चैत्रकृष्णः**

[गते]	[तिथि]	[घडी]	[पला]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]	[वार]	[चैत्र]
[१]	७	२४।	९	जे	५२।	४	व	३।	३०	र	**५२ काण संमीनेऽर्कः१।५३**
[५]	११	३९।	१६	ठ	७।	५०	प	४।	४२	बृ	

सौम्यः जीव (पात्रोबाट)

४३. नयराज पन्त २०३१: २२५ ।

क. शाके १७०९ (वि.सं. १८४४) अधिकश्रावणकृष्ण (तिथि छैन) आदित्यवारको पत्र (रामसिंह २०५८: ३८४ मा ६४ सङ्ख्या) र शाके १७० ९ (वि.सं. १८४४) माघशुक्लचतुर्थी सोमवारको पत्र (यही लेखमा ३ सङ्ख्या) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

को मण्डलीसँगै आएका फ्रान्सिस बुक्यानन ह्यामिल्टन (वि.सं. १८१८-१८८६)ले नेपालको विषयमा खोजी गर्दा नेपालखाल्डो र खसदेशको अर्थात् महाकाली नदीको बीचको भूभाग[४४]को विषयमा उनले प्रमाणपुरुष मानेका ३ जनामध्ये पाल्पाली राजवंशका खानदानी पुरोहित साधुराम उपाध्याय र त्यही राजवंशको मन्त्री हुँदै आएको वंशमा जन्मेका प्रतिनिधि तिवारी र उनका भाइ कनकनिधि तिवारी थिए। साधुराम उपाध्याय र कनकनिधि तिवारीले बङ्गाल सर्भेका कमललोचनको मदत लिई खसदेशका नक्शा पनि बनाएका थिए।[४५] झाँसीबाट कुमाउ आई चन्द्रवंशको स्थापना गर्ने राजासँगै आएका जयदेवका सन्तान हामी हौँ भनी यी तिवारी दाजुभाइ भन्थे भनी ह्यामिल्टनले लेखेका छन्।[४६]

गोरखाले जुम्ला जितुअघि गोरखा र कुमाउको बीचमा साल्सु अर्थात् कर्णाली[४७]पूर्व गोरखाले जिती खानू, साल्सुपश्चिम कुमाउले जिती खानू भनी गोरखा र कुमाउको बीचमा धर्मपत्र गरी सन्धि भएको थियो। अर्को शब्दमा भन्नुपर्दा, त्यस धर्मपत्रअनुसार जुम्ला राज्य गोरखाले खाने र डोटी राज्यचाहिँ कुमाउले खाने भनी बाँडचुँड गरेको देखिन्छ। त्यो धर्मपत्र लेखिँदा गोरखा राज्यको तर्फबाट यिनै कनकनिधि तिवारी र श्रीपति पन्थ कुमाउ गएका थिए। वि.सं. १८४६ असोज ३ गते जुम्ला जितेपछि गोरखा राज्यको तर्फबाट त्यही साल मङ्सीर महीनामा राजाको चिठी र कोसेली लिई श्रीपति पन्थ कुमाउ गएका थिए। **सालसुपश्चिम षान्या ताहाँ बिंति गर** भनी कुमाउमा बसिरहेका श्रीपति पन्थलाई यहाँबाट अह्राइएकोले कुमाउलाई डोटी छोडिदिएको कुरा दोहऱ्याइएको छ। पछि कनकनिधि तिवारीलाई कुमाउमा खटाइयो र उनी नआएसम्म तिमी त्यहाँ बस्नू भनी श्रीपति पन्थलाई अह्राइयो।[४८] कुमाउको गद्दीमा निकै घातप्रतिघातपछि यस वेला मोहनचन्द्रका छोरा महेन्द्रचन्द्र थिए।[४९]

यी कुराबाट कनकनिधि तिवारी त्यस ताका गोरखा राज्यका भरपर्दा अधिकारी देखिन्छन्। **त्रिपाठी** शब्दबाटै **तिवारी** बनेको हुनाले[५०] वर्तमान कालमा **त्रिपाठी** र **तिवारी** थरमा भेद[५१] भए पनि संस्कृतमा लेखिएको यस चिठीमा कनकनिधिलाई **तिवारी** नभनी **त्रिपाठी** भनिएको देखिन्छ।

६.३. मूल चिठी संस्कृतमा भए पनि कुमाउका राजालाई पठाइएको कोसेलीको सूची भने नेपालीमा भएकोले चिठी लिएर जानेको सम्झौटोको लागि त्यो तयार गरिएको देखिन्छ। राजोचित २ वटा पगरी र १२ वटा सुनका मोहर अर्थात् असर्फी कोसेलीको रूपमा पठाएको कुरा त्यसमा लेखिएको छ। २ वटा पगरीमध्ये एउटा त जरीको भइहाल्यो, **सर्वंद** भन्ने शब्दको अर्थ नलागेकोले अर्को पगरी केको हो भन्ने बुझिएन।

---

४४. फ्रान्सिस ब्युकानन ह्यामिल्टन १८७६: ३५५ मा **खस, द कन्ट्रि बिट्वीन् नेपाल् यान्ड् द काली रिभर्, विद् इट्स् याब्अर्इजिन्अल् इन्ह्याबिट्यान्ट्स्** भनी लेखिएकोले माथि मैले **खसदेश** भनी लेखेको हुँ।

४५. ऐजन: ४।

४६. ऐजन: २९१।

४७. ऐजन: २८९, ३५५।

४८. दिनेशराज पन्त २०२१: ६२, ६४।

४९. बदरीदत्त पाँडे १९९४: ३६३-३६८।

५०. राल्फ लिली टर्नर २०२३ मा ६०३२ सङ्ख्याको शब्द **त्रिपाठिन्** हेर्नू।

५१. उदाहरणको लागि, शिखरनाथ शर्मा १९६८: ९ पृ.मा ३० श्लोकको पहिलो पाउ र १४ पृ.मा ४५ श्लोकको पहिलो पाउ हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

७. मूलपाठ

श्रीदुर्गासहाय १

१. स्वस्ति श्रीमदिन्द्रप्रस्थसन्निधानभूतकूर्माचलोदितमार्त्तण्डमंडलविराज-
२. मानप्रतापानलभस्मीभूताऽरिसारभूतसंपत्तिसंप्रदानीकृतार्थिजनसंतोष-
३. सोमस्वच्छीकृतदिक्‌चक्रमण्डलेषु श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमत्कूर्मा-
४. चलाऽधीश्वरेषु सदा समरविजयिषु स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरना-
५. रायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिरा-
६. जश्रीश्रीश्रीमहाराजेरणबहादूरशाहबहादूरसम्सेर्जङ्देवानां सदा समर-
७. विजयिनां प्रेमालिङ्गनपूर्विकेयं पत्री. भव्यमत्र तत्राप्यहर्निशं भावत्कं भा-
८. वुकमाशास्महे. वाक्प्रपञ्चेन वक्तव्यं तु यदा नेपालदेशस्याक्रमणाय अस्म-
९. त्सैन्यानि समुत्तस्थुस्तदा गोर्षाकूर्माचलान्तर्वर्त्तिपरिपन्थिक्षुद्रभूपैर्विघ्नानि
१०. कति न संपादितानि तथाप्यस्तमत्पितामहचरणा एतद्देशं किराताख्यदेशं
११. च जगृहुस्तदनंतरं च ते विधिवशाद्दिवंगतास्ततस्तेषां परिपन्थिनां वैगुण्यमा-
१२. कर्ण्य तदुक्तर्षासहमानैरस्माभिरपि यदा सैन्यानि पश्चिमाभिमुखीकृतानि
१३. तदा भेरीपर्यन्तवर्तिनो भूपाः सर्वे पलायिताः कतिचिच्चावशिष्यः तेपि च
१४. मद्वशवर्त्तिनः सन्तीत्येतद्वृत्तान्तमत्रत्यम्. तत्रापि च गढादिदेशानाक्रम्य
१५. कूर्माचलेश्वरो वरीवर्तीति लोकैर्यशो गीयते. अतः परं गोर्षाकूर्माचलयोरै-
१६. कमत्यान्महाकार्यान्तराणि स्युरित्यस्मत्संमतिः प्रतिभातीत्यलम्. सकलै-
१७. तद्देशलाभोत्सवरूप–ष्णिगेका पुष्पाणि च भवन्निकटे समुल्लसन्तु. वि-
१८. स्तरस्तु कनकनिधित्रिपाठी वक्ष्यतीत्यलं विज्ञवरेषु. चैत्रकृष्णैकादश्यां गु-
१९. रुवासरे कान्तिपुरतः शूभं भूयात् -

श्री

जरिको पगरि	१
सर्वद पगरि	१
शुनका मोहर	१२

७.१. उल्था

स्वस्ति श्रीइन्द्रप्रस्थको नजीकमा भएको कुमाउमा उदाएको सूर्यमण्डलद्वारा चम्केको प्रतापको आगोले भस्म भएको शत्रुको सार भएको सम्पत्ति दिनाले भएको याचकहरूको सन्तोषरूपी चन्द्रमाले दिङ्मण्डल सफा पारेका, सधैँ लडाइँ जित्ने, श्रीमहाराजाधिराज श्रीश्रीश्रीकुमाउका राजामा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

स्वस्ति श्रीपहाडिया राजाहरूको समूहका चूडामणि, नरनारायण (कृष्ण) इत्यादि नाना किसिमका विरुदका ताँतीले चम्किएका, मानले उन्नत, सधैँ लडाइँ जित्ने, श्रीमहाराजाधिराज, श्रीश्रीश्रीमहाराज रणबहादुर शाह बहादुर शमशेरजङ्ग (शम्शीरज़न= वीर सिपाही) देवले प्रेमले अँगाली [लेखेको] यो चिठी ।

यहाँ कुशल छ । त्यहाँ पनि हजुरलाई दिनरात कुशल होला भन्ने आशा गर्छौं ।

बताउनुपर्ने कुरा– जब नेपाल देशमा हमलाको लागि हाम्रा फौज उठेका थिए, तब गोर्खा र कुमाउको बीचका, बाटो छेक्ने, छोटा राजाहरूले कति विघ्न नगरेका होइनन् । त्यसो भए पनि हाम्रा पितामहबाट यो देश र किरात भन्ने देश लिइबक्स्यो । त्यसपछि उहाँ विधिवश स्वर्गे भइबक्स्यो । त्यसपछि बाटो छेक्ने तिनीहरूको अवगुण सुनेर उनीहरूले भनेको ... नसहेका हामीबाट पनि[५२] जब फौजहरूलाई पश्चिमको सामुन्ने पारियो, तब भेरीसम्मका राजाहरू सबै भागे । केही बाँकी रहे, ती पनि मेरो वशमा रहेका छन् । यो खबर यहाँको हो ।

त्यहाँ पनि गढ आदि देशहरूमा हमला गरेर कुमाउका राजा रहिबक्सेको छ भनी लोकले कीर्ति गाउँछ ।

अबउप्रान्त गोर्खा र कुमाउको एक मतोबाट ठूला ठूला अरू काम होऊन् भन्ने हाम्रो विचार छ । यी सारा देश लाभ भएकोको उत्सवरूपको एउटा ...[५३] र फूलहरू हजुरको नजीकमा चम्कियून् । खुलाएर त कनकनिधि त्रिपाठीले भन्यैछन् । जान्नेमा मुख्यलाई यतिले नै पुगिहाल्छ ।

चैत्रकृष्णएकादशी बृहस्पतिवारको दिन कान्तिपुरबाट ।

शुभ होओस् ।

२ सङ्ख्या

८. श्री ५ रणबहादुर शाहको नाउँले अङ्ग्रेज शासकलाई वि.सं. १८४४ ज्येष्ठकृष्णचतुर्दशी बुधवार तदनुसार जेठ ६ गते[५४] लेखेको चिठी यो हो । अङ्ग्रेज शासकको नाउँ नलिई खालि **श्रीश्रीश्रीमिस्टर अङ्ग्रेज साहेब महाशय** मात्र यहाँ लेखिएकोले कुन तहको अङ्ग्रेज शासकलाई यो चिठी लेखेको हो भन्ने कुरा यस चिठीबाट नखुले पनि यहाँ ती शासकलाई ठूला ठूला विशेषण लगाइएकाले गभर्नर जनरललाई नै लेखेको अनुमान हुन्छ ।

८.१. गभर्नर जनरलको पदमा जोन शोर (वि.सं. १८०८-१८९०) आउने भएपछि, वि.सं. १८४३ भदौ ३१ गते गभर्नर जनरल भएका चार्ल्स कर्न्वालिस (वि.सं. १७९५-१८६२) वि.सं. १८५० असोज २८ गते बेलायत फर्केकाले[५५] वि.सं. १८४४ जेठ ६ गते यो चिठी लेखिँदा चार्ल्स कर्न्वालिस गभर्नर जनरलको पदमा थिए भन्ने स्पष्ट हुन्छ ।

---

५२. मूलको **तदुक्तर्षासहमानैरस्माभिरपिमा तदुक्त**पछि आएको **र्षा**को अर्थसङ्गति मिलाउन नसकिएकोले माथि ... हालिएको हो ।

५३. मूलमा °**रूप**पछिको १ अक्षरको ठाउँमा रुक्मनाथ पौडेलले यस्तो चिह्न – हालेकाले मूलमा त्यो अक्षर नष्ट देखिन्छ । त्यसपछि **ष्णिगेकामा ष्णिक्**को अर्थसङ्गति मिलाउन नसकिएकोले माथि ... हालिएको हो ।

५४. **संवत् १८४४ ज्येष्ठकृष्णः**

[गते]	[तिथि]	[घडी]	[पला]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]	[वार]	[ज्येष्ठ]
[१]	९	४६।	३९	२४	५३।	५३	२६	२७।	८	**(शु)संवृषेऽर्कः२१।१ रोहिण्यां जीवः**	
[६]	१४	२८।	१२	२	४४।	७	४	१०।	२५	**बु**	**भ ०।३१**

या (पात्रोबाट)

५५. जेम्ज़ बर्जेस १९६९: २५७, २६७ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

८.२. भेरीसम्म साँध लागेको ६ महीनापछि ब्रिटिश-भारतसरकारलाई लेखिएको यस चिठीमा विशेष कुरा केही नलेखिए पनि उसलाई आफ्नो अनुकूल बनाइराख्न यो चिठी लेखेको देखिन्छ ।

८.३. भारतमा मुसलमानी शासन आएपछि अरू अरू पद्धतिमा जस्तै टकसम्बन्धी पद्धतिमा पनि फरक पर्दा रुपियाँको सोह्रौँ भागको रूपमा **आन** भन्ने टक चल्न थाल्यो । बङ्गालमा वि.सं. १६५७ तिर **आन** चलनचल्तीमा आइसकेको थियो र पटनामा चाहिँ वि.सं १६७७ तिर चल्तीमा भइसकेको कुरा इर्फान हबीब (२०५६: ४३२ मा ३ टिप्पणी)ले सप्रमाण लेखेका छन् । फारसीको **आनः** शब्द[५६] पछि हाम्रा भाषाहरूमा **आना** हुन गएको देखिएकोमा राल्फ लिली टर्नर (२०२३: ११११४ शब्दसङ्ख्या)ले संस्कृतमा **आण्वक** शब्दको कल्पना गरी यसबाट **आना** शब्दको व्युत्पत्ति गरेका छन् ।

टकसम्बन्धी मुसलमानी पद्धति नेपालमा भित्रिँदा **आना**का पनि विभिन्न भेद भएका टक यहाँ चल्न लागेपछि संस्कृतमा लेखिएको यस चिठीमा **आनालाई आनक** भनिएको देखिन्छ । रायल नेपाल एकेडेमीको,[५७] नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको[५८] र नेपाल प्रज्ञा-प्रतिष्ठानको[५९] कोषमा संस्कृतको **आणक** शब्दबाट **आना** बनेको हो भने पनि **आनक** वा **आणक** शब्द संस्कृतकोषमा चढेको छैन । तर यही शब्दको अंश भएका, टकको अर्थमा **नाणक**[६०] र तौलको एकांश अर्थात् ९६ वटा जौ बराबरको तौललाई बुझाउन **गद्याणक**[६१] शब्द संस्कृतमा चलेकाले **आना**को संस्कृत रूप **आनक** बनाइएको देखिन्छ ।

कोसेली पठाइएका चीजबीजमध्ये **बाक्लो असर्फी (स्वर्णमुद्रा)**, **पातलो असर्फी (स्वर्णार्द्धमुद्रा)**, **सुनको सुकी (स्वर्णपादमुद्रा)**, **सुनको दुइअन्नी (स्वर्णानकद्वंद्व)**, **सुनको आना (स्वर्णानक)**, **सुनको अधन्नी (स्वर्णानकार्द्धमुद्रा)** गरी ६ थरी टक पनि परेका छन् । कोसेली पठाइएका टकमध्ये यस चिठीमा **स्वर्णानकद्वंद्व** अर्थात् **सुनका दुइअन्नी** पनि परे पनि टकसम्बन्धी कुनै पनि बयानमा रणबहादुर शाहको टकको विषयमा लेख्दा **दुइअन्नी** नभएको कुरा यहाँनिर भन्नुपर्छ ।[६२]

८.४. **आनालाई आनक** शब्द बनाई बुझाए जस्तै मुनाल पक्षीलाई यहाँ **मोहन** शब्दले बुझाएको देखिएकोले संस्कृतमा सरकारिया चिठीपत्र तयार पार्ने पण्डितहरूले नयाँ कुरालाई अन्तर्भाव गर्न नयाँ नयाँ शब्द बनाउने गरेको देखिन्छ ।

---

५६. मुहम्मद मुस्तफा खाँ 'मद्दाह' २०२९ मा **आनः** ।
५७. बाल चन्द्र शर्मा २०१९ मा **आना** ।
५८. बालकृष्ण पोखरेल आदि २०४० मा **आना** ।
५९. गङ्गाप्रसाद उप्रेती आदि २०७२ मा **आना** ।
६०. मृच्छकटिक १।२३ ।
याज्ञवल्क्यस्मृति ३।२४० ।
६१. याज्ञवल्क्यस्मृति (४।२५८)को टीका मिताक्षरामा **गद्याणक** शब्दको प्रयोग भएको छ ।
लीलावती परिभाषा २ ।
६२. रणबहादुर शाहको पालामा निकालिएका टकका भेदको लागि ई. एच. वाल्श १९६५: ७६-७७ पृ., नेपालीमुद्राको सूची २०१७: १७-२० पृ., सत्यमोहन जोशी २०१९: ११८ र निकोलस गेर्भास रोड्स आदि २०४६: १३४-१३७ पृ. हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

९. मूलपाठ

श्रीदुर्गा जयति १

१. स्वस्ति श्रीधृतिमल्लोकपालोपमभूमिपालावलीप्रभुत्वप्रतापप्राखर्य्यखर्वीकृतिच-
२. मत्कृतिविराजमानार्बीकपारशीकोर्वीशविस्मापनस्वधीधृतिसौर्यसंभूताद्भुतप्रखरप्रतापा-
३. तपसंतापितातपत्रशालिप्राच्यावाच्यप्रतीच्यभूपालिलोकोत्तरबुद्धिविभवविस्मापिता-
४. त्मसात्कृतावनिमंडलेशमंडनीभवन्नीतिनिवहनिर्वाहितप्रकृतिवर्गनिसर्गगौरनर-
५. वरेषु श्रीश्रीश्रीमिस्तरअंगरेजसाहेबमहाशयेषु लि. स्वस्ति श्रीगिरिराजचक्रचूडा-
६. मणिनरनारायणेत्याविविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजा-
७. धिराजश्रीश्रीश्रीमहाराजेरणबहादुरशाहबहादूरसम्सेरर्जङ्गदेवानाम् सदा समरवि-
८. जयिनाम् सलामेत्याख्याः समुल्लसन्तु. समत्र तत्रत्यमहर्दिवं तदेधमानमाशास्म-
९. हे. उदंतस्तु श्रवणानन्ददा भवदीयकीर्तिरुज्वलयति चिरादस्मत्स्वान्तमतोऽभिन्न-
१०. मिच्छामो वयमेतदभिप्रायतोयं लेखो यादृगंगरेजेशनिकेतने परंपरैक्यतास्माकं
११. तथैवात्र विधेया श्रीमद्भिः विशेषवाग्विलासोस्मदीया बदिलसिंहेमांबकसयोर्वदन-
१२. तः प्रकटीभविष्यतीत्यलमतिविस्तरेण विज्ञेषु. विक्रमसंवत् १८४४ ज्येष्टमेचकचतु-
१३. र्दश्यां बुधेहनि स्थितिः कांतिपुर्य्यां मंगलं भूयान्निरंतम्-

१.	स्वर्णमुद्रे	२
२.	स्वर्णार्द्धमुद्राः	५
३.	स्वर्णपादमुद्राः	५
४.	स्वर्णानकद्वंद्वानि	५
५.	स्वर्णानकाः	५
६.	स्वर्णानकार्द्धमुद्राः	५
७.	पार्वत्यौ शिखिनौ	२
८.	तदबला च	१
९.	मोहनपक्षिद्वंद्वं	२
१०.	कस्तूरिमृगसर्वांगे	२

११. वस्तून्येतानि भवन्निकटे समुल्लसन्तुतराम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

९.१. उल्था

श्रीदुर्गा जिलुहुन्छ ।

स्वस्ति श्रीधैर्यवान् लोकपाल जस्ता, राजाहरूको ताँतीमा प्रभुत्वको प्रतापको तीखोपनद्वारा होच्याएको चमत्कारले चम्केका, अरबी र फारसी राजाहरूलाई छक्क पार्ने, आफ्ना बुद्धि धैर्य र सुऱ्याइँबाट भएको अद्भुत कडा प्रतापरूपी घामले पोलेका, छाता भएका (एकछत्र), पूर्व दक्षिण र पश्चिमका राजाका ताँतीलाई अलौकिक बुद्धिको ऐश्वर्यले छक्क पारेका, पृथ्वीमण्डलका मालिक [पद] आफ्नो अधीन गरेकाले सिँगारिएका, नीतिको रासद्वारा प्रकृतिवर्गसँग निर्वाह गरेका, प्रकृतिले नै गोरा, नरश्रेष्ठ श्रीश्रीश्रीमिस्टर अङ्ग्रेज साहेब महाशयलाई लेखिएको ।

स्वस्ति श्रीपहाडिया राजाहरूको समूहमा चूडामणि भएका, नरनारायण (कृष्ण) इत्यादि नाना किसिमका विरुदका ताँतीले चम्किएका, मानले उन्नत, सँधै लडाइँ जित्ने, श्रीमहाराजाधिराज, श्रीश्रीश्रीमहाराज रणबहादुर शाह बहादुर सम्सेरजङ्ग (शम्शीरज़न= वीर सिपाही)का सलाम चम्कियून् ।

यहाँ कुशल छ । त्यहाँको त्यो दिनका दिन बढेको आशा गर्छौं ।

खबर त– कानलाई आनन्द दिने हजुरको कीर्तिले हाम्रो मनलाई धेरै समयदेखि उज्ज्वल पार्दै आएको छ। यसभन्दा अभिन्न इच्छा हामी राख्छौं। यस अभिप्रायबाट यो चिठी [लेखिएको] हो। अङ्ग्रेजका राजाको घरमा परम्परादेखि हाम्रो जस्तो एकता छ, त्यस्तै नै हजुरबाट यहाँ गर्नुपर्छ ।

विशेष कुरा हाम्रा बदिलसिंह र इमांबकसका मुखबाट प्रकट हुनेछ । जान्नेलाई ज्यादा लामो गरेर भन्नुपर्दैन ।

विक्रमसंवत् १८४४ ज्येष्ठकृष्णचतुर्दशी बुधवारको दिन । मुकाम कान्तिपुरी ।

सधैँ मङ्गल होओस् ।

बाक्लो असर्फी	२
पातलो असर्फी	५
सुनको सुकी	५
सुनका दुइअन्नी	५
सुनका आना	५
सुनका अधन्नी	५
पहाडिया मजूर	२
पोथी मजूर	१
मुनाल	२
सर्वाङ्ग कस्तूरी मृग	२

यी वस्तु हजुरको पासमा ज्यादै चम्कियून् ।

३ सङ्ख्या

१०. गोरखा र कुमाउको बीचमा एकानि शत्रु एकानि मित्र अर्थात् गोरखाका राजाका शत्रु कुमाउका राजाको पनि शत्रु, गोरखाका राजाका मित्र कुमाउका राजाको पनि मित्र भनी कुमाउका राजा मोहनचन्द्रले गोरखाका राजा रणबहादुर शाहलाई लेखेर दिएको धर्मपत्र यो हो ।

११. मूलपाठ

(छापमा)

श्रीनाथांघ्रिसरोजैक-
भक्तकूर्माद्रिभूपतेः ।
श्रीमन्मोहनचन्द्रस्य
मुद्रा भाति जगन्मुदे ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१. श्रीमन्महाराजाधिराजश्रीमोहनचन्द्रदेवैश्श्रीमन्महाराजेरणबहादुरसाहश्रीबहादुर-
२. समसेरजङ्गदेवेभ्यो धर्मपत्रं सल्लिख्य दत्तङ्गोरक्षाधीशमित्रमस्मन्मित्रमस्मन्मित्रञ्च
३. गोरक्षाधीशमित्रङ्गोरक्षाधीशशत्रुः कूर्म्माचलाधीशशत्रुः कूर्म्माचलाधीशशत्रुश्च गो-
४. रक्षाधीशशत्रुर्गोरक्षाधीशहितचिन्तनेस्माभिरास्थेयमस्मद्धितचिन्तने च तैरिति व्यव-
५. स्थितः समयो निर्व्वाह्यश्श्रीमदुभाभ्यामेतद्विषये च लिखिता देवताः साक्षिण्य कृताः
६. कृतसमयविपर्ययकारिणश्चैताः
श्रीलक्ष्मीनारायणश्रीबदरीनाथश्रीकेदारनाथश्रीकालिकाश्रीपूर्णपीठदेवताः अनिष्टकारिण्यः
स्युस्तद्रक्षितुश्च धर्माभीष्ट-
७. वृद्धिकारिण्य इति
अङ्काकाशर्षिभूभिः परिमितशके कालयुक्ताख्यवर्षे
८. मासे माघाभिधाने गणपतितिथौ शुक्लपक्षेब्जवारे
९. श्रीगोरक्षेशकूर्म्माचलनरपयो
१०. : सन्धिदार्ढ्यैकबीज-
म्पत्रं सत्यप्रतिज्ञं प्रलिखितमद ऽपञ्चदेवाभिपुष्टम् ।।

शुभम्

११.१. उल्था

श्रीनाथका चरणकमलको मुख्य भक्त, कुमाउका राजा श्रीमोहनचन्द्रको छाप संसारको खुशीको लागि सुहाउँछ ।

श्रीमहाराजाधिराज श्रीमोहनचन्द्रदेवद्वारा श्रीमहाराज रणबहादुर साह श्रीबहादुर समसेरजङ्ग (शम्शीरज़न= वीर सिपाही)देवलाई धर्मपत्र लेखेर दिइयो ।

गोरखाका राजाका मित्र हाम्रा मित्र, हाम्रा मित्र गोरखाका राजाका मित्र । गोरखाका राजाका शत्रु कुमाउका राजाका शत्रु, कुमाउका राजाका शत्रु गोरखाका राजाका शत्रु । गोरखाका राजाको हितचिताइमा हामी रहनुपर्छ, हाम्रो हितचिताइमा उहाँ रहनुपर्छ भनी व्यवस्था बाँधियो । [यस] बाचाको पालना गर्नुपर्छ ।

लेखिएका देवताहरू दुवै थरीबाट यस विषयमा साक्षी बनाइएका छन् । गरिएको बाचाको उल्टो गर्नेहरूको अनिष्ट गर्ने श्रीलक्ष्मीनारायण, श्रीबदरीनाथ, श्रीकेदारनाथ, श्रीकालिका, श्रीपूर्णपीठ यी देवता होऊन्, त्यसको पालना गर्नेको धर्म र अभीष्टको वृद्धि यिनैले गरून् ।

शाके १७०९ (वि.सं. १८४४)मा, कालयुक्त नाउँ भएको संवत्सर[६३]मा, माघ नाउँ भएको महीनामा, चतुर्थी तिथिमा, शुक्लपक्षमा, सोमवारको दिन[६४] श्रीगोरखाका राजा र कुमाउका राजाको सन्धिको दृढताको मुख्य बीज भएको, साँचो बाचा भएको, पाँच देवताले पुष्ट पारिएको, यो पत्र हो । कल्याण होस् ।

---

६३. षष्टिसंवत्सरको चक्रमा पच्चीसौँ संवत्सरको नाउँ कालयुक्त हो ।
६४. संवत् १८४४ माघशुक्लः

[गते]	[तिथि]	[घडी]	[पला]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]	[वार]	[फाल्गुन]
[१]	२	२९।	३०	२४	१।	१०	२०	३२।	२२	श	वारुणे शनिः ३४।१५ संकुम्भेर्कः २७।१५
[३]	४	२०।	२०	२६	५।	३६	२२	२६।	४१	चं	भ २०।२० या मीने शुक्रः ३१ वि.

(पात्रोबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.


श्रीलक्ष्मीनारायणश्रीबद्रीनाथश्रीकेदारनाथश्रीकालिकाश्रीपूर्णपीठदेवता:

श्रीबाथाँद्विसरोजेक
भक्तकूर्माद्रिभूपतेः
श्रीमन्मोहनचन्द्रस्य
मुद्राभातिजगन्मुदे

श्रीमन्महाराजाधिराजश्रीमोहनचन्द्रदेवेभ्यश्रीमन्महाराजेरणबहादुरसाहश्रीबहादुर
समसेरजङ्गदेवेभ्यो धर्म्मपत्रमिदंलिख्यदत्तङ्गोरक्षाधीशमित्रमस्मन्मित्रमस्मन्मित्रञ्च
गोरक्षाधीशमित्रङ्गोरक्षाधीशशत्रुःकूर्म्माचलाधीशशत्रुःकूर्म्माचलाधीशशत्रुश्चगो
रक्षाधीशशत्रुर्गोरक्षाधीशहितचिन्तनेस्माभिरस्थेयमस्मद्धितचिन्तनेचतेरितिव्यव
स्थितःसमयोनिर्बूढास्मच्छ्रीमदुभाभ्यामेतद्विषयेचलिखितादेवताःसाक्षिण्यःकृताः
कृतसमयविपर्ययकारिणश्चेताः अनिष्टकारिण्यःस्युस्तद्रक्षितुश्चधर्म्माभीष्ट
वृद्धिकारिण्य इति. अङ्काकाशाजिभूभिःपरिमितशकेकालयुक्ताख्यवर्षेमासे
माघाभिधानेगणपतितिथौशुक्लपक्षेज्ञवारे श्रीगोरक्षेशकूर्म्माचलनरपयोः
सन्धिदार्ढ्यैकबीजम्पर्वंसत्यप्रतिज्ञम्प्रलिखितमदस्सुप्रच्चदेवाभिपुष्टम्॥शुभम्

३ सङ्ख्याको पत्रको फ्याक्सिमिलि

यो लेख तयार पार्दा काम लिइएका साधनको तालिका

इर्फान हबीब २०५६

= ई.सं. १९९९ (वि.सं. २०५६)मा नयाँ दिल्लीबाट अक्स्फोर्ड यूनिभर्सिटिद्वारा प्रकाशित, इर्फान हबीबको अग्रेर्इअन् सिस्टम् अफ् मुगल् इन्डिअ (मुगल भारतको भूमिव्यवस्था)।

ई. एच. वाल्श १९६५

= ई.सं. १९०८ (वि.सं. १९६५)मा लन्डनबाट जर्नल् अफ् द रइअल् एशियाटिक् ससाइइटि अफ् ग्रेट् ब्रिटेन् यान्ड् आइर्ल्यान्ड् (ग्रेट ब्रिटेन र आयरल्यान्डको एशियासम्बन्धी राजकीय समितिको पत्रिका)का ६६९-७५९ पृष्ठमा छापिएको, ई. एच. वाल्शको द कोइन्एज् अफ् नेपाल् (नेपालका टक)। यही अङ्कका ११३२-११३६ पृष्ठमा सप्लिमेन्टरि नोट् (थप टिप्पणी)।

= ई.सं. १९७३ (वि.सं. २०३०) मा दिल्लीबाट इन्डोलज्इक्ल बुक हाउसद्वारा ठाकुरप्रसाद वर्माको इन्ट्रडक्शन् (उपोद्घात)सहित फेरि प्रकाशित।

केनेथ स्कट ल्याटूरेट २०२९

= ई.सं. १९७२ (वि.सं. २०२९)मा न्यू योर्कबाट द म्याक्मिलन कम्पनिद्वारा प्रकाशित, केनेथ स्कट ल्याटूरेटको द चाइनीज्: देर् हिस्टरि यान्ड् कल्चर् (चिनियाँहरू– तिनीहरूको इतिहास र संस्कृति), ४ संस्करण, ९ आवृत्ति।

गङ्गाप्रसाद उप्रेती २०७२[१]

= वि.सं. २०४० मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा गङ्गाप्रसाद उप्रेतीको अध्यक्षतामा प्रकाशित नेपाली बृहत् शब्दकोश ९ संस्करण।

गोरण्डाख्यो मलिम्लुचः

= वि.सं. २०१० मा काठमाडौँबाट नरहरिनाथ र बुद्धिसागर पराजुलीको सम्पादकत्वमा प्रकाशित संस्कृत-संदेश १ वर्ष ९ अङ्कका १-५ पृष्ठमा छापिएको गोरण्डाख्यो मलिम्लुचः (अङ्ग्रेज भनेको चोर हो)।

जेम्ज़ बर्जेस [१९६९] २०२९

= ई.सं. १९१२ (वि.सं. १९६९)मा प्रकाशित, जेम्ज़

---

१. अध्यक्ष, उपाध्यक्ष, सदस्य र सदस्य सचिव गरी ४ तहमा बाँडिएका ११ जनाले यो कोष तयार गरेका हुन्। त्यस कोषमा सबभन्दा माथि नाउँ राखिएकाको नाउँ माथि दिइएको हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

बर्जेसको द क्रोनलअजि अफ् इन्डिअन् हिस्टरि, मेड्ईइभ.ल् यान्ड् मड्अर्न् (भारतीय इतिहासको कालनिर्णय– मध्य र आधुनिक कालको)।

= ई.सं. १९७२ (वि.सं. २०२९)मा दिल्लीबाट कस्मो पब्लिकेशन्जद्वारा फेरि प्रकाशित।

ज्ञानमणि नेपाल २०७३

= वि.सं. २०७३ मा काठमाडौँबाट भृकुटी एकेडेमिक पब्लिकेसन्सद्वारा प्रकाशित, ज्ञानमणि नेपालको नेपाल र चीन-तिब्बत सम्बन्धको समीक्षात्मक इतिहास।

दिनेशराज पन्त २०२१

= वि.सं. २०२१ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित पूर्णिमा ४ पूर्णाङ्कका ६१-६५ पृष्ठमा छापिएको, दिनेशराज पन्तको श्री ५ रणबहादुर शाहले कुमाउँमा रहेका नेपाली राजदूत श्रीपति पन्थलाई लेखेको पत्र र त्यसको ऐतिहासिक व्याख्या ।

दिनेशराज पन्त २०२३

= वि.सं. २०२३ मा प्रकाशित पूर्णिमा ९ पूर्णाङ्कका ३८-४७ पृष्ठमा छापिएको, दिनेशराज पन्तको [क्रमागत] दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे (वि.सं. १८१५-८८)।

धनवज्र वज्राचार्य २०३१

= वि.सं. २०३१ मा टी.यू. हिस्टरि असोशिएशनद्वारा प्रकाशित भइस् अफ् हिस्टरि (इतिहासको आवाज) १ अङ्कका २४-२८ पृष्ठमा छापिएको, धनवज्र वज्राचार्यको चीनका मिङवंशी बादशाहले शक्तिसिंहरामलाई पठाएको परवाना।

नयराज पन्त २०१८

= वि.सं. २०१८ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित, भोलानाथ पौडेल र धनवज्र वज्राचार्यको गह्लीमा फ्याँकिएका कसिंगर– पण्डित भवानीदत्त पाँडेले गरेका मुद्राराक्षसहरूका नेपाली अनुवादका १-१६५ पृष्ठमा छापिएको, नयराज पन्तको उपोद्घात ।

नयराज पन्त २०३१

= वि.सं. २०३१ मा प्रकाशित पूर्णिमा ३२ पूर्णाङ्कका २१७-२३६ पृष्ठमा छापिएको, नयराज पन्तको भीमसेन थापा।

नरहरिनाथ २०१२

= वि.सं. २०१२ मा काठमाडौँबाट इतिहास-प्रकाश-मण्डलद्वारा प्रकाशित इतिहास-प्रकाश १ अङ्कको १४३ पृष्ठमा छापिएको, नरहरिनाथको (सन्धिपत्र)।

नरहरिनाथ र जनकलाल ढकाल २०१२

= इतिहास-प्रकाश १ अङ्कका ११७-११९ पृष्ठमा छापिएको, नरहरिनाथ र जनकलाल ढकालको नेपालको व्यापक राष्ट्रिय भावना (गोरण्डाख्यो मलिम्लुचः)।

निकोलस गेर्भास रोड्स आदि २०४६

= ई.सं. १९८९ (वि.सं. २०४६) मा लन्डनबाट रइअल न्यूमिज्म्याट्इक ससाइइटिबाट प्रकाशित, निकोलस गेर्भास रोड्स, कार्ल ग्राबिश र कार्लो फाल्देत्तारो पोन्तेकोर्भो देला रोसेताको द कइन्एज् अफ् नेपाल् (नेपालका सिक्का)।

नेपालीमुद्राको सूची २०१७

= वि.सं. २०१७ मा काठमाडौँबाट श्री ५ को सरकार पुरातत्त्व र संस्कृतिविभागद्वारा प्रकाशित नेपाली मुद्राको सूची।

पात्रो

= वि.सं. १८४३ र १८४४ का, लक्ष्मीपति-नयराज-सङ्ग्रहमा रहेका लेखोट पात्रा।

फ्रान्सिस ब्युकानन ह्यामिल्टन १८७६

= ई.सं. १८१९ (वि.सं. १८७६) मा एडिन्बर्गबाट ए. कन्स्टेब्लद्वारा प्रकाशित फ्रान्सिस ब्युकानन ह्यामिल्टनको यान् अकाउन्ट् अफ् द किङ्डम् अफ् नेपाल् यान्ड् अफ् द टेर्इटर्इज् अनेक्स्ड् टु दिस् डोमिन्यन् बाइ द हाउस् अफ् गोर्खा (नेपाल राज्यको र गोर्खाली राजवंशले यस राज्यमा गाभेका प्रदेशहरूको वर्णन)।

ई.सं. १९७१ (वि.सं. २०२८)मा नयाँ दिल्लीबाट मञ्जुश्री पब्लिशिङ हाउसद्वारा फेरि प्रकाशित।

बदरीदत्त पांडे १९९४

= ई.सं. १९३७ (वि.सं. १९९४) मा अल्मोडाबाट प्रकाशित, बदरीदत्त पांडेको कुमाउँ का इतिहास (कुमाउको इतिहास)।

बाइ शौयि २०३९

= ई.सं. १९८२ (वि.सं. २०३९)मा पैचीनबाट फर्इन ल्याङ्ग्विज्इज प्रेसद्वारा प्रकाशित, बाइ शौयिद्वारा सम्पादित, याङ भाओ, गोङ शुदुओ, फाङ लिङ्गुइ र भु भोङ्ग्युद्वारा कृत यान् आउट्लाइन् हिस्टरि अफ् चाइना (चीनको इतिहासको उन्मीलन)।

बालकृष्ण पोखरेल आदि २०४०[२]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

= वि.सं. २०४० मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा बालकृष्ण पोखरेलको निर्देशकत्वमा प्रकाशित, नेपाली बृहत् शब्दकोश ।

बाल चन्द्र शर्मा २०१९

= वि.सं. २०१९ मा काठमाडौँबाट रायल नेपाल एकेडेमीद्वारा प्रकाशित, बाल चन्द्र शर्माको नेपाली शब्द-कोश ।

भास्कर लीलावती

= वि.सं. १९८५ मा काशीबाट श्रीहरिकृष्ण-निबन्धभवनद्वारा प्रकाशित, मुरलीधर ठाकुरद्वारा सम्पादित, उनैको नवीनवासनासहित भास्करको लीलावती ।

महेशराज पन्त २०७१

= वि.सं. २०७१।६।१३।२ मा राजधानी न्यूज पब्लिकेशनद्वारा प्रकाशित राजधानी १४ वर्ष ११७ अङ्कको ७ पृष्ठमा छापिएको, महेशराज पन्तको वि.सं. १८७७ मा एक जना नेपालीले लेखेको अङ्ग्रेजविरोधी कृति ।

मिताक्षरा

= याज्ञवल्क्यस्मृतिमा हेर्नू ।

मुहम्मद मुस्तफ़ा खाँ 'मद्दाह' २०२९

= ई.सं. १९७२ (वि.सं. २०२९)मा लखनऊबाट हिन्दी समितिद्वारा प्रकाशित मुहम्मद मुस्तफ़ा खाँ 'मद्दाह'को उर्दू-हिन्दी शब्दकोश ।

मृच्छकटिक

= शूद्रकमा हेर्नू ।

याज्ञवल्क्यस्मृति

= शाके १८१३ (वि.सं. १९४८) मा बम्बईबाट निर्णयसागरप्रेसद्वारा प्रकाशित, बापू शास्त्री मोघेको याज्ञवल्क्यस्मृतिः योगीश्वरेण महर्षिणा याज्ञवल्क्येन प्रणीता विज्ञानेश्वरकृतमिताक्षराव्याख्यासंवलिता (योगीश्वर महर्षि याज्ञवल्क्यले बनाएको याज्ञवल्क्यस्मृति–विज्ञानेश्वरले बनाएको मिताक्षरा व्याख्यासहित) ।

रामजी तेवारी २०२१

= वि.सं. २०२१ मा प्रकाशित पूर्णिमा २ पूर्णाङ्कका ६१-६८ पृष्ठमा छापिएको, रामजी तेवारीको वि.सं. १८४३ मा भएका केही मुख्य घटना ।

रामजी तेवारी आदि २०२१

= वि.सं. २०२१ मा काठमाडौँबाट नेपाल सांस्कृतिक परिषद्द्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्यको ऐतिहासिक-पत्रसंग्रह २ भाग ।

राम सिंह २०५८

= ई.सं. २००२ (वि.सं. २०५८) मा नैनीतालबाट पहाडद्वारा प्रकाशित, राम सिंहको राग-भाग काली कुमाऊँ ।

राल्फ लिली टर्नर २०२३

= ई.सं. १९६६ (वि.सं. २०२३) मा लन्डनबाट अक्स्फर्ड यूनिभ.र्सिटि प्रेसद्वारा पुनः प्रकाशित, राल्फ लिली टर्नरको अ कम्पेर्एटिभ् डिक्शन्अरि अफ् दि इन्डो-एर्इअन् ल्याङग्विज्इज् (भारतीय आर्यभाषाहरूको तुलनात्मक कोष) ।

रुक्मनाथ पौडेल २०४०

= वि.सं. २०४० मा ललितपुरबाट भोलानाथ पौडेलद्वारा प्रकाशित मेधा २ अङ्कका ४२-४५ पृष्ठमा छापिएको, रुक्मनाथ पौडेलको राज्ञो रणबहादुरशाहस्य द्वे पत्रे (राजा रणबहादुर शाहका २ चिठी) ।

लीलावती

= भास्करमा हेर्नू ।

शिखरनाथ शर्मा १९६८

= ई.सं. १९११ (वि.सं. १९६८) मा काशीबाट प्रकाशित, शिखरनाथ शर्माको थरगोत्रप्रवरावली २ संस्करण ।

शूद्रक मृच्छकटिक

= ई.सं. १९२४ (वि.सं. १९८१) मा पूनाबाट प्रकाशित, मोरेश्वर रामकृष्ण कालेको द मृच्छकटिक अफ् शूद्रक (शूद्रकको मृच्छकटिक)को ई.सं. १९८२ (वि.सं. २०३९)मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित ३ आवृत्ति ।

सत्यमोहन जोशी २०१९

= वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित, सत्यमोहन जोशीको नेपाली राष्ट्रिय मुद्रा ।

***

---

२. निर्देशक, विशेष सम्पादक, सम्पादक, सहसम्पादक[क] र सहायक सम्पादक गरी ५ तहमा बाँडिएका ६ जनाले यो कोष तयार गरेका हुन् । त्यस कोषमा सबभन्दा माथि नाउँ राखिएकाको नाउँ माथि दिइएको हो ।

क जुन अर्थमा यहाँ **सहसम्पादक** शब्दको प्रयोग भएको छ, त्यो अर्थ व्याकरणअनुसार आउँदैन । अहिले व्यवहारमा चलेका **सहप्राध्यापक**, **सहसचिव** आदि पनि यस्तै हुन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

किपट व्यवस्थापनमा १८९३ सालको सवाल

प्रा. डा. भवेश्वर पंगेनी*

परिचय

आधुनिक नेपालको थालनीसँगै जमिनलाई विभिन्न नाममा विभाजन गरिएको थियो जसमा रैकर, गुठी, जागिर, जगेरा आदि थिए । एकीकरणसँगै विशेषतः पूर्वी नेपालमा परम्परागत रूपमा प्रचलनमा रहेको 'किपट' व्यवस्थालाई सरकारले यथावत् सञ्चालन गरेको थियो । राणाकालमा किपट व्यवस्थालाई केही परिमार्जन गरियो भने राणाकालको एक दशकजति पछि यो व्यवस्थासमेत समाप्त भयो । किपट व्यवस्थासँग सम्बन्धित पहिले अर्थात १८९३ सालमा जारी गरिएको एउटा सवाल फेला परेको छ । त्यसबाट तत्कालीन नेपालको किपट व्यवस्थापनको प्रयासका साथै न्याय सम्पादन, सरकारी पद, डिठ्ठाको हैसियत, किपट क्षेत्र लगायतसँग सम्बन्धित विषयमा जानकारी पाइने भएकाले सोही सामग्रीका आधारमा ' किपट व्यवस्थापनमा १८९३ सालको सवाल' शीर्षकमा प्रस्तुत लेख लेखिएको हो ।

किराँत प्रदेश र एकीकरण

पूर्वी नेपालको किराँत वस्तीलाई वल्लो किराँत, माझ किराँत र पल्लो किराँत गरी तीन क्षेत्रमा विभाजन गरिएको थियो । सामान्यतया बनेपा पूर्व दूधकोशी पश्चिम वर्तमान काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप आदि क्षेत्रलाई वल्लो किराँत भनिन्थ्यो । त्यस्तै दूधकोशी पूर्व अरुण पश्चिम वर्तमान भोजपुर, खोटाङ, उदयपुर, सोलुखुम्बु, वखलढुङ्गा आदिको संयुक्तरूप माझकिराँत थियो । अरुण पूर्व सम्पूर्ण पहाडी क्षेत्रका इलाम, पाँचथर, ताप्लेजुङ, तेह्रथुम, धनकुटा, संखुवासभा आदि पल्लोकिराँत अन्तर्गत पर्दथे । समयक्रमसँगै प्रशासनिक क्षेत्रको विभाजनका आधारमा पूर्वी नेपाललाई पूर्व १ नं. इलाका (उत्तरमा भोट, पूर्वमा दोलखा जिल्ला, दक्षिणमा सिन्धुली जिल्ला र वाग्मतीको खाजेर गाउँ, पश्चिममा नुवाकोट, काठमाडौँ, भक्तपुर र पाटन जिल्ला । यस क्षेत्रमा सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक नामक ससाना जिल्लाहरू थिए । सिन्धुपाल्चोकमा तामाङ तथा काभ्रेपलाञ्चोकमा नेवार जाति मुख्य बासिन्दा थिए), पूर्व २ नं. इलाका (उत्तरमा भोट, पूर्वमा त्रिसंखु जिल्ला, दक्षिणमा सिन्धुली जिल्ला तथा पश्चिममा सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक जिल्लाहरू थिए । यस इलाकामा दोलखा जिल्ला थियो जहाँको मुख्य बासिन्दा तामाङ र नेवार थिए), पूर्व ३ नं. इलाका (उत्तरमा भोट, सगरमाथा तथा दुग्धकुण्ड, पूर्वमा माझकिराँत र साप्सु खोलो, दक्षिणमा सुनकोसी, उदयपुर जिल्ला तथा पश्चिममा लिखुनदी र दोलखा जिल्ला थिए । यस क्षेत्रको मुख्य बासिन्दा किराँती थिए), पूर्व ४ नं. इलाका (उत्तर हिमालय, पूर्व अरुण नदी, दक्षिण कोसी नदी, पश्चिम मयाम् खोला र साप्सु खोला थिए । यस क्षेत्रमा पनि किराँती नै मुख्य बासिन्दा थिए), पल्लो किराँत इलाका (उत्तर भोट, पूर्वी भारतको दार्जिलिङ र इलाम

*इतिहास केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौँमा अध्यापनरत हुनुहुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

जिल्ला, दक्षिण मोरङ जिल्ला तथा पश्चिम चिसंखु र भोजपुर जिल्ला थिए । जिल्लाको नामबाट नै यस जिल्लाका मुख्य बासिन्दा लिम्बु भन्ने बुझिन्थ्यो) र इलाम जिल्ला (पश्चिममा तमर नयाँखोलो, निमुखोलो, पूर्वमा भारतको दार्जिलिङ जिल्ला, उत्तरमा भोट (तिब्बत), दक्षिणमा मोरङ जिल्ला) पर्दथ्यो ।[1] यो मुलुक ७५ जिल्लामा विभाजन पूर्वको अवस्था हो ।

किराँत प्रदेशको एकीकरण

एकीकरणका क्रममा अरुणवारि दश लिम्बु सत्र थुममा बाह्रजना नामी सुब्बा भएको भनिन्छ । उनीहरूमध्ये विजयपुरमा सुब्बा बुद्धकर्ण मोरङका मन्त्री बनेका थिए । त्यस्तै श्री जङ्ग राय-आठराईमा, श्री फुङ्ग राय-पाँचथरमा, श्री जमुना राय-चौबिसमा, श्री आतहाङ्ग राय-फेदापमा, श्री शुभवन्त राय-तम्बरखोलामा, श्री रैनसिंह राय-मेवाखोलामा, श्री देवराय-मैवाखोलामा, श्री योङयाहाङ राय-याङरोकमा, श्री सुनुहाङ-छथरमा, श्री आसदेव-चारखोलामा र श्री जसमुखी-चैनपुरमा 'सुब्बा' बनेको भन्ने देखिन्छ ।

विजयपुर र चौदण्डी आक्रमणका क्रममा कतिपय लिम्बुहरूले गोरखालीको समर्थन गरेका थिए । यसै क्रममा फेदापका सुब्बा आतहाङ रायको नेतृत्वमा तम्बरका सुब्बा शुभवन्त राय, मैवाखोलाका सुब्बा श्री देवराय फागो, मेवाखोलाका सुब्बा श्री रेनसिंह रायहरूले सल्लाहगरी गोरखाको शरणमा परेको देखिन्छ । त्यस्तै चैनपुरमा भएको आक्रमणमा पराजित सुब्बा जसमुखी राय भागेर सिक्किम गएका थिए । लडाइँमा छथर, याङरोक र चारखोला आदिका सुब्बा सुनुहाङ, योङयाहाङ र आसदेवहरूले पनि पराजय स्वीकार गर्नुपर्‍यो । उनीहरू सिक्किम पसे तापनि शत्रुसित लड्न छाडेनन् । तिनीहरूले सिक्किमका लाप्चा भोटे फौजको सहायता लिई शत्रुमाथि हमला गरी बसे । त्यति मात्र नभएर तिनीहरू तिब्बतको फारीजोङ्गमा चिनियाँ राजप्रतिनिधि तुङथाङको समीप गोर्खा विरुद्ध सहायता माग्न पुगेको पनि देखिन्छ । यद्यपि गोरखाली सेनाका विरुद्ध सेन राजाले सफलता पाउन सकेनन् ।

विजयपुर विजय पछि सन् १७७४ (वि.सं. १८३१) देखि विजयपुर-मोरङमा पृथ्वीनारायण शाहले शासन चलाए । यो विजयसँगै पृथ्वीनारायण शाहले सुब्बाहरू श्री जङ्ग राय, श्री फुङ्ग राय, श्री जमुना रायलाई वि.सं. १८३१ साल वैशाख वदि ३० मा एउटा पत्रद्वारा पहिले खाई पाई आएको अधिकार एवम् कर्तव्य यथावत् राखिदिएको जानकारी दिएका थिए । यसरी पृथ्वीनारायण शाहले किराँती भारदारलाई महत्त्व दिएर लेखेको सम्भवतः यो पहिलो पत्र थियो । यस वर्ष नै याङरोक, चारखोला, चैनपुर र छथरका सुब्बा योङयाहाङ, आसदेव, सुनुहाङ र जसमुखीहरूले सिक्किमका लाप्चा र भोटे फौजको सहायता पाई च्याङथापुमा बसेका गोरखाली सेनालाई लखेटेको देखिन्छ । यस्तो अवस्थामा सन् १७७६ (वि.सं. १८३३) मा चैनपुरमा गोरखाली सेना र सिक्किमका भोटे सेनाबीच युद्ध भयो । युद्धमा सिक्किमका सेना पराजित भए । अब क्रमशः गोरखाली सेना इलाम र चिवाभन्ज्याङबाट सिक्किमतर्फ बढे ।

यस्तो अवस्थामा किराँतीको सहयोग नपाए सम्म सो क्षेत्रमाथि नियन्त्रण गर्न नसकिने कुरा निश्चित भयो । यही यथार्थतालाई बुझेर पृथ्वीनारायण शाहको समर्थन एवम् सहयोगमा रहेका (गोरखाली राजाका पिछामा बस्ने) सुब्बाहरूलाई राजा रणबहादुर शाहले वि.सं. १८३९ वैशाख वदी ६ मा एउटा लालमोहरद्वारा सेन राजाले दिएको विभिन्न अधिकार उपभोग गर्न दिए । त्यतिमात्र नभएर सिक्किमसँग युद्ध हुनासाथ रणबहादुर शाहले श्री फागो, श्री देव राय, श्री सेरिङ्ग रेनसिंग राय, श्री लिबाङ शुभवन्त राय, श्री फेदाप आतहाङ रायहरूलाई राजधानी काठमाडौँमा बोलाई केही अधिकार, केही रूपैयाँ तथा कतिपय हातहतियार एवम् जागिर दिएर युद्धमा समेत खटाएका थिए ।

यसरी हतियारसमेत दिइएका किराँती सुब्बाहरूलाई सेनापति स्वरूपसिंहको नेतृत्वमा चैनपुरमा पठाइयो । त्यहाँ यो सेना सिक्किमको सेनासँग युद्धमा

[1] रामजी उपाध्याय, नेपालको इतिहास अर्थात् दिग्दर्शन, बनारस सिटीः सुब्बा होमनाथ केदारनाथ, वि.सं. २००७, पृ. १०-१४ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

संलग्न भएको थियो । यस क्षेत्रमा भएको युद्धमा स्वरूपसिंहको नेतृत्वको सेनाले सफलता पाएकाले सिक्किमे लगायत गोरखालीको विरोधमा रहेका किराँती सुब्बाहरूको पनि केही लागेन। युद्धमा पराजित कतिपय भागेर मुगलान पसे भने कतिपय भगौडाहरू फर्केर गोरखाली भारदारसँग मिलेपछि विजयपुरमा गई बस्न लागेको पाइन्छ ।[२] त्यतिमात्र नभएर सिक्किमका राजाले सताएका लिम्बुहरू पनि गोर्खालीका आश्रयमा आएर पल्लोकिराँत र सिक्किमको सिमाना बनेका सिंगलेला पहाडका पानीढलोदेखि पश्चिमपट्टिका इसलिम्बा र च्यांगथाकुसम्मका लिम्बुहरूले पनि नेपालको आश्रयमा रहन मञ्जूर गरेको पाइन्छ ।[३]

किपट व्यवस्थापनमा १८९३ सालको सवाल

यहाँ राजा राजेन्द्रविक्रम शाहका नामबाट जारी गरिएको किराँत क्षेत्रमा किपट व्यवस्थापनसमेतका लागि डिठ्ठालाई दिइएको अख्तियारीका सम्बन्धमा चर्चा गरिएको छ ।

डिठ्ठा

सवालमा साँगा, सिन्धु, बनेपा सातगाउँ बाहेक पूर्व तथा मेचीदेखि पश्चिममा पर्ने विभिन्न क्षेत्रलाई डिठ्ठाको कार्य क्षेत्र तोकिएको थियो । त्यस क्षेत्रमा दुई जना डिठ्ठा नियुक्त गरिएको थियो । यसरी नियुक्त दुई जना डिठ्ठामा रामनाथ उपाध्याय र रणवीर थापा थिए । जातीय दृष्टिबाट एक जना उपाध्याय ब्राह्मण र अर्का थापा क्षेत्री भएको देखिन्छ । यसरी एउटै क्षेत्रमा समान दर्जाका दुई जना डिठ्ठा नियुक्त गर्दा कसले कहाँ बसेर कसरी के काम गर्ने हो भन्ने विषय भने लिखतबाट स्पष्ट हुँदैन ।

न्यायालय

उल्लिखित क्षेत्रमा सवालमा उल्लेख गरिएको कार्य सम्पादनका लागि नियुक्त गरिएका दुई डिठ्ठाका अतिरिक्त अन्य कर्मचारी पनि नियुक्त भएका थिए । यसरी नियुक्त गरिएका कर्मचारीमा मुख्य लेख्ने, विचारी, तहविल्दार तथा अन्य लेख्ने पद थिए । 'मुख्य लेख्ने' पदमा ३ जना र 'लेख्ने' पदमा १० जना थिए । मुख्य लेख्ने बाहेक 'लेषन्या' पद पनि रहेको देखिन्छ । विचारीसँग लेख्ने एक जना छुट्टै दरबन्दीमा उल्लेख गरिएको छ भने 'अरु लेषन्या' उल्लेख गरी सो पदमा ९ जनालाई नियुक्त गरियो । यसरी डिठ्ठाको मातहतमा १६ विभिन्न पदाधिकारीलाई नियुक्त गरिएको थियो ।

आधुनिक प्रशासनिक व्यवस्थामा मन्त्रालय, विभाग हुँदै कार्यालयसम्म जति पनि प्रशासनिक इकाई हुन्छन् तिनलाई नेतृत्व दिनका लागि एक/एक जना प्रमुख नियुक्त गरी सोको दायित्व दिइएको हुन्छ । आजभन्दा १८१ वर्ष पहिले त्यस किसिमको व्यवस्थाको कल्पनासम्म पनि हुँदैनथ्यो होला । रामनाथ उपाध्याय र रणवीर थापा दुई जनालाई समान सुविधाका साथ डिठ्ठा नियुक्त गरिएको घटना पनि यसको एउटा उदाहरण मान्न सकिन्छ ।

डिठ्ठादेखि लेख्नेसम्म जम्मा १८ जनाको यो समूहलाई साँगा, सिन्धु, बनेपा सातगाउँ बाहेक पूर्व तथा मेचीदेखि पश्चिम क्षेत्रमा गएर तोकिएको काम गर्ने अख्तियारी दिइएको थियो। यद्यपि उनीहरू सम्बद्ध अड्डाको नाम भने लिखतमा उल्लेख गरिएको छैन । त्यति मात्र नभएर उल्लिखित अधिकारी कुन ठाउँ/ जिल्ला / क्षेत्रमा बसेर काम गर्ने हो सो पनि लिखतमा देखिँदैन । माथि नै उल्लेख भइसकेको छ कि यो लिखत १८९३ साल अर्थात् राणाकालको पूर्वसन्ध्याको हो ।

राणाकालको अन्त्यतिर आइपुग्दा प्रशासनिक दृष्टिबाट मुलुकलाई विभिन्न ३२ जिल्लामा विभाजन गरिएको थियो । समग्र मुलुकलाई 'पहाड' र 'मधेस' दुई भागका विभाजित गरियो । पहाडलाई पनि पूर्वी

[२] इमानसिंह चेम्जोङ, किराँत इतिहास, ललितपुर: किराँत याक्थुङ चुम्लुङ, वि.सं. २०५९, पृ. ४५-५१ ।

[३] बाबुराम आचार्य, श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी (भाग-३), नेपाल: श्री ५ महाराजाधिराजको प्रमुख संवाद सचिवालय, वि.सं. २०२६, पृ. ६१२ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

र पश्चिम दुई भागमा विभाजन गरिएको थियो। पूर्वी पहाडमा पूर्व नं. १, २, ३ र ४ तथा धनकुटा र इलाम जिल्ला थिए भने पश्चिम पहाडमा पश्चिम नं. १, २, ३ र ४ तथा पाल्पा, गुल्मी, बाग्लुङ, सल्यान, प्यूठान, दैलेख, जुम्ला, डोटी, बैतडी र डडेलधुरासमेत जम्मा पहाडी जिल्लाहरू २० थिए। यसै गरी मधेसलाई पनि भित्री, पूर्वी र पश्चिमी मधेस तीन भागमा विभाजन गरिएको थियो। भित्री मधेसमा चिसापानी, उदयपुर, दाङ-देउखुरी थिए।

पूर्वी मधेसमा वीरगञ्ज, महोत्तरी, सप्तरी, विराटनगर र झापा तथा पश्चिम मधेसमा पाल्ही- माझखण्ड, स्यूराज-खजहनी, बाँके-वर्दिया र कैलाली-कञ्चनपुर थिए।[४] मधेसमा जम्मा १२ जिल्लाहरू थिए। काठमाडौँ उपत्यकामा काठमाडौँ, पाटन र भक्तपुर तीन जिल्ला भए पनि यिनलाई जिल्लाका रूपमा नभएर केन्द्रीय प्रशासन अन्तर्गत लिइन्थ्यो।

पूर्वी पहाडको धनकुटालाई र पश्चिम पहाडको पाल्पालाई केन्द्रका रूपमा 'गौंडा' भनियो।[५] हुनत: पूर्वी पहाडको इलाम तथा पश्चिम पहाडको डोटीलाई पनि 'गौंडा' नै भनिन्थ्यो। पछि राणाकालको अन्त्यमा सबैजसो पहाडी जिल्लालाई 'गौंडा' तथा मधेसका जिल्लालाई 'गोश्वारा/अमिनी' नामकरण गरेको पाइन्छ। यो प्रशासनिक विभाजन अनुसार उल्लिखित डिठ्ठाहरू लगायत १८ जना कर्मचारीलाई काठमाडौँबाट पूर्वतर्फ पठाइएको कुरा उनीहरूको नामको लिखतमा परेको शब्दावली "... आगे डिठ्ठा रामनाथ उपाध्या डिठ्ठा रणवीर थापाके सांगा सिंधु वनेपा सातगाउ वाहेक् पूर्व मेचि पश्चीम दरोवस्त मुलुक्मा जाई गर्ना काजको सवाल गरिवक्स्यौं..." बाट स्पष्ट हुन्छ। यद्यपि लिखतमा कुन ठाउँ र कुन अड्डा भन्ने नखुलाइएकाले उनीहरूलाई 'सवाल' मा उल्लेख गरिएको काम गर्ने अख्तियारीका साथ काम नसकुन्जेलका लागि सो क्षेत्रमा पठाइएको हुनुपर्दछ। उक्त काम गर्ने क्रममा उनीहरू सम्बन्धित जिल्लामा बस्ने व्यवस्था गरिएको जस्तो देखिन्छ। यति हुँदाहुँदै पनि यसका बारेमा प्रकाश पार्ने सामग्री भने अनुसन्धानको विषय बनेको छ।

डिठ्ठाहरूलाई उपलब्ध सुविधा

डिठ्ठादेखि तहविलदारसम्म १८ जना कर्मचारीलाई एक वर्षमा जम्मा रु. ३,३००/-(तीन हजार तीन सय) रकम दिइने कुरा लिखतमा स्पष्ट गरियो। उनीहरूमध्ये कतिलाई 'षेत षुवा वापत्' रकम दिने उल्लेख गरियो। जसमा दुई जना डिठ्ठाका अतिरिक्त 'मुष्य लेषन्या' तीन जनासमेत जम्मा ५ जनालाई 'षेत षुवा वापत्' रकम दिने भयो। त्यसो त डिठ्ठा र मुख्य लेख्नेका बीच पनि खान्गिमा ठूलो अन्तर थियो। जस्तो डिठ्ठालाई रु. ६७५/- थियो भने मुख्य लेख्नेलाई रु. २५०/- अर्थात् ६३ प्रतिशत जति कम थियो। जहाँसम्म डिठ्ठाको सुविधा हो दुवैलाई समान रूपमा 'षेत षुवा वापत् रु.६७५' खान्गी तोकिएको थियो। लिखतमा दुवैमध्ये कसलाई प्रमुख बनाइएको हो भन्ने स्पष्ट गरिएन।

मुख्य लेख्ने दर्जामा ३ जनाको दरबन्दी तोकियो। एक जना रंगलालको नाम नै उल्लेख गरिए तापनि अन्य दुई जना को-को थिए भन्ने भने स्पष्ट छैन। ती दुईको नाम किन नतोकिएको हो भन्ने पनि स्पष्ट पारिएन। त्यसो त ती तीन जना प्रत्येकलाई 'षेत षुवा वापत्' रु. २५०/- का दरले तोकिएको थियो।

दुई जना विचारी नियुक्त गरियो। 'विचारी' र 'दफे विचारी' उल्लेख गरिएको लिखतमा दुवैलाई रु. १७५/- का दरले तेकियो। यी विचारी तथा दफे विचारी दर्जामा के समानता तथा भिन्नता थियो भन्ने स्पष्ट पार्ने सामग्री फेला परेको छैन। हुनत समान सुविधा दिइएको दुवै दर्जालाई छुट्टा छुट्टै दुई ठाउँमा

---

४ क. कृष्णकान्त अधिकारी, नेपाल अण्डर जङ्गबहादुर, काठमाडौँ: बुकु, सन् १९८४, पृ. ४३।
ख. तुलसीराम वैद्य र त्रिरत्न मानन्धर, आधुनिक नेपालको प्रशासनिक इतिहास (सन् १७६८-१९५१), प्रकाशन स्थान अनुल्लिखित, नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०५३, पृ. १८६।

५ भवेश्वर पंगेनी, नेपालको प्रशासनिक इतिहास (भाग-२), पाल्पा गौंडा प्रशासनका दुई दशक (वि.सं. १८६१-१८८१), काठमाडौँ: श्रद्धा स्रष्य प्रकाशन, वि.सं. २०६५, पृ.४०-४३।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

बर्जेसको द क्रोनल्अजि अफ् इन्डिअन् हिस्टरि, मेड्ईइभ.ल् यान्ड् मड्अर्न् (भारतीय इतिहासको कालनिर्णय– मध्य र आधुनिक कालको) ।

= ई.सं. १९७२ (वि.सं. २०२९)मा दिल्लीबाट कस्मो पब्लिकेशन्ज़द्वारा फेरि प्रकाशित ।

ज्ञानमणि नेपाल २०७३

= वि.सं. २०७३ मा काठमाडौँबाट भृकुटी एकेडेमिक पब्लिकेसन्सद्वारा प्रकाशित, ज्ञानमणि नेपालको नेपाल र चीन-तिब्बत सम्बन्धको समीक्षात्मक इतिहास ।

दिनेशराज पन्त २०२१

= वि.सं. २०२१ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित पूर्णिमा ४ पूर्णाङ्कका ६१-६५ पृष्ठमा छापिएको, दिनेशराज पन्तको श्री ५ रणबहादुर शाहले कुमाउँमा रहेका नेपाली राजदूत श्रीपति पन्थलाई लेखेको पत्र र त्यसको ऐतिहासिक व्याख्या ।

दिनेशराज पन्त २०२३

= वि.सं. २०२३ मा प्रकाशित पूर्णिमा ९ पूर्णाङ्कका ३८-४७ पृष्ठमा छापिएको, दिनेशराज पन्तको [क्रमागत] दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे (वि.सं. १८१५-८८) ।

धनवज्र वज्राचार्य २०३१

= वि.सं. २०३१ मा टी.यू. हिस्टरि असोशिएशनद्वारा प्रकाशित भइस् अफ् हिस्टरि (इतिहासको आवाज) १ अङ्कका २४-२८ पृष्ठमा छापिएको, धनवज्र वज्राचार्यको चीनका मिङवंशी बादशाहले शक्तिसिंहरामलाई पठाएको परवाना ।

नयराज पन्त २०१८

= वि.सं. २०१८ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित, भोलानाथ पौडेल र धनवज्र वज्राचार्यको गल्लीमा फ्याँकिएका कसिंगर– पण्डित भवानीदत्त पाँडेले गरेका मुद्राराक्षसहरूका नेपाली अनुवादका १-१६५ पृष्ठमा छापिएको, नयराज पन्तको उपोद्घात ।

नयराज पन्त २०३१

= वि.सं. २०३१ मा प्रकाशित पूर्णिमा ३२ पूर्णाङ्कका २१७-२३६ पृष्ठमा छापिएको, नयराज पन्तको भीमसेन थापा ।

नरहरिनाथ २०१२

= वि.सं. २०१२ मा काठमाडौँबाट इतिहास-प्रकाश-मण्डलद्वारा प्रकाशित इतिहास-प्रकाश १ अङ्कको १४३ पृष्ठमा छापिएको, नरहरिनाथको (सन्धिपत्र) ।

नरहरिनाथ र जनकलाल ढकाल २०१२

= इतिहास-प्रकाश १ अङ्कका ११७-११९ पृष्ठमा छापिएको, नरहरिनाथ र जनकलाल ढकालको नेपालको व्यापक राष्ट्रिय भावना (गोरण्डाख्यो मलिम्लुचः) ।

निकोलस गेर्भास रोड्स आदि २०४६

= ई.सं. १९८९ (वि.सं. २०४६) मा लन्डनबाट रइअल न्यूमिज्म्याट्इक ससाइइटिबाट प्रकाशित, निकोलस गेर्भास रोड्स, कार्ल ग्राबिश र कार्लो फाल्देत्तारो पोन्तेकोर्भो देला रोसेताको द कइन्एज् अफ् नेपाल् (नेपालका सिक्का) ।

नेपालीमुद्राको सूची २०१७

= वि.सं. २०१७ मा काठमाडौँबाट श्री ५ को सरकार पुरातत्त्व र संस्कृतिविभागद्वारा प्रकाशित नेपाली मुद्राको सूची ।

पात्रो

= वि.सं. १८४३ र १८४४ का, लक्ष्मीपति-नयराज-सङ्ग्रहमा रहेका लेखोट पात्रा ।

फ्रान्सिस ब्युकानन ह्यामिल्टन १८७६

= ई.सं. १८१९ (वि.सं. १८७६) मा एडिन्बर्गबाट ए. कन्स्टेब्लद्वारा प्रकाशित फ्रान्सिस ब्युकानन ह्यामिल्टनको यान् अकाउन्ट् अफ् द किङ्डम् अफ् नेपाल् यान्ड् अफ् द टेर्इटर्इज् अनेक्स्ड् टु दिस् डोमिन्यन् बाइ द हाउस् अफ् गोर्खा (नेपाल राज्यको र गोर्खाली राजवंशले यस राज्यमा गाभेका प्रदेशहरूको वर्णन) ।

ई.सं. १९७१ (वि.सं. २०२८)मा नयाँ दिल्लीबाट मञ्जुश्री पब्लिशिङ हाउसद्वारा फेरि प्रकाशित ।

बदरीदत्त पांडे १९९४

= ई.सं. १९३७ (वि.सं. १९९४) मा अल्मोडाबाट प्रकाशित, बदरीदत्त पांडेको कुमाउँ का इतिहास (कुमाउको इतिहास) ।

बाइ शौयि २०३९

= ई.सं. १९८२ (वि.सं. २०३९)मा पैचीनबाट फर्इन ल्याङ्ग्विज्इज प्रेसद्वारा प्रकाशित, बाइ शौयिद्वारा सम्पादित, याङ झाओ, गोङ शुदुओ, फाङ लिङ्गुइ र भु झोङ्ग्युद्वारा कृत यान् आउट्लाइन् हिस्टरि अफ् चाइना (चीनको इतिहासको उन्मीलन) ।

बालकृष्ण पोखरेल आदि २०४०[२]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

= वि.सं. २०४० मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा बालकृष्ण पोखरेलको निर्देशकत्वमा प्रकाशित, नेपाली बृहत् शब्दकोश ।

बाल चन्द्र शर्मा २०१९

= वि.सं. २०१९ मा काठमाडौंबाट रायल नेपाल एकेडेमीद्वारा प्रकाशित, बाल चन्द्र शर्माको नेपाली शब्द-कोश ।

भास्कर लीलावती

= वि.सं. १९८५ मा काशीबाट श्रीहरिकृष्ण-निबन्धभवनद्वारा प्रकाशित, मुरलीधर ठाकुरद्वारा सम्पादित, उनैको नवीनवासनासहित भास्करको लीलावती ।

महेशराज पन्त २०७१

= वि.सं. २०७१।६।१३।२ मा राजधानी न्यूज पब्लिकेशनद्वारा प्रकाशित राजधानी १४ वर्ष ११७ अङ्कको ७ पृष्ठमा छापिएको, महेशराज पन्तको वि.सं. १८७७ मा एक जना नेपालीले लेखेको अङ्ग्रेजविरोधी कृति ।

मिताक्षरा

= याज्ञवल्क्यस्मृतिमा हेर्नू ।

मुहम्मद मुस्तफ़ा खाँ 'मद्दाह' २०२९

= ई.सं. १९७२ (वि.सं. २०२९)मा लखनऊबाट हिन्दी समितिद्वारा प्रकाशित मुहम्मद मुस्तफ़ा खाँ 'मद्दाह'को उर्दू-हिन्दी शब्दकोश ।

मृच्छकटिक

= शूद्रकमा हेर्नू ।

याज्ञवल्क्यस्मृति

= शाके १८१३ (वि.सं. १९४८) मा बम्बईबाट निर्णयसागरप्रेसद्वारा प्रकाशित, बापू शास्त्री मोघेको याज्ञवल्क्यस्मृति: योगीश्वरेण महर्षिणा याज्ञवल्क्येन प्रणीता विज्ञानेश्वरकृतमिताक्षराव्याख्यासंवलिता (योगीश्वर महर्षि याज्ञवल्क्यले बनाएको याज्ञवल्क्यस्मृति–विज्ञानेश्वरले बनाएको मिताक्षरा व्याख्यासहित) ।

रामजी तेवारी २०२१

= वि.सं. २०२१ मा प्रकाशित पूर्णिमा २ पूर्णाङ्कका ६१-६८ पृष्ठमा छापिएको, रामजी तेवारीको वि.सं. १८४३ मा भएका केही मुख्य घटना ।

रामजी तेवारी आदि २०२१

= वि.सं. २०२१ मा काठमाडौँबाट नेपाल सांस्कृतिक परिषद्‌द्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्यको ऐतिहासिक-पत्रसंग्रह २ भाग ।

राम सिंह २०५८

= ई.सं. २००२ (वि.सं. २०५८) मा नैनीतालबाट पहाडद्वारा प्रकाशित, राम सिंहको राग-भाग काली कुमाऊँ ।

राल्फ लिली टर्नर २०२३

= ई.सं. १९६६ (वि.सं. २०२३) मा लन्डनबाट अक्सफर्ड यूनिभ.र्‌सिटि प्रेसद्वारा पुन: प्रकाशित, राल्फ लिली टर्नरको अ कम्पेर्‌एटिभ् डिक्शन्अरि अफ् दि इन्डो-एर्‌इअन् ल्याङग्विज्इज् (भारतीय आर्यभाषाहरूको तुलनात्मक कोष) ।

रुक्मनाथ पौडेल २०४०

= वि.सं. २०४० मा ललितपुरबाट भोलानाथ पौडेलद्वारा प्रकाशित मेधा २ अङ्कका ४२-४५ पृष्ठमा छापिएको, रुक्मनाथ पौडेलको राज्ञो रणबहादुरशाहस्य द्वे पत्रे (राजा रणबहादुर शाहका २ चिठी) ।

लीलावती

= भास्करमा हेर्नू ।

शिखरनाथ शर्मा १९६८

= ई.सं. १९११ (वि.सं. १९६८) मा काशीबाट प्रकाशित, शिखरनाथ शर्माको थरगोत्रप्रवरावली २ संस्करण ।

शूद्रक मृच्छकटिक

= ई.सं. १९२४ (वि.सं. १९८१) मा पूनाबाट प्रकाशित, मोरेश्वर रामकृष्ण कालेको द मृच्छकटिक अफ् शूद्रक (शूद्रकको मृच्छकटिक)को ई.सं. १९८२ (वि.सं. २०३९)मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित ३ आवृत्ति ।

सत्यमोहन जोशी २०१९

= वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित, सत्यमोहन जोशीको नेपाली राष्ट्रिय मुद्रा ।

***

---

२. निर्देशक, विशेष सम्पादक, सम्पादक, सहसम्पादक[क] र सहायक सम्पादक गरी ५ तहमा बाँडिएका ६ जनाले यो कोष तयार गरेका हुन् । त्यस कोषमा सबभन्दा माथि नाउँ राखिएकाको नाउँ माथि दिइएको हो ।

क जुन अर्थमा यहाँ **सहसम्पादक** शब्दको प्रयोग भएको छ, त्यो अर्थ व्याकरणअनुसार आउँदैन । अहिले व्यवहारमा चलेका **सहप्राध्यापक, सहसचिव** आदि पनि यस्तै हुन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

किपट व्यवस्थापनमा १८९३ सालको सवाल

प्रा. डा. भवेश्वर पंगेनी*

परिचय

आधुनिक नेपालको थालनीसँगै जमिनलाई विभिन्न नाममा विभाजन गरिएको थियो जसमा रैकर, गुठी, जागिर, जगेरा आदि थिए । एकीकरणसँगै विशेषतः पूर्वी नेपालमा परम्परागत रूपमा प्रचलनमा रहेको 'किपट' व्यवस्थालाई सरकारले यथावत् सञ्चालन गरेको थियो । राणाकालमा किपट व्यवस्थालाई केही परिमार्जन गरियो भने राणाकालको एक दशकजति पछि यो व्यवस्थासमेत समाप्त भयो । किपट व्यवस्थासँग सम्बन्धित पहिले अर्थात १८९३ सालमा जारी गरिएको एउटा सवाल फेला परेको छ । त्यसबाट तत्कालीन नेपालको किपट व्यवस्थापनको प्रयासका साथै न्याय सम्पादन, सरकारी पद, डिठ्ठाको हैसियत, किपट क्षेत्र लगायतसँग सम्बन्धित विषयमा जानकारी पाइने भएकाले सोही सामग्रीका आधारमा ' किपट व्यवस्थापनमा १८९३ सालको सवाल' शीर्षकमा प्रस्तुत लेख लेखिएको हो ।

किराँत प्रदेश र एकीकरण

पूर्वी नेपालको किराँत वस्तीलाई वल्लो किराँत, माझ किराँत र पल्लो किराँत गरी तीन क्षेत्रमा विभाजन गरिएको थियो । सामान्यतया बनेपा पूर्व दूधकोशी पश्चिम वर्तमान काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप आदि क्षेत्रलाई वल्लो किराँत भनिन्थ्यो । त्यस्तै दूधकोशी पूर्व अरुण पश्चिम वर्तमान भोजपुर, खोटाङ, उदयपुर, सोलुखुम्बु, वखलढुङ्गा आदिको संयुक्तरूप माझकिराँत थियो । अरुण पूर्व सम्पूर्ण पहाडी क्षेत्रका इलाम, पाँचथर, ताप्लेजुङ, तेह्रथुम, धनकुटा, संखुवासभा आदि पल्लोकिराँत अन्तर्गत पर्दथे । समयक्रमसँगै प्रशासनिक क्षेत्रको विभाजनका आधारमा पूर्वी नेपाललाई पूर्व १ नं. इलाका (उत्तरमा भोट, पूर्वमा दोलखा जिल्ला, दक्षिणमा सिन्धुली जिल्ला र वाग्मतीको खाजेर गाउँ, पश्चिममा नुवाकोट, काठमाडौँ, भक्तपुर र पाटन जिल्ला । यस क्षेत्रमा सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक नामक ससाना जिल्लाहरू थिए । सिन्धुपाल्चोकमा तामाङ तथा काभ्रेपलाञ्चोकमा नेवार जाति मुख्य बासिन्दा थिए), पूर्व २ नं. इलाका (उत्तरमा भोट, पूर्वमा त्रिसंखु जिल्ला, दक्षिणमा सिन्धुली जिल्ला तथा पश्चिममा सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक जिल्लाहरू थिए । यस इलाकामा दोलखा जिल्ला थियो जहाँको मुख्य बासिन्दा तामाङ र नेवार थिए), पूर्व ३ नं. इलाका (उत्तरमा भोट, सगरमाथा तथा दुग्धकुण्ड, पूर्वमा माझकिराँत र साप्सु खोलो, दक्षिणमा सुनकोसी, उदयपुर जिल्ला तथा पश्चिममा लिखुनदी र दोलखा जिल्ला थिए । यस क्षेत्रको मुख्य बासिन्दा किराँती थिए), पूर्व ४ नं. इलाका (उत्तर हिमालय, पूर्व अरुण नदी, दक्षिण कोसी नदी, पश्चिम मयाम् खोला र साप्सु खोला थिए । यस क्षेत्रमा पनि किराँती नै मुख्य बासिन्दा थिए), पल्लो किराँत इलाका (उत्तर भोट, पूर्वी भारतको दार्जिलिङ र इलाम

---

*इतिहास केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौँमा अध्यापनरत हुनुहुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

जिल्ला, दक्षिण मोरङ जिल्ला तथा पश्चिम चिसंखु र भोजपुर जिल्ला थिए । जिल्लाको नामबाट नै यस जिल्लाका मुख्य बासिन्दा लिम्बु भन्ने बुझिन्थ्यो) र इलाम जिल्ला (पश्चिममा तमर नयाँखोलो, निमुखोलो, पूर्वमा भारतको दार्जिलिङ जिल्ला, उत्तरमा भोट (तिब्बत), दक्षिणमा मोरङ जिल्ला) पर्दथ्यो ।[1] यो मुलुक ७५ जिल्लामा विभाजन पूर्वको अवस्था हो ।

किराँत प्रदेशको एकीकरण

एकीकरणका क्रममा अरुणवारि दश लिम्बु सत्र थुममा बाह्रजना नामी सुब्बा भएको भनिन्छ । उनीहरूमध्ये विजयपुरमा सुब्बा बुद्धकर्ण मोरङका मन्त्री बनेका थिए । त्यस्तै श्री जङ्ग राय-आठराईमा, श्री फुङ्ग राय-पाँचथरमा, श्री जमुना राय-चौबिसमा, श्री आतहाङ्ग राय-फेदापमा, श्री शुभवन्त राय-तम्बरखोलामा, श्री रैनसिंह राय-मेवाखोलामा, श्री देवराय-मैवाखोलामा, श्री योङ्याहाङ राय-याङरोकमा, श्री सुनुहाङ-छथरमा, श्री आसदेव-चारखोलामा र श्री जसमुखी-चैनपुरमा 'सुब्बा' बनेको भन्ने देखिन्छ ।

विजयपुर र चौदण्डी आक्रमणका क्रममा कतिपय लिम्बुहरूले गोरखालीको समर्थन गरेका थिए । यसै क्रममा फेदापका सुब्बा आतहाङ रायको नेतृत्वमा तम्बरका सुब्बा शुभवन्त राय, मैवाखोलाका सुब्बा श्री देवराय फागो, मेवाखोलाका सुब्बा श्री रेनसिंह रायहरूले सल्लाहगरी गोरखाको शरणमा परेको देखिन्छ । त्यस्तै चैनपुरमा भएको आक्रमणमा पराजित सुब्बा जसमुखी राय भागेर सिक्किम गएका थिए । लडाइँमा छथर, याङरोक र चारखोला आदिका सुब्बा सुनुहाङ, योङ्याहाङ र आसदेवहरूले पनि पराजय स्वीकार गर्नुपर्‍यो । उनीहरू सिक्किम पसे तापनि शत्रुसित लड्न छाडेनन् । तिनीहरूले सिक्किमका लाप्चा भोटे फौजको सहायता लिई शत्रुमाथि हमला गरी बसे । त्यति मात्र नभएर तिनीहरू तिब्बतको फारीजोङ्गमा चिनियाँ राजप्रतिनिधि तुङथाङको समीप गोर्खा विरुद्ध सहायता माग्न पुगेको पनि देखिन्छ । यद्यपि गोरखाली सेनाका विरुद्ध सेन राजाले सफलता पाउन सकेनन् ।

विजयपुर विजय पछि सन् १७७४ (वि.सं. १८३१) देखि विजयपुर-मोरङमा पृथ्वीनारायण शाहले शासन चलाए । यो विजयसँगै पृथ्वीनारायण शाहले सुब्बाहरू श्री जङ्ग राय, श्री फुङ्ग राय, श्री जमुना रायलाई वि.सं. १८३१ साल वैशाख वदि ३० मा एउटा पत्रद्वारा पहिले खाई पाई आएको अधिकार एवम् कर्तव्य यथावत् राखिदिएको जानकारी दिएका थिए । यसरी पृथ्वीनारायण शाहले किराँती भारदारलाई महत्त्व दिएर लेखेको सम्भवतः यो पहिलो पत्र थियो । यस वर्ष नै याङरोक, चारखोला, चैनपुर र छथरका सुब्बा योङ्याहाङ, आसदेव, सुनुहाङ र जसमुखीहरूले सिक्किमका लाप्चा र भोटे फौजको सहायता पाई च्याङथापुमा बसेका गोरखाली सेनालाई लखेटेको देखिन्छ । यस्तो अवस्थामा सन् १७७६ (वि.सं. १८३३) मा चैनपुरमा गोरखाली सेना र सिक्किमका भोटे सेनाबीच युद्ध भयो । युद्धमा सिक्किमका सेना पराजित भए । अब क्रमशः गोरखाली सेना इलाम र चिवाभन्ज्याङबाट सिक्किमतर्फ बढे ।

यस्तो अवस्थामा किराँतीको सहयोग नपाए सम्म सो क्षेत्रमाथि नियन्त्रण गर्न नसकिने कुरा निश्चित भयो । यही यथार्थतालाई बुझेर पृथ्वीनारायण शाहको समर्थन एवम् सहयोगमा रहेका (गोरखाली राजाका पिछामा बस्ने) सुब्बाहरूलाई राजा रणबहादुर शाहले वि.सं. १८३९ वैशाख वदी ६ मा एउटा लालमोहरद्वारा सेन राजाले दिएको विभिन्न अधिकार उपभोग गर्न दिए । त्यतिमात्र नभएर सिक्किमसँग युद्ध हुनासाथ रणबहादुर शाहले श्री फागो, श्री देव राय, श्री सेरिङ्ग रेनसिंग राय, श्री लिबाङ शुभवन्त राय, श्री फेदाप आतहाङ रायहरूलाई राजधानी काठमाडौँमा बोलाई केही अधिकार, केही रूपैयाँ तथा कतिपय हातहतियार एवम् जागिर दिएर युद्धमा समेत खटाएका थिए ।

यसरी हतियारसमेत दिइएका किराँती सुब्बाहरूलाई सेनापति स्वरूपसिंहको नेतृत्वमा चैनपुरमा पठाइयो । त्यहाँ यो सेना सिक्किमको सेनासँग युद्धमा

---

[1] रामजी उपाध्याय, नेपालको इतिहास अर्थात् दिग्दर्शन, बनारस सिटीः सुब्बा होमनाथ केदारनाथ, वि.सं. २००७, पृ. १०-१४ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

संलग्न भएको थियो । यस क्षेत्रमा भएको युद्धमा स्वरूपसिंहको नेतृत्वको सेनाले सफलता पाएकाले सिक्किमे लगायत गोरखालीको विरोधमा रहेका किराँती सुब्बाहरूको पनि केही लागेन । युद्धमा पराजित कतिपय भागेर मुगलान पसे भने कतिपय भगौडाहरू फर्केर गोरखाली भारदारसँग मिलेपछि विजयपुरमा गई बस्न लागेको पाइन्छ ।[२] त्यतिमात्र नभएर सिक्किमका राजाले सताएका लिम्बुहरू पनि गोर्खालीका आश्रयमा आएर पल्लोकिराँत र सिक्किमको सिमाना बनेका सिंगलेला पहाडका पानीढलोदेखि पश्चिमपट्टिका इसलिम्बा र च्यांगथाकुसम्मका लिम्बुहरूले पनि नेपालको आश्रयमा रहन मञ्जूर गरेको पाइन्छ ।[३]

किपट व्यवस्थापनमा १८९३ सालको सवाल

यहाँ राजा राजेन्द्रविक्रम शाहका नामबाट जारी गरिएको किराँत क्षेत्रमा किपट व्यवस्थापनसमेतका लागि डिठ्ठालाई दिइएको अख्तियारीका सम्बन्धमा चर्चा गरिएको छ ।

डिठ्ठा

सवालमा साँगा, सिन्धु, बनेपा सातगाउँ बाहेक पूर्व तथा मेचीदेखि पश्चिममा पर्ने विभिन्न क्षेत्रलाई डिठ्ठाको कार्य क्षेत्र तोकिएको थियो । त्यस क्षेत्रमा दुई जना डिठ्ठा नियुक्त गरिएको थियो । यसरी नियुक्त दुई जना डिठ्ठामा रामनाथ उपाध्याय र रणवीर थापा थिए । जातीय दृष्टिबाट एक जना उपाध्याय ब्राह्मण र अर्का थापा क्षेत्री भएको देखिन्छ । यसरी एउटै क्षेत्रमा समान दर्जाका दुई जना डिठ्ठा नियुक्त गर्दा कसले कहाँ बसेर कसरी के काम गर्ने हो भन्ने विषय भने लिखतबाट स्पष्ट हुँदैन ।

न्यायालय

उल्लिखित क्षेत्रमा सवालमा उल्लेख गरिएको कार्य सम्पादनका लागि नियुक्त गरिएका दुई डिठ्ठाका अतिरिक्त अन्य कर्मचारी पनि नियुक्त भएका थिए । यसरी नियुक्त गरिएका कर्मचारीमा मुख्य लेख्ने, विचारी, तहविल्दार तथा अन्य लेख्ने पद थिए । 'मुख्य लेख्ने' पदमा ३ जना र 'लेख्ने' पदमा १० जना थिए । मुख्य लेख्ने बाहेक 'लेषन्या' पद पनि रहेको देखिन्छ । विचारीसँग लेख्ने एक जना छुट्टै दरबन्दीमा उल्लेख गरिएको छ भने 'अरु लेषन्या' उल्लेख गरी सो पदमा ९ जनालाई नियुक्त गरियो । यसरी डिठ्ठाको मातहतमा १६ विभिन्न पदाधिकारीलाई नियुक्त गरिएको थियो ।

आधुनिक प्रशासनिक व्यवस्थामा मन्त्रालय, विभाग हुँदै कार्यालयसम्म जति पनि प्रशासनिक इकाई हुन्छन् तिनलाई नेतृत्व दिनका लागि एक/एक जना प्रमुख नियुक्त गरी सोको दायित्व दिइएको हुन्छ । आजभन्दा १८१ वर्ष पहिले त्यस किसिमको व्यवस्थाको कल्पनासम्म पनि हुँदैनथ्यो होला । रामनाथ उपाध्याय र रणवीर थापा दुई जनालाई समान सुविधाका साथ डिठ्ठा नियुक्त गरिएको घटना पनि यसको एउटा उदाहरण मान्न सकिन्छ ।

डिठ्ठादेखि लेख्नेसम्म जम्मा १८ जनाको यो समूहलाई साँगा, सिन्धु, बनेपा सातगाउँ बाहेक पूर्व तथा मेचीदेखि पश्चिम क्षेत्रमा गएर तोकिएको काम गर्ने अख्तियारी दिइएको थियो । यद्यपि उनीहरू सम्बद्ध अड्डाको नाम भने लिखतमा उल्लेख गरिएको छैन । त्यति मात्र नभएर उल्लिखित अधिकारी कुन ठाउँ/जिल्ला / क्षेत्रमा बसेर काम गर्ने हो सो पनि लिखतमा देखिँदैन । माथि नै उल्लेख भइसकेको छ कि यो लिखत १८९३ साल अर्थात् राणाकालको पूर्वसन्ध्याको हो ।

राणाकालको अन्त्यतिर आइपुग्दा प्रशासनिक दृष्टिबाट मुलुकलाई विभिन्न ३२ जिल्लामा विभाजन गरिएको थियो । समग्र मुलुकलाई 'पहाड' र 'मधेस' दुई भागका विभाजित गरियो । पहाडलाई पनि पूर्वी

---

[२] इमानसिंह चेम्जोङ, किराँत इतिहास, ललितपुरः किराँत याक्थुङ चुम्लुङ, वि.सं. २०५९, पृ. ४५-५१ ।

[३] बाबुराम आचार्य, श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी (भाग-३), नेपालः श्री ५ महाराजाधिराजको प्रमुख संवाद सचिवालय, वि.सं. २०२६, पृ. ६१२ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

र पश्चिम दुई भागमा विभाजन गरिएको थियो । पूर्वी पहाडमा पूर्व नं. १, २, ३ र ४ तथा धनकुटा र इलाम जिल्ला थिए भने पश्चिम पहाडमा पश्चिम नं. १, २, ३ र ४ तथा पाल्पा, गुल्मी, बाग्लुङ, सल्यान, प्यूठान, दैलेख, जुम्ला, डोटी, बैतडी र डडेलधुरासमेत जम्मा पहाडी जिल्लाहरू २० थिए । यसै गरी मधेसलाई पनि भित्री, पूर्वी र पश्चिमी मधेस तीन भागमा विभाजन गरिएको थियो । भित्री मधेसमा चिसापानी, उदयपुर, दाङ-देउखुरी थिए ।

पूर्वी मधेसमा वीरगञ्ज, महोत्तरी, सप्तरी, विराटनगर र झापा तथा पश्चिम मधेसमा पाल्ही- माझखण्ड, स्यूराज-खजहनी, बाँके-वर्दिया र कैलाली-कञ्चनपुर थिए ।[४] मधेसमा जम्मा १२ जिल्लाहरू थिए । काठमाडौँ उपत्यकामा काठमाडौँ, पाटन र भक्तपुर तीन जिल्ला भए पनि यिनलाई जिल्लाका रूपमा नभएर केन्द्रीय प्रशासन अन्तर्गत लिइन्थ्यो ।

पूर्वी पहाडको धनकुटालाई र पश्चिम पहाडको पाल्पालाई केन्द्रका रूपमा 'गौंडा' भनियो ।[५] हुनत: पूर्वी पहाडको इलाम तथा पश्चिम पहाडको डोटीलाई पनि 'गौंडा' नै भनिन्थ्यो । पछि राणाकालको अन्त्यमा सबैजसो पहाडी जिल्लालाई ' गौंडा' तथा मधेसका जिल्लालाई 'गोश्वारा/अमिनी' नामकरण गरेको पाइन्छ । यो प्रशासनिक विभाजन अनुसार उल्लिखित डिठ्ठाहरू लगायत १८ जना कर्मचारीलाई काठमाडौँबाट पूर्वतर्फ पठाइएको कुरा उनीहरूको नामको लिखतमा परेको शब्दावली "... आगे डिठ्ठा रामनाथ उपाध्या डिठ्ठा रणवीर थापाके सांगा सिंधु वनेपा सातगाउ वाहेक् पूर्व मेचि पश्चीम दरोवस्त मुलुक्मा जाई गर्ना काजको सवाल गरिवक्स्यौं..." बाट स्पष्ट हुन्छ । यद्यपि लिखतमा कुन ठाउँ र कुन अड्डा भन्ने नखुलाइएकाले उनीहरूलाई 'सवाल' मा उल्लेख गरिएको काम गर्ने अख्तियारीका साथ काम नसकुञ्जेलका लागि सो क्षेत्रमा पठाइएको हुनुपर्दछ । उक्त काम गर्ने क्रममा उनीहरू सम्बन्धित जिल्लामा बस्ने व्यवस्था गरिएको जस्तो देखिन्छ । यति हुँदाहुँदै पनि यसका बारेमा प्रकाश पार्ने सामग्री भने अनुसन्धानको विषय बनेको छ ।

डिठ्ठाहरूलाई उपलब्ध सुविधा

डिठ्ठादेखि तहविलदारसम्म १८ जना कर्मचारीलाई एक वर्षमा जम्मा रु. ३,३००/-(तीन हजार तीन सय) रकम दिइने कुरा लिखतमा स्पष्ट गरियो । उनीहरूमध्ये कतिलाई 'षेत षुवा वापत्' रकम दिने उल्लेख गरियो । जसमा दुई जना डिठ्ठाका अतिरिक्त 'मुष्य लेषन्या' तीन जनासमेत जम्मा ५ जनालाई 'षेत षुवा वापत्' रकम दिने भयो । त्यसो त डिठ्ठा र मुख्य लेख्नेका बीच पनि खान्गिमा ठूलो अन्तर थियो । जस्तो डिठ्ठालाई रु. ६७५/- थियो भने मुख्य लेख्नेलाई रु. २५०/- अर्थात् ६३ प्रतिशत जति कम थियो । जहाँसम्म डिठ्ठाको सुविधा हो दुवैलाई समान रूपमा 'षेत षुवा वापत् रु.६७५' खान्गी तोकिएको थियो । लिखतमा दुवैमध्ये कसलाई प्रमुख बनाइएको हो भन्ने स्पष्ट गरिएन ।

मुख्य लेख्ने दर्जामा ३ जनाको दरबन्दी तोकियो । एक जना रंगलालको नाम नै उल्लेख गरिए तापनि अन्य दुई जना को-को थिए भन्ने भने स्पष्ट छैन । ती दुईको नाम किन नतोकिएको हो भन्ने पनि स्पष्ट पारिएन । त्यसो त ती तीन जना प्रत्येकलाई 'षेत षुवा वापत्' रु. २५०/- का दरले तोकिएको थियो ।

दुई जना विचारी नियुक्त गरियो । 'विचारी' र 'दफे विचारी' उल्लेख गरिएको लिखतमा दुवैलाई रु. १७५/- का दरले तेकियो । यी विचारी तथा दफे विचारी दर्जामा के समानता तथा भिन्नता थियो भन्ने स्पष्ट पार्ने सामग्री फेला परेको छैन । हुनत समान सुविधा दिइएको दुवै दर्जालाई छुट्टा छुट्टै दुई ठाउँमा

---

४ क. कृष्णकान्त अधिकारी, नेपाल अण्डर जङ्गबहादुर, काठमाडौँ: बुकु, सन् १९८४, पृ. ४३ ।
ख. तुलसीराम वैद्य र त्रिरत्न मानन्धर, आधुनिक नेपालको प्रशासनिक इतिहास (सन् १७६८-१९५१), प्रकाशन स्थान अनुल्लिखित, नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०५३, पृ. १८६ ।

५ भवेश्वर पंगेनी, नेपालको प्रशासनिक इतिहास (भाग-२), पाल्पा गौंडा प्रशासनका दुई दशक (वि.सं. १८६१-१८८१), काठमाडौँ: श्रद्धा स्रष्य प्रकाशन, वि.सं. २०६५, पृ.४०-४३ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राखिनुमा पनि केही भिन्नता त हुँदो हो ।

लिखतबाट डिठ्ठाहरूको मातहतमा काम गर्ने सबैभन्दा धेरै कर्मचारी 'लेषन्या' देखिन्छन् । तीनमा पनि विचारीसँग लेख्ने १ जना र अरु लेख्ने ९ जना गरी जम्मा १० जना थिए । उनीहरूलाई समान रूपमा नगद रु. ८०/- दिइने कुरा लिखतमा उल्लेख छ । यीमध्ये १ जना विचारीको सहयोगीका रूपमा रहने तथा बाँकी ९ जना कार्य सम्पादनका क्रममा आवश्यकता अनुसार लेख्ने कर्मचारी हुनु पर्दछ । उल्लिखित १८ मध्ये सबैभन्दा तल्लो दर्जामा तहविल्दार थिए । तहविल्दारलाई वार्षिक रु. ५०/- तलब तोकिएको थियो । तहविल्दार र विचारीको तलब दरमा रु. ३०/- फरक तथा लेख्ने र विचारीको तलवमा रु. ९५/- फरक थियो अर्थात् विचारीले भन्दा लेख्नेले रु. ९५/- बढी पाउँथे । लेख्नेको भन्दा मुख्य लेख्नेलाई रु. १७०/-बढी तलव दिइन्थ्यो । सबै भन्दा कम तलब खाने तहविल्दारको भन्दा हाकिमका रूपमा रहेका डिठ्ठाको तलब रु. ६२५/- (छ सय पच्चीस) बढी थियो ।

दुई जना डिठ्ठाको यो समूहलाई किपट व्यवस्थापन गर्ने मुख्य अख्तियारी दिइएको थियो । यस क्रममा उनीहरूलाई बुँदागत रूपमा केही विशेष निर्देशनसमेत दिइयो । त्यसरी उल्लेख गरिएको विषयका अतिरिक्त निर्धारित क्षेत्रको समग्र न्याय सम्पादनको दायित्व छँदै थियो ।

किपट व्यवस्थापन

डिठ्ठा द्वय रामनाथ उपाध्या र रणवीर थापाको नाममा भएको सवालमा स्पष्ट रूपमा उनीहरूलाई तोकिएको क्षेत्रमा गएर काम गर्न निर्देशन दिइएको थियो । सो क्षेत्रमा कति समय काम गर्ने हो भन्ने स्पष्ट नपारिए तापनि सवाल अनुसारको काम सम्पादन गर्न भनिएको थियो । सवाल अनुसार उनीहरूलाई समग्रमा 'जनरल कम्यांडर इन चीफ् र नालवाजा गैह्रका जागीरवाहीक्' समस्त कर्मचारीको खान्गी खेत तथा खुवा (राणाकालसम्म विभिन्न पदका कर्मचारीलाई हात-खर्चका लागि उठती पाउने गरी पद अनुसार ठेकिएको जमिन) को घरकुरिया (अरुको जमिनमा घरवास गरी तिरो तिरेर बस्ने रैती) विस्तृत रूपमा जाँच गर्ने अख्तियारी दिइएको थियो । यस क्रममा उनीहरूले किपट व्यवस्थासँग सम्बन्धित जमिनको पनि जाँच गर्नै पर्ने थियो । त्यसमा पनि किपटसँग सम्बन्धित सन्दर्भ यस प्रकार देखिन्छ;[६]

राणाकालसम्म पनि प्रशासनिक विभाजनका क्रममा विभिन्न नदी, खोलाहरूलाई प्रमुख आधार बनाइन्थ्यो । सोही अनुसार साँगा-सिन्धु पूर्व दुधकोशी पश्चिमको क्षेत्रलाई एउटा एकाइका रूपमा मानिन्थ्यो । सम्भवतः डिठ्ठा रामनाथहरूलाई भन्दा पहिला भने सुवेदार धर्मराज खत्रीलाई यस्तै अख्तियारी दिइएको तर क्षेत्र भने साँगा-सिन्धु पूर्व दुधकोशी पश्चिम मात्र तोकिएको थियो । यस बखत डिठ्ठाहरूलाई काम गर्ने अख्तियारी दिँदा उनै सुवेदारले किपट कट्टी गरेकोमा प्रजालाई रैबन्दी (रैतीका नाउँमा जग्गा-जमिन दर्ता गर्ने काम वा त्यस्तो दर्ता गरिएको जग्गाको मालपोत दर्तावाल रैतीले नै बुझाउने व्यवस्था) मा थामिदिएको जति थामिदिन भनियो ।

जहाँसम्म किपटको सन्दर्भ हो हायु, दनवार, पहरी, चेपाङ्, थामी तथा प्रजा जातिहरूलाई पनि किपट जमिन दिने व्यवस्था थियो । यी जातिलाई दिइएको किपट पनि उनीहरूका नाउँमा थामिदिन भनिएको थियो । यसरी दिइएको जमिनभन्दा बढी कमाएको भए त्यसको विस्तृत विवरण लिनु पर्ने थियो । बढी ठहरिएको जमिन भने सम्बन्धित क्षेत्रका मानिसलाई साक्षी राखी सरकारीकरण गर्नै पर्दथ्यो । सवाल अनुसार जाँचका लागि सरकारले सो क्षेत्रमा १८६३ सालमा कर्मचारी खटाएको र त्यसपछि सोही वर्ष अर्थात् १८९३ सालमा पठाएको देखिन्छ । त्यसैले १८६३ देखि १८९३ सालको बीचमा कसैले तोकिए भन्दा बढी जमिन आवाद गरी किपटका रूपमा प्रयोग गर्दै आएको नयाँ नापीबाट प्रमाणित भएमा त्यस्ता

[६] डिठ्ठा द्वय रामनाथ उपाध्याय र रणवीर थापालाई साँगा, सिन्धु, बनेपा, सातगाउँ बाहेक पूर्वदेखि मेची पश्चिमसम्म गएर काम गर्नका लागि १८९३ साल कार्तिक सुदि १ रोज ४ का दिन राजा राजेन्द्रको नामबाट दिइएको ११ बुँदे सवाल । यो सवाल तत्कालीन जैशिकोठा पोका नं. १८२१ बाट लिइएको हो जसलाई परिशिष्टमा राखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

जमिन सरकारीकरण गर्ने अख्तियारी डिठ्ठाहरूलाई दिइयो ।

डिठ्ठाहरूलाई दुधकोशी पूर्व अरुण पश्चिम माझकिराँतभर अकलसिं, ईश्वर खत्रीले राइ, मझिया, मुर्मि, याखा तथा प्रजा जातिको किपटमा कट्टी गरी थामिदिएको जमिन यथावत् थामिदिन भनिएको थियो । त्यस्तै त्यस बखत सरकारले व्यक्तिलाई 'षुर्पेठ्याक' का रूपमा पनि जमिन आवाद एवम् प्रयोग गर्न दिन्थ्यो । 'षुर्पेठ्याक' भनेको खुर्पाले जङ्गल फाँडेर आवाद गरेको जमिन भन्ने बुझिन्छ । यसरी 'षुर्पेठ्याक' मा लालमोहर लिई बिह्राइएको, किपटियाले आफ्नै मिहिनेतबाट बिह्राएको तथा किपटियाको कुरियाका ढाक्रे (राणाकालसम्म प्राय: जागिर खानेलाई 'जागिरदार' र जागिर नखाएका, जागिर नभएका तथा सेवाबाट अवकाश पाएकालाई 'ढाक्रे' भनिन्थ्यो । अझ ढाक्रे शब्दबाट सर्वसाधारण भन्ने बुझिन्थ्यो) ले तोकिए भन्दा बढी बिह्राएको बिह्रौटो (नयाँ आबाद गरेको जमिन) खेतको यथार्थ नापजाँच गरी अभिलेखीकरण गरी सरकारसमक्ष पेश गर्ने र निर्देशन अनुसार गर्नै पर्दथ्यो ।

पहिले अकलसिंहरूले भाग लगाइदिएको किपट जमिनमा तिर्जा (राणाकालसम्म जागिर बापत तोकिएको बाली उठाई खान पाउने रसिद) देखाएर कुनै पनि व्यक्तिले एकलौटी गरी खान नपाउने व्यवस्था गरिएको थियो । त्यस्तो जमिन किपटियाले भाग लगाई खान पाउने सरकारी नियम थियो । किपट व्यवस्थामा कुनै पनि कर्मचारीले किपटियाको भाग मेटी एकलौटी गर्न नपाइने व्यवस्था गरिएकाले नियम बनाएर नै सरकारले किपटियाको हित गरेको स्पष्ट हुन्छ ।

दुधकोशी पूर्व अरुण पश्चिम माझकिराँतभर मझिया, याखा, मुर्मि जातिलाई घर कर लिइँदै आएकोमा त्यस्तो करमा समानता देखिएन । कसैले घरको रु. ५/-, कसैले रु. ४/- र कसैले रु. ३/- तिर्ने गरेको देखियो । यसका अतिरिक्त कतिपयले 'हल् पाट्या कोदाला' का दरबाट पनि उक्त कर लिँदार हेछन् । त्यसैले सरकारले उक्त क्षेत्रका मझिया, याखा, मुर्मि जातिले तिर्दै आएको घर करलाई व्यावहारिक तथा एकरूपता गराउने निर्देशन दिएको थियो ।

यस क्रममा डिठ्ठाहरूले त्यस क्षेत्रमा घर भएकाले बुझाउँदै आएको घर करको विस्तृत विवरण सङ्कलन गरी सरकारमा पेश गर्ने र सबै घरको एकै दर अर्थात् सरदर रु. ४/- कर लिने निर्देशन दिइयो । यो व्यवस्थाबाट वार्षिक रूपमा उठ्दै आएको रकम नघट्ने तथा करका दरमा पनि एकरूपता हुने भयो । त्यस्तै सरकारले कुनै पक्षपात नगरी यथार्थताका आधारमा सेर्मा (त्यस बखत पाखा जमिनमा लाग्ने सरकारी पोत/जमिनको तिरो) लगाउन डिठ्ठाहरूलाई निर्देशन दिएको थियो । उल्लिखित क्षेत्रका मझिया, याखा, मुर्मि जातिको आर्थिक हैसियत हेरी यथार्थताका आधारमा पाखा जमिनमा तिरो (कर) लगाउनु महत्त्वपूर्ण देखिन्छ । सरकारले जनताको हैसियतलाई वास्ता नगरी कर मात्र असुल गर्दछ भन्ने गरिए तापनि डिठ्ठाहरूलाई दिइएको उक्त निर्देशनबाट भने यो भनाइ यथार्थपरक देखिँदैन ।

सरकारले जागिरदारको सुविधालाई पनि ध्यान दिएको थियो । खुवा खाने जागिरदारलाई दिइएको जमिनको आम्दानीबाट निर्धारित रकम नउठ्ने भएमा खुवा जमिन थप गर्ने तथा बढी हुने भए बढी रकम असुल गरी सरकारलाई बुझाइने भयो ।

एकीकरण पूर्व सेन राजाका अमालीहरूले जागिरका रूपमा सो क्षेत्रका कतिपय रैकर खेत लिनु स्वाभाविक नै थियो । एकीकरणपछि उनीहरूले त्यस्ता खेत किपट भएको भनी झुठो दावी गरेका उदाहरण पनि सरकारले फेला पारेको देखियो । त्यसैले उल्लिखित सवालमा जिमिदारले रैकर खेतलाई ढाँटेर किपटका रूपमा आफ्नो नाममा लालमोहर गराई कमाउँदै आएको पनि रहेछन् । जमिन जाँच गर्दा स्थानीयको रोहबरबाट यथार्थ रूपमा यस्ता जमिन भेटिएमा सम्बन्धितलाई कायल गराई सो खेत जफत गर्नै पर्ने सरकारी नियम भएकाले सोहीबमोजिम गर्नका लागि डिठ्ठाहरूलाई निर्देशित गरियो ।

उल्लिखित क्षेत्रका जनतासँग झारा (सरकार, जमिन्दार वा विर्तावारले सरकारी वा सार्वजनिक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

काममा साधारण जनताबाट लिने पारिश्रमिकविनाको काम वा सहयोग) बापत रकम नै उठाउने गरिएको देखिन्छ । सामान्यतया मुलुकका अन्य क्षेत्रमा झाराका रूपमा रकम लिएको देखिँदैन । यद्यपि यहाँ भने रकम नै असुल गरिएको कुरा सवालमा उल्लेख छ । त्यसैले सरकारले डिठ्ठाहरूलाई दिएको निर्देशन (सवाल) मा कुन दरमा झाराको रूपैयाँ उठाइएको हो सोको यथार्थ विवरण सङ्कलन गरी सरकारलाई उपलव्ध गराउन भनिएको थियो । यसका साथै झाराका रूपैयाँ कुन कुन गाउँ, थुम तथा खुवाका घरमा रहेका मानिसले बुझाउँदै आएका हुन् तिनको विस्तृत विवरण सङ्कलन गरी सरकारमा बुझाउनु पनि डिठ्ठाहरूको काम थियो ।

यस कार्यबाट स्थानीय अधिकारीले अनावश्यक रूपमा सर्वसाधारणलाई शोषण गर्न नपाऊन् भनी जाँच गर्ने जिम्मा पनि डिठ्ठाहरूलाई दिइयो ।

१८१ वर्ष पहिले पनि किराँत प्रदेश (वल्लो किराँत र पल्लो किराँत) क्षेत्रमा 'राई किरांती मुर्मि लिंवुहरूले' अलैची खेती गरेको सन्दर्भ उल्लिखित सवालमा परेको छ । यद्यपि त्यस बखत 'किरांती' शब्दावलीले क-कसलाई सम्बोधन गर्दथ्यो भन्ने स्पष्ट नभए तापनि किराँत क्षेत्रका उल्लिखित जातिले अलैचीको खेती गर्दा रहेछन् । सवालमा "... अलैचिको षेति गर्‍याको जो छ अलैचिको दाम केहि नतिरि षायाको ठाउमा अलैचिको सेर्मा जगाका पैदावार हेरि दर नलाउनु..." उल्लेख गरिएको छ । यसबाट अलैची खेती गर्नेले अलैचीको दाम नतिरी खाएको ठाउँमा अलैचीको सेर्मा र जमिनको पैदावर हेरी दर नचलाउने भन्ने उल्लेख गरिए तापनि दर चलाउने निर्देशन दिइएको जस्तो देखिन्छ । यसरी अलैची खेती गर्ने किसानको उत्पादनका आधारमा मात्र सेर्मा (कर) लगाउने सरकारी निर्देशन कृषकमैत्री थियो ।

सरकारले १८७७ सालमा दुधकोशी पूर्व अरुणपश्चिमका राई, किराँतीलाई एउटा लालमोहर गरिदिएको देखिन्छ । लालमोहरबाट आ-आफ्ना किपट जमिनमा कुटा कोदालाले बिह्राइ आबाद गरेको बिह्रौटसमेत सन्तान दरसन्तानसम्म किपटियाले खान पाउने अख्तियारी दिइएको थियो । यो पनि सरकारले किपटियालाई दिएको एउटा महत्त्वपूर्ण अधिकार हो । यो लालमोहरबाट सरकारले किपटियाको परम्परागत अधिकारलाई अझ सुदृढ पर्ने काम गरेको देखिन्छ ।

त्यसो त १८७७ सालको लालमोहर गराउने क्रममा सो क्षेत्रका राई, किराँतीले तिरेको सलामी (मुख्य शासकले वर्षको एक पटक नजरानाका रूपमा जागिरदार, ठेकदार आदिसँग कट्टा गरी लिने रकम) रकमको विस्तृत विवरण लिन सरकारले डिठ्ठाहरूलाई भनेको थियो । सलामीको विवरण तयार गर्दा सरकारबाट जारी भएको उक्त लालमोहरको आधार लिनु पर्दथ्यो । त्यसका लागि सरकारले लालमोहरलाई पनि विवरणका साथ पेश गर्न निर्देशन दियो ।

किपटिया राई, मुर्मिहरू आ-आफ्ना जमिन छाडी अन्यत्र गएका खण्डमा उनीहरूको जमिनको सेर्मा निर्धारण गरी सम्भवतः कमाउनेबाट असुल गर्ने व्यवस्था गरिएको थियो ।

डिठ्ठाहरूलाई पल्लो किराँतमा लिम्बुका ढाक्रे (सर्वसाधारण लिम्बु जनता) तथा किपटियाले बिह्राएको बिह्रौटो यथार्थ रूपमा नापजाँच गर्ने निर्देशन दिइएको थियो । यस क्रममा कसैको मुलाहिजामा लागि तथा घुस, पेश्की खाई काम बिगारेमा दोहरा कुरा बुझी सरकारले दोषीलाई कडा कारबाही गर्ने कुराबाट डिठ्ठाहरूलाई सचेत गराइएको थियो ।

उपसंहार

आधुनिक नेपालको थालनीसँगै न्यायिक प्रशासनलाई सकेसम्म अन्यायमुक्त बनाउने प्रयास गरिएको थियो । यसै सन्दर्भमा राजा पृथ्वीनारायण शाहको दिव्य उपदेशमा 'अदालथ मा पनि. ठकुरी जाचि डिठ्ठा. राष्नु मगर जाचि. विचारी. थाप्नु. कचहरि पिछे यक् यक. पण्डीत. राषी. निञा. सास्त्र. वमोजिम् अदालथ. चलाउनु' उल्लेख गरिएको पाइन्छ ।[७] यसबाट राणाकाल पूर्व आधुनिक नेपालको न्यायिक प्रशासनमा डिठ्ठालाई नै न्याय सम्पादनको अख्तियारी

---

७ श्री ५ को सरकार, श्री ५ वडा महाराजाधिराज पृथ्वीनारायण शाहदेवको दिव्य उपदेश, नेपालः पुरातत्त्व विभाग, वि.सं. २०३८, पृ. ३५-३६ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अर्थात् न्यायाधीश बनाइएको देखिन्छ । राणाकालमा पनि डिठ्ठाको त्यस्तै हैसियत रहेको थियो ।[८] मुलुकको पछिल्लो प्रशासनिक व्यवस्थामा समेत यो पद रहे तापनि पहिलेको हैसियत भने रहेन ।

उल्लिखित सवालबाट एउटै जिम्मेवारी दुई जना डिठ्ठाहरूलाई दिइएकाले दुई जनाको हैसियत के थियो स्पष्ट हुँदैन । त्यस्तै उनीहरूलाई न्यायाधीशका रूपमा भन्दा मुख्यत: किराँत प्रदेशको भूमि प्रशासनका लागि खटाइएको देखिन्छ । यद्यपि उनीहरूले सोसँग सम्बन्धित विवाद/झगडाको न्यायिक निरोपण पनि गर्नें पर्ने थियो । डिठ्ठा द्वयलाई ठूलै भौगोलिक क्षेत्रको अख्तियारी दिइएकाले साथमा विचारी, लेख्ने, तहविल्दार लगायत १६ जना कर्मचारीका साथ खटाइएको थियो ।

जहाँसम्म किराँत प्रदेश र किपट व्यवस्थाको सन्दर्भ छ, उल्लिखित सवाल अनुसार उनीहरूलाई किराँतीहरूको परम्परागत व्यवस्था 'किपट' लाई अझ मजबुत पार्ने जिम्मेवारी दिइएको देखिन्छ । सवालमा 'राइ, मझिया, मुर्मि, याखा, लिम्बु, प्रजा र किरांती' उल्लेख भएकाले तत्कालीन जातीय व्यवस्थामा उनीहरूको के कस्तो हैसियत एवम् अवस्था थियो भन्ने विषयमा थप अनुसन्धान गर्नें पर्ने देखिन्छ ।

सरकारले उल्लिखित जातिको परम्परागत किपट व्यवस्थालाई अझ प्रभावकारी बनाउने प्रयास गरेको कुरा सवालबाट स्पष्ट हुन्छ । यद्यपि उल्लिखित सबै जातिलाई परम्परागत रूपमा किपट व्यवस्थामा सामेल गरिएको थियो वा थिएन भन्ने पनि सवालबाट स्पष्ट हुँदैन ।

समग्रमा आजभन्दा २०० वर्षजति पहिलेको यस सवालबाट तत्कालीन नेपालको प्रशासनिक अधिकारी (चौतारा, छोटा जनरल, काजी, कर्णेल, सर्दार, कपर्दार, खजाञ्चि, द्वारे, खर्दार, बैठके, कम्पु/पल्टन/कम्पनीका कप्तान, लेफ्टेन (लेफ्टिनेण्ट), कुम्भेदान, सुवेदार, खर्दार, ज्मादार, मेजर, अजिटन, कोत्य, बहिदार, गैह्न पगरी), किपट व्यवस्था, कर प्रणाली तथा केही हदसम्म न्याय सम्पादनका बारेमा महत्त्वपूर्ण जानकारी लिन सकिन्छ ।

परिशिष्ट

स्वतिश्री गिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविध विरुदावली विराजमान

मानोन्नत श्री मन्महाराजाधिराज श्रीश्रीश्री महाराज राजेन्द्र विक्रम साह वहादुर सम्सेर जङ्ग देवानां सदा समरविजयिनाम्...

आगे डिठ्ठा रामनाथ उपाध्या डिठ्ठा रणवीर थापाके सांगा सिंधु वनेपा सातगाउ वाहेक् पूर्व मेचि पश्चीम दरोवस्त मुलुक्मा जाई गर्ना काज को सवाल गरिवक्स्यौं वमोजीम सवालको काममा कसैको माया मोला हिजापछि नलागी घुसपेस्की नषाई नीमषको सोझो चिताई निसाफ पा
री वंन्या सप्रन्या काम गर्ने...

तपसील

प्रथम सवाल श्री जनरल कम्यांडर इन चीफ् र नालवाजा गैह्नका जागीरवाहीक् चौतारा छोटाजनरल २ काजी कर्नेल सर्दार कपर्दार षजांची फरास् द्वान्या षर्दार वैठक्या अस्तवलषाना औ कंपुपल्टं कं पनीका कप्तान् लेफ्टेन कुंभेदान सुवेदार षर्दार ज्मादार मेजर अ जीटन् कोत्या वहिदार गैह्न पगरीका षानगी षेत जतिछं सवै षसोषा स् टांगाहाली जांची ल्याउनु षुवाको घर कुरिया जांचि आजतक् जौ ना श्रेस्ताले तिरि आयाको छ सोहि श्रेस्ताको दरले लेषि गांउ षुवाका घर कुरियाको वाजवी येति दंडकुंड येती ठेकको उठति सबै षसोषा स् र ईजागीर्दारका षुवा थुम जांचदा दसषतले र आफ्ना मुनासीवले
सेर्मा नत्त्याका घर भया हल् कोदाल्या पाट्याका दरले सेर्मा ठेकी ति राउन लाउनु षसोषास लेषि हांम्रा हजुरमा चह्राइ पठाउनु हुकुम व क्से वमोजीम गर्नें...१

दोस्रो सवाल् सांगासिंधुपूर्व दुदकोसि पश्चीममा सुवेदार धर्म राजषतृले किपट कट्टि गऱ्याकामा प्रजालाइ रैवन्दिमा थामिदियाका थामिदिनु हायु दनवार पहरी चेपाङ् थामी प्रजाहरूको किपट् पनी रैवं दि माफिक प्रजालाई राषि वढता झिकी र ६३ सालदेषी आजतक् विह्रायी
किपट् भनी षायाका विह्रौय षेत टांगाहाली जांचि लेषि ली औ दुद कोसिपूर्व अरुन पश्चीम भर माझकिराँतमा अकलसिं इस्वर षतृले राइ मझिया मुर्मि याषा प्रजाका किपटमा कट्टि गरी थामिदियाको जगा

८ एच.एन. अग्रवाल, द एड्मिनिष्ट्रेटिव सिस्टम अफ नेपाल, न्यऊ दिल्ली: विकास पब्लिशिङ हाउस, सन् १९७६, पृ. ३७ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

थामि आज षुर्पाट्याक् भनी मोहोर गरी लैग्यामा विह्नायाको र किपटीया
ले आफ्ना किपटमा आंतका वलले विह्नायाको र इनका कुरिया ढाक्र्याले
विह्नायाका विह्नौय षेत षसोषास नाप जांचगरी फर्दमा लेषी हाम्रा हजुर
चह्नाइ पठाउनु हुकुम वक्स्या वमोजीम गर्नै औ अकलसिं इस्वर षतृले
कट्टि गरी थामि भागलाइदियाका किपटमा तिर्जा वमोजीमको जगा आ
ज हांम्रा नांउमा तिर्जा छ भनी भाग मेटि एकौटी गरि षान पाइदैन त्यो
जगा किपट्याले भाग लाइ षानु...२
तेस्रा सवाल् दुदकोसि पूर्व अरुन पश्चीम माफ किराँतभर अम्वलमा रा
इ मभिया याषा मुर्मिमा कसैले घरको रूपैञा ५ कसैले घरको रूपैञा ४
कसैले घरको रूपैञा ३ कसैले हल् पाट्या कोदालाका दरले तिऱ्याको रहे
छ तेस्मा रूपैञा ५ का दरले तिर्न्या घर एति ४ रूपैञाका दरले तिर्न्या घर ए
ति ३ रूपैञाका दरले तिर्न्या घर एति हल् पाट्या कोदाल्याका दरले तिर्न्या
घर एतिको जगा वलहेरि सरदर पारि ४ रूपैञाका दरले सवैलाई घरको ति
र्न लाउनु सकन्या नसक्न्या घरलाई यथार्थ विचार संग पक्षपात नगरि स
ष्य हेरि सेर्मा तिराउन लाउनु औ षुवा षान्या जागीरदारले आफ्ना आ
फ्ना थुम षुवाको उठतिलेषि हांम्रा हजुर चह्नायाको फर्द वमोजीमको
ज्मा भंदा तांहां जांचदा इजरा लायाको घट्ता निस्कन गयो भन्या ९३ सा
लका वाली उन जागिर्दारका फर्द वमोजीम थामिदिनु वढता निस्क्या
को असुल गरी हांम्रा हजुर चह्नाइ पठाउनु...३
चौथा सवाल् अघी सेन राजाका पाला अमालीहरूले
जागीर गरि षयाका रैकर षेत पछि हांम्रा किपट् हुन्भनी जीमीदारले ढा
टि मोहोर गराइ किपट् गरि षायाको यस्तो जगा निस्क्यो भन्या षोलो टे
लो राषि निरोपनमा ठहराई कायेल भयाका षेत् नापि जफ्त गर्नु औ
सांगा सिंधुपूर्व मेची पश्चीम् रैकर जगा वांफो विह्नाउन लैग्याका र जां
चकी जिल्लादारले विह्नाउन लायाका ८० साल देषि विह्नाउन लायाका विह्नौ
य जो छन् जांचि वीचमा अल्मली रह्याका विह्नौयका वाली स्मेत्
षसोषास जांचवुभ्रुगरी लेषि र भाराका रूपैञा कौनादरले घरहि उठां
उदा रह्याछं गांउंगांउं थुम षुवाका घरमा तिर्न्या
आसामीहरूसंगको
नाउ नमिसिस्मेत् षसोषास् जांची लेषि हाम्रा हजुरमा चह्नाई पठाउनु...४
पांचौ सवाल् सांगा सिंधुपूर्व मेचि पश्चीम भर आम्वल ६२ सालमा विर्ता
वितलप गुठ जांचकीले जांचि कट्टिगरि कंपनीमा भर्न्या गऱ्याको जगा पछि
विर्तवारले हाम्रो विर्ता थामियाकै हो भनी षायाको र किला चाप्याको
क्या सहि सांचले छुट्याइ षायाको रहेछ षोलो टेलो राषि षसोषास
जांचि सहिसाच नभै षायाको श्रेस्ताले कच्चा ठहऱ्याको जगा जफ्त गरी हा
म्रा हजुर विंतिगरि पठाउनु र माना चावल मयाउ छाप जाचवुभ्र मा
निस्क्याको समेत् विंतिगरि पठाउनु हुकुम वक्स्या वमोजीम गर्नै...५
छैटा सवाल् वल्लो पल्लो किरांतमा राई किरांती मुर्मि लिंवुहरूले
अलैचिको षेति गऱ्याको जो छ अलैचिको दाम केहि नतिरि षायाको
ठाउमा अलैचिको सेर्मा जगाका पैदावार हेरि दर नलाउनु औ षुवा
थुमभीत्रमा मामुली षेत् रह्याको र अमालीले विह्नाउनलाई अं
वलभीत्र रह्याको सांगा सिंधुपूर्व स्मेत् षसोषास जांचि नापी लेषी
ल्याउनु...६
सातौं सवाल् दुदकोसि पूर्व अरुन पश्चीमका राई किराँतीहरूले आ
फ्ना आफ्ना किपट् जीमिजगामा आफ्ना आफ्ना कुटा कोदालाले विह्नाई अ
वाद गरायाका विह्नौय विह्नौटि स्मेत् संतान दरसंतानसंम किपटिया
ले षानुगरी वंदेजको ७७ सालमा मोहोर गराई लैगयाकामा त्यो मोहोर
गराउदामा तिऱ्याको सलामी लाग्याको षर्च क्या रहेछ षसोषास् जांचि
फर्दमा लेषि मोहोर स्मेत् भिकि हांम्रा हजुरमा चह्नाइ पठाउनु किपटि
या राई मुर्मिहरू आफ्ना आफ्ना जगा छोडि अन्यत्र जान्याहरूको जगा से
र्मा दरि तिराउन लाउनु औ ठाउ ठाउमा गोठ रह्याका ठाउमा गोठ ले
षायाका षेत् नापि र गांउ षुवा षायाका जगाको पैदावार क्या रहेछ जांचि
षसोषास लेषी हांम्रा हजुर चह्नाई पठाउनु हुकुम वक्स्या वमोजीम गर्नै...७

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

आठौ सवाल् पल्लो किराँतमा लिंवुका ढाक्र्याले र किपटियाले विद्वायाका विद्वौट्य जतिछं षसोषास नापि जांचगरि ल्याउनु औ यो काम काज गर्दा घुस पेस्कि षाई मानीसका मुलाहिजापछि लागी काम विगार्नामा पस्यौभन्या दोहरा कुरा वुझि निरोपनमा कायेल भयौ भन्या तंवि हौला निमषको सोझो चिताई षतीरजामासग काम गर औ षानी निस्कन्या जगा फलाना ठाउमा छ भनी कोहि मानीसले भंन आया

भन्या ठहराई हांम्रा हजुर वींति गरि पठाउनु र हुकुम गया वमोजीम गर्नै...८

नवौ सवाल् सागा सिंधु पूर्व मेची पश्चीममा अघीदेषि वाधा फ्याको वीर्तामाको थैली ल्यौ भंदा नलिन्या साहुलाई तमसुक वमोजीमका रूपैया साहुलाई भराइ दी आसामीका जगा विहोराइ भरायाका रूपैयाको दसौद विसौद लिनु पानि लागन्या ठाउमा वाझो विह्विन्या जगा भयामा वटकरार दी विह्वाउन लाउनु औ अडा अडामा रह्याका पल्टन् कंपनीका हाजीरीलीदा नाल निसान षडा गराई नाउ नमिसि हाजीरीली फर्दमा लेषि हांम्रा हजुर चह्राई पठाउनु...९

दसौ सवाल् चार किल्लाभित्रको वीर्तामा अर्काको विर्ता र रैकर जगा मिची षायाको छ भनी कसैले भन्न आयो भन्या तेसै ठाउका जैजिमीदार

सधीयार भाई र सही सांच हेरि मिच्याको ठहरियो भन्या कायेल गराई छिनी दिनु थामियाको वीर्ता रैकरवाट मिचियाको छ भनी विर्तवारहरूले कराउन आया भन्या चाहीन्या मानीस राषि निसाफ्मा ठहरियाका कु

रा हांम्रा हजुर विंतिगरि पठाउनु हुकुमवक्सी पठाया वमोजीम गर्नै...१०

एघारौ सवाल् साथमा विचारी २ लैगि घाद फिराद आयाको सुनी दुवै झगरिया जोरि निसाफ् पारी छिनि दिनु तेस्मा भयाको आमदनी

र सवै रकमका आम्दानीमध्ये तपसील वमोजींका मानीसके वाली षर्च ज्मा

रूपैया ३३०० एसै आमनी (?) मा दिनु लिनु एसका आमदनिले नपुगी वालि

वांकि रह्याका पछि पुन्याइवक्स्यौंला औ तांहा काज काम गर्दा नराषी न

हुन्या मानीसलाई काम विसेष काजलाई षर्च दी वर्षास गरी दिनु पुजा क

चहरिका तेल वत्ती विछ्याउन्या कागज मसि वहि वस्ता लागन्या मुना

सिव षर्च मोजरा वक्सौला...११

तपसील

साल ९४ को वालि षान्याको वमोजीम तपसीलका को ज्मा रु ३३००

डिठ्ठा रामनाथ	१ के	षेत घुवा वापत् रु ६७५
डिठ्ठा रणवीर थापा	१ के	षेत घुवा वापत् रु ६७५
मुष्य लेषन्या रंगलाल	१ के	षेत घुवा वापत् रु २५०
मुष्य लेषन्या	२ के	षेत घुवा वापत् रु ५००
विचारी	१ के	रु १७५
देफे विचारी	१ के	रु १७५
विचारीसग लेषन्या	१ के	रु ८०
तहवील्दार	१ के	रु ५०
अरु लेषन्या	९ जना के	रु ७२०

....

इति सम्वत् १८९३ साल मिति कार्तिक सुदि १ रोज ४ शुभम्...

***

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हस्तलिखित ग्रन्थमा उल्लेखित विवाह विधि

डा. गोपाल धौबन्जार*

विषय प्रवेश

विवाह मानव जीवनको एउटा महत्त्वपूर्ण सामाजिक परम्परा हो । यसको माध्यमद्वारा यौवन अवस्थामा प्रवेश गरेका पुरुष र स्त्रीबीच पति-पत्नीको रूपमा नयाँ सम्बन्ध स्थापित गरी मैत्रीपूर्ण साझेदारी सम्वन्ध कायम गर्दछ । वास्तवमा विवाहले मानिसको जीवनमा ठूलो परिवर्तन ल्याउँछ । यस सम्बन्धले तिनीहरूबीच परिवारमा सुख, शान्ति, विकास र पूर्णता हासिल गर्नको लागि आवश्यक सेवा, सहयोग, प्रेम र निःस्वार्थ त्याग जस्ता अनेक गुणहरूलाई व्यवहारमा उतार्ने ज्ञान प्रदान गर्दछ । खासगरी व्यक्तिलाई गृहस्थ आश्रममा प्रवेश गराई सामाजिक दायित्व वहन गराउँदै आएको हामी सबैले देखेको र अनुभव गरेकै कुरा हो । वैवाहिक सम्बन्धबारे परिभाषा दिँदै विद्वान् ई. ओ. जेम्सले भनेका छन् "विवाहले व्यक्तिको यौन सम्बन्ध, गृहप्रबन्ध, प्रेम तथा मानवीय स्तरमा व्यक्तित्वको जैविक, मनोवैज्ञानिक, नैतिक र आध्यात्मिक विकासको आवश्यकता पूरा गर्दछ ।" (त्रिपाठी, १९६६: २६९-२७०) । मानव समाजको प्रारम्भिक कालमा विवाहको कुनै बन्धन थिएन र सबै नरनारीले कुनै पनि बेला आफ्नो इच्छाअनुसार आपसी शारीरिक सम्बन्ध स्थापित गर्न सक्थे भन्ने विश्वास गरिन्छ । समय व्यतीत हुँदै गएपछि समाज क्रमशः व्यवस्थित हुन थाल्यो । परिणाम स्वरूप मानिसको यौनजन्य व्यवहारमा पनि परिवर्तन आउन थाले । त्यसैक्रममा लाखौँ वर्षपछि समाजमा विवाह प्रथाको परम्परा विकास गरेको बुझिन्छ (अधिकारी, २०६३: १५२) । सोही अनुरूप पुरुष र स्त्रीबीच व्यवस्थित ढाँचाबाट विवाह गर्ने परम्पराको थालनी भयो । नीतिशास्त्रले पनि त्यसलाई एउटा महत्त्वपूर्ण सामाजिक व्यवहारको रूपमा मान्यता दिए । त्यसकारण समाजमा विवाह गर्दा शास्त्रीय मान्यताअनुरूप संस्कार पूरा गर्नु पर्ने परम्परा विकास हुन थालेको ज्ञात हुन्छ ।

व्यक्तिको जीवनमा विभिन्न किसिमका संस्कारहरू पूरा गर्नु पर्ने प्रचलन छ । गर्भावस्थामा होस् वा जीवनकालमा शारीरिक वृद्धिसँगै मानसिक विकास पनि हुने हुँदा उसको स्वभावमा परिवर्तन आउन थाल्दछ । त्यस्तो प्रत्येक परिवर्तित स्वभाव प्रारम्भ हुने वेला सोहीअनुसार संस्कारका अनुष्ठानहरू पूरा गरिन्छ । संस्कार मनाउनुको अभिप्राय धार्मिक तथा वैदिक क्रियाद्वारा व्यक्तिको मानसिक र वौद्धिक विकास गरी सुसंस्कृत बनाउनु हो (धौबन्जार, २०६८: २१) । त्यसकारण प्रत्येक व्यक्ति निर्धारित उमेरहरूमा पदार्पण गर्ने वेला तोकिए अनुसारको संस्कारका अनुष्ठानहरू पूरा गरिन्छ । त्यसरी मनाइने अनुष्ठानहरूमध्ये विवाह संस्कार एउटा हो । यौवनावस्थाका पुरुष र स्त्रीबीच आपसी पारिवारिक सम्बन्ध स्थापित गरी विधिविधानअनुसार विवाह गर्दा विभिन्न धार्मिक तथा सांस्कृतिक कार्य पूरा गर्नु पर्ने परम्परा रहिआएको छ । यस लेखमा नेवार समुदायमा विवाह संस्कार मनाउँदा पूरा गर्नु पर्ने धार्मिक तथा सांस्कृतिक विधिहरू लेखिएको एउटा हस्तलिखितग्रन्थ

*त्रि-चन्द्र बहुमुखी क्याम्पस, काठमाडौंमा अध्यापनरत हुनुहुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्रस्तुत गरी त्यसबारे विश्लेषण गरिएको छ ।

हस्तलिखितग्रन्थको मूलपाठ[1]

ॐ नमः श्री गुरुवे नमः ।। ततो विवाहार विधि ।। ।। रुखाया पिवने जव खवः कलश याता् पोतासन अस्त्र पत्र् अस्त्रसिंह चोय् ताय होरे ।। जव खव कलश छाययाव तय ।। ।। नकिनन याचके ।। तुतिसिके ।। वलिहोरे ।। मिसलि ह्वने तय ।। इका पल्कान् गाराव तय ।। नृमंछन ।। मताविय ।। मताफा ्तारचान स्ववोन त्वाय ।। ।। कलशया लंखन हाय ।। स्ववोन विय ।। सामिरि ् लास्वम्हास्ता. विय ।। ।। सेफा आलति ।। ताचा ् ताहापो ् गाचोन जोनकाव ।। लासालाव हयाव ।। होनके थास तय ।। ।। कलस ्जव ्या जव खवया खवसं तय ।। ।। भालतो जुयुवम्हं ।। लासालाव ।। स्वस्तिकस ् नेम्हं तय ।। गोयजोपरये ् माकोस्तं ।। कलस नेग्वर यातं छायके ।। प्रोहि आदि ् नायक ् नकिन ् सकलेस्तां वियके ।। भारतोस्तां ग्वय वियके ।। लामियातां ग्वय वियके ।। ।। यथा आचार्य पूजा ।। दक्षिण (दक्षिणा) ।। ।। कलसया लंख ।। घलिनानया लंखयाका व् अविसेख विय ।। ।। आशिर्व्वाद ।। लामि ग्वय विय् ससुमान ।। ससुवव याता विय ।। ।। लामी ग्वय वियके ।। चिपन थियके याता वो तय ।। ।। वो सूर्य्ययातं छायकल छोय ।। नाख हाय ।। वलि वियके ।। वो ५ ।। नाख विय ।। पंचगवे कायकाव नके ।। पानाय स्वाहा ।। अपानाय स्वाहा ।। व्यानाय स्वाहा ।। उदानाय स्वाहा ।। समानाय स्वाहा ।। यको नके ।। ।। ग्यव ् खरिका ।। कलंक छोय ।।

ॐ केश वंधन ् कलशार्च्चन ् उथें जथा कर्म्मस ।। भालतोन लासालाव ।। स्वस्तिक सने ।। नृमंछन ।। वलिविय ।। मतातय ।। ।। मताफा ।। तालचा् स्ववोन ।। त्वाय ।। ।। काकिचिन् साखिय । चुसापान् सा् स्ववो थयके ।। जव् खव् देतानकाव सापो प्याचके । सिंधुर छायके ।। न्हपाँ भालतोन ।। कलस आदि ।। प्रोहित ् नयेक नकिन यतां विय ।। थ्वनलि सिंधर छायके ् ३था थेनकाव ।। ।। सिधरन तिचके ।। काकि ् चुसापा ् कुशवु ् ससि ् आदिन ।। मोलस तयके ।। कुम्हल कान ् कपालस ् स्वहिने ।। स्वक प्याय ।। पातका नं उथें ।। आजल नं उयके ।। तिचके ।। आजल सला ् स्वक प्याके ।। सापो तसा तके ।। ।। स्व वोन विय ।। सेफा आलति ।। माधे ् म्वाचवजि वियके ।। एल समय छायके् मालकोस्ता ।। दक्षिणा ।। विधि थें कलस ् स्वस्थान याङाव ् न्हसकन ् भुस तयाव ् अभिसेख याय ।। चन्दनादि विय ।। स्वान विय ।। सिधमुङ इरिमोचायत लव ल्हाय ।। ।। वलि आदिन ।। थाय थायस छोय ।। साखि थाय ।। इरिमोचान् सूर्य्य याके । किगोर तानकल छोय ।। इति सापके विधि ।।

१. अनुसूचीमा दिइएको ग्रन्थ भक्तपुर नगरपालिका तिबुक्छे साकोथा टेल निवासी श्री ज्ञानकर वज्राचार्यको संकलनमा रहेको ।

ग्रन्थको नेपाली रूपान्तरण

ॐ नमः श्री गुरुवे नमः ।। ततो विवाह विधि ।। ।। ढोका बाहिर दाँया बाँया कलश राख्ने ् रेखी (देवता वा पूजाका पात्रहरू स्थापनाका लागि चित्र वा मण्डल बनाउन चामलको पीठोमा पहैँलो रंग मिसाएर तयार पारिएको एकप्रकारको घुलो पदार्थ) ले अष्टपत्र ् अष्टसिंह लेख्ने ् लावा छर्ने ।। दाँया बाँया कलश प्रतिष्ठा गर्ने ।। ।। घरको जेष्ठ महिलाले कार्य प्रारम्भ गर्ने ।। खुट्टा धुने ।। वलि छरी मिसलिं (गोल राखी आगो बालेको माटोको एक छाँटको पात्र) अगाडी राख्ने ।। सर्स्यु र तोरी सल्काउने ।। नृमंछन ।। आरती ।। दीयो ् ताल्चा तीनचोटी धोगाउने ।। ।। कलशको जलले सिंचन ।। सगुण दिने ।। सामिरि (दुलहीलाई साथीको रूपमा माईतबाट संगै पठाएकी महिला) ् बाटो हेर्न गएकालाई पनि दिने ।। ।। सेफाआरति ।। ताला ् ताहापो (पानीको भाँडो) ् खास्टोको टुप्पा समाउन लगाएर ।। संगै ल्याउने ।। होनके (दुलहा दुलहीलाई एकसाथ राखी विवाहको विधि) गर्ने ठाउँमा राख्ने ।। ।। कलश दाँयाको दाँया र बाँयाको बाँया राख्ने ।। ।। दुलाहा हुने केटलाई ।। संगै ल्याउने ।। स्वष्तिक विधिबाट दुवैजनालाई बसाल्ने ।। भाँडोमा चाहिने जति सबैलाई पुग्ने सुपारीको व्यवस्था गर्ने ।। दुवै कलशमा चढाउने ।। पुरोहित ् घरमुली ्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

घरमुलीकी पत्नी आदि ् उपस्थित सबैलाई दिने ।। दुलाहालाई पनि सुपारी दिने ।। लमिलाई पनि सुपारी दिने ।। ।। यथा आचार्य पूजा ।। दक्षिणा ।। ।। कलशको पानी ।। पानी घडीको पानीले अभिशेष दिने ।। ।। आशिर्वाद ।। लमिलाई सुपारी दिने ् सासु ।। ससुरालाई दिने ।। ।। लमीले सुपारी दिन लगाउने ।। दुलहा दुलहीलाई जुठो हाल्न लगाउन थालीमा भोजन तयारी गर्ने ।। ।। एउटा भाग सूर्यलाई पनि चढाउन पठाउने ।। जल सिंचन ।। वलि दिन लगाउने ।। भाग ५ ।। जल सिंचन ।। पंचगवे लिन लगाएर भोजन गराउने ।। पानाय स्वाहा ।। अपानाय स्वाहा ।। व्यानाय स्वाहा ।। उदानाय स्वाहा ।। समानाय स्वाहा ।। इच्छाअनुसार भोजन ।। ।। सुपारी सिन्का ।। क्षेत्रपालमा कलं पठाउने ।।

ॐ केश वंधन कलशार्च्चन ् पहिलेकै जस्तै कर्म ।। दुलाहालाई संगै लिएर आउने ।। स्वस्तिक मण्डल बनाउने ।। नृमंछन ।। बलि दिने ।। दीयो बाली आरती दिने ।। ।। दीयो ।। भोटे तालाको साँचोले तीन चोटी टाउकोमा ढोकाउने ।। कांगियोले दुलहीको केश कोर्न लगाउने । कोरेको केशलाई चुसापा (दुम्सीको काँडा) ले तीन भाग लगाउन दिनु ।। त्यसलाई एकअर्को माथि राखी बाट्न लगाउनु । सिन्दूर छाउन दिने ।। शुरुमा दुलाहालाई ।। कलशमा पनि ।। पुरोहित, घर मुलि र महिला मुलीलाई पनि दिने ् त्यसपछि ।। ।। टीका लगाइ दिने ।। काँगियो, चुसापा ् कुशवु (कुशको फूल) ् ससि ् आदि शिरमा राख्न लगाउने ।। कुमार ीसुत्र शिरमा तीन फन्को बेरेर अड्काउने ।। त्यसरी नै पातका (एकप्रकारको पहेँलो वस्त्र) लगाउन दिने ।। गाजल लगाउन लाउने ।। गाजलकै टीका ।। गाजलको बट्टा शिरमै सिउरन दिने ।। शिरमा जुरो लगाउन दिने ।। ।। सगुण दिने ।। सेफआरती ।। मिठाई रोटी ् भटमासच्यूरा दिन लगाउने ।। सबैलाई समयबजि र रक्सी चढाउने ।। दक्षिणा ।। विधिअनुसार कलश विसर्जन, अगाडि एउटा थाल राखी अभिशेष दिने ।। टीका लगाइ दिने ।। फूल प्रसाद दिने ।। नवदुलहीलाई सिन्दूरदानी हस्तान्तरण ।। सबै ठाउँमा वलि र अन्य पूजा पठाउने ।। सांस्कृतिक कार्य समापन ।। नवदुलहीलाई सूर्य दर्शन गराइ अक्षता चढाउन लगाउने ।। सँप्याके (केशबन्धन) विधि समाप्त ।।

विवाहको मान्यता

शास्त्रीय कथनअनुसार विवाहका तीन प्रमुख उद्देश्यहरू छन् । त्यसमध्ये पहिलो, धार्मिक कार्यलाई सफलीभूत बनाउनु, दोस्रो, संन्तान प्राप्ति र तेस्रो, रतिक्रिया हुन् (कपाडिया, २०००: १७३) । विवाहलाई जैविक र मनोवैज्ञानिक दृष्टिकोणले मात्र नभई धार्मिक दृष्टिले पनि विशेष महत्त्व दिएको पाइन्छ । कुनै पनि पुरुषको स्त्री विना एक्लो जीवनलाई अर्थहीन मानिएको छ (मनुस्मृति ९.४५,) । त्यतिमात्र होइन, पुरुषले ठूला धार्मिक अनुष्ठानको कार्य गर्दा तिनको पत्नीसंगै हुनु पर्ने शास्त्रीय मान्यता छ किनकि एक्लो पुरुष यज्ञको लागि योग्य मानिंदैन (शतपथ ब्राह्मण, ५.१.६.१०) । पत्नीको उपस्थिति विना धार्मिक कार्य संचालन गरेमा कार्य सिद्ध हुँदैन भन्ने परम्परा छ । त्यसकारण महिलालाई यज्ञको अधिकारी मानिएको कुरा अथर्ववेद, २.३६.१ मा उल्लेख गरिएको छ (मिश्र, १९८६: ४१५) । परम्परागत पितृप्रधान समाजले छोरालाई ठूलो महत्त्व दिँदैआएको हामी सबैले अनुभव गरेकै कुरा हो । मानिस जन्मना साथ तीनवटा ऋणहरू क्रमशः ऋषिऋण, देवऋण र पितृऋण बोकेर आउँछन् भनिन्छ (साधुचरणप्रसादजी, १९५५: २२३ मा उल्लेखित) । तर जीवनको विभिन्न चरणमा निश्चित नियम र विधिहरू पूरा गरी ती ऋणहरूबाट मुक्ति पाउने सक्ने जनविश्वास छ । जसअनुसार ब्रम्हचारी बनेर ऋषिऋण, यज्ञ सम्पन्न गरी देवऋण र पुत्र प्राप्त गरी पितृऋणवाट मुक्ति पाइने कथन छ । आफूमाथि रहेको पितृऋणबाट मुक्त हुनको निमित्त पुत्र जन्माउनु पर्ने सामाजिक मान्यता हो । त्यसबाहेक विवाहपश्चात् स्त्री र पुरुष दुवैका अनेक चाहनाहरू हुन्छन् । त्यसमध्ये सन्तान प्राप्त गर्ने एउटा ठूलो आकांक्षा हुन्छ । सन्तानले आफ्नो सम्पत्तिको उत्तराधिकारी भएर आफू वृद्धावस्थामा हुँदा हेरचाह गर्ने जनविश्वास रहिआएको छ । त्यस्तै आफूले परलोक प्राप्त गरी सकेपछि पनि आफ्नो सन्तानले मातापिताको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नाम र कूलको परम्परालाई अक्षुण्ण राख्ने कुरामा सबै विश्वस्त छन् । त्यसकारण विवाह गरेका प्रत्येक दम्पत्तिले पुत्र प्राप्तिपश्चात् सन्तोषको अनुभूति गर्छन् । अर्को, रतिक्रिया प्रकृति प्रदत्त शारीरिक आवश्यकता हो । यी कारणहरूले गर्दा समाजमा विवाहको ठूलो महत्त्व रहिआएको छ ।

विवाहका प्रकार

स्त्री र पुरुषबीच आपसी सम्बन्ध स्थापित गरी पति पत्नीको रूपमा जीवनयापन गर्न दिने सामाजिक स्वीकृति विवाह हो । तर सबै मानिसहरूले एकै तरिकाबाट विवाह गरेका हुँदैनन् । व्यक्तिको इच्छा र स्वभावअनुसार फरक फरक किसिमले त्यस्तो सम्बन्ध स्थापित गर्न सक्छ । त्यही भिन्न प्रकृतिको आधारमा स्थापित हुने स्त्री र पुरुषबीचको सम्बन्धलाई शास्त्रकारहरूले आठ प्रकारमा विभाजन गरी "अष्टप्रकृति विवाह" भन्ने गरिएको पाइन्छ । विवाहका ती नामहरू क्रमशः ब्राह्म, दैव, आर्ष, प्राजापत्य, आसुर, गान्धर्व, राक्षस र पैशाच हुन् (याज्ञवल्क्यस्मृति १.५८ ६१) । शास्त्रीय कथनअनुसार कन्याका पिताले वेदका सदाचारी र योग्य पुरुषलाई आमन्त्रण गरी आफ्नो छोरीकी पतिको रूपमा पूजा र सत्कार गरेर कन्यादान गरी दिनुलाई ब्राह्म विवाह भनिन्छ । दैव विवाह भनेको कन्याका पिताले यज्ञ विधि राम्ररी पूरा गर्न सक्ने र ब्रम्हचार्य धर्मपालन गरेका व्यक्तिलाई वरको रूपमा चयन गरी छोरीको कन्यादान दिनु हो । आर्ष विवाहमा कन्याका पिताले यज्ञ गर्नका निमित्त दुलाहा पक्षवाट गाई र वैलको एक वा दुई जोडा प्राप्त गरी विधिपूर्वक कन्यादान दिन्छन् । त्यस्तैगरी वर र वधुलाई संगै राखी "तिमीहरू दुवैले संगै रही धर्मको आचरण गर" भन्ने आशीषसहित कन्यादान दिने विवाहलाई प्राजापत्य विवाह भनिन्छ । कन्याका पिताले वर वा उनको पक्षबाट आर्थिक लाभप्राप्त गरी छोरीको विवाह गरी दिने परम्परा आसुर विवाह हो । माथि उल्लेखित तरिकाभन्दा फरक किसिमले केटा र केटी दुवै मातापिताको प्रभावमा नपरी आपसमा प्रेम तथा शारीरिक सम्बन्ध कायम गर्नु गान्धर्व विवाह हो । त्यस्तै बल र शक्ति प्रयोग गरी कन्याको हरण वा बलात्कार गर्नुलाई राक्षस विवाह भनिन्छ । पैशाच विवाह भन्नाले सुतेकी, नशाले मातिएकी र शीलको रक्षा गर्नमा प्रमादयुक्त कन्यासित धोखा र छलद्वारा यौन सम्बन्ध स्थापित गर्नुलाई बुझाउँछ । यद्यपि नीतिशास्त्रकारहरूले उल्लेखित विवाहका प्रकृतिहरूलाई हिन्दु सम्प्रदायमा फरक वर्णका लागि फरक फरक प्रकृतिका विवाहको उल्लेख गरेको पाइन्छ । नीतिशास्त्रले त्यसरी विवाहका फरक फरक प्रकारहरू बताए तापनि राम्रो कुलको आफ्नो परम्परा र संस्कारसित मिल्ने परिवारका सन्तानसितको वैवाहिक सम्बन्ध नै आदर्श सम्बन्ध मानिन्छ (आसा, २०५८: ३२) ।

नेवार समुदायमा पहिलेदेखि "मागी विवाह" को परम्परा चल्दैआएको छ । कन्यापक्ष आफैँ सक्रिय भई दुलाहा खोज्ने कार्यलाई राम्रो मानिंदैन । त्यसकारण विवाह योग्य केटाको निमित्त आफ्नो जात, कूल र हैसियत अनुसारको उपयुक्त कन्याको खोजी गर्छन् । केटा र केटी दुवैका लागि उपयुक्त जोडी मिलेपछि विवाहको कार्यक्रम तय गर्ने परम्परा छ । तत्पश्चात् उपयुक्त र निर्धारित समयमा सांस्कृतिक कार्य सम्पन्न गरी विवाह गर्छन् ।

हस्तलिखित ग्रन्थको विश्लेषण

उल्लिखित हस्तलिखितग्रन्थमा पाँच पत्रहरू छन् । त्यसमध्ये चारवटा पत्रहरूमा विवाहवारे उल्लेख भएको छ । गातापत्रको रूपमा रहेको अग्रपृष्ठमा अष्टपत्रलगायत विभिन्न चित्रहरू कोरिएको देख्न सकिन्छ । विवाह विधि शीर्षक दिएको सो ग्रन्थ नेपालभाषाको प्रचलित लिपिमा लेखिएको छ । यसबाट सो ग्रन्थमा उल्लेखित विधि नेवार समुदायसित सम्बन्धित रहेको बुझिन्छ । विवाहअन्तर्गत दुईवटा विधिहरू क्रमशः "ह्वन्के" र "सँप्याके" उल्लेख छन् । विवाहपश्चात् पुरुष र महिलाले पति-पत्नीको रूपमा सम्बन्ध स्थापित गरी जीवनयापन गर्दछन् । वास्तवमा विवाह भनेको तिनीहरूबीचको अटुट सम्बन्ध हो । पति-पत्नीको सहयात्रा सरल ढंगबाट अगाडि वढाउन एकले अर्कालाई गरिने माया र प्रेम अटल हुनु आवश्यक छ । त्यसकारण सवैको विवाहमा आपसी सम्बन्ध

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सुमधुर बनाइ सहयात्रा सरल ढंगबाट अगाडि वढोस् भन्ने कामनार्थ संस्कार पूरा गर्ने परम्परा रहिआएको छ । त्यसैक्रममा नेवार समुदायको विवाहमा कलश स्थापना र देवी देवताको आह्वान गरी पूजापाठसहित विभिन्न साँस्कृतिक कार्यहरू सम्पन्न गर्ने परम्परा छ । यहाँ उल्लेखित "ह्वन्के" र "सँप्याके" गर्ने साँस्कृतिक कार्य सो समुदायको विवाहको महत्त्वपूर्ण विधि हो । यद्यपि विवाहको औपचारिक प्रक्रिया अगाडि वढाउनु भन्दा पहिला केटा र केटी दुवै पक्षका परिवार र सम्बन्धित व्यक्तिहरू बसेर अनेकन् कार्य सम्पन्न गर्छन् । त्यसक्रममा दुलही लिन जाने दिन, समय र स्थानसमेत निर्धारण गरेका हुन्छन् । दुलाहाको घरबाट दुलहीको घरमा विधिपूर्वक सुपारी पठाउने कार्य हुन्छ । आपसी सहमति भएअनुसार पूर्वनिर्धारित दिन, समय र स्थानमा दुलाहाका पिता, बाजे, काका, मामालगायत अन्य नातेदार, छरछिमेकी, इष्टमित्र तथा लमीलाई समेत संगै लिएर बाजागाजासाथ दुलही लिन केटी पक्षको घरमा जन्ती जाने ऐतिहासिक परम्परा हो । दुलाहा भने आफ्नै घरमा हुन्छन् । जन्ती गएकाहरूले नै दुलही लिएर आउने र घरमा ल्याइ पुऱ्याएर साँस्कृतिक विधि पूरा गरी गृहप्रवेश गराई विवाह गरी दिन खोजेको केटासित संगै बसाली विवाह गरी दिने पुरानो परम्परा हो । त्यो साँस्कृतिक प्रचलनलाई नेवारभाषामा "ह्वन्के" भनिन्छ । अहिले त्यो परम्परागत शैली हराइसकेको भए तापनि कुनै-कुनै जातिले अझै चलन चल्तीमा ल्याइराखेका छन् ।[२] हस्तलिखितग्रन्थमा उल्लेखित विवाह विधिले सो ऐतिहासिक परम्परालाई इङ्गित गर्दछ । पुरोहितद्वारा कलश स्थापना, पूजा, नवदुलहीबाट सबैले सुपारी ग्रहण, आशीर्वाद र अन्तमा दुलाहा-दुलहीलाई एउटै माङ्गलिक थालमा सहभोजन गराउनु "ह्वन्के" विधिका विशेषताहरू हुन् ।

ग्रन्थमा उल्लेखित विवाह विधिअनुसार दुलहीलाई घर आगनमा ल्याए पछि निश्चित साँस्कृतिक कार्यहरू पूरा गरी गृहप्रवेश गराउने पुरानो परम्परा हो । त्यसलाई सम्पन्न गर्ने कार्य घरको महिला मुलीले गर्दछ । त्यसपछिको "ह्वन्के" गर्ने कार्यविधि भने पुरोहितले गर्छ । दुलहीलाई घर ल्याए पछि प्रारम्भमा खुट्टा पखाली चोखो नीति गरेर अक्षता छर्किने र गोल राखी आगो फुकेको माटोको एउटा प्याला अगाडि राख्छ । त्यसमा सर्स्यु र तोरी सल्काएर धूप लगाउने चलन छ । सर्स्यु र तोरी सल्काई त्यसको धुप सबैतिर लगाउनुको अर्थ त्यहाँ सहभागी सबैलाई वातावरणीय रूपमा शुद्ध पार्नु हो । घर बाहिरबाट आएका सबैलाई प्रदूषण मुक्त पारी अनिष्ट तत्त्वसमेत भगाउनका लागि त्यो विधि पूरा गर्ने चलन रहेको हो । त्यस परम्परालाई "नृमंछन" भनिन्छ । त्यसको लगतै आरति दिने काम हुन्छ । त्यतिबेला विशेष तरिकाबाट आरति दिने परम्परा छ । काठको एउटा पाथीभित्र दियो बालेको सुकुन्दा राखी सो पाथी र भोटेतालाको साँचोसमेत नवदुलहीलाई तीनपटक ढोगाएर आरति दिइन्छ । त्यस परम्परालाई "सेफआरति" भन्ने चलन छ । तत्पश्चात् कलशको जल छर्की चोखो बनाउने कार्य हुन्छ । गृहद्वारमा अगाडि उल्लिखित कार्यहरू सम्पन्न गरी सासूले दुलहीलाई भोटे तालाको साँचो, पानीको विशेष भाँडो र खास्टोको टुप्पा समाउन लगाई गृहप्रवेश गराउँछिन् । घरभित्र "ह्वन्के" को कार्य प्रारम्भ गर्न एउटा निश्चित स्थानमा स्वस्तिक चिन्ह कोरी त्यसको माथि ओछ्यान (आशन) लगाएर पहिले नै तयारी गरी राखेको हुन्छ । त्यसको ठीक अगाडि पूजाको निमित्त लिपपोत गरी सफा पारिराखिन्छ । दुलहीलाई लगेर ओछ्यान लगाइराखेको ठाउँमा आसन ग्रहण गराउन लगाइन्छ साथै दुलाहालाई पनि बोलाएर संगै राखिन्छ । तल द्वारमा राखिएको कलश उठाएर ल्याई सो पूजा गर्ने स्थानमा दायाँको कलश दायाँ र बायाँको कलश बाँया राख्न लगाइन्छ । दुलाहा-दुलही दुवैजनालाई उल्लिखित स्थानमा बसाली आपसमा मिलन गराउन पुरोहितले विवाहको सांस्कृतिक कार्य प्रारम्भ गर्छन् । एउटा भाँडोमा आफन्तहरू सबैलाई दिन पुग्ने गरी ससाना सुपारी राखिएको हुन्छ । दुलहीले दुवै कलशमा सुपारी चढाउँछन् साथै पुरोहित, घरमुली, घरमुलीकी पत्नी, सासू, ससुरालगायत

२. भक्तपुर दरवार स्क्वायर, लास्कुढोका इपाछेँ टेल निवासी वर्ष ६३ का पुरोहित श्री विनोदराज शर्माले दिनु भएको जानकारी अनुसार ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उपस्थित सबै नातेदारहरूलाई सुपारी दिएर "ग्वय् सायकेगु" साँस्कृतिक कार्य सम्पन्न गरिन्छ । त्यस्तै लमीलाई पनि सुपारी दिने चलन छ । पुरोहितले देवीदेवताको नाममा पूजा गरी कलशमा दक्षिणा चढाउन लगाउने र तत्पश्चात् कलशको जल र पानी घडीको पानी लिएर चारैतिर छर्केर सबैलाई अभिशेष र आशीर्वाद दिने परम्परा छ। उल्लेखित सबै साँस्कृतिक कार्यहरू पूरा गरी दुलही छिन्न गएका बेला दिएको सुपारी (लमी ग्वय्) सासू ससुरालाई दिने चलन छ। यति कार्य सिध्याई दुलाहा-दुलही दुवै जनालाई सहभोजन गराउनु पर्दछ। त्यसको लागि एउटा विशेष थालीमा पंचतत्त्वका प्रतीक माछा, मासु, फुल, बारा र मद्यलगायत अरू विभिन्न खाद्य पदार्थहरू राखी भोजन तयार गराउँछ । त्यस्तै एउटा भाग सूर्यलाई पनि चढाउनु पर्दछ। भोजनको लागि तयार पारिएको थाली विशेषमा पहिला दुलाहालाई जुठो हाल्न लगाइ तत्पश्चात् दुलहीलाई भोजन गराउने परम्परागत चलन हो । भोजन प्रारम्भ गर्नु अघि जल सिंचनसहित पाँच भाग वलि दिई पञ्चगव्य लिन लगाएर भोजन गराउने परम्परा छ । त्यसक्रममा पानाय स्वाहा । अपानाय स्वाहा । व्यानाय स्वाहा । उदानाय स्वाहा । समानाय स्वाहा । वाचनसहित क्रमशः चोरी औंला र बूढी औंला, माझी औंला र बूढी औंला, साहिँली औंला र बूढी औंला, कान्छी औंला र बूढी औंला तथा पाँचै औंलाले एकपछि अर्को गरी जुठो हाल्न लगाइन्छ । पञ्चगव्य लिएर इच्छा अनुसार भोजन गर्छन् । विवाहको समापनमा त्यसरी दुलाहा-दुलही दुवैलाई सहभोजन गराउने परम्परालाई "थायभू नके" (फणिनि नयके) भनिएको पाइन्छ (हस्तलिखितग्रन्थ, वी ३६८।१९:५१ प. सं.)। भोजनपश्चात् सुपारी खान खुवाउने र दाँत कोट्याउन सिन्कासमेत दिने चलन छ। अन्तमा भोजन गरेर बाँकी रहेको सबै खाद्य पदार्थ सोर्न लगाई त्यसमाथि एउटा दियो बालेर घर बाहिर क्षेत्रपाल कहाँ चढाउन पठाउँछन् । त्यसलाई स्थानीय भाषामा "कलं वायगु" भनिन्छ ।

विवाहमा "ह्वँके" गर्ने कार्य ज्योतिषीले दिएको शुभसाइतको घडीमा सम्पन्न गर्छन् । शुभसाइतमा गरिएको सबै कार्य सिद्ध हुने जनविश्वास रहिआएको छ । पहिलाको जमानामा आजको जस्तो समय हेर्ने घडी थिएन । त्यतिबेला साइतको समय मिलाउन पानी घडी प्रयोग गरिन्थ्यो । मसिनो प्वाल भएको एउटा निश्चित भाँडोमा पानी राखी त्यो प्वालबाट पानी झरेको आधारमा घण्टा-घण्टाको हिसाव निकालिन्थ्यो । त्यस्तो घडी "ह्वँके" को समयमा पनि राखिन्थ्यो । ग्रन्थमा उल्लेखित "घलिनानया लंखया" शब्दले पानी घडी राखिएको कुरालाई इङ्गित गर्दछ । अर्कोतिर नेवार समुदायको महत्त्वपूर्ण हरेक साँस्कृतिक उत्सव वा संस्कार पूरा गरिने व्यक्तिलाई "थायभू" (मंगलमय थालि) मा विशेष भोजन गराउने परम्परा छ । भोजन गराउँदा वली दिनु पर्दछ । त्यसक्रममा थाली अगाडि एउटा पात राखी त्यसमा जलसिंचन गरी शुद्ध बनाएर थालीको खाद्य पदार्थहरूबाट पाँच भाग चढाउन लगाई जल अर्पण र पञ्चगव्यसमेत लिन लगाएरमात्र भोजन गर्ने परम्परा छ । त्यही प्रचलन विवाहका बेला "ह्वँके" गर्दा पनि पूरा गरिन्छ ।

विवाहपश्चात् पूरा गरिने अर्को विधि "सँप्याके" (केशबन्धन) हो। विवाह भएको भोलिपल्ट यो सांस्कृतिक कार्य पूरा गरिन्छ । त्यस परम्परामा दुलाहाले आफ्नी दुलहीलाई विधिपूर्वक केश बाँटी जुरो पार्ने, सिन्दुर छाउने, टीका तथा गाजल लगाइ श्रृङ्गार गरिदिन्छन् । यो सांस्कृतिक कार्य सम्पन्न गर्न घरको उचित ठाउँमा दुलाहा-दुलहीलाई बसाउन ओछ्यान (चकटी) लगाई आसन तयार पारी राखिन्छ । त्यो परम्परालाई "केशवंधन" पनि भनिन्छ । सो कार्य ब्राह्मणद्वारा गराउने चलन छ। "सँप्याके" को धार्मिक तथा साँस्कृतिक कार्य गर्ने ठाउँमा गाईको गोवरले लिपेर शुद्ध बनाई दुलाहा-दुलहीलाई आसन ग्रहण गराउन स्वस्तिक चिन्ह बनाएर त्यसको माथि चकटी लगाई पूजाको निमित्त सबै व्यवस्था गरिएको हुन्छ। शुरुमा विभिन्न देवदेवीको आह्वानसहित कलश स्थापना गरेर पूजा प्रारम्भ गर्छ। सो कार्य सम्पन्न गरी दुलाहा-दुलही दुवैलाई आसन ग्रहण गर्न लगाई माथि उल्लेख गरिएको विधिअनुसार नृमंछन, बलि र सेफआरति दिनु पर्दछ। सो महत्त्वपूर्ण "सँप्याके" कार्यको कर्ता दुलाहा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हुन् । उनलाई आफ्नी नवदुलहीको शिरमा कांगियो लगाएर केश कोर्न दिन्छन् । त्यसलाई "चुसापा" (डुम्सीको काँडा) **लगाएर केश तीन भाग लगाउन दिई बाट्न लगाउँछ । साथै नवदुलहीको सिउँदोमा सिन्दुर छाउन दिन्छ । त्यस्तैगरी कलश, पुरोहित, घरमुली र महिलामुलीलाई पनि टीका लगाइदिने चलन छ । यति कार्य पूरा गरी काँगियो, चुसापा (डुम्सीको काँडा), कुशव (कुशको बियाँ) र ससि पनि दुलहीको शिरमा राखिन्छ । त्यसको लगत्तै दुलहीको शिरमा तीन फन्को कुमारीसूत्र बेरेर अड्काउने र पातकाप (पहेँलो वस्त्र विशेष) पनि त्यसरी नै लगाउन दिइन्छ । त्यस्तै गाजल र गाजलकै टीका लगाउन दिने अर्को परम्परा छ । दुलहीलाई सुन्दरी बनाउन शिरमा** जुरो बनाइदिने चलन छ । दुलही सिंगार्ने सांस्कृतिक कार्य सकिएपश्चात् दही सगुण दिई त्यसको लगत्तै परम्परागत विधिबाट सेफआरति दिने कार्य हुन्छ । त्यस्तै मिठाइ रोटी, भटमास र च्यूरा हातमा राखी दिने प्रचलन छ । सबैतिर समयबजि र रक्सी चढाउने, दक्षिणा दिने कार्य पूरा गरी परम्परागत विधिअनुसार पुरोहितले कलश विसर्जन गर्नुका साथै दुलाहा-दुलहीलाई अभिशेष र टीका लगाई फूल प्रसाद दिन्छन् । त्यस्तै विवाह गरेर आएका नवदुलहीलाई सिन्दुरदानी हस्तान्तरण गरी स्थानीय देवीदेवता कहाँ प्रसाद चढाउन पठाउने परम्परा पनि छ । अन्तमा नवदुलहीलाई सूर्य दर्शन गराई अक्षता चढाउन दिएर विवाहको महत्त्वपूर्ण "सँप्याके" (केशबन्धन) विधि समापन गर्दछ ।

यस प्रथामा दुलाहाले दुलहीको केश कोरेर चुल्ठो बाट्ने र श्रृङ्गार गराउन लगाउने परम्परालाई अर्थपूर्ण मान्न सकिन्छ। विवाह गर्नु अगाडि आमाबाबुको संरक्षणमा एक्ला एक्लै अवस्थामा रहेका कुमार र कुमारी विवाहपश्चात् अलग अलग नभई एक भएको र आपसमा अटुट सम्बन्ध कायम रहेको सन्देश प्रवाह गर्न खोजिएको देखिन्छ । त्यस्तै कन्याको सिउँदोमा रातो सिन्दुर लगाई दिनु विवाहको अति आवश्यक कार्यहरूमध्ये एक हो । पति पत्नीको मान्यता प्राप्त गर्न सिउँदोमा सिन्दुर हुनु आवश्यक छ । जन्तीले दुलही घरमा ल्याइपुऱ्याएर "सँप्याके" साँस्कृतिक कार्य प्रारम्भ गरी सिउँदोमा सिन्दुर लगाउन दिएर विवाहको विधि पूरा गर्छन् । त्यसकारणले पनि विवाहमा "सँप्याके" विधिको महत्त्व रहेको हो । अर्कोतिर नेवार समुदायमा छोरा छोरीहरूको विवाह आमा बाबुको इच्छाअनुसार हुने परम्परा थियो । तिनीहरूले नै आफ्नो छोरालाई दुलही र छोरीको निमित्त दुलाहा खोजी दिन्थे । छोरा छोरीले पनि आमाबाबुले खोजी दिएकै केटा वा केटीसित विवाह गर्नु पर्दथ्यो । त्यस्तो अवस्थामा विवाहपश्चात् तिनीहरू दुवै एकअर्कासित अपरिचित जस्तै हुन्थ्यो । त्यसकारण यस परम्पराले नवदम्पतीमा रहेको लजालुपनलाई अन्त गरी आपसी माया र प्रेम जगाउन सहयोग पुऱ्याएको देखिन्छ (धौबन्जार, २०६८: ७९) ।

उपसंहार

समाजमा भएका विगतका घटना, परम्परा, रीतिरिवाज, कला, संस्कृति आदिलाई प्रकाश पार्ने कार्य इतिहासले गर्छ । त्यसकारण इतिहासलाई मानव सभ्यताको ऐना मानिन्छ । तर इतिहास आफैँले तत्कालीन वास्तविकता दर्शाउँदैन । त्यसको स्वरूप स्पष्ट पार्न स्रोतहरूको आवश्यकता पर्दछ । नेपालको मध्यकालीन र त्यसपछिको इतिहास थाहा पाउन तत्कालीन हस्तलिखितग्रन्थहरूले महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । नेपाल उपत्यकाभित्र पुराना हस्तलिखितग्रन्थहरू अनगिन्ती छन्। कतिपय प्रकाशमा आइसकेका छन् भने कतिपय इतिहासको गर्भमै लुकेर बसेका छन् । त्यस्तै ग्रन्थहरूमध्ये व्यक्ति विशेषको संरक्षणमा रहेको एउटा अप्रकाशित ग्रन्थ यस लेखमा प्रस्तुत गरिएको छ । त्यसले तत्कालीन समाजमा प्रचलित विवाहसम्बन्धी महत्त्वपूर्ण परम्परालाई प्रकाश पार्नुका साथै हिजोआज व्यवहारमा प्रयोग हुँदैआएका कतिपय विधिहरूलाई पुष्टि गर्न समेत सहयोग पुऱ्याएको छ ।

विवाहमा विभिन्न सांस्कृतिक कार्यहरू पूरा गर्ने परम्परा छ । त्यस्तो परम्परा सबै समाजमा रहिआएको पाइन्छ । केवल धर्म, संस्कृति, रीतिरिवाज र स्थान विशेष अनुसार सांस्कृतिक कार्यहरूमा अन्तर हुनसक्छ । तर आआफ्नो परम्पराअनुसारको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

क्रियाकलाप पूरा गरी विवाह सम्पन्न गर्ने चलन सबैमा छ । विवाह पुरुष र स्त्री दुवैको जीवनको महत्त्वपूर्ण मोड हो । यसले तिनीहरूलाई समाजमा प्रचलित नियम र परम्पराअनुसार दाम्पत्य सम्बन्ध स्थापित गरी पारिवारिक जीवन यापन गराउँछ । वास्तवमा विवाह भनेको स्त्री र पुरुषबीचको शारीरिक सम्बन्ध मात्र होइन । यो त आपसमा आत्मीय सम्बन्ध स्थापना गरी एकले अर्कालाई जीवनको अन्तिम घडिसम्म साथ दिने वाचा पनि हो । त्यसबाहेक दुलाहा-दुलही दुवैको चित्त एकै होस् र आपसमा कुनै किसिमको भेदभाव नगरी गृहस्थ जीवन सुख, शान्ति र समृद्धि होस् भन्ने कामना गरिन्छ । त्यस्तो पवित्र सम्बन्ध स्थापित हुने महत्त्वपूर्ण कार्य भएको हुँदा विवाहमा विभिन्न धार्मिक तथा सांस्कृतिक विधिहरू पूरा गर्ने प्रचलन रहिआएको मान्न सकिन्छ । त्यसबाट व्यक्तिलाई परिशुद्धि गर्ने र तिनीहरूको दाम्पत्य जीवन सफल बनाउने उद्देश्यले नै त्यस्तो विधि पूरा गर्नु पर्ने परम्परा बसालेको थाहा हुन्छ ।

विवाहमा दुलही लिन जन्ती जाँदा दुलाहाको घरका सम्बन्धित व्यक्तिहरू, नजिकका नातेदार, नाता कुटुम्ब, इष्टमित्र, छरछिमेकीहरू सहभागी भएर जाने चलन रहिआएको छ । त्यसरी आफन्तलाई साथ लिएर जन्ती जानुको आशय दुलाहा-दुलही बीचको नयाँ सम्बन्धबारे सबैलाई जानकारी दिनुको साथै सो वैवाहिक सम्बन्ध स्थापना भएको घटनाको साक्षीको रूपमा लिइन्छ । जन्तीले दुलहीलाई जिम्मा लिएर संगै फर्की आफ्नो घरमा पुऱ्याएर विवाह गर्न लागेका पुरुषसित परम्परागत साँस्कृतिक कार्य पूरा गरी वैवाहिक सम्बन्ध स्थापित गरी दिन्छ । त्यसकारण नेवार समुदायमा "ह्वन्के" र "सँप्याके" लाई विवाहको महत्त्वपूर्ण साँस्कृतिक कार्यको रूपमा लिइन्छ । तर हिजोआज त्यो परम्परामा परिवर्तन आएको छ । अहिले जन्तीसंगै दुलाहा पनि जाने र केटी पक्षकै घरमा पुरोहितले दुलाहा र दुलही दुवैलाई एकै ठाउँमा राखी पूजा र टीकाटालो गरी साइतको समयमा स्वयंवर गराइ कन्यादान दिने चलन विकास हुँदैआएको छ । उल्लेखित विवाहसम्बन्धी सांस्कृतिक कार्यहरू सम्पन्न गरी दुलहा-दुलही दुवैलाई संगै लिएर जन्ती फर्किन्छन् । यद्यपि त्यसरी कन्यादानको कार्य सम्पन्न गरिए तापनि दुलही भित्र्याए लगत्तै दुलाहाको घरमा पुनः "ह्वन्के" विधि पूरा गर्ने परम्परा भने अद्यापि देख्न पाइन्छ ।

विवाहको समय पतिपत्नी तथा अन्य नाता कुटुम्बबीच सम्बन्ध जोड्न र त्यसलाई त्याग्न सुपारी दिने चलन नेवार समुदायको परम्परा हो । खासगरी पुरुष र कन्याबीच दश वटा सुपारी दिएर पती पत्नीको रूपमा नाता जोड्छन् । त्यही सम्बन्धबाट दुलहीले पतिको जात, थर, गोत्र प्राप्त गर्दछ । विवाह गरी गएपछि नवदुलहीले पतीको घरमा "ह्वन्के" गर्दा सासु ससुरालगायत घरपरिवारका सबै सदस्य तथा अन्य नाताकुटुम्बलाई समेत सुपारी दिनु पर्दछ । एवंप्रकार दुलहीले विवाह गरी आफ्नो घर छोड्नु अगाडि पनि बुबा, आमा, बाजे, बजै, काका, काकीलगायत माईती पक्षको परिवारका सबै सदस्यहरू तथा आफन्त र नाताकुटुम्बलाई सुपारी दिने चलन छ । प्रत्येक कन्याले विवाहमा मातापिता लगायत नजिकका सबै नातेदारलाई सुपारी दिएर आफ्नो जन्मसिद्ध जात, थर, गोत्र सबै त्यागी पतिको घरमा पुगेर त्यहाँ पनि सबैलाई सुपारी दिई लोग्नेको वंशमा समाहित हुन्छ । त्यसबाहेक माइती पक्षले पनि विवाहको चारौँ दिन दुलाहालाई आफ्नो घरमा लिएर गई उनीसित सुपारी लिई सम्बन्ध स्थापित गरेका हुन्छन् । विवाहमा सुपारी दिने र लिने परम्परा आपसी सम्बन्ध सुपारी जस्तै मजबुत होस भन्ने मनसायले चलनचल्तीमा ल्याएको देखिन्छ ।

विवाह सबैका लागि उतिकै महत्त्वपूर्ण सामाजिक परम्परा हो । वैवाहित सम्बन्ध राम्रो हुँदा पति-पत्नीमा सन्तोष हुने मात्र होइन, घरपरिवारमा नै सुख र शान्ति कायम भई समाजको लागिसमेत उदाहरण बन्न सक्छ । कुनै पनि व्यक्ति वा परिवारले आफ्नो होस् वा अरूको, वैवाहिक सम्बन्ध राम्रो होस्, पति-पत्नी सदा एकअर्काको सहयोगी भएर बस्न सकून्, सिंगो परिवारमा सुख शान्ति कायम होस् र कुनै विघ्न बाधा आइनपरोस् भन्ने चाहना राख्छन् । त्यसको निमित्त विवाह गर्दा शुभसाईत रोज्ने, केटा र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

केटीको चिना जुराउने, कलश स्थापना गरी विभिन्न देवीदेवता आह्वान गरी पूजापाठ लगायत अरू पनि साँस्कृतिक कार्यहरू पूरा गर्ने चलन हाम्रा पूर्वजहरूले विकास गर्दैल्याएका हुन् । त्यस्तो परम्परालाई वर्तमान समाजले सही मूल्याङ्कन गरी व्यावहारिक प्रचलनहरूलाई प्रोत्साहन दिएर आफ्नो संस्कृति जगेर्ना गर्नु पर्ने आजको आवश्यकता हो ।

सन्दर्भग्रन्थ सूची

- अधिकारी, नारायण प्रसाद. (२०६३ वि.सं.). हाम्रा सोन्ह संस्कार. प्रकाशन स्थान छैन: सुशिल कुमार गोशली ।
- आसा, एस. पी. (श्रीप्रसाद उपाध्याय घिमिरे), (२०५८ वि.सं.) हिन्दू संस्कृतिका व्यावहारिक र मनोबैज्ञानिक पक्ष. काठमाडौं: सुरेशप्रसाद पराजुली ।
- कपाडिया, के. एम. (२००० ई.). भारतवर्ष में विवाह एवं परिवार. दिल्ली: मोतिलाल बनारसीदास ।
- त्रिपाठी, शम्भुरत्न. (१९६६ ई.) भारतीय संस्कृति और समाज. कानपुर: कितावघर आचार्यनगर ।
- धौबन्जार, गोपाल. (२०६८ वि.सं.). हिन्दू नेवार संस्कार पद्धति. काठमाडौं: रामभक्त धौबन्जार र प्रभादेवी धौबन्जार ।
- मनुस्मृति. (१९६५ ई.). हरगोविन्द शास्त्री (हिन्दी टिकाकार). बाराणसी: चौखम्बा संस्कृत सीरिज अफिस ।
- मिश्र, जयशङ्कर. (१९८६ ई.). प्राचीन भारतका
- सामाजिक इतिहास. पटना: बिहार हिंदी ग्रंथ अकादमी. ।
- याज्ञवल्क्यस्मृति. (१९८० वि.सं.). श्रीमिहिरचन्द्रवीरचिता. मुंबई: कल्याण ।

  शतपथ ब्राह्मण ।
- साधुचरणप्रसादजी, श्रीबाबु (सं.). (१९५५ ई.). धर्मशास्त्र संग्रह. बम्बई: खेमराज श्रीकृष्णदास प्रकाशन ।
- हस्तलिखितग्रन्थ. (वी ३६८।१९ माईक्रोफिल्म नं.). दशकर्मपद्धति, राष्ट्रिय अभिलेखालयमा रहेको ।

---o---

अनुसूची



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मन्थलीका केही अभिलेखहरूमा व्यक्तिवाचक नामिक पदको अध्ययन

- डा. भूपहरि पौडेल*

विषयप्रवेश

नेपालका चौध अञ्चल, पचहत्तर विकास जिल्लामध्ये रामेछाप जनकपुर अञ्चलमा पर्छ । रामेछापको पुरानो सदरमुकाम अर्थात् जिल्लाको मुख्य प्रशासनिक क्षेत्र रामेछाप डाँडो नै थियो । २०४५ सालमा रामेछापमा दुई शताब्दीभन्दा बढी समयदेखि रहिआएको सदरमुकाम मन्थलीमा सारियो । सदरमुकाम सार्दा स्थानीय जनताका बीच झगडा भएको थियो । प्रशासनले जनताको आन्दोलन र झडपलाई दबाएर बल प्रयोग गरी सदरमुकाम मन्थलीमा सार्‍यो । नेपालको इतिहासमा मन्थलीको महत्त्वपूर्ण स्थान रहेको छ । यस मन्थलीलाई प्रदेशका रूपमा मान्ने चलन धेरै पुरानो हो । पहिला-पहिला यस प्रदेशका विभिन्न थुममा जिम्वाल, थरी, मुखियाहरू स्थानीय आर्थिक र सामाजिक प्रशासकका रूपमा नियुक्त हुन्थे । उनीहरूका मातहतको क्षेत्रका तामापत्र, लालमोहर, सनद-सवाल, तिर्जा, रुक्का इत्यादि ऐतिहासिक अभिलेखीय सामग्रीहरूले स्थानीय इतिहासको लेखन, अध्ययन र अन्वेषण कार्यमा सहयोग पुऱ्याइआएका छन् । प्राचीन र मध्यकालिक अभिलेखीय सामग्रीहरू नेपाली भाषाका विशिष्ट प्राप्ति हुन् । अन्यान्य क्षेत्रका अभिलेखहरूको जस्तै मन्थलीका अभिलेखहरूको पनि व्याकरणका विभिन्न कोटीबाट अध्ययन गर्न सकिन्छ । प्रस्तुत लेखमा मन्थलीका केही अभिलेखहरूमा पाइने नामिक पदविन्यासको अध्ययन गर्ने प्रयत्न गरिएको छ ।

मन्थलीको भौगोलिक क्षेत्र

मन्थलीलाई मन: स्थली भनिन्छ । आजभन्दा पाँचसय वर्षपूर्व मन्थलीमा मन्दरे माझीको राज्य थियो । मन्दरे माझीले पानी खाने कुवालाई मन्दरे कुवा वा पँधेरो, हात्ती बाँध्ने हात्तीटार, गाई बाँध्ने गोठ भएको ठाउँलाई गौखुरा जस्ता ऐतिहासिक नामपदहरू अहिले पनि चलनचल्तीमा छन् । केही शताब्दीपछि माझीहरूको राज्यव्यवस्था समाप्त भयो । त्यसपछि उनीहरू स्थानीय शासक, प्रशासकका दास भएर जीवन बिताउन बाध्य भए । पहिला-पहिला बाबियाखर्क, भलुवाजोर, केवलेश्वर गाउँ र मन्थली बेंसीका रूपमा प्रसिद्ध थियो । आधुनिक जीवनशैलीको प्रवेशसँगै मन्थली शहरका रूपमा परिणत भयो । अरूअरू क्षेत्रका मानिसजस्तै मन्थली क्षेत्र वा प्रदेशका मानिसहरू पनि उकालो, ओरालो हिंड्न अल्छी लागेर मन्थली बेंसीमा रहेका आ-आफ्ना धन्सार र अस्थायी गोठ मास्दै आफ्नै खेतमा पक्की र आलीसान महल बनाएर बस्न थाले । गाउँ पातलिँदै गयो । मन्थली बेंसीका उर्वर खेतहरू मासिए । बाबियाखर्क, भलुवाजोर, केवलेश्वरका धनाढ्यहरू मन्थली बेंसीमा घर बनाएर झरे । विदेश गएर अथाह धन कमाएकाहरू, पुर्ख्यौली सम्पत्ति हुनेहरू, घुस खाने प्रवृत्तिका सरकारी र अर्ध-सरकारी कार्यालयका जागिरेहरू, जग्गा दलालहरू, व्यापारीहरू, ठेकेदारहरू मिलेर मन्थलीको उर्वर फाँट

*पद्मकन्या बहुमुखी क्याम्पस, काठमाडौँमा अध्यापनरत हुनुहुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मासेर शहर बसाले । गरिब, अशिक्षित र सोझा व्यक्तिका निम्ति मन्थली शहर गरिखाने खेत मासिएको थलो भएको छ भने मध्यमस्तरको जनशक्तिका निमित्त काम गरेर जीविकोपार्जन गर्दै केही धनको जोहो गर्ने थलो र व्यापारीहरू, पुराना र नयाँ सामन्तहरू, केन्द्रीय र क्षेत्रीयस्तरका राजनीतिकर्मीहरू, जग्गा र अन्य सामानका दलालहरूका निम्ति सीमातीत रूपमा धन कमाउने क्षेत्र भएको छ । त्यसैले मन्थलीको पुरानो इतिहास मासिएर यहाँ नयाँ जमाना, नयाँ प्रवृत्ति र सोचको विकास भएको छ ।

यस मन्थलीको सिमाना पुरानो र नयाँ गरी दुई किसिमको देखिन्छ । पुरानो सिमानाको उत्तरीक्षेत्र चिसापानीमाथि थानापति, दक्षिण-पूर्वतर्फ कठजोर पञ्चायत, पश्चिमतर्फ भटौली र भलुवाजोर पञ्चायत, दक्षिणतर्फ सुनारपानी(मचावारीसम्म) र नवलपुर थियो । २०४५ सालमा जिल्ला सदरमुकाम रामेछाप डाँडाबाट मन्थली बेसींमा सरेपछि माथिकै सिमानालाई आधार मानी गाउँविकास समितिमा परिणत गरियो भने मन्थली नगरपालिकामा परिणत भएपछि कठजोर, सुनारपानी (मचावारीसम्म), सालु, गैह्राथोक, सालुपाटी, कोशीपारिमाः भटौली, चिसापानी, गेलु, फुलासी(दोलखाको सिमाना) तोकिएको छ ।

मन्थली प्रदेशका वाङ्मय सामग्रीहरूको विनाश

नेपालको राजधानी काठमाडौंको हनूमान्ढोकाबाट मन्थलीबेंसीं ठ्याक्क २५ कोश पर्छ । अचेल हनूमान्ढोकाबाट अधिराज्यभरि कोशको परिणाम निकाल्ने परम्परा हराउँदै गएपनि कोशीय सिमाना निर्धारण गर्ने ढुङ्गामा कोपिएका अभिलेखहरू भने ठाउँठाउँमा अझै भेटिदैछन् । राजधानी काठमाडौंसँग निकटतम सम्बन्ध रहेको मन्थली प्रदेशमा संस्कृत र नेपाली भाषाका ऐतिहासिक सामग्रीहरू भेटिदैछन् । कठजोर, भटौली, मुगीटार, खाडादेवी, तिलकेस्थान, बडीमुहान, चिसापानी, बाङ्गेसल्ला, खिम्ति, तिल्पुङ्, सालु-साँमलीस्थान, सालुपाटी, गैह्राथोक, सुनारपानीमा औषधीमूलो, जडिबुटी र वैद्याङ्ग, कर्मकाण्ड, इतिहास, बालन, भजन, तन्त्रमन्त्र, झारफुक, व्याकरण, साहित्यका मुद्रित र अमुद्रित ग्रन्थका साथै तामापत्र, लालमोहर, सनद-सवाल, तिर्जा, रुक्काजस्ता ऐतिहासिक अभिलेखीय सामग्रीहरू प्रशस्त थिए । अचेल नेपालका धेरैजसो गाउँघरमा पनि अभिलेखीय सामग्रीहरू र वाङ्मय ग्रन्थहरू बुँइगलका दराज, ऱ्याक र सन्दुकमा पितापुर्खाले माउ र कीराबाट जोगाउन औषधी राखेर जोगाएको देख्नै नसक्ने आधुनिक जमानाका सन्तानले कवाडीमा बिक्री गर्ने, नदीमा सेलाउने र खोल्सा, खहरेतिर फ्याँक्ने, घुरेनमा फाल्ने गरेको देखेर नेपाली इतिहास र वाङ्मयका प्राचीन सामग्रीहरूको अस्तित्व नै समाप्त हुन लागेको पाउँदा दुःख लाग्नु स्वाभाविकै हो । यो डढेलो राजधानीका धनाढ्य व्यक्तिका घर हुँदै गाउँघरसम्म फैलिएको छ । अर्को कुरो, नायबसुब्बा कृष्णलाल अधिकारीका कृति र ऐतिहासिक तथ्य सामग्रीहरूको अन्वेषणका क्रममा २०३६ सालको माघ १४ गते कठजोरका वामदेव अधिकारीका घर पुग्दा बुइँगलबाट तीन डोका ऐतिहासिक कागजपत्र र हस्तलिखित अमूल्य र अप्राप्य वाङ्मय ग्रन्थहरू घुरेनमा ल्याएर फालेको घटना अनुसन्धानकर्ताले प्रत्यक्ष रूपमा देखेको हो । त्यसकारण ऐतिहासिक अभिलेखीय सामग्री एवं हस्तलिखित दुर्लभ मुद्रित ग्रन्थहरूको भण्डारजस्तै रहेको मन्थली प्रदेश हालको मन्थली नगरपालिका भौतिक रूपबाट मात्र आकर्षक र सम्पन्न जस्तो देखिएको र यहाँका अन्य ऐतिहासिक अभिलेख र वाङ्मय ग्रन्थहरू नष्ट हुँदै गएपछि मन्थली प्रदेश पनि ऐतिहासिक र अमूल्य ज्ञानको भण्डार रित्तिएर मशानघाटजस्तै महसुस हुन थालेको छ ।

अवशिष्ट ऐतिहासिक सामग्रीहरूको संरक्षण

रामेछापको विद्वान्का कोटीमा गनिएका शङ्करप्रसाद सत्याल संस्कृत वाङ्मय, नेपाली भाषा, साहित्य तथा ऐतिहासिक अभिलेखहरूको अध्ययन र संरक्षणमा विशेष अभिरुचि भएका व्यक्ति थिए । मन्थलीका जिम्वाल ज्ञानप्रसाद घिमिरेका संग्रहमा यस प्रदेशको इतिहासमा प्रकाश पार्ने अभिलेखीय सामग्रीहरू थिए । उनले मन्थलीको लालमोहोरसहित अन्य ऐतिहासिक कागजपत्रहरू शङ्करप्रसाद सत्यालको जमानीमा यही लेखका अन्वेषकलाई दिएका थिए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वास्तवमा यसप्रकारका क्षेत्रीय अभिलेखहरू राष्ट्रिय इतिहास निर्माणका महत्त्वपूर्ण स्रोत हुन् । त्यस्ता अभिलेखीय सामग्रीहरूको विभिन्न कोणबाट अध्ययन गर्न सकिन्छ ।

वास्तविक रूपमा विश्लेषण गर्ने हो भने नेपाली भाषाका पुराना लेख्य नमुनाहरू अभिलेख नै हुन् । नेपालका अभिलेखीय ऐतिहासिक सामग्रीका अन्वेषक मोहनप्रसाद खनालका अनुसार नेपाली भाषाको पहिलो लेख्य सामग्री वामु खड्गाहाको दुल्लू दैलेखमा प्राप्त भएको स्तम्भाभिलेख हो । अचेल पनि पाटीपौवा, सत्तल, स्मारक, दूरगामी महत्त्वका भवनहरू बनाउँदा अभिलेख कुँदाएर स्थापना गर्ने परम्परा टुटेको छैन[1] ।

त्यसकारण मन्थलीका अभिलेखहरू पनि नेपाली भाषाका ऐतिहासिक लेख्य सामग्री हुन् । अभिलेखहरूमा व्यक्ति र स्थानवाचक नामपदको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । कुनै अभिलेखहरू केही हरफका, केही अभिलेखहरू १०, १५, २० हरफ सम्मका र केही अभिलेखचाहिँ धेरै लामालामा अर्थात् १०० हरफभन्दा बढीका पनि हुन्छन् तर छोटा, मझौला र लामालामा गरी सबै आकारप्रकारका नेपाली अभिलेखहरू ऐतिहासिक नेपाली भाषा र व्याकरणका विभिन्न पक्षमा अन्वेषण र अध्ययनको प्रयोजनका निम्ति आधारभूत स्रोत हुन् ।

अभिलेखमा नामिक पदको ऐतिहासिक महत्त्व

अभिलेखहरूको पहिलो पहिचान नामिक पदबाट हुन्छ । 'कसले, कसलाई, कसबाट' भन्ने प्रश्नबाट अभिलेखको अन्वेषण र अध्ययनको क्रम प्रारम्भ हुन्छ भने कुन ठाउँ, कुन मिति, कुन विषय र कुन प्रयोजन व्यक्तिवाचक नामपदपछि खोजिने विषय हुन् । त्यसैले इहलोकको सामाजिक जीवनका विधि, व्यवहार र परलोकको पितृलोक, यमलोक, स्वर्ग वा देवलोक र पुनर्जन्म भएको लोक र स्थानमा व्यक्तिवाचक नामपदको सामाजिक, धार्मिक र साँस्कृतिक महत्त्व हुन्छ । राजनीतिक, आर्थिक, सामाजिक, ऐतिहासिक, धार्मिक, भाषिक, साहित्यिक र अभिलेखीय योगदानको व्यक्ति वा समूहगत योगदानको कर्तृत्व पदको पहिलो स्रोत नामपद नै हो । व्यक्तिवाची नामपदबाटै सन्तान-दरसन्तानले पिता, पितामह, प्रपितामह, वृद्ध प्रपितामह र समत्नीक, मातामह प्रमातामह, वृद्धप्रमातामह र सपत्नीक इत्यादि पितृहरूलाई दिइने तर्पण र पिण्डदानमा पनि व्यक्तिवाचक नामपदकै प्रयोग हुन्छ । त्यस्तै, गुरुत्वाकर्षण, सापेक्षतावाद सिद्धान्तका प्रतिपादक को हुन् ? रामायण, महाभारत, पुराणका रचयिता को हुन् ? भन्ने सन्दर्भमा नामपदकै प्रयोग हुन्छ । त्यसकारण अभिलेखको नाम लिनेवित्तिकै कसको अभिलेख, दामुपाल, अशोक चल्ल, आदित्यमल्ल, पुण्यमल्ल... जस्ता नामपदकै जिज्ञासा र उच्चारण हुन्छ। अभिलेखीय सामग्रीमा नामिक पदको ऐतिहासिक महत्त्व हुनेहुनाले मन्थलीका अभिलेखमा नामिक पद खोज्ने प्रयत्न गरिएको हो ।

व्याकरणमा नामिक पदको ऐतिहासिक अध्ययन

वि.सं. १९७६ मा पहिलो संस्करणका रूपमा छापिएको सोमनाथ शर्माको मध्यचन्द्रिकामा नामिक पदव्यवस्था निम्नअनुसार गरिएको पाइन्छ :

कुनै पदार्थ (वस्तु) को नाउँलाई नाम वा संज्ञा भन्दछन् । जस्तै बाबु, पशुपति, पल्टन, काठमाण्डू, आँप, पुस्तक, सुन, पुण्य[2] ।

नेपाली भाषाको मझौला व्याकरण मध्यचन्द्रिकामा नामपद पाँच किसिमका हुन्छन् भनेर लेखेको छ[3] । जस्तो :

१ मोहनप्रसाद खनाल, (२०६८) नेपाली भाषाका हजार वर्ष, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, (पहिलो संस्करण), पृष्ठ १ ।

२ सोमनाथ शर्मा, (२०३०), मध्यचन्द्रिका (एघारौं संस्करण), काठमाडौं: पुस्तक सांसाद, पृष्ठ १५ ।

३ पूर्ववत, पृष्ठ १७ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

जातिवाचक
मानिस, घोडा, चरा, पुस्तक, घर, खाट, फल

व्यक्तिवाचक
पशुपति, काठमाडौं, राधा, गोपाल

समुदायवाचक
वथान, राश, फौज, थुप्रो

द्रव्यवाचक
सुन, चाँदी, फलाम, तेल, पानी, माटो

भाववाचक
रिस, सुख, ज्ञान, जवानी, बोलाई, उठान

नेपाली व्याकरणका अर्का उद्‌भट विद्वान् रोहिणीप्रसाद भट्टराईले नामपदको परिभाषा यसरी गरेको देखिन्छ :

कुनै पनि पदार्थ बुझाउने शब्दलाई नाम वा संज्ञा भन्दछन् । कुनै वस्तु चिनाउन र त्ससम्बन्धी ज्ञान बढाउन बरोबर अभ्यास गरिने शब्दलाई 'नाम' भन्दछन् ।

राम्रो गरी जानिन्छ जेले त्यसलाई संज्ञा भन्दछन्[४] ।

व्याकरणको नामपद	अभिलेखको नामपद
प्रयोगमा आएको भाषाको ठीकठीक अवस्था जान्न वा थाहा पाउन अध्ययन गर्नु आवश्यक छ । यसमा भाषाको परम्परा, व्याकरण लेखनको इतिहास र त्यसको वर्तमान स्वरूपसमेत थाहा पाउनु जरुरी हुन्छ ।	व्याकरणले नामपदका विषयमा के कस्तो परिभाषा दिएको छ ? उदाहरण के कस्ता छन् ? त्यसमा पनि अभिलेखीय नामपदमा ध्यान दिनुपर्दैन । अभिलेखको कर्तृत्वपद कसमा निहित छ र त्यसको प्रयोजन के हो त्यसमा मात्र ध्यान दिए पुग्छ ।

त्यसकारण; व्याकरणको नामपदले प्रायोगिक भाषाको सिद्धान्त पक्षमा जोड दिन्छ । अभिलेखीय नामपद सामाजिक सञ्जाललाई पद, प्रतिष्ठा, योग्यता र सेवाभावमा केन्द्रीकृत गरी सीमित दायरामा पनि ऐतिहासिक रूपमा प्रस्तुत हुन्छ ।

अभिलेखीय नामपदको अपरिहार्यता

अभिलेखमा विषयको प्रकृतिअनुसार नामपदको प्रयोग हुन्छ । सीमित विषय र वाक्य संरचना भएका अभिलेखमा जाति, व्यक्ति, समूह, भाव र द्रव्यवाचक गरी पाँचै प्रकारका नामपदको प्रयोग नहुनसक्छ । त्यसको कारण नामपद अभिलेखीय सामग्रीको आधार भूत पक्ष हुँदा हुँदै पनि कुनै अभिलेखमा जातिवाचक, कुनै अभिलेखमा व्यक्तिवाचक, कुनै अभिलेखमा द्रव्य र कुनै अभिलेखमा भाववाचक नामपदको अधिकता हुनसक्छ । तर, नामपद अंकित नभएको ऐतिहासिक अभिलेखलाई अधुरो अभिलेख मानिन्छ ।

मन्थलीका केही अभिलेखहरूमा व्यक्तिवाचक नामपद

प्राचीन कालमा राजा महाराजाहरूले आफ्ना प्रियसेवकलाई विर्ता दिएर, साँध-सिमाना निर्धारण गरेर, साविक तिरिआएको कर माफी गरिदिएर तथा किपटको व्यवस्था गरेर जारी गरेका अभिलेखहरू, जनस्तरबाट पाटी, चौतारा बनाएर, पौवाडाँडा, घुम्ती र चौतारामा पौवालीको व्यवस्था गरेर, वरपीपल रोपेर हुर्काउँदै विवाहसमेत गरिदिएर, मठमन्दिर स्थापना गरेर तथा केही खेतवारी गुठीको रूपमा तोकिदिएर समाजहितका काम गर्ने व्यक्तिले आफ्ना कार्यको सदीर्घ परम्परा कायम भइरहोस् भन्ने हेतुले शिला, तामापत्रमा दानदातव्य र सामाजिक प्रयोजनको बेहोरा कप्न लगाएर, लालमोहोर, सनदसवाल र रुक्कामा कुनै लामा र कुनै छोटाछोटा कार्यगत संक्षिप्त रूपात्मक बेहोरा लेख्न लगाएर ऐतिहासिक रूपमा सुरक्षित साथ राख्न लगाउने परम्पराबाटै अभिलेखीय सामग्रीहरू तयार भएको वुझिन्छ । त्यस्ता अभिलेखीय सामग्रीहरू इतिहास लेखनका मुख्य स्रोत हुन् । इतिहास लेखनका मुख्य स्रोतहरू राम्रोसँग पढेर विषयवस्तु र तात्कालिक पात्रहरू, स्थान एवं अभिलेखीय लिपिको ज्ञानसँगै सत्य, तथ्य, इतिहासलेखनको तालिम प्राप्त गरेपछि मात्र यस कार्यमा प्रवृत्त हुने प्रेरणा मिल्छ । अभिलेखीय सामग्रीहरूमा विषयवस्तु स्थान र समयको आफ्नो-आफ्नो महत्त्व हुन्छ तर व्यक्तिवाचक नामपदको अझ बढी महत्त्व हुन्छ । त्यसैले अभिलेखीय सामग्रीहरूमा व्यक्तिवाचक नामपदको महत्त्वलाई दृटिगत खोजिएको हो । मन्थली प्रदेशमा अझै अन्वेषक कार्यमा सक्रियता बढाउन सके थुप्रै अभिलेख भेटिने सम्भावना टरिसकेको छैन । यस

---

४ रोहिणीप्रसाद भट्टराई, (२०३३), वृहत् नेपाली व्याकरण, काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, (पहिलो संस्करण), पृष्ठ ५७ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लेखमा केही अभिलेखहरूको व्यक्तिवाचक नामपदको अध्ययन गर्ने प्रयत्न गरिएको छ ।

सुब्बा दसरथ् षत्रि[५]

जनरल कम्यान्डर इनचिफ भीमसेन थापा[६]

षरिदार रघुनाथ पाध्या,

जिम्मावाल मुक्तिराज पाध्या, अरविन्द पाध्या, प्रयागदत्त पाध्या, लक्ष्मिकांत पाध्या, कांतु पाध्या, मकरध्वज पाध्या, मोतिलाल पाध्या, सिरोमनि पाध्या, (तारानाथ पाध्या, धरणि पाध्या, जीवनाथ पाध्या, वृजलाल पाध्या, उदयाकर पाध्या, मोहनलाल पाध्या, रविभक्त पाध्या), अग्नीधर पाध्या, दधिराम पाध्या, लीलानाथ पाध्या, रेवतिरमन् पाध्या, देविप्रसाद पाध्या, पंडित जनकलाल पाध्या, डिल्लिराम पाध्या, दिवाकर पाध्या, गंगाधर पाध्या, रमाकांत पाध्या, गंगाप्रसाद पाध्या, हिरालाल पाध्या, श्रीमद्राजकुमारकुमारात्मज श्रीकम्यांडर इनचिफ जनरल षङ्गसम्सेर जङ्गबहादुर, उदैनारान पाध्या घिमिऱ्या, मोदनाथ पाध्या, धीन्नारायन्, अजंवर प्रसाञी, भगीरथ प्रसाञी, भव प्रसाञी, महानन्द प्रसाञी, भक्तसिं कार्की क्षेत्री, लक्ष्मीकान्त पाध्या भट्टराई, पद्मधोज कार्कि, महिन्द्र सिरीकाया क्षेत्री, नारान षडका क्षेत्री, फौदसिं षडका, द्वाऱ्या स्यामबहादुर रंजीत, भोटे महावीर षडका क्षेत्री, मेहरमान षत्रि, स्यामलाल पाध्या ढुंग्याल, रामनाथ पाध्या पौडेल, प्रिधु पाध्या पौड्याल, द्विजवर पाध्या सुवेडि, नन्दलाल पाध्या पौड्याल, देवीप्रसाद पाध्या सुवेडि, डिठ्ठा, राधावल्लभ पाध्या पौड्याल, मुषिया इन्दिवर प्रसाञी, पद्मजङ् थापा क्षेत्री, वलभजन् थापा क्षेत्री, देविप्रसाद पाध्या, पंडित प्रागदत्त पाध्या घिमिरे, षरिदार रघुनाथ पाध्या, छवीलाल पाध्या, सनमान षत्रि, लक्ष्मन षत्रि क्षत्रि, माथु कार्कि, लालसिं अैमान् थापामगर, श्रीविलास पाध्या, करवीर राउत क्षेत्रि, दलमर्दन महत क्षत्रि, अम्वर कार्की, सिंहवीर वस्न्यात क्षेत्री, हस्तवीर थापामगर, सेतु षत्रि, रणसिं महत क्षेत्रि, सहाकुल पाडे क्षेत्रि, जीतमान षडका क्षेत्रि, महावीर षडका क्षेत्री, इन्दु थापा मगर, नरतम पाध्या घिमिऱ्या, विरुकेसर मगर, षम्वसिं षत्रि, नंदिकेसर पाध्या, नहकुल रानामगर, रनकेसर पाडे क्षेत्री, सहवीर षडका, अैमान षत्रि, कुलध्वज कार्कि, सेरबहादुर कार्कि, वंसराज थापा मगर, अरविन्द पाध्या, प्रियसिं षडका क्षेत्रि, वृषबहादुर कुवर क्षेत्री, भारत कार्कि, लक्ष्मिभक्त पाध्या सुवेडी, कुलबहादुर थापा क्षेत्रि, मिझार धंवीर माझि, रामचन्द्र माझि, काले माझि, सेते भोटे, जंग्ये भोटे, केसरे भोटे, किमे भोटे, करविर भोटे, गोरुं विन्दु माझि, मोहि चंपसिं षत्रि क्षेत्रि, प्रेमलाल षङ्गबहादुर थापा, गोपास, अरविन्द पाध्या, गंगाप्रसाद पाध्या, दिलु वस्न्यात क्षेत्रि, दलषम्व चुहान, केसरयुरि, भोटु षत्रि क्षेत्री, दलवीर थापा क्षेत्रि, धंमान थापा क्षेत्रि, कहरसिं थापा, रघुवीर षत्रि क्षेत्री, रत्नवीर षत्रि, लक्ष्मन षत्रि, समान षत्रि, दलबहादुर कार्कि क्षेत्रि, फत्तसिं कालु कार्कि, सनमान कार्कि क्षेत्रि, कटकबहादुर कार्कि, स्यूराज चेतमान कार्कि छेतृ, कुल्मान कार्कि, कमाने भोटे, सिंहवीर थापा क्षेत्री, नैनसिं षत्री क्षत्री, चन्द्रमान षडका क्षेत्री, वीर थापा, रत्नवीर थापा, कालु थापा मगर, कालु थापा, जसे थापा, अैमान थापा मगर, रुद्रसिं सुनुवार, लटे सुनुवार, वल... त थापा मगर, वालु(का?) वस्न्यात क्षेत्रि, भीमसिन मोति राउत क्षेत्रि, हर्षे दमाई, छत्रसिं राउत, सेतु राउत, दलजित राउत, उजिर कार्कि, कालु राउत, जफटे भोटे, हस्ते वस्न्यात, पाकुले कामि, ज्यामनसिं राउत क्षेत्रि, गभीर दमाई, षम्वसिं भोटे, वलमान भोटे, अम्वरे मिझार भोटे, सेते भोटे, सार्के भोटे, भक्ते भोटे, लोटे द्रिपा भोटे, हर्कसिं सुनुवार, कालु षत्रि, वाकावीर षत्रि, धर्मराज महावीर सन्मान सिं महत क्षेत्री, रामचन्द्र महत क्षेत्री, श्रीकृष्ण महत क्षेत्री, संतु महत, कालु महत क्षेतृ, नरदल डम्बरसिं महत क्षेत्री, प्रसादसिं महत क्षेत्रि, भक्तसिं कार्कि, जयराम घर्ति, धोजु षडका क्षेत्री, कालु षडका क्षेत्री, सुरवीर बुढाथोकि, राजवीर भोटे, जुद्धवीर महत, धनमान कार्कि क्षेत्रि, उजिर वस्न्यात क्षेत्रि, दलवीर षत्रि, पृथु वस्न्यात क्षेत्री, चन्द्रवीर थापा मगर, दलसिं थापा, भगवत थापा मगर, बुद्धवीर थापा मगर, अवदल थापा मगर, कालु बुढा, गंभीर कार्कि, रनसिं महत, इन्दु थापा, अवर वस्न्यात, सितु षत्रि, पर्से भोटे, अवीर षत्रि, दलसिं, जक्रवीर नेवार, जसवीर नेवार, जगवीर नेवार, प्रभुनारान् नेवार, लालु कार्कि, सिंगवीर भोग्रा, जीत्मान षडका क्षेत्री, सहकुल पाडे क्षेत्रि, सोभित थापा क्षेत्रि, जंगवीर रोकाया क्षेत्री, वलभंजन षत्रि, सिद्धिविर षत्रि, प्रतिमान पाँडे, भीमसेन चामु कवर, महावीर षडका क्षेत्री, पंचवीर षडका, पृथु षत्रि, लक्ष्मन षडका, जंगवीर वरुवाल, पालसिं नेवार, षम्बु मगर, नरतम

---

५ सुब्बा दसरथ खत्रिको पत्रबाट ।

६ पूर्ववत् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पाध्या, सर्वजित राना, चिरुकेसर मगर, माथवरसिं षतृ, सम्सेर कालु षडका क्षेत्री, राजमान नेवार, वलवीर थापा मगर, नैनानन्द पाध्या घिमिरे, षम्वसिं षत्रि, नहकुल रानामगर, प्रसादसिंह रानामगर, तिलु रानामगर, केसर पाडे क्षेत्रि, कालु षडका क्षेत्री, नैनसिं बुढाथोकी क्षेत्री, वद्रि पाध्या, संतवीर वस्न्यात क्षेत्री, बखत कार्कि क्षेत्री, रूपदल षत्रि, प्रभु नेवार, गुमानसिं षत्रि, मेहरमान षत्री, नरबहादुर वस्न्यात क्षेत्री, सिंहवीर षडका क्षेत्री, जाम्या भोटे, किस्नवीर सेतु, रंध्वज कार्कि, डम्बर सिंह कार्कि, कुलमान संते, दलसुर कार्कि, भक्तवीर थापा, चामु पाध्या, लोकनाथ पाध्या, अंजित षडका, रणसुर षडका, पद्मसिंह षडका, सक्तिराम गुरु, अैमान षडका, मानधोज, कहरसिंह थापा क्षेत्रि, उजीरसिं कार्कि, षङ्गसिं वस्न्यात षत्री, नैनसिं षत्रि क्षेत्री, चन्द्रे भोटे, जयभद्र षडका क्षेतृ, पुसे कालिकोटे क्षत्रि, रामचन्द्र कार्कि, पहलमान षत्रि, जमुका क्षेत्र्यानि, लोहवीर वस्न्यात क्षेत्रि, नर वस्न्यात, चन्द्र षडका, महावीर गुरु, श्रीवदे भोटे, छत्रसिं वस्न्यात क्षेत्रि, सुरवीर षडका, अर्जुन गुरु, रत्नसिं नेवार, जैनरसिं नेवार, मोतीलाल धर्मानन्द पाध्या, दिनानाथ पाध्या, गोविंद पाध्या, देविप्रसाद पाध्या, पंडित देवीभक्त पाध्या, कवीरध्वज पाध्या, जीवनाथ पाध्या, लक्ष्मीकान्त पाध्या, तारानाथ पाध्या, गंगाधर पाध्या, साधसधियार मिभार, श्रीकृष्न माभि, छिटे माभि, मिभार धंकृष्न माभि, भ्वानि संषर पाध्या, घिमिऱ्या मिभार काले, राचन्द्र थापा क्षेत्रि, उदयाकर पाध्या, मुषिया वलभंजन थापा क्षेत्री, प्रेमलाल पाध्या, लक्ष्मीकान्त पाध्या, घैंटे माभि, गंगा प्रसाद पाध्या घिमिऱ्या, जीवनाथ पाध्या घिमिरे, तारानाथ पाध्या घिमिऱ्या, गोपिरमन पाध्या, सनमान षत्रि, भोटु षत्रि क्षेत्री, मुषिया प्रागदत्त पाध्या, दलषम्बु चुहान, रघुवीर षत्रि, लक्ष्मन षत्रि, रत्नवीर षत्रि, कटकबहादुर कार्कि क्षेत्री, सनमान कार्कि क्षेत्रि, फत्तसिं कार्कि क्षेत्री, रनदलसाधु कार्कि क्षेत्री, वषतबहादुर कार्कि क्षेत्रि, कहरसिं थापा, नैनसिं षत्रिक्षेत्री, चन्द्रमान षडका क्षेत्री, धर्मसिं थापा मगर, जसे थापा मगर, अैमान थापा मगर, सेरजङ्ग थापामगर, किमेभोटे, गंभीर दमाई, मोती राउत, भीमसेन राउत, ज्मानसिं राउत क्षेत्री, हस्ते बस्न्यात, जफते भोटे, अम्बरसिं मिभार भोटे, सेतु राउत, वुधे भोटे, प्रसादसिं महत क्षेत्रि, सार्के भोटे, संते भोटे, भक्ते भोटे, विजे भोटे, सम्सेर महत क्षेत्री, रनवीर महत क्षेत्री, धर्मराज महत क्षेत्री, अम्बरसिं कार्की क्षेत्री, राजवीर भोटे, रामचन्द्र महत क्षेत्री, बालु वस्न्यात क्षेत्री, अपि थापा मगर, हर्कवीर थापा मगर, हस्तवीर थापा मगर, रणसिं थापा मगर, हर्क थापा मगर, च्यान्त्य मगर, सुरवीर थापा मगर, रत्नवीर थापा, कुलमान अधिकारी क्षेत्री, जोषु बुढा क्षेत्री, रणसिं महत क्षेत्री, इन्दु थापा मगर, अयोर षत्री, पर्मे भोटे, जसवीर नेवार, भाजुवीर नेवार, कालु बुढाक्षेत्री, सहकुल पाडे क्षत्रि, जित्मान षडका क्षेत्री, जंगवीर रोकाया क्षेत्रि, सोभित थापा क्षेत्रि, सिद्धवीर षत्री, वलभंजन, महावीर षडका क्षेत्री, पृथु षत्रि, चंपवीर षडका, मुसे कामी, वदल थापा मगर, जंगवीर वरुवाल, तुले मिभार, भोघे कुविर भोटे, नरतम पाध्या, श्रीकृष्न मगर, विरु केसर मगर, सिंहवीर षडका क्षेत्री, सर्वजित मगर, नन्दीकेसर पाध्या, चन्द्रकांत पाध्या, करवीर थापा मगर, अैमानसिंह बुढाथोकी, कालु षडका क्षेत्री, रणकेसर पाडे क्षेत्री, संतवीर वस्न्यात, जयदीप वस्न्यात, पद्मधोज कार्की क्षेत्रि, वषत कार्की क्षेत्री, सिंहवीर षडका क्षेत्री, ध्रुर्वसिं नेवार, धनमान कार्की क्षेत्री, दिपबाहादुर थापा क्षेत्री, कुलमान कार्की, जफतसिं नेवार, कुलमान नेवार, वन्दवीर थापा मगर, कालु थापा मगर, हरिप्रसाद पाध्या, नन्दलाल पाध्या, रुद्रवीर षडका,....., गडुलधोज कार्की, मालधोज षडका, जीत्मान षडका, कासे नेवार, भक्तवीर कवर क्षेत्री, वीरसिं लामा, जयभद्र षडका, वन्सिं भोटे, माथु कार्की, सुरवीर षडका, अैमान कार्की, भगरे भोटे, जंगवीर कार्की, गडुल धोज गुरु, केसर कार्की, नाथु वस्न्यात, सेते भोटे, अजीर षडका, अजिरे, कुलबहादुर थापा क्षेत्री, सानु तारानाथ पाध्या, भलाद्मि सिवानिधि पाध्या दाहाल देविप्रसाद पाध्या सुवेदि, जगतप्रसाद पाध्या, सुवेदार वक्तवार कार्की क्षेत्री, वषत बहादुर कार्की क्षेत्री, दलषम्वु चुहान, उदै बहादुर कार्की क्षेत्री, माथु कार्की, किर्तवीर कार्की क्षेत्री, लक्ष्मीदास पाध्या, रामनाथ पाध्या, रत्नवीर थापा मगर, भक्त थापा मगर, ज्मानसिं राउत क्षेत्री, षाडा थापा मगर, लक्ष्मीविलास पाध्या, प्रसादसिं महत क्षेत्री, अम्बरसिं कार्की, इन्द्रवीर ...., पृथु षत्रि, पहलमान षत्रि, सिंहवीर षडका, जगदीस वस्न्यात क्षेत्री, कालु नेवार,.... धर्मान कार्की क्षेत्रि, ... पाध्या ।

रामनाथ पाध्या, रत्नवीर थापा मगर, भक्त थापामगर, ज्मानसिंह राउत क्षेत्रि, बहादुर थापा मगर, लक्ष्मी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वीलास पाध्या, प्रसादसिंह महत क्षेत्री, अम्वरसिं कार्की, इन्द्रवीर षत्री, पृथु षत्रि, पहल्मान षत्रि, सिंहवीर षडका, जगदीस वस्न्यात क्षेत्री, कालु नेवार,.... धमान कार्की, संतवीर कार्की, कालु कार्की, तिलविल विझं रोकाया क्षेत्री, लक्ष्मीनारान सत्याल, जीवलाल षडका क्षेत्री, रणबम् कार्की क्षेत्री, बागदल कार्कि, अैमान कार्की, पुर्व २ लम्बर वक्यौता तहसिल अडाका वहीदार कलाधर पाध्या, वहिदार.... स्यलाल, पाध्या, सिपाहि सनमान थापा मगर, सिपाहि नरबहादुर पाडे क्षेत्रि, अदालतका वहिदार मोहनलाल पाध्या, सिपाहि सिं .... , जैसि, सिपाही कृष्नबहादुर षत्री, सदरबाट आउन्या सिपाही श्रीकृष्न पाध्या पौड्याल[७] ।

राधाकृष्ण, शेषरमण, नन्दकुमारी, शङ्करप्रसाद सत्याल[८], मु. ज्मानसिंह षडका क्षतृ, पद्मलाल पाध्या, कोते जनषलाल पाध्या, सु. कुष्नलाल पाध्या, वृजलाल पाध्या, भवकेसर पाध्या, डील्लीनाथ उपाध्याय, मुषिया दलबहादुर षडका, षडग बहादुर षडका क्षेत्री, गंग पाध्या, जीम्मावाल, टीकाप्रसाद पाध्या, जीम्मावाल दानबहादुर थापा क्षेत्री, रणबहादुर थापा क्षेत्री, मु. जयप्रसाद पाध्याय सुवेदी, मुक्तिनाथ पाध्या, रतनबहादुर, चन्द्रप्रसाद उपाध्याय, वेदप्रसाद उपाध्याय सुवेदी, लीलानाथ उपाध्या सुवेदी, भवनाथ उपाध्याय सुवेदी[९] इत्यादि ।

जयप्रकाश मल्ल, श्री मणि पाध्या(म?)[१०] । कनब.सिं वस्न्यात, विचारी दयानन्द मिश्र, अजवगी भवानी, मन्थलीका द्वान्या पद्मसीं अडै, वीष्नुनारान् पाध्या, हरिकृष्न थापा, देवानन्द पाध्या, गंगाराम पाध्या, व्रजलाल पाध्या, विश्वनाथ जयनन्द पाध्या[११]।

देवानन्द उपाध्याय, जयभद्र, श्री नारान वेदु जैसी, व्रजलाल, लीलानाथ, इन्द्रलाल, श्रीभक्त, रामलाल पंडित, मकरधोज, दीवाकर, देव्या, कुसुमाषर, षरिदार रत्नेश्वर, धर्मानन्द, स्यामु, प्रेम, नन्दु, रगु, कालोकामी, चन्द्रनारायन, दीवाकर, जकी, महीमान्या, तारानिधि, देउमीत्र, रत्नेधर पाध्या, पुरुषोत्तम पाध्या, बालकृष्न पंडीत, वेदनीधि पाध्या, वाचस्पति पाध्या, जयभद्र पाध्या, जंगनाथ पाध्या, रामलाल पंडीत, दिनानाथ पाध्या, गौरिदत्त, महेश्वर पाध्या, सिव सर्म पाध्या, चन्द्रनारायण, रिषेस्वर पाध्या, व्रजलाल पाध्या, षरीदार रत्नेस्वर पाध्या, न्यौपान्या, नंदमनि पाध्या, महेस्वर पाध्या[१२] ।

मानबहादुर सार्की, पोलाहा जीरसीं, चेतबहादुर, विष्नुप्रसाद षदानंद पाध्या, चन्द्रलाल पाध्या, भास्कर जैसी, मनरथ पाध्या, भानुभक्त उपाध्याय, सेतु जैसी, मु.बहादुर कार्की, चन्द्रलाल, पद्मराज उपाध्या, वृषध्वज, भवनाथ, मनोरथ पाध्या[१३] ।

गैरुं माझी[१४], षोटरा माझी[१५], कृष्णदत्त, नरनाथ, साम्वभक्त शर्मा[१६], माझी मिझार रामचंद्रे, धनपति दलालि, फौजदार रघुनाथ पाध्या, घिमिऱ्या, डिठ्ठा रत्नमणि[१७], धर्मजीत मिझार, डंवरसिंह दलाली, सिवु पाध्या, इन्दीवर पाध्या, दिवाकर पाध्या, सुवेदार श्रीनिवास पाध्या, अमलेदार मेघवर्ण षत्री, वीचारी शिवचरन्[१८] ।

रामलाल पंडीत घिमिऱ्या, जयनाथ पाध्या घिमिय्रा, श्रीनारान पाध्या घिमिय्रा, तारानिधि पाध्या घिमिय्रा, मंदमनि पाध्या घिमिऱ्या, लक्ष्मीकांत पाध्या घिमिऱ्या, प्रेमनिधि पाध्या घिमिऱ्या, स्यामलाल पाध्या घिमिऱ्या, वेदनिधि पाध्या घिमिऱ्या, रामनाथ पाध्या घिमिय्रा, श्रीकांत पाध्या घिमिय्रा, भानुदत्त पाध्या घिमिय्रा, लीलानाथ पाध्या घिमिय्रा, ग्रंगाधर पाध्या घिमिय्रा, लक्ष्मन पाध्या घिमिऱ्या, व्रजलाल पाध्या घिमिऱ्या, जैभै पाध्या घिमिऱ्या, श्रीभक्त पाध्या घिमिऱ्या, रत्नेश्वर पाध्या न्यौपान्या, चन्द्रदत्त पाध्या न्यौपान्या, रंगनाथ पाध्या घिमिऱ्या, देउमित्र पाध्या घिमिऱ्या, श्रीदत्त पाध्या घिमिऱ्या, कुलनिधि पाध्या घिमिऱ्या, मक्रधोज पाध्या घिमिऱ्या, जयनारान् पाध्या न्यौपान्या, कालिदास पाध्या घिमिऱ्या, गौरीदत्त पाध्या घिमिऱ्या, लोकनाथ पाध्या सुवेदी, वद्रिनाथ पाध्या सुवेदी, नन्दाषर पाध्या

७ मन्थलीको लालमोहोरबाट ।

८ मन्थली भैसेसुरको शिलालेखबाट ।

९ नवलपुर जालपादेवी र अन्य रसिदबाट ।

१० अर्चलेको ताम्रपत्रबाट ।

११ डिठ्ठा कनकसिंह बस्न्यात, विचारी दयानन्द.... भवानीकस्य पत्रम् बाट ।

१२ संवत् १९१३ र १९१४ सालको अंससम्बन्धी पत्रबाट ।

१३ मन्थलीको साँध सिमाना सम्बन्धी पत्रबाट ।

१४ जनरल वमबहादुर कुँवर राणाजीको पत्रबाट ।

१५ १८९९ को रुका पत्रबाट ।

१६ रामेछाप क्यौरिनी महादेवस्थानको धारामा रहेको शिलालेखबाट ।

१७ १९१४ साल चैत्रको पुर्जिबाट ।

१८ थापाथली दलाली कचहरी कस्य पत्रम्बाट ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सुवेदी, हरि पाध्या सुवेदी, नन्दलाल पाध्या सुवेदी, सुरथ पाध्या सुवेदी, व्रजमोहन पाध्या सुवेदी, मुक्तिनाथ पाध्या, निधु पाध्या सुवेदी, विश्वेश्वर पाध्या घिमिऱ्या, भवनाथ पाध्या घिमिऱ्या, रघुनाथ पाध्या घिमिऱ्या, विष्णुकांत पाध्या घिमिऱ्या, रामनाथ पाध्या घिमिऱ्या, दिनानाथ पाध्या घिमिऱ्या, भुषक पाध्या घिमिऱ्या, चामु पाध्या घिमिऱ्या, ध्रुवज पाध्या घिमिऱ्या, कोतु पाध्या घिमिया, मुक्तिनाथ, नंदलाल पाध्या घिमिऱ्या, प्रागदत्त पाध्या घिमिऱ्या, रंगनाथ पंडित घिमिऱ्या, देविचरण पाध्या घिमिऱ्या, कालिदास पाध्या घिमिऱ्या, तारानाथ पाध्या घिमिऱ्या, हरिलाल पाध्या पौड्याल, धर्माकर पाध्या पौड्याल, नंदलाल पाध्या पौड्याल, सिवशंषर पाध्या घिमिऱ्या, वलभद्र पाध्या घिमिऱ्या, जगु पाध्या घिमिऱ्या, सिवु पाध्या घिमिऱ्या, लोकु पाध्या घिमिऱ्या, वद्रि पाध्या घिमिऱ्या, निधु पाध्या घिमिऱ्या, चामु पाध्या घिमिऱ्या, मथुरानाथ पाध्या घिमिऱ्या, षंवसिं कार्कि, स्यूराज कार्की, कालु कार्कि, धनमान कार्कि, षडु कार्कि, वक्तवार कार्कि, गड्डुरधोज कार्कि, रघुजघु कार्कि, किष्नमान कार्कि, जश्रीज कार्कि, केसर कार्कि, उजिर कार्कि, किष्न विर, वदल्सीं सिधविर कार्कि, भक्तविर थापा, दुज्यो धनषतृ, जगत् षडका, तेजविर नेवार, कुवेरसिं नेवार, इन्द्रधोज धर्मधोज नेवार, मेहरधोज, नवाफसिं नेवार, श्री नंद पाध्या सुवेदी, लक्ष्मीकांत पाध्या सुवेदी, रविलाल पाध्या सुवेदी, मोहन पाध्या सुवेदी, रघु पाध्या सुवेदी, रिषि पाध्या सुवेदी, मोहन पाध्या सुवेदी(नवलपुर), किर्पु पाध्या सुवेदी, विसु पाध्या सुवेदी, रवि पाध्या सुवेदी, राधु पाध्या सुवेदी, पद्मसिं नेवार, इन्दिर पाध्या घिमिऱ्या, दिवाकर पाध्या घिमिऱ्या, जघु पाध्या घिमिऱ्या, दुवे पाध्या घिमिऱ्या, देवु पाध्या घिमिऱ्या, नैनसिं षडका, भिमसिन षडका, विष्नुहरि पाध्या नेउपाने, वलभंजन थापा, जित्मान सिं थापा, कुल्मानसिं थापा, वंसु पाध्या ढुंगाना, गंगाराम थापा, महाविर थापा, भिमसिन थापा, करविर थापा, रणवं थापा, सरूप थापा, वक्तु थापा, महासिं थापा, फौदु थापा, सक्तिराम थापा, सिवु कार्कि, सिंहविर, गंजविर थापा, हंविर्थापा, सिन्धु पाध्या घिमिऱ्या[१९] । मन्थलीका प्रमुख अभिलेखहरू छनोट गर्दै त्यसमा लेखिएका नामपद टिपेर यस लेखमा राखिएको हो । यस नामपदले १०० वर्ष अगिको मन्थलीको जातिगत सङ्ख्या र थर जान्न सहयोग पुऱ्याउँछ ।

अभिलेखीय र व्याकरणिक नामपदको तुलना

मन्थलीका अभिलेखहरूको ऐतिहासिक तथा व्याकरणका कोणबाट व्यक्तिवाचक नामपदको अध्ययन, अन्वेषण र विश्लेषणको महत्त्वपूर्ण स्थान रहेको छ । अभिलेखीय सामग्रीहरूले विषयवस्तुको प्रधानकर्तृत्वको भूमिका निर्वाह गरेका हुन्छन् भने तिनै नामपदहरूले व्याकरणको व्यक्तिवाचक नामिक पदको क्षेत्रीय, जातीय र ऐतिहासिक लेखन एवं प्रयोगको मात्रात्मक र वर्णपरक अध्ययनमा आधार सामग्रीहरूको भूमिका निर्वाह गर्छन् । त्यसैले अभिलेखीय र व्याकरणगत व्यक्तिवाचक नामपदको विशेष महत्त्व छ ।

नाम र थर लेखाइमा अनेकरूपता

सयवर्ष अगिको नेपालमा पढ्ने, लेख्ने मानिसहरू कम थिए । पढे, लेखेका नेपाली मध्ये केही चाहिं राणाजीका दरबारमा पहुँच पुऱ्याएका आधारमा चट्ट परेर उनीहरूका पाउमा दाम राखेर दर्शन गरेपछि पहुँच, योग्यता र चाकडीका आधारमा जागिर पक्का हुन्थ्यो । राणाकालमा सरकारी जागिरेहरूको निकै धाक, रवाफ हुन्थ्यो । पहाड, तराई र लेकतर्फ मध्ये कुनै क्षेत्रमा रहेको आफ्नो घर जाँदा जागिरेलाई घरका परिवार र गाउँको समाजले ठूलै हाकिम आए सरह मानसम्मान र ढोग गर्थे । त्यस्ता जागिरेहरू लेखाइ, पढाइमा उम्दा हुँदैनथे तापनि मालिङ्गा अथवा निगालाका कलमले नेपाली सादा कागज र हरिताल लगाएर मड्याएको कागजमा राम्रा ढाँचाका अक्षर लेख्थे । १९६९ मा माहिला गुरुज्यूको 'चन्द्रिका' व्याकरणको प्रकाशन हुनुपूर्व नेपाली भाषा शुद्धसँग लेख्न सिकाउने नियम बनेका किताब थिएनन् । त्यही कारण त्यो बेलाको लेखाइमा शुद्धरूप र एकरूपता नभएको हो । मन्थलीका अभिलेखको बेहोरा लेख्दा पनि एकरूपमा ध्यान दिइएको देखिँदैन । त्यसकारण लेखाइको अनेकरूपता र नामिक पदहरूको अशुद्ध पक्षाको अध्ययन पनि अहिलेको सन्दर्भमा अनिवार्य कुरो हो । अभिलेखको मूल प्रति प्रस्तुत नगरिए पनि त्यहाँ लेखिएका नामिक पदहरू बुझिएसम्म यथारूप दिइएको छ । यस प्रस्तुतिबाट पुराना अभिलेखहरूको लेख्य रूप अध्ययन गर्न सजिलो पर्ने देखिन्छ ।

---

१९ मंथलि वेत्यानि अडडाका हुलाकि .... कामको उर्हि पत्रबाट ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

निष्कर्ष

महेशराज पन्त, दिनेशराज पन्त, धनवज्र वज्राचार्य, पूर्णप्रकाश नेपाल यात्री, सूर्यमणि अधिकारी, टेकबहादुर श्रेष्ठ, मोहनप्रसाद खनाल, इत्यादिले नेपालका विभिन्न क्षेत्रीय अभिलेखहरूको अन्वेषण, अध्ययन र प्रकाशन गरेका छन् । त्यस्ता अभिलेखहरूको नेपाली भाषा र व्याकरण कोटीका दृष्टिले भने विश्लेषण र अध्ययन भएको पाइएको छैन । नेपाली भाषाका आधिकारिक व्याकरणकारहरूमध्ये सोमनाथ शर्मा, रोहिणीप्रसाद भट्टराई, गोपाल पाण्डे असीम हुन् ।

वि.सं. १९६९ मा माहिला गुरुज्यू हेमराज पाण्डेले चन्द्रिका व्याकरण तयार गरेका भए पनि यसले नेपाली भाषामा आधिकारिक नेपाली व्याकरणको स्थान ग्रहण गरेको पाइएन । २०११ सालमा राष्ट्रिय शिक्षा आयोगको रिपोर्टअनुसार शिक्षा पद्धतिको तर्जुमासँगै पाठ्यपुस्तक र सन्दर्भपाठ्यसामग्रीहरू तयार गर्ने क्रममा नेपाली व्याकरणका स-साना पुस्तकहरू प्रकाशित भए भने २०२८ सालमा **राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि विद्यालय तहदेखि स्नातक तहसम्मका पाठ्य र सन्दर्भ पाठ्यसामग्रीहरू सिरीजका** रूपमा प्रकाशित हुन थाले । त्यसपछि हेमराज, सोमनाथ, गोपाल पाण्डे र रोहिणीप्रसाद भट्टराईका नेपाली व्याकरणलाई उलटपलट गरी आफ्ना निजी पुस्तक बनाउने क्रम बढेर गए तापनि प्राचीन नेपाली सामग्रीहरूको व्याकरणका कोणबाट अध्ययन गर्ने क्रम भने थालिएन । नेपाली भाषाका सामग्रीस्रोत अभिलेखहरू हुन् । प्रयोगात्मक भाषाको रूपको विरेचन व्याकरणले गर्छ । त्यसैले विचार आदान प्रदानको पहिलो माध्यम पनि भाषा नै हो । नेपाली भाषाका लेख्य रूपका नमुना अभिलेख हुन् । कथ्य र लेख्य भाषाका नाम, सर्वनाम, क्रियापद, कारक र विभक्ति, समास, पदयोग, पदवियोग इत्यादि कोटीहरू व्याकरणले छुट्याउँछ । कथ्य र लेख्य भाषाको ज्ञान नभई व्याकरण सिकिँदैन । व्याकरण नसिकी भाषामा प्रयुक्त पदावलीहरूको रूप र संरचना पक्षाको ज्ञान अधुरै हुन्छ ।

सन्दर्भ सामग्रीस्रोत

- छविलाल भट्टराई, अर्चले
- ज्ञानप्रसाद घिमिरे, मन्थली
- भरत अधिकारी, कठजोर
- विनोद घिमिरे, मन्थली
- हिमांशु घिमिरे, गुह्येश्वरीपारि
- शङ्करप्रसाद सत्याल, मन्थली

प्रमुख सन्दर्भ सामग्री

- गोपाल पाण्डे 'असीम',(२०२९), रचनाकेशर, (सातौं संस्करण), काठमाडौं: साझा प्रकाशन ।
- रोहिणीप्रसाद भट्टराई, (२०३३), बृहत् नेपाली व्याकरण, (पहिलो संस्करण), काठमाडौं: नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।
- सोमनाथ शर्मा, (२०३०), मध्यचन्द्रिका, (एघारौं संस्करण), काठमाडौं : पुस्तक संसार ।
- मोहनप्रसाद खनाल, (२०६८), नेपाली भाषाका हजार वर्ष{, (पहिलो संस्करण), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

प्रमुखसन्दर्भ अभिलेख

- सुव्वा दशरथ खत्रीको पत्रबाट
- जनरल कम्यान्डर इनचीफ भीमसेन थापाको १८९२ को पत्रबाट ।
- मन्थलीको लालमोहोरबाट ।
- मन्थली भैंसेसुरको शिलालेखबाट ।
- नवलपुर, जालपादेवी र अन्य रसिदबाट ।
- अर्चलेको ताम्रपत्रबाट ।
- डिठ्ठा कनकसिं वस्न्यात, विचारी उदयानन्द... भवानीकस्य पत्रम् ।
- संवत् १९१३ र १९१४ सालको अंशसम्बन्धी पत्रबाट ।
- मन्थलीको साँधसिमानासम्बन्धी पत्रबाट ।
- जनरल बमबहादुर कुँवर राणाजीको पत्रबाट ।
- रामेछाप, क्यौरिनी महादेवस्थानको धारामा रहेको शिलालेखबाट ।
- १९१४ सालको चैत्रको पुर्जिबाट ।
- थापाथली दलाली कचहरी कस्यपत्रम्बाट ।
- मन्थली वेत्यानि अडाका हुलाकी ... कामको उर्दि पत्रबाट ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अभिलेखबाट बनेपा र चण्डेश्वरीलाई हेर्दा

-प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठ*

पूर्वप्रसङ्ग

बनेपाले व्यापारलाई र चण्डेश्वरीले बनेपालाई संझाउने संस्कृति नेपाली लौकिक जीवनमा आज पनि वर्तमान रही आएको छ। उत्तर, दक्षिण र पूर्वतिर लाग्ने व्यापारिक मूलमार्गसहितको उपयुक्त भौगोलिक अवस्थानले बनेपालाई प्राचीनकालदेखि नै व्यापारिक दृष्टिले अत्यन्त पायक पर्ने एक व्यापारिक मूल बस्तीको रूपमा सदाकाल साथ दिएर आएको देखिएको छ। यसो हुँदा बनेपा भेक किराँतकालमै व्यापारिक बस्तीको रूपमा विकसित भइसकेको दृष्टिगोचर हुन्छ। तत्कालीन नेपालमण्डललाई आर्थिक दृष्टिले समेत सम्पन्न पार्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको यो पूर्वको व्यापारिक ढोका थियो। यसरी व्यापारिक ढुकुढुकी बनेको बनेपाले आफ्नो सोही वैशिष्ट्यका कारण लिच्छविकालमा राजनैतिक दृष्टिले स्वशासनको अधिकारसमेत प्राप्त गर्दै राजनैतिक महत्त्व समेत बढाउँदै लग्यो। यसो हुँदा मध्यकालमा आइपुग्दा त यो एक समयमा यस भेककै स्वतन्त्र राज्य एवं राजधानीनगरको रूपमा देखापऱ्यो।

समृद्धिको स्रोत व्यापार पनि हो। पूर्वकालदेखि नै व्यापार बनेपाको व्यावहारिक मूल चरित्र रही आएको छ। व्यापारले बनेपालाई व्यापारिक दृष्टिले मात्र नभएर धार्मिक सांस्कृतिक क्षेत्रमा पनि धनी बनायो। यदि त्यसो नहुँदो हो त बनेपाको शिरमा शैव र बौद्ध दुव सम्प्रदायका अनुयायीहरूले उत्तिकै श्रद्धाभक्तिका साथ मान्दैपुज्दै आएका चण्डेश्वर र चण्डेश्वरी पनि बस्न आउने थिएन।

माथिका कुरालाई पुष्टि गर्ने अनेक आधार छन्। जस्तै यस भेक र वरपरका लिच्छविकालीन अभिलेखीय-धारमा उभिएर यस भेकको भौगोलिक अवस्थानको ऐतिहासिक पृष्ठभूमिमा बनेपा-उपत्यकालाई हेरौं न। तत्कालीन काठमाण्डौ उपत्यकाका तीनवटा 'देश' हरू मात्र नभएर बनेपाका प्रसङ्गमा पनि यो देश 'न्हे गां'(देशको संज्ञा पाएका सातग्राम प्रदेश) संस्कृतिले पूर्वकालदेखि प्रसिद्ध रही आएको थियो। साँगा, नाला, चोकोट, श्रीखण्डपुर (खड्पु), पनौती, धुलिखेल जस्ता देशबस्तीहरूको पनि हृदयस्थलमा बस्दै आएको बस्ती बनेपा हो। आज पनि नेवार लोकजीवनमा यो उस्तै ' भोंत देश' भनी कहलिँदै आएको छ।[1] बनेपा सहितका यी 'सात गाउँ' ले बनेपा भेकको ऐतिहासिक भौगोलिक अवस्थानलाई यस भेकका (सात गाउँ र सो वरपरका) लिच्छविकालीन अभिलेखहरूले अझ सुस्पष्ट पारेको छ। यी ऐतिहासिक 'सात गाउँ' एकै हुन्, एक अर्काका अभिन्न सांस्कृतिक अङ्ग हुन् जसले लिच्छवि युगका

१ पुरुषोत्तमलोचन श्रेष्ठ, भक्तपुरको नवदुर्गा गण, बबिता श्रेष्ठ, भक्तपुर : २०६०, पृष्ठ १८५। 'देस/देश/नगर वस्ती। प्राचीनकालदेखि नै नेपालमण्डल, नेपालउपत्यका र आसपासका बस्तीहरूमा व्यवस्थित एवं समृद्धरूपको नगर-सभ्यता र संस्कृतिलाई विकसित गरी बसोबास गर्दै आएका नेवारहरूमा, अहिले आएर आ-आफ्ना बस्तीका भौतिक, राजनैतिक स्वरूपमा जे जस्तोसुकै अन्तर आइसकेको भएतापनि देस/देय् नामले अभिव्यक्त गर्ने नागरीय जीवनशैली र स्वभावका परम्परागत चलन चाहिँ अझै पनि जीवन्तरूपले बाँचिरहेको आभास हुन्छ।' 'भोंत देश' यस कुराको एक उत्कृष्ट उदाहरण हो।

*प्राध्यापक, भक्तपुर बहुमुखी क्याम्पस, भक्तपुरमा अध्यापनरत हुनुहुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

केही कालखण्डलाई विशिष्ट र स्वर्णिम तुल्याउँदै अनेक कुरामा अग्रणी-सांस्कृतिक परम्पराको सुरुवात गऱ्यो । अनि जसले नेपालमण्डलको विशेषगरी पूर्वमध्यकालको इतिहासलाई अविस्मरणीय ढङ्गले नौलो आयाम प्रदान गर्न सफल भएको थियो ।

पलाञ्चोकको विजयस्वामिनीको अभिलेख[२]

काभ्रेपलाञ्चोक जिल्लाको पलाञ्चोक-भगवतीमन्दिर प्रसिद्ध छ । यिनको मन्दिरमा मानदेवको पालाको विजयस्वामिनीको संवत् ४२५ (वि.सं.५६०) को अभिलेख छ । विजयस्वामिनीले भगवती विजयेश्वरी स्थापना गरेको कुरा यस अभिलेखमा परेको छ ।

विशेषगरी धार्मिक दृष्टिले यो अभिलेखको निकै महत्त्व छ । धनवज्र वज्राचार्यले यसबारेमा आफ्नो विचार यसरी पोखेका छन् ' लिच्छविकालमा पाइएको शाक्त सम्प्रदायसम्वन्धी यो पहिलो अभिलेख हो । ... मानदेवकै समयमा शाक्त सम्प्रदाय पनि यहाँ प्रचलित भइसकेको थियो भन्ने कुराको पुष्टि यसबाट हुन्छ ।'[३]

मानदेवकै पालाको यो भन्दा १४ वर्ष पुरानो संवत् ४११ (वि.सं.५४५) को अभिलेख ललितपुरमा पछिल्लो समयमा फेला परेको छ ।[४] त्यसमा विधिवत् संस्थापना गरिएको भगवतीदेवीको कारणपूजाको उल्लेख छ । यसरी वर्षले ललितपुरको शाक्त सम्प्रदायसम्वन्धी अभिलेख पहिलो हुन आएको छ ।[५] तापनि यी दुव अभिलेख मानदेवकालीन हुन् । तिथिमितिसहितका अभिलेख र मूर्ति अनि मुद्रा लगायतका कलावस्तुहरू मानदेवकै पालादेखिका बढ्ता पाइएका छन् ।[६]

यसो हुँदा नेपालको प्रामाणिक इतिहास पनि यिनकै समयदेखि सुस्पष्ट भएर आएको हो । ललितपुर र पलाञ्चोक भगवतीस्थानका अभिलेख यस कुराका अपवाद होइनन् । नेपालमा शाक्त धर्मको इतिहास जान्ने यी अग्रणी-अभिलेख हुनआएका छन् ।

ऐतिहासिक भूगोल एवं सांस्कृतिक सान्निध्यताका दृष्टिले पलाञ्चोक-भगवती मात्र नभएर त्यो भन्दा पनि पूर्व सिन्धुली/दुम्जासम्मका प्रदेश बनेपा भेकको प्रभावक्षेत्र अन्तर्गत रहेको दृष्टिगोचर हुन्छ । चौँसट्ठी शिवलिङ्ग यात्रा-संस्कृतिको शृङ्खलाको सुरुवात दुम्जा कुशेश्वरबाट भएर बनेपा भेकका गोखुरेश्वर, इन्द्रेश्वर, धनेश्वर हुँदै पशुपतिनाथमा पुगेर पूर्णत्व हुने तीर्थयात्रा पर्यटन परम्परा आज पनि कुनै न कुनै रूपले वर्तमान छ । शैव सम्प्रदाय र पशुपतिनाथलाई राष्ट्रियस्तरमै उकास्ने परम्परा बसालेका अंशुवर्माको एउटा अभिलेख कुशेश्वर महादेवस्थानमा प्राप्त हुनुले पनि यो संस्कृति लिच्छविकालदेखि नै लोकप्रिय रही आएको जानिन्छ ।[७]

तुलनात्मक रूपले लिच्छविकालमा शैव, बौद्ध एवं वैष्णव सम्प्रदाय र उपसम्प्रदायहरू लगायत त्यस अन्तर्गतका पुरुष-देवताहरू राजकीय स्तरमै चलेको देखिएको छ । तर शाक्त सम्प्रदाय र यस अन्तर्गतका शक्ति/मातृ-देवताहरू भने भित्रभित्रै भने जस्तो गरी जनस्तरमा निकै लोकप्रिय रही आयो । यस कुराको प्रारम्भिक-अभिलेखीय उदाहरण पलाञ्चोकका भगवती विजयेश्वरी दुर्गा एवं तिनको स्थापना गर्ने कुनै 'सम्राट' नाम भएका गृहपतिका पत्नी विजयस्वामिनी हुन् जो शासक वर्गका नभएर जनवर्गका साधारण गृहस्थी हुन् । स्मरण रहोस् ! जनस्तरबाट राखिएका अधिकांश अभिलेखहरू बनेपा /काभ्रे भेकबाट पाइएका छन् ।[८] यो कुरा महत्त्वपूर्ण छ ।

---

२ धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, नेपाल र एसियाली अध्ययन संस्थान, कीर्तिपुर : २०५३ (दोस्रो संस्करण), पृष्ठ ६७ ।

३ वज्राचार्य, पूर्ववत् , पृष्ठ ६९ ।

४ श्यामसुन्दर राजवंशी, 'लिच्छविकालीन अभिलेख', रोलम्व, १५/३/जुलाई-सेप्टेम्वर १९९५, पृष्ठ २९ ' सम्वत् ४११ ... भगवत्यै देव्यै सम्यक्कारण पूजादिक्रिया प्रवर्तनार्त्था ...' । हरिराम जोशीका अनुसार भगवतीको मूर्ति हराइसकेको छ ।

५ पुरुषोत्तमलोचन श्रेष्ठ, भक्तपुरको नवदुर्गा गण, पूर्ववत्, पृष्ठ १४ ।

६ मालीगाउँमा फेलापरेको पादपीठमा अभिलेख समेत कुँदिएको संवत् १०७ (वि.सं.२४२) को जयवर्माको मूर्तिले नेपालको इतिहासलाई मानदेवभन्दा पनि अघि लैजान हामीलाई पुरातात्त्विक आधार मिलेको छ । तर जति सुस्पट मानदेवको समयदेखि देखियो, त्यसअघि अझै अँध्यारा छन, पुरातत्त्वका यस्ता अनेक आधार प्रकाशमा आउन बाँकी नै छन् ।

७ पुरुषोत्तमलोचन श्रेष्ठ, 'कुशेश्वर महादेवस्थानका अभिलेख', अभिलेख ३१/३१, २०७०, पृष्ठ १३-१९ ।

८ केदारनाथ प्रधान (सं.मोहन दुवाल), बनेपाको ऐतिहासिक रूपरेखा, केदारनाथ प्रधान स्मृति तथा प्रकाशन समिति, काभ्रे : २०५६, पृष्ठ २९ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पलाञ्चोक- भगवती महिषमर्दिनी दुर्गाभवानी रूपमा मूर्तिमान् छिन् । तिनको यो मूर्ति मध्यकालीन हो जसको आदर्श एवं प्रेरणास्रोत विजयस्वामिनीले स्थापना गरेको मूल मूर्ति थियो । सो मूल मूर्ति महिषमर्दिनी दुर्गाभवानी रूपमै रहेको छनक उक्त मध्यकालीन मूर्तिमा मिल्छ । हरिराम जोशीका अनुसार 'विजयस्वामिनीद्वारा प्रतिष्ठापित दुर्गाको मूर्ति कुनै कारणवश विग्रेर गएको हुनाले त्यसको स्थानमा अर्को मूर्ति बनाई मध्यकालमा पुनः प्रतिष्ठापन गरेको अनुमान हुन्छ ।'[९]

तान्त्रिक परम्परामा एउटै देवताका पनि अनेक नाम रूप प्रचलित रही आएको पाइन्छ । पलाञ्चोक-भगवती, नाला-भगवती लगायत बनेपा-चण्डेश्वरी उदाहरणस्वरूप छन् जुन यस भेकका 'देश, मानिस र देउताकै पनि रक्षा गर्ने' उच्चतम तान्त्रिक देवता हुन्। यी देवता महिषमर्दिनी/नवदुर्गाभवानी रूपमा विशेष रूढ रही आएको प्रतीत हुन्छ । महिषमर्दिनी दुर्गाभवानीको प्राचीनतम मूर्ति हाँडीगाउँमा प्राप्त भएको छ जसलाई बाङ्गदेलले ईस्वीको तेस्रो शताब्दीको मानेका छन् ।[१०] यस आधारमा पनि भगवतीको 'महिषमर्दिनी' रूप इतिहासको उषाकालदेखि नै हाम्रो यहाँको धार्मिक-सांस्कृतिक जीवनमा लोकप्रिय रही आएको कुरा निश्चित रूपले जानिन्छ । ललितपुरको अभिलेखमा भगवतीदेवीको 'कारणपूजा' को पनि उल्लेख आएको छ । तान्त्रिक शैव होस् वा तान्त्रिक बौद्ध ! कारण पूजा तान्त्रिक विधिबाट गरिने पूजा पनि हो । यताबाट लिच्छविकालदेखि नै जनजीवनमा तन्त्रप्रधान शाक्त धर्म लोकप्रिय रही आएको कुरा पनि जानिन्छ । यसरी शाक्त सम्प्रदायको प्रथम अभिलेखीय झुल्का यताको पूर्वीभेकबाट देखियो । त्यसो नभएको भए मध्यकालमा नवदुर्गा भवानीकै एक उच्चतम तान्त्रिक रूप चण्डेश्वरी यस भेकका बासिन्दाहरूका मूल स्वेष्टदेवीका रूपमा स्थापित हुन आउने थिएन ।[११] उपत्यकाका तीनवटै शहर लगायत टोखामा समेत पनि चण्डेश्वरीले सांस्कृतिक-चहलपहल बढाएर सुरक्षाको अनुभूति लौकिकजीवनमा दिन आउन सक्ने पनि थिएन, भक्तपुरका जीवितदेवता नवदुर्गा गणले आफूभन्दा पहिले नै आविर्भाव भइसकेकी बनेपा-चण्डेश्वरीको सम्मानमा बनेपा सातगाउँ सवारी चलाउने पनि थिएन भन्ने इत्यादि कुरा पनि यसै प्रसङ्गमा जान्न सकिन्छ ।

देश, बस्ती र जनताको रक्षा सामान्य पुरुषदेवताले नभएर तान्त्रिक स्वरूपका मातृदेवीहरूले मात्र गर्न सक्छन् भन्ने आस्था र विश्वास प्राचीनकालदेखि नै रही आएको आभास हुन्छ ।[१२] यस कुराको एउटा उदाहरण पलाञ्चोक-भगवतीस्थानलाई नै लिउँ । यी भगवती पनि नेपालका अन्य प्राचीन वनदुर्ग/किल्ला (नुवाकोट, रानीकोट, चाँगु आदि) जस्तै डाँडामा छिन् । यो कुरा पनि विचारणीय छ । लिच्छविकालमा नेपालको राज्य-सीमा उपत्यका आसपासमा मात्र सीमित थिएन, उपत्यकाबाहिर पूर्वमा पनि टाढा-टाढासम्म फैलिएर रहेको कुराको पुष्टि त दुम्जाको अंशुवर्माको अभिलेखले गरेकै छ ।[१३] पूर्वबाट नेपालखाल्डो झर्न बनेपा-उपत्यकामा पाइला नटेकी सुखै थिएन । यसैले पूर्वका खास-खास स्थानहरू प्राकृतिक दृष्टिले समेत अनुकूल हुने गरी किल्ला रूपमा बनेका थिए र त्यस्ता किल्लाका शिर्षस्थानमा भगवती दुर्गा/काली/वनदेवी तान्त्रिक सुरक्षाहेतु पनि स्थापना गरिएका हुन्थे । पलाञ्चोक-भगवतीस्थान पनि यस्तै एक महत्त्वपूर्ण दुर्ग थियो र प्राचीनकालदेखि नै बनेपा भेकको सुरक्षाको आधार रही आएको थियो । मध्यकाल आक्रमण-प्रत्याक्रमणको

९ हरिराम जोशी, नेपालको प्राचीन अभिलेख, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं : २०३०, पृष्ठ ५८ ।

१० लैनसिंह बाङ्गदेल, प्राचीन नेपाली मूर्तिकलाको इतिहास, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं : २०३९, पृष्ठ ६१, चित्र संख्या ४० ।

११ डा.जनकलाल वैद्य, 'अभिलेख ग्रन्थहरूमा सात गाउँका परिचय', बनेपा सातगाउँ, २०५३, पृष्ठ ७३, ७५ । 'जगतचन्दन धार थ्व वणिकापुर, चण्डेश्वरी केवलन थना जुर मूल ॥९०॥ (जगतचन्द भन्छन्-यस वणिकापुरको मूल स्वेष्टदेवी चण्डेश्वरी हुन्) ।

१२ लुम्बिनी कपिलवस्तु लगायत उपत्यकाका खास स्थानहरूबाट फेला परेका ईस्वीको प्रथम शताब्दीदेखिका मातृदेवीका मृन्मय एवं प्रस्तरका प्राचीन मूर्तिहरू यस कुराका साक्ष छन् । मातृमतकै परवर्ती विकासक्रममा ईस्वीको छैठौं-सातौं शताब्दीदेखि सप्तमातृका, अष्टमातृका र नवदुर्गा क्रमशः रक्षकदेवताका रूपमा लोकप्रिय हुँदै गएको देखिन्छ । यस बारेमा छुट्टै अध्ययन हुनु जरूरी छ ।

१३ पुरुषोत्तमलोचन श्रेष्ठ, 'कुशेश्वर महादेवस्थानका अभिलेख', पूर्ववत्, पृष्ठ १४-१५ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

युग थियो । यसो हुँदा सांग्रामिक दृष्टिले पलाञ्चोक-दुर्गको महत्त्व पनि बढेको थियो । यदि त्यसो नहुँदो हो त तत्कालीन बनेपा राज्यका शक्तिशाली शासक मदनरामवर्द्धनले यसलाई अझ मजबुत दुर्गको रूपमा व्यवस्थापन गर्ने पनि थिएनन् र त्यहाँ थप तान्त्रिक सुरक्षाहेतु डाँडोको किल्लाभित्र अष्टमात्रिकाकी अधिष्ठात्रीदेवी त्रिपुरसुन्दरीको 'त्रिपुरेश्वरी सिद्धपीठ' लगायत आफ्नै नामको 'मदनेश्वर' महादेव पनि स्थापना गर्ने थिएनन् ।[१४] मध्यकालमा पलाञ्चोकभेक 'पलंखचो-राजदुर्ग' कहलिएको थियो । बनेपाको शिवदेव+अंशुवर्माको अभिलेख[१५]

बनेपा शहरको बीचमा दछुटोल छ । त्यस टोलमा गोरखनाथको सानो देवमन्दिर छ । सो मन्दिरसंगै शिवदेव+अंशुवर्माको अभिलेख कुँदिएको ढुङ्गा छ ।

बनेपा भेकको प्राचीन गौरव एवं राष्ट्रिय निधि यो अभिलेख पनि हो । यस अभिलखेमा आएका दोलाशिखरस्वामी, श्मशान, तेखुंदुल्, धेलन्तीनदी, चन्द्रेश्वर लगायत दक्षिणेश्वर विचारणीय छन् । तत्कालीन श्रीसामन्त अंशुवर्माको अधिल्तिर लागेको 'महा--धिराज' को उपाधिले पनि यस अभिलेखलाई विशेष तुल्याएर बनेपाको महत्त्व थप बढाएको छ ।[१६]

बनेपाको प्राचीन ग्रामबस्ती सातौं शताब्दीतिर, शिवदेव+अंशुवर्माको समयसम्म आइपुग्दा धार्मिक-सांस्कृतिक दृष्टिले समृद्ध भइसकेको देखिन्छ। यसको धार्मिक-सांस्कृतिक सम्बन्ध दोलाशिखरस्वामी (चाँगुनारायण) सित रहेको कुरा निश्चितप्रायः छ ।[१७] तर कस्तो प्रकारको धार्मिक-सांस्कृतिक सम्बन्ध ! त्यो भने छुट्टै खोजको

---

१४ धनवज्र वज्राचार्य, 'शक्तिशाली भारदार रामवर्द्धनहरू र तत्कालीन नेपाल', पूर्णिमा, ७/२०२२, पृष्ठ ३४-३५ । '...श्रीश्रीत्रिपुरसुंदरीवरप्रसादलब्धपरममाहेश्वरषडाम्नायागमश्रीश्रीत्रिपुरेश्वरीसिद्धापीठिश्रीपलंखचोगिरिशिखरराजदुर्गस्थाने स्थापितः तत्रैव श्रीश्रीश्रीमदनेश्वरसंस्थापित ...' (...श्रीत्रिपुरसुन्दरीबाट वर प्रसाद पाएका, परममाहेश्वर, षट्शास्त्र जान्ने, श्रीपलांचोकको डाँडोको किल्लाभित्र श्रीत्रिपुरेश्वरी सिद्धपीठ र त्यहीं श्रीमदनेश्वर स्थापना गरेका ...' ।

१५ वज्राचार्य, पूर्ववत् पृष्ठ २४०-२४१ ।

१६ यस बारेमा विद्वानहरूबीच मतान्तर रहेको पाइन्छ । वज्राचार्य (पृष्ठ २४२) ले 'महा--धिराज' लाई 'महाराजाधिराज' नभएर महामात्याधिराज वा महामन्त्राधिराज हुनसक्ने बताएका छन् । जोशी (पृष्ठ २२६-२७) ले भने यसलाई महाराजाधिराज नै मानेका छन् । उनले भट्टारकमहाराजश्रीवसन्तदेवको संवत् ४५४को चौकिटारको अभिलेखमा क्रमलीलको नाममा महाराजमहासामन्त प्रशस्तिको प्रयोग भएको उदाहरण प्रस्तुत गर्दै 'यहाँ शिवदेवलाई केवल महाराजको संज्ञा तथा अंशुवर्मालाई महाराजाधिराजको उपाधिले विभूषित गरिएको कुराबाट त्यससमयसम्म अंशुवर्माको शक्ति लिच्छवि राजनीतिमा शिखरमा पुगेको प्रतीत हुन्छ' भनेका छन् ।

अंशुवर्मा यसबखत सामन्त भएतापनि चानचुने सामन्त भने थिएनन् । त्यसबखतको राजनैतिक उत्तार चढावमय परिवेशलाई विचार गर्दा उनमा लागेको यो उपाधि 'महाराधाधिराज' नै थियो भन्ने बुझिन्छ । गुप्तहरू छँदा वरू केही सक्रिय देखिएका शिवदेवले आफ्नै भाञ्जा अंशुवर्मालाई राजनीतिमा ल्याएपछि भने उनी झन निष्क्रिय हुनपुगे । आफ्नो अनुकूल अवसरमा महत्त्वाकांक्षी अंशुवर्माले आफूलाई सामन्तहरूका पनि मुख्य भनी देखाउन 'महाराजाधिराज' उपाधि लिए भन्ने कुरामा कुनै असहजता देखिँदैन । अभिलेखमा मात्र नभएर मुद्रामा समेत 'महाराजाधिराजस्य श्र्यंशो' भनी यो उपाधि धारण गर्ने पहिलो पनि अंशुवर्मा नै देखिन आएको छ ।[क] महाराजाहरूका पनि अधिराज महाराजाधिराज हो । शक्तिशाली सामन्तहरूले यो उपाधि लिएको अनेक दृष्टान्त पाइन्छ। लिच्छविकालका महाराजमहासामन्तश्रीक्रमलील र महाराजाधिराजश्रीसामन्त अंशुवर्मा मात्र नभएर मध्यकालका एकराजकै रूपमा सर्वाधिकारसहित शासन गर्ने जयस्थिति मल्लले सामन्तको दर्जा दिएतापनि तत्कालीन बनेपाली शक्तिशाली प्रतिष्ठित भारदार जयसिंहरामवर्द्धनलाई लागेको 'श्रीश्रीमहाराजाधिराजपरमेश्वरपरमभट्टारक श्रीजयशिंहरामव्रधन ...' ले समेत 'महाराजाधिराज' को उपाधि राजाले मात्र नभएर शक्तिशाली सामन्तहरूले पनि धारण गर्ने राजपरम्परा रहेको कुरा निश्चित रूपले जानिछ । महाराजाधिराजको यो प्रकरणले हामीलाई राजाको शक्ति क्षीण तुल्याएर सर्वाधिकारसम्पन्न शासन गर्ने श्री ३ महाराज जङ्गबहादुरलाई समेत स्मरण गराएको छ । स्मरण रहोस् ! महाराजाधिराजको उपाधि धारण गर्ने पहिलो नेपाली शासक राजा नभएर सामन्त नै थिए । यसरी आजसम्म प्राप्त अभिलेखीय-प्रमाणका आधारमा सामन्त अंशुवर्माले बनेपाको भूमिमा यही अभिलेखबाट यो ऐतिहासिक परम्पराको उद्घोष गरेको देखिन आएको छ ।

[क] हरिराम जोशी, उत्तरप्राचीनकालीन मुद्रा, साझा प्रकाशन, काठमाडौं : २०३३, पृष्ठ ७९-८० ।

१७ नेपाल माहात्म्यमा वर्णित दोलाशिखरस्वामी र चण्डेश्वरीको उत्पत्तिको आख्यान गाँसिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विषय रहेको छ । प्राचीन ग्रामबस्ती रूपको बनेपा यसबखतसम्म आइपुग्दा सांग्रामिक सुरक्षाकै दृष्टिले पनि किल्लाको रूपमा समेत विकसित भइसकेको थियो । यसो हुँदा कर माफी आदि सुविधा बनेपाले पाएको थियो ।[१८]

प्रकारान्तरमै पनि यस अभिलेखमा आएका श्मशान, तेखुंदुल्, धेलन्तीनदी, चन्द्रेश्वर लगायत दक्षिणेश्वर ले लिच्छविकालपूर्वको किरातकालीन बनेपाबस्ती, बनेपा-चण्डेश्वरीमन्दिर आसपासको भौगोलिक अवस्थान (जस्तै : उत्तरमा सेतो कमेरूको पहाड र पूर्वमा रक्तचन्दन वन आदि), जलेश्वर, चण्डेश्वरीघाट र खोला, चण्डेश्वरमहादेव एवं भोंखुसि र चासुखुसि दोभानको उग्रतीर्थ श्मशान, उग्रेश्वरमहादेव (दक्षिणेश्वर(?)) लाई एकसाथ संझाएको छ ।

यस अभिलेखमा आएको 'तेखंदुल्' 'गोटन' र 'धेलन्ती' जनभाषाका शब्द हुन् । जहाँ शब्द छ, त्यहाँ भाषा छ । खास शब्दले खास भाषाको अस्तित्व बोध हुन्छ । लिच्छविकालका अभिलेखमा आएका कतिपय स्थाननाम : **खोपृङ्, खूलप्रिङ्, थंखोपृङ्, माखोपृङ्, माखोदुलुं, खृपुङ्, दुंलङ्, दुंप्रङ्, म्हस्प्रिङ्, थंतुंरी, को, कोङ्को, प्रोंङ्गम्बु, विल्हिङ्खो, गुं, गुङ्दीमक, गुडण्दुल्, खाह्रिचो, मोंगुचो, गोंल्ल, ग्वलं, चूल्लंखू,** लगायत **तेखंदुल्,** तत्कालीन जनभाषाका शब्द हुन् । यी केही उद्धरणहरूबाट पनि लिच्छविकाल भन्दा अघिदेखि जनभाषाको रूपमा नेपालभाषाको व्यापक प्रचलन यहाँका रैथाने नेवार लौकिकजीवनमा रही आएको कुरा जानिन्छ । यताबाट आजको बनेपामा किरातकालमै 'तेखंदुल्' नामको बस्ती आवाद भइसकेको विदित हुन्छ ।[१९]

यस अभिलेखमा आएको 'चन्द्रेश्वर' र 'दक्षिणेश्वर' ले यस भेकको मात्र नभएर तत्कालीन नेपाल र भारतकै पनि धार्मिक इतिहासको एक कालखण्डको एक महत्त्वपूर्ण झलक जान्न निकै उपयोगि तुल्याएको छ । उत्तराभिमुख बनेपा-चण्डेश्वरीमन्दिरको सामुन्ने उत्तरमा पश्चिमाभिमुख चण्डेश्वर महादेवमन्दिर छ । शिवदेव+अंशुवर्माको अभिलेखका 'चन्द्रेश्वर' यिनै चण्डेश्वर हुन् ।

अभिलेखीय-प्रमाणका आधारमा लिच्छविकालमा विशेषगरी पाँचौं-छैठौं शताब्दीदेखि स्वतन्त्र रूपका योग साधना, तन्त्रमन्त्र र अनुष्ठानतर्फ उन्मुख तान्त्रिक स्वरूपका अनेक शैव पाशुपत/कापालिक सम्प्रदाय उपसम्प्रदायहरू नेपाल र भारतमा एकसाथ चलेको देखिन आएको छ । **मुण्डशृङ्खलिक, शृङ्खलिक, दान, वश, लकुलीश, माहेश्वर, वीरशैव, मिश्रशैव, शिवसिद्धान्त** लगायत **सोमसिद्धान्त** उदाहरणस्वरूप छन् । तन्त्रपद्धतिमा सम्प्रदायभेद गौण हुने र सिद्धिका लागि शक्तिको साथ पनि अपरिहार्य रूपमा रहने हुँदा एक सम्प्रदायको अर्को सम्प्रदायसित सम्बन्ध

१८ धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, पूर्ववत्, पृष्ठ २४३ ।

१९ खोला पनि बग्ने दुई डाँडाका बीचमा रहेको खेती गर्न हुने सोतो परेको बस्ती डोलबस्ती हो । यहाँ जनभाषाको 'तेखंदुल्' ले यही कुराको बोध गराएको देखिन्छ । यहा तेखंदुल्ले हामीलाई भक्तपुरको यस्तै एक लिच्छविकालीन वस्ती 'माखोदुलुं' लाई संझाएको छ । 'माखोदुलुं' उल्लेख भएको शिवदेवको अभिलेख तालाक्वःटोलमा (कुम्हालेटोल) छ । यतावाट आजको तालाक्वः इलाका त्यसवखत 'माखोदुलुं' कहलिएको थियो भन्ने जानिन्छ । यो इलाकाको भौगोलिक स्वरूपलाई विचार गर्दा आज पनि डोलबस्तीको रूपमा रहेको देखिन्छ । यस बस्तीको उत्तरमा 'तालादम्फो' नामको थुम्को छ । सो बस्तीको दक्षिणी भाग सोतो परेर गएको छ जसको पुछारमा हनुमन्ते खोला छ । तालाक्वःसंगैको पूर्वपट्टिको टोल 'इखालाखु' हो । यहाँबाट पहिले खोला वग्दथ्यो । तालाक्वः+इखालाखुसंगै उत्तरपूर्वमा टौमढीटोल छ । स्थानीय बूढापाकाहरूका अनुसार पहिले यहाँबाट पनि खोल्सो बग्ने गर्दथ्यो । सो खोल्सो तालाक्वः+इखालाखु हुँदै हनुमन्तेमा मिसिन्थ्यो । नेपालभाषामा मुख्य वा खास कुरालाई जनाउन 'मा' को प्रयोग भएको जानिन्छ । यसरी अनेक खोला/खोल्साहरू सहित मुख्य खोलाको मध्यभागमा बसेको डोलवस्ती भएकोले 'माखोदुलुं' कहलिएको जानिन्छ । 'तेखंदुल्' यस कुराको अपवाद होइन । तर खंदुल्को अघि लागेको 'ते'ले के कुरा जनाउन खोजेको हो त्यो भने खोतल्न बाँकी नै छ । भक्तपुरमा 'तेखाडो' नामको वस्ती पनि छ । दक्षिणमा मङ्गलतीर्थघाटवाट उकालो चढी आउँदा पुगिने माथिल्लो वस्ती यो हो । यसले यहाँनेर यस्तै विशेषता भएको काठमाडौंको विष्णुमती र वागमती दोभानको त्रिवेणी टेकुलाई पनि संझाएको छ । यसरी खोलासहितको यस्तो भौगोलिक विशेषता भएको माथिल्लो भागको बस्तीलाई जनाउन 'ते' भनिएको हो कि ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

रही आएको पनि जानिन्छ । कापालिक सम्प्रदायको सान्निध्यता सोमसिद्धान्त सम्प्रदायसित रहेको थियो ।[२०] पशुपतिनाथमन्दिरको दक्षिण-पूर्वमा छत्रचण्डेश्वरको प्रस्तरमूर्तिसहितको स्तम्भलेख छ । जिष्णुगुप्तको पालाको सो स्तम्भ-अभिलेखबाट तत्कालीन समयमा एकसाथ अनेक शैव पाशुपत सम्प्रदायहरू (मुण्डशृङ्खलिक, शृङ्खलिक) संगै सोमसिद्धान्त सम्प्रदाय एवं तिनका आचार्य, मण्डली र अनुयायीहरू अस्तित्वमा थिए भन्ने कुरा थाहा पाइन्छ ।[२१]

शिरमा सोम (चन्द्र) धारण गर्ने, पार्वती जस्ती रूपवती शक्तिलाई आलिङ्गनमा लिइरहेका/शक्तिसहितका वा भनौं शिवशक्ति स्वरूपका चण्डेश्वर/चन्द्रशेखरलाई मुख्य देवताको रूपमा पूजा उपासना गर्ने सम्प्रदाय सोमसिद्धान्त कहलिएको थियो ।[२२] यस सम्प्रदायको निकट सम्वन्ध कापालिक वा भनौ मुण्डशृङ्खलिकसित रही आएको थियो ।[२३] छत्रचण्डेश्वरको अभिलेख पनि यस कुराको साक्ष छ । साँगाको अंशुवर्माको अभिलेखमा आएको विकट रूपका महादेवको वर्णनले मुण्डशृङ्खलिक सम्प्रदायको अस्तित्वलाई दर्शाएको छ । यताबाट बनेपाभेक सोमसिद्धान्त सम्प्रदाय र मुण्डशृङ्खलिक सम्प्रदायका अनुयायीहरूको मूल थलो थियो भन्ने कुरा निश्चित रूपले जानिन्छ । यसरी यी चन्द्रेश्वर/चण्डेश्वर तत्कालीन भारतको सौराष्ट्र/गुजरात लगायत नेपालमा चलेको सोमसिद्धान्त सम्प्रदायका मुख्यदेवता हुन् ।[२४] पाठकले यो सम्प्रदाय ईस्वीको दोस्रो शताब्दीतिर आविर्भाव भएको अनुमान गरेका छन् ।[२५] काली-सेवक महाकवि कालिदास (ईस्वीको पाँचौं शताब्दी) ले मेघदूत मा महाकाललाई 'चण्डेश्वर' भनेका छन् ।[२६]

उक्त प्रसङ्गमा अभिलेखीय दृष्टिले बनेपामा चण्डेश्वरीभन्दा पनि पुरानो उनका अधिपतिदेव चण्डेश्वर देखिन आएको छ। स्मरण रहोस् ! अभिलेखको तथ्यपरक/सही व्याख्या विश्लेषणमा स्थान विशेषको खास महत्त्व रहेको हुन्छ । उदाहरणका लागि पशुपति छत्रचण्डेश्वरको अभिलेख र हाम्रो अहिलेको अभीष्ट विषय बनेको बनेपाको यही अभिलेखलाई लिउँ । उही सम्प्रदायका देवतालाई काठमाण्डौं पशुपतिनाथमन्दिरको अभिलेखमा चण्डेश्वर भनिएको छ भने त्यो भन्दा पनि पुरानो बनेपाको अभिलेखमा चन्द्रेश्वर भनिएको छ । शक्तिसहितका चन्द्रेश्वर/चन्द्रशेखर/चण्डेश्वरको जुन विशेषता छ, त्यही विशेषता र अवस्थिति बनेपा-चण्डेश्वरीमन्दिर परिसरको भौगोलिक अवस्थान लगायत शिवशक्ति स्वरूपमा एकै स्थानमा अवस्थित काठमाण्डौ उपत्यकाका अन्य चण्डेश्वर+चण्डेश्वरीमन्दिरमा समेत एकसाथ देखा पर्छन् ।[२७] प्रतीकवाद नेपाली संस्कृतिको

२० V.S. Pathak, **Saiva Cults in Northern India,** Dr, Ram Naresh Varma, Varanasi: 1960, p.3. 'The Kapalikas are associated with the Soma-cult in inscriptions as well as in literature.'

२१ धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, पूर्ववत्, पृष्ठ ४२६-२७।'...आचार्य भगवत्प्रनर्द्दनप्राणकौशिकेन भगवतः श्छत्रचण्डेश्वर... मुण्डशृङ्खलिकपाशुपताचार्यपर्षदि वाराहस्वामि उमसोम-ऋसोमखडुका.. शृङ्खलिकपा.. वाराहस्वामिप्रभृति..'

२२ V.S. Pathak, **Saiva Cults in Northern India,** ibid, pp. 25. 'पार्वत्त्या : प्रतिरूपया दयितया सानंदमालिंगितो । मुक्त : क्रीडति चन्द्रचूडवपुरित्यूचे मृडानीपति : '

२३ V.S. Pathak, ibid, pp. 25. अहो पुण्यं कापालिकचरितमहो श्लाध्य:सोमसिद्धान्तः ।
...ततःप्रविशति कापालिकरूपधारी सोमसिद्धान्त ।

२४ ibid, pp. 25. ' Somasiddhanta was prevalent in Nepal and Gujrat.

२५ ibid, pp. 24. ' The Soma school therefore might have been originated before second century A.D, '

२६ मेघदूतम्/पूर्वमेघः, श्लोक ३३ ।

२७ बनेपाको शिवशक्तिमय चण्डेश्वर+चण्डेश्वरीमन्दिरलाई मूल-आधार मानेर भक्तपुर चण्डेश्वरीको अवस्थानलाई नियाल्दा यहाँ पनि उस्तै गरी चण्डेश्वरीमन्दिरको उत्तरमा चण्डेश्वरमहादेव छन् । अनि यसको पनि दक्षिणमा त्रिवेणी भएर बग्ने हनुमन्ते खोलाको पश्चिमधारको काखमा चूपिंघाटस्थित लौकिकजीवनमा 'मू दीप' नामले प्रसिद्ध मूल श्मशान छ। यो इलाका भद्रकाली र उनका पतिभैरव महाकालसदृश आकासभैरवको इलाका पनि हो । यस अर्थमा भक्तपुरमा मनाइने विस्केटजात्रा यथार्थमा श्मशानजात्रा हो भनी मान्न सकिन्छ । आकासभैरव र उनका शक्ति भद्रकाली यहाँका उच्चतम देवता हुन् । शक्तिसहितका यिनै तान्त्रिक देवताहरू भक्तपुरको अवतारमय-तान्त्रिकसंसारमा 'त्रिपुरसुन्दरी' शक्तिसहितका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मौलिक विशेषता रही आएको छ । सोमसिद्धान्त सम्प्रदाय वा भनौं यसका मूल देवता चन्द्रेश्वरको विशेषता अनुरूपको भौगोलिक अवस्थानलाई अलिकता मात्र पनि ध्यान दिएर हेर्‍यौं भने पनि त्यहाँ बनेपा-चन्द्रेश्वर/चण्डेश्वर र उनका शक्ति चण्डेश्वरी शिवशक्ति स्वरूपमा कसरी रहेका छन् भन्ने कुराको रहस्योद्‌घाटन हुन्छ । त्यहाँ उत्तरमा शिव (चण्डेश्वर) को प्रतीक सेतो कमेरूको पहाड छ जसको काखमा चण्डेश्वर महादेव छन् । अनि शिवको शिरबाट बहने गङ्गा रूपी चण्डेश्वरी खोला सोमरसका प्रतीक छन् जसको पारिपट्टि पूर्वमा पार्वती (चण्डेश्वरी) को प्रतीक रक्तचन्दन वन छ । त्यसैको काखमा चण्डेश्वरीमाइको मन्दिर छ । प्रकृति र धर्म-संस्कृतिको यो जस्तो अनुपम मेल अरू के नै हुन सक्ला र !

लिच्छविकालमा पुरुषदेवता मुख्य रहे र तिनका शक्ति सहायकका रूपमा वा गौण रूपमा मात्र रहे । यसो हुँदा चन्द्रेश्वरको शक्ति छायाँमा पर्न गयो । मध्यकालमा शाक्त सम्प्रदाय मुख्य भएर आयो र तिनका पतिदेवताहरू सहायकका दर्जामा देखा परेर ओझेलमा पर्न गए । यसो हुँदा चण्डेश्वरी मुख्य भएर देखा परिन् । पौराणिक आख्यानहरूको पुनःस्मरणले पनि तिनको महिमा र प्रचार निकै बढेर आयो । लिच्छविकालमा महाकालसदृश उपास्य चन्द्रेश्वर यस कालमा आइपुग्दा देवी चण्डिका/चण्डेश्वरीले वध गरेका 'चण्डासुर' हुँदै तर त्यस्तो खराब एवं दुश्चरित्र-असुर प्रवृत्तिलाई हटाएको हुँदा देवीले वध गरेपछि ज्योर्तिमय देह धारण गर्दै चण्डासुरको चोला त्यागेर पुनः चण्डेश्वरीकै अधिपतिदेव 'चण्डेश्वर' हुन आए, गुह्य रूपका जस्तो काली, उस्तै महाकाल भएर ! तान्त्रिक शैव वैष्णव एवं बौद्ध सम्प्रदायहरूमा अभिन्न एवं अपरिहार्य रूपले पर्दै गएको शाक्त प्रभाव र मिश्रित रूपले अत्यन्त लोकप्रिय हुँदै आइरेको तन्त्रप्रधान शाक्त धर्मका कारण चण्डेश्वरी 'सर्वव्यापि सर्वरूपिणि' देवीका रूपमा अनेक तान्त्रिक अवतारहरू धारण गर्दै देखापर्न थालिन् । यो कुरा यस विषयका मध्यकालीन अभिलेखीय-सामग्री लगायत समकालीन धार्मिक-साहित्यिक सामग्रीले पनि देखाएको छ ।

यस अभिलेखमा आएको दक्षिणेश्वरले बनेपा चण्डेश्वरीमन्दिरसंगै केही दक्षिणको चासुखुसि र भोंखुसि जोड्ने दोभानको उग्रतीर्थ मसानका उग्रेश्वरमहादेवलाई संझाएको छ ।[२८]

ललितमहेश्वर पनि धारण गर्न पुग्छन् । यसैगरी टोखा, ललितपुर पिंवहालका चण्डेश्वर+चण्डेश्वरीहरू पनि श्मशान, खोला/त्रिवेणी वा खोलाको दोभान, श्मशानभैरव+पीठ+तीर्थसंस्कृतिले समृद्ध रही आएको इत्यादि कुराको चाल पाइन्छ ।

२८ उग्रतीर्थ मसानको दक्षिणपट्टि एक गोलाकार कुण्ड छ । सो कुण्डको माझमा स्वयंभूलिङ्गस्वरूपको एक शिवलिङ्ग छ । यही शिवलिङ्ग वनेपाको धार्मिक-सांस्कृतिक जीवनमा उग्रतीर्थ महादेव/उग्रेश्वर महादेव भनी प्रसिद्ध छ । यसको संगै पूर्वपट्टि अग्निकुण्ड छ जहाँ शिवरात्रिमा धुनि जगाउने चलन छ । स्थानीय वैकुण्ठ कर्माचार्यका अनुसार भोंखुसिको उत्तरपट्टि नेवारहरूको मसान र त्यसैगरी दक्षिणपट्टि गैरनेवारहरूको मसान छ । विचारणीय कुरा के छ भने दक्षिण दिशालाई पितृको दिशा मान्ने चलन हाम्रो यहाँ चली आएको छ । वनेपा र भक्तपुरलाई नमुनाको रूपमा लिने हो भने अन्यत्र दिशामा मसान भएता पनि मूल मसान भने वस्तीवाहिर दक्षिणपट्टि नै रही आएको अनुमान हुन्छ । शान्त रूपका शिवको उग्र रूप भैरव हो जसको दिशा पनि दक्षिण : अघोर नै हो । उग्र रूपका अघोरपन्थीहरू श्मशान-साधना पनि गर्छन् । जहाँ श्मशान छ त्यहाँ मसानभैरव पनि छ भन्ने कुरा जानिन्छ । भक्तपुरको मू दीपका मसानभैरवलाई उदाहरणको रूपमा लिउँ । यिनै मसानभैरवलाई हामी भक्तपुर टौमढीटोलको प्रसिद्ध भैरवनाथमन्दिरको पहिलो तलाको भित्तामा कसैले छुन नसक्ने गरी झुण्ड्याएर राखेको मान्द्रोचित्रमा प्रत्यक्ष देख्न सक्दछौं । यतावाट हामीलाई प्राचीन वस्तीवसाइको झलक मिल्छ ।

श्यामसुन्दर राजवंशीले दक्षिणेश्वरलाई पनौतीका 'इन्द्रेश्वर हुन् कि' भनी अनुमान गर्नुभएको छ ।[क] तर माथिका प्रसङ्गमा हाम्रो सामुन्नेमा उग्रेश्वर नै अगाडि आउँछन् । भौगोलिक अवस्थानले पनि हामीलाई बनेपाबाट दक्षिणपूर्वमा अवस्थित टाढाको इन्द्रेश्वर नै दक्षिणेश्वर हुन् कि भन्ने आधार दिँदैन । बरू दक्षिण दिशाकै कुरा गर्ने हो भने धनेश्वर त्यो भन्दा पनि समीप पर्न आउँछ । धनेश्वरभन्दा समीपको उग्रेश्वर नै हुन् । इन्द्रेश्वर लिच्छविकालिक होइनन् । पूर्वमध्यकालका एक शक्तिशाली परमशैव राजा इन्द्रदेव (वि.सं.११८१-९३) ले इन्द्रेश्वर बनाउन लाएका हुन् भन्ने देखिन आएको छ ।[ख]

[क] श्यामसुन्दर राजवंशी, 'भोंट देशका सात गाउँ र त्यहाँका अभिलेखहरू' बनेपा सातगाउँ, २०५३, पृष्ठ १०३ ।

[ख] पुरुषोत्तमलोचन श्रेष्ठ, 'जंगममठका अभिलेख', भ्वाइस अफ हिष्ट्री, १५/१/२०५७, पृष्ठ ११५-१६ ।

दक्षिणेश्वरको उल्लेख बनेपाको शिवदेव+अंशुवर्माको अभिलेखको अतिरिक्त देउपाटनको संवत् ३९ को

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

खोपासीको शिवदेव+अंशुवर्माको अभिलेख

यस अभिलेखले पनि बनेपा भेकको प्राचीनता एवं धार्मिक+सांस्कृतिक गरिमालाई बढाएको छ। यस अभिलेखमा खोपासीलाई कुर्प्पासी भनिएको छ। जनभाषाको रूपमा व्यापक रूपमा नेपालभाषाको प्रचलन लिच्छविकालअघि देखि नै चली आएको थियो भन्ने कुरा 'कुर्प्पासी'ले पनि देखाएको छ। यसले यस भेकमा किरातकालतिरै बस्ती आबाद भइसकेको जानिन्छ।

लिच्छविकालको यस अभिलेखमा मात्र द्वारोद्घाटनयात्रा र कैलाशयात्राको उल्लेख आएको छ। बनेपा भेकमा मनाइने जात्राविशेष यी थिए।[२९] प्राचीनकालदेखि नै बनेपा भेक अमूर्त सांस्कृतिक सम्पदाले पनि समृद्ध रही आएको थियो भन्ने कुरा यसले पनि देखाएको छ। यी शैव जात्राहरू छैठौं-सातौं शताब्दीतिर बनेपा भेकलाई मूल थलो बनाएर आ-आफ्नो सम्प्रदायको प्रचार-प्रसार गर्ने मुण्डशृङ्खलिक, सोमसिद्धान्त लगायतका पाशुपत सम्प्रदाय/उपसम्प्रदायका अनुयायीहरूले समृद्ध तुल्याउँदै लगेको सांस्कृतिक विकासक्रमका उपज थिए भन्ने प्रतीत हुन्छ।[३०]

साँगाको अंशुवर्माको अभिलेख[३१]

साँगाको विकटेश्वरमहादेवस्थानको खोल्सोपारि उत्तरपट्टि यो अभिलेख रहेको छ। यस अभिलेखको स्तवन उच्चकोटिको प्रौढ संस्कृत साहित्यले ओतप्रोत छ। सो सुन्दर स्तवनमा तान्त्रिक स्वरूपको विकट रूपका भयङ्कर डरलाग्दो महादेव हाम्रा सामु प्रकट भई हामीलाई यसरी रक्षा गर्न आइपुग्छन् :

कर्णालङ्कारैद्रश्वसदहिपवनव्यस्तपर्यस्त(के)शं
प्रत्यग्रच्छेदतापा(न्वि)तरूधिरशिरोमालभा ......
उच्चैर्मुक्ताट्टहासम्परिविगलदसृङ्नागचर्मोत्तरी(यं)
पायात्तद्रूपमैशं हिमगिरितनयाभीतभीतेक्षितं वः

अंशुवर्माको अभिलेखमा **शूरभोगेश्वर, लडितमहेश्वर र पशुपति**का साथमा र त्यसैगरी पशुपति वज्रघरको नरेन्द्रदेवको संवत. १०३ को अभिलेखमा **पशुपति, परममाहेश्वर र सगर**का साथमा आएको छ। हाम्रो यहाँ एउटा लोकोक्ति पूर्वकालदेखि चली आएको छ : 'तेल के हेर्नु, तेलको धारा हेर्नु ! भने जस्तै बनेपाका चण्डेश्वर र दक्षिणेश्वर लगायत साँगाको अंशुवर्माको अभिलेखमा स्तुत्य विकट रूपका विकटेश्वर-महादेवका प्रसङ्गमा यी देवताहरू पाशुपत शैव सम्प्रदाय र उपसम्प्रदायका उच्चतम तान्त्रिक स्वरूपका देवताहरू थिए, सोमसिद्धान्त सम्प्रदाय र मुण्डशृङखलिक सम्प्रदायको केन्द्रको रूपमा रहेको बनेपाभेकका चण्डेश्वर, विकटेश्वर र दक्षिणेश्वर जस्ता उग्र तान्त्रिक देवताहरूसित ती अनेक शैव सम्प्रदायका देवताहरूबीच पारस्परिक सम्बध रही आएको थियो भन्ने कुरा पनि यसै प्रसङ्गमा जानिन्छ।

२९ वज्राचार्यले (लिच्छविकालका अभिलेख, पृष्ठ २७८) यी जात्राहरूको सम्वन्ध पशुपतिनाथसंग थियो कि भन्ने अनुमान गरेका छन्। जोशीको विचार यस्तो छ : तत्कालीन राजनीतिका शक्तिशाली व्यक्तित्व भएका अंशुवर्माको जन्मभूमि पूर्व १ नं. खोपासी भएको हुँदा त्यहाँ द्वारोद्घाटन कैलासकूट यात्रा चलाएको हुनामा कुनै शंका छैन।' (नेपालको प्राचीन अभिलेख, पृष्ठ २५३) पशुपतिनाथमा मात्र नभएर शैव तीर्थस्थलमाथिका डाँडाहरू कैलाश/कैलाशेश्वरका रूपमा मान्यपूज्य रही आएका छन्। अनन्तलिङ्गेश्वर महादेवमन्दिरमाथिको कैलासडाँडा उदाहरणस्वरूप छ।[क] बनेपाभेकका 'कैलाश' डाँडाहरूमा मात्र नभएर पशुपतिनाथ लगायत अनन्तलिङ्गेश्वर जस्ता शैव तीर्थस्थलहरूमा पनि यस्ता जात्राहरू चल्दथ्यो भन्ने आभास हुन्छ।

[क] डा.पुरुषोत्तमलोचन श्रेष्ठ, अनन्तलिङ्गेश्वर एक सांस्कृतिक अध्ययन, अमनलोचन श्रेष्ठ, भक्तपुर : २०६४, पृष्ठ १११-१३।

३० यस कुराको एउटा प्रकारान्तर उदाहरण त्यसकालमा चलेको लिङ्गायत/वीरशैव सम्प्रदायलाई पनि लिन सकिन्छ। भक्तपुर यस सम्प्रदायको मूल थलोकै रूपमा प्रसिद्ध हुन पुग्यो। यसको अत्यन्त लोकप्रिय सांस्कृतिक विकासक्रमको उपज विस्केटजात्रा थियो जुन आज पनि वर्तमान छ। नेपालमा वीरशैव मतको प्रधान थलो भक्तपुर रही आएको छ। वीरशैव मत आज पनि यहाँ जीवन्त छ। यसका आचार्यहरूको प्रधान मठ 'जङ्गममठ' भक्तपुर वोलाछेंटोलमा छ जुन यस कुराको साक्ष भएर रहेको छ।[क]

[क] पुरुषोत्तमलोचन श्रेष्ठ, 'भक्तपुरमा वीरशैव मतको विकास र प्रभाव', खोपृङ् ८/२०५६।

३१ धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, पूर्ववत्, पृष्ठ ३३६-३७।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(कानमा गहनाको रूपमा लाइराखेका डरलाग्दा सर्पहरूको फुत्कारको हावाले जटा छय्यान्नब्यान्न भएको, भरखरै काटिएको तातातातो रगत चुहिरहेको मुण्डमाला लाएको, ठूलो स्वरले खित्का छोडेर हाँसिरहेको, रगत चुहिरहेको हात्तीको छाला ओढेको, पार्वतीले डराई डराईकन हेरिएको महादेवको रूपले तिमीहरूको रक्षा गरोस् ।)

(मूलपाठ एवं अनुवाद : वज्राचार्य, लिच्छविकालका अभिलेख, पृष्ठ ३३६-३७ ।)

पार्वतीले समेत डराई डराईकन हेरिएका यी महादेव साँच्चिकै भयङ्कर छन् । रौद्र रूपका यी महादेवको हाँसो पनि चानचुने छैन, महाकालभैरवको जस्तै भीषण छ । जसको भयानक आवाज छ, उ भैरव हो भन्ने कुरालाई तान्त्रिक वाङ्मयले मानेको छ । रगत टप टप चुहिरहेको मुण्डमाला लाएका यी महादेवले हामीलाई यहाँ मुण्डमाला लाउने डरलाग्दो रूपका महादेवलाई मान्ने र आफूहरूले पनि सोही अनुरूप मुण्डमाला लाउने संन्यासीहरूको मुण्डशृङ्खलिक पाशुपत सम्प्रदायको अस्तित्व, उपस्थिति एवं प्रचारलाई एकसाथ स्मरण गराएको छ । यस कुराको पुष्टि पशुपति छत्रचण्डेश्वरको अभिलेखबाट पनि हुन्छ । नेपालमा भैरव परम्पराको प्रथम आभास समेत यस स्तवनले गराएको छ ।[३२]

साँगा पनि एक प्राचीन बस्ती हो । यस अभिलेखमा साँगालाई 'शङ्गा' भनिएको छ । किरातकालमै यहाँ पनि बस्ती आबाद भइसकेको र खासगरी तेलका लागि यो ठाउँ प्रख्यात रही आएको थियो । यस अभिलेखमा तेलकै कुरा मुख्य भएर आएको छ । अंशुवर्माले तेल उत्पादनलाई प्रोत्साहन दिन सरकारलाई यहाँका सःमि (तैल्यशाला (कोल)का धनी)[३३]हरूले बुझाउनुपर्ने 'द्वादश तैलघट'-बाह्रघडा तेल कर माफी गरिदिएको कुरा परेको छ । यसले पनि उक्त कुराको पुष्टि मिल्छ । यी कुरा विचारणीय छन् ।

नेपालभाषामा तेल पेल्ने साललाई 'साः' भनिन्छ । यसरी उक्त प्रसङ्गमा यस भेकमा तैल्यशालाहरू भएको, तेलविशेषका लागि प्रसिद्ध रही

---

३२ पुरातत्त्वका दृष्टिले शिव-पशुपतिको प्राचीनतम नमुना सैन्धव उत्खननमा प्राप्त सील/छापमा भेटिन्छ ।[क] उक्त छापमा शिव-पशुपति योगमुद्रामा छन् । उनको शिरमा सिङको त्रिशूल-मुकुट छ । उनका तीन मुख छन् । उनको आसपासमा साँढे, हात्ती, बाघ, मान्छे,, मृग, चरा, सर्प, माछा आदि देखापर्छन् ।

मान्छे पनि पशु नै हो । विचार र बुद्धिले उ अरू पशुभन्दा माथि उठेर 'मान्छे' भएको हो, पशुहरूका मालिक भएको हो । यही दार्शनिक भाव-अभिव्यक्ति यसरी प्रथमपल्ट यस छापमा मूर्त हुन आएको छ । यसरी आजभन्दा पाँच हजार वर्ष अघिको, आद्यइतिहासकालका यी शिव-पशुपतिको विकसित रूप आजभन्दा पन्ध्रसय वर्ष अघिको साँगाको अंशुवर्माको अभिलेखमा आएका भैरव रूपि विकटेश्वरमहादेवमा पनि दृष्टिगोचर हुन्छ जहाँ यिनले त आफ्नो जटा नै छयान्नब्यान्न हुने गरी फुत्कार्ने सर्पको गहना लाएका छन्, रगत टप टप चुहुने मुण्डमाला लाएका छन्, हात्तीको छाला ओढि सकेका छन् । अब शिव-पशुपतिको यिनै विशेषताको ऐतिहासिक विकासक्रमको पृष्ठभूमिमा आजभन्दा तीनसय वर्ष अघिको भूपतीन्द्र मल्लले वनाउन लगाएको भक्तपुर दरवारक्षेत्रको ने.सं.८२७ (वि.सं.१७६४) को भैरवको प्रस्तर मूर्तिलाई पनि नियालेर हेरौं । यस मूर्तिसम्ममा आइपुग्दा त भैरव झनै भयङ्कर भइसकेका छन् । उनले कानमा मात्र नभएर शरीरका अन्य भागमा पनि सर्पको गहना लाएका छन, अनेक आयुध धारण गर्दै नरमुण्डमाला समेत लाएका छन, रगत टप टप चुहुने हात्तीको छाला पनि ओढेका छन् । शैवमन्दिरहरू गयौं भने त्यहाँ गर्भस्थानका शिवलिङ्गको सन्मुख हुने गरी वाहिरपट्टि उनका वाहन नन्दी वा साँढे उनलाई ढुकेको ढुकेकै छन्, मूर्ति चित्र र स्तुति वर्णनआदिमा त उनले आफ्नो आसनमा बाघको छाला बिछ्याएर, त्रिशूल, डमरु समाउँदै, पार्वतीलाई काखी च्याप्नसमेत पुगिसकेका छन् । यसप्रकार उक्त प्रसङ्गले हामीलाई शिव-पशुपतिको अनवरत परम्परा कसरी पाँच हजार वर्षदेखि विकसित हुँदै आजसम्म पनि वर्तमान रही आएको रहेछ भन्ने आभास गराउँछ ।

क One Indus valley seal shows a seated, possibly ithyphallic and tricephalic, figure with a horned headdress, surrounded by animals. Marshall identified the figure as an early form of Hindu godShiva (or Rudra), who is associated with asceticism, yoga, and linga; regarded as a lord of animal; and often depicted as having three heads. The seal has hence come to be known as the Pashupati Seal, after *Pashupati* (lord of the beasts), an epithet of Shiva http://en.wikipedia.org **: Indus Valley Civilization**

३३ पुरुषोत्तमलोचन श्रेष्ठ, भक्तपुरको नवदुर्गा गण, पूर्ववत्, पृष्ठ १९५ । 'परम्परागत रूपमा तेलको उद्योगधन्धा चलाउँदै आएका एक नेवार जाति - मानन्धर ।'

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

आएको हुँदा सोही अनुरूप 'शङ्गा' भनी प्रख्यात रहेको विदित हुन्छ ।[३४] यस बारेमा जोशी लेख्छन् :

यस अभिलेखमा तैलघट शब्दको उल्लेख हुनुको साथै यो स्थानको नाम शांगा ग्राम भनिएबाट प्रस्तुत ग्राम तैल व्यवसायिहरूको थलो भएको निश्चित लाग्दछ । नेपालभाषामा तेल पेल्ने यन्त्रलाई शा: भन्ने गरेबाट पनि उपर्युक्त यथार्थताको पुष्टिमा सघाऊ मिल्छ ।

(हरिराम जोशी, 'बनेपा', बनेपा सातगाउँ, २०५३, पृष्ठ ५४)

थानकोट, लेले, टिष्टुङ्ग, चित्लाङ्ग, फर्पिङ्ग लगायत साँगा भञ्ज्याङ्ग प्राचीनकालदेखि नै काठमाण्डौ उपत्यका पस्ने मूल नाकाहरूका रूपमा रही आएका थिए । यिनै नाकाहरूबाट इतिहासको कालप्रवाहमा यहाँ लिच्छवि, आभीर, कोलि, वृजिक, मल्ल लगायतका अनेक जातिहरू आए । यसरी जो सुकै आए पनि यहाँको संस्कृतिलाई आत्मसात गरी यहींका रैथाने भए । समग्रमा कसैले आफूलाई 'नेवार' नभनेतापनि स्वत:स्फूर्त रूपमा सबै नेवार कहलिए । अनि समयको प्रवाहमा पत्तै नपाइकन जनभाषाको नाम संस्कृतमा नामान्तर हुँदै परवर्तीकालमा राष्ट्रबोधि रूपले नेपाल/नेपालमण्डल र नेपाली हुनपुगे । यसरी सांस्कृतिक रूपले समृद्ध तुल्याएर सबैलाई नेपाल मण्डलरूपि एउटै छातामुनि ल्याउनमा यी नाकाहरूको भूमिका प्रकारान्तरमै पनि अतुल्य थियो भनी मान्न सकिन्छ । आज पनि आफ्नै यथास्थानमा रहेका सरकारी सनद शिलापत्र, मूर्ति लगायतका अन्य कलावस्तुहरूले समृद्ध यी नाकाहरू व्यापारिक दृष्टिले मात्र नभएर सांस्कृतिक-धार्मिक एव राजनैतिक दृष्टिले समेत महत्त्वपूर्ण थिए भन्ने कुराको छनक दिइरहेका छन् । तत्कालीन 'नेपालमण्डल' प्रवेश गर्ने यी नाकाहरूमध्ये आज पनि पश्चिमको थानकोट भञ्ज्याङ्ग र पूर्वमा बनेपा भेकको यो साँगाभञ्ज्याङ्ग नेपाल-उपत्यका पस्ने नाकाका रूपमा जीवितै छन्, हिजोको नेपालमण्डल र आजको नेपालउपत्यकाका प्रत्यक्ष-साक्षी भएर रहेका छन् ।

३४ तेल उत्पादनको प्राचीन परम्परा बनेपाभेकमा आज पनि कुनै न कुनै रूपमा वर्तमान रही आएको छ । यद्यपि विज्ञान र प्रविधिको यो चरमयुगमा पुरानो प्रविधिले अन्तिम सास फेरिरहेको आभास हुन्छ । किनकि कोलहरू देखापर्न छाडिसके । नयांले पुरानोलाई थन्काइसकेको छ । लाग्छ, यो इतिहासको अपरिहार्य नियति हो । 'हाम्हु','कुम्हु' जस्ता वस्तुहरूको उल्लेख पनि यस अभिलेखमा आएको छ । 'शङ्गा' लगायत यी पनि नेपालभाषाका शब्द हुन् । तिललाई नेपालभाषामा 'हाम्हु' भनिन्छ ।

नालाको शिवदेव द्वितीयको पालाको संवत् ११८ (वि.सं.७५१) को अभिलेख[३५]

साँगालाई 'शङ्गा' भनिएजस्तै नालाको द्वितीय शिवदेवको पालाको अभिलेखमा नालालाई 'नालङ्ग' भनिएको छ ।[३६] दुव बस्तीको नामको पछिल्तिर आएको 'ङ्ग'/'ङ्गा' विचारणीय छन् । साङ्गाभञ्ज्याङ्गबाट पूर्वमा अंशुवर्माको अभिलेख रहेको ठाउँसम्मको भौगोलिक अवस्थानलाई विचार गऱ्यौं भने वरपर डाँडाका माझमा यो केही गहिरिएर गएको छ । यस्तै भौगोलिक विशेषता नालाबस्तीमा पनि देख्न सकिन्छ । साँगाभञ्ज्याङ्गबाट पनि तल उत्तरमा पर्ने यो बस्ती खाल्टो रूपमै छ । नेपालभाषामा खाल्टोलाई 'ग'/'गा' भनिन्छ । शायद यस्तै भू-विशेषता भएका बस्तीका नामका पछिल्तिर 'ङ्ग'/'ङ्गा' (गहिरो परेर गएको बस्ती) जोडिएर आएको अनुमान हुन्छ । भक्तपुरको नेवार लोकजीवनमा पानीलाई 'ना' र त्यसैगरी काठमाण्डौंभेकको नेवार लोकजीवनमा 'ल' भनिन्छ । खोलानालाले पनि नाला धनी छ । पनौतीमा पुगेर विहावर खोला र रोसी खोलासित मिसिन पुगिने प्रसिद्ध पुण्यमती/पुण्यवती नदी नाला भएर नै बग्छिन् ।[३७] यसरी भौगोलिक दृष्टिले गहिरिएर गएको, जलस्रोतले सम्पन्न भएको बस्ती हुनाले नै यस प्रदेशको नाम 'नालङ्ग' कहलिन पुगेको अनुमान हुन्छ । यसको परवर्ती रूप आजको 'नाला' हो ।

शिवदेव द्वितीयको नाम प्रथमपल्ट नालाको यही अभिलेखमा आएको छ । नालाको भगवतीमन्दिर प्रसिद्ध छ । सो मन्दिर सामुन्ने ढुङ्गेधारा छ । सो ढुङ्गेधारा वि.सं.७५१ मा हूं ध्रुवशील र उनका भाइ हूं अनङ्गशीलले बनाउन लगाएका हुन् । यो कुरा यस अभिलेखबाट थाहा पाइन्छ ।

३५ धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, पूर्ववत्, पृष्ठ ५१२ ।

३६ 'उपरिमनालङ्ग ग्राम' ...।

३७ यसको उदगमस्थल रत्नगिरी पहाडको महादेवपोखरी (रत्नह्रद तीर्थ) हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यस अभिलेखमा दुईजना दाजुभाइहरूको नामका अघिल्तिर लागेको 'हूं' अक्षरले तान्त्रिक बौद्ध धर्मको षडाक्षरी मन्त्र 'ॐमणि पद्मे हूं' लाई स्पष्ट संकेत गरेको छ ।[३८] के शैव के बौद्ध ! धार्मिक सम्प्रदायहरूमा तन्त्र सिद्धान्तले स्थान पाउँदै गएपछि सम्प्रदायभेद गौण हुन पुगी मिश्रित रूपको तन्त्रप्रधान साझा धर्म लोकप्रिय हुँदैं आएको कुरालाई पुष्टि गर्ने एउटा उत्कृष्ट उदाहरण यो मन्त्र पनि हो । अभिलेखीय दृष्टिले नेपालमा यो मन्त्रको प्रथम गुञ्जन नालाको यही अभिलेखमा आएको 'हूं' उच्चरणमा मिल्छ ।[३९]

अनेक शैव सम्प्रदायहरू मात्र नभएर बौद्ध धर्मको महायान र वज्रयान सम्प्रदायका दृष्टिले पनि बनेपा भेक आरम्भकालदेखि नै उल्लेख्य स्थलको रूपमा रही आएको छनक यस अभिलेखमा मिल्छ । नालामा नेपालका चार प्रसिद्ध भगवतीमध्येका एक नाला-उग्रचण्डी-भगवतीमन्दिर छ । यहीं सृष्टिकान्त लोकेश्वर पनि छन् । यसले पनि यस भेकको प्राचीनता र सांस्कृतिक गरिमालाई बढाएको छ । नालाका ढुङ्गा र जङ्गलले पनि काठमाण्डौं उपत्यकालाई मूर्त र अमूर्त सम्पदाले सजाएर, धानेर राखेको छ । त्यो आज पनि वर्तमान छ ।[४०]

३८ हरिराम जोशी, नेपालको प्राचीन अभिलेख, पूर्ववत्, पृष्ठ ५२७ । ' ...हूं अक्षरले त्यससमय महायानी बौद्ध जगतको षड्क्षरी महामन्त्र "ॐमणि पद्मे हूं" को व्यापक प्रचार रही व्यक्ति व्यक्तिको नाममा पनि त्यसले स्थान पाउन लागेको थाहा दिन्छ । '

३९ बौद्ध धर्ममा देखापरेका परिवर्तन एवं विकासक्रमलाई तत्समयदेखि नै बनेपाभेकले पनि आत्मसात् गर्दै आएको आभास यस मन्त्रले पनि गराएको छ । बौद्ध धर्मको महायान मन्त्रयानको सौम्य-मार्ग हुँदै मन्त्रमय तान्त्रिक संसारको चरम-उत्कर्षमा पुग्दा 'वज्रयान' कहलियो । नेपाल वज्रयानको केन्द्र नै बन्न पुग्यो । यहींबाट वज्रयान तिब्बतमा पुग्यो । उत्तरी नेपालमा लामा धर्मको रूपमा विकसित हुनपुगको वज्रयान पश्चिम नेपालमा पुग्दा हिन्दू र बौद्ध धर्ममा भेदभाव नराख्ने त्यहाँका खस शासकहरू यस धर्मका प्रवल उपासकका रूपमा देखापरे ।

४० बनेपाभेकको यो नाला प्रदेश घना वनजङ्गल जस्तो प्राकृतिक सम्पदाले पनि समृद्ध रही आएको छ । काठमाण्डौ उपत्यकाका तीनवटै शहरमा मनाइने इन्द्रजात्रा, विस्केटजात्राका लागि चाहिने सुरिलो सल्ला नाला वनबाट लाने परम्परा आज पनि वर्तमान छ । यस भेकमा पाइने उच्चकोटिका ढुङ्गाले पनि तीनवटै शहर प्रस्तरकलाले पनि सुन्दरीकृत हुनपुगेको छ । सांस्कृतिक-जीवनले बडो आस्था र विश्वासका साथ सुनाउँदै र मान्दै आएको कुरा संक्षेपा यस्तो छ : भक्तपुरका जीवितदेवता नवदुर्गा गणको उद्भवस्थान त नाला जङ्गल नै हो । भक्तपुरका एक तान्त्रिक ब्राम्हणले आफ्नो मन्त्रशक्तिका बलले नवदुर्गा गणलाई चल्नै नसक्ने गरी नालाको जङ्गलबाट उठाएर इष्टदेवीका रूपमा भक्तपुर लगेका हुन् ।

मध्यकालका अभिलेखबाट बनेपा चण्डेश्वरीलाई हेर्दा ......समग्रमा यो पूर्व मध्यकालतिर एक स्वतन्त्र देश, मुख्य शहर र सातगाउँको राजधानीनगरको रूपमा विकसित हुँदै गएको पाउँछौं । त्यसैगरी बनेपा-चण्डेश्वरी पनि अनेक उच्चतम तान्त्रिकस्वरूपमा उपास्य हुँदै सर्वत्र मूल-चण्डेश्वरीकै रूपमा सुविख्यात हुँदै गएको पाउँछौं ।

अनेक दृष्टिले बनेपाको महत्त्व मध्यकालमा पनि कम रहेन । पूर्वमध्यकालमा, भक्तपुरमा त्रिपुर राजदरबार सहितको राजधानी लगायत बनेपा सातगाउँ/शहर/देश बसाल्ने श्रेय पाएका राजा आनन्ददेव (ने.सं.२६७-८७) देखि उनका वंशज, नेपालको इतिहासमा सर्वप्रथम 'श्री ५' को उपाधि लिने जयार्जुनदेव[४१] (ने.स.४८१-५०२) हरू 'भ्वंत'-बनेपाली थिए । सातौं शताब्दीदेखि नै बनेपा भेक चण्डेश्वर+चण्डेश्वरी मत/संस्कृतिको प्रमुख स्थलको रूपमा रही आएको कुरा माथि गएको लिच्छविकालका अभिलेखका प्रसङ्गले प्रष्ट देखाइसकेको छ । अतः बनेपाका चण्डेश्वर+चण्डेश्वरी नेपालका आदि चण्डेश्वर+चण्डेश्वरी हुन् । चण्डेश्वरी-संस्कृतिको प्रवाहलाई परवर्तीकालका वंशावलीहरूबाट हेर्दा यिनको महिमा एवं उपासना स्वेष्टदेवीकै रूपमा आनन्ददेवको समयदेखि विशेष भएर आएको देखिन्छ । देवमाला वंशावली अनुसार आनन्ददेवले कलिगत संवत् ४१९७ (वि.सं.११५३) मा बनेपा-चण्डेश्वरीमन्दिर बनाउन लगाएका थिए ।[४२] देवमाला लगायत अन्य

४१ हरिराम जोशी, 'बनेपा', पूर्वोक्त, पृष्ठ ५४ ।

४२ योगी नरहरिनाथ(सं), देवमाला वंशावली, श्रीपीरमहन्त क्षिप्रानाथ योगिराज, मृगस्थली : पृष्ठ २४ । 'कलिगत ४१९७ वर्षमा श्रीराजा आनन्ददेवले बनेपा शहर चण्डेश्वरीका मन्दिर बनाई नित्यपूजालाई गुठिराखी आचार्यबाट नित्यार्चन गरायो ॥ वि.सं.१९९० माघ २ गते भुकम्प हुँदा केही भएन ।'

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वंशावलीहरूका अनुसार चण्डेश्वरीको आज्ञा पाएर आनन्ददेवले सोही समयमा बनेपासहित सातवटा देश/शहर बसालेका थिए।[४३]

जयस्थिति मल्लको पालामा सम्पादन गरिएको गोपालराजवंशावलीले पूर्वमध्यकालको सिङ्गो इतिहास बोकेको छ। तर त्यो घिउ रूपि इतिहास सोझो औंला रूपि अध्ययनले आउँदैन। त्यसको निमित्त घुमाउरो अध्ययन पनि चाहिन्छ। कुरा भक्तपुर-चण्डेश्वरीकै लिऊँ। यस वंशावलीमा कतै पनि चण्डेश्वरीको उल्लेख आएको छैन। 'चनिगल' को उल्लेख भने अनेक महत्त्वपूर्ण घटना वर्णनका क्रममा आएको छ।[४४] आनन्ददेवले बनाएको त्रिपुर राजदरबार चनिगल इलाकाभित्र थियो। यो कुरा यस विषयको अन्वेषणले देखाएको छ।[४५] भूमिसम्बन्धी तमसूक ताडपत्रहरूमा पनि एकनासले भने जस्तै चनिगलको चर्चा आएको छ। पूर्वमध्यकालमा निकै चर्चामा आएको चनिगलको वर्तमान रूप 'चासुख्यः' हो। यहाँ चण्डेश्वरीको मन्दिर छ। भक्तपुरको सांस्कृतिकजीवनले चण्डेश्वरीलाई 'चासु अजिमा' भनी पुकार्दै आएको छ। यसरी चण्डेश्वरीको इलाका भएको हुनाले पूर्वमध्यकालको सांस्कृतिक जीवनले यस इलाकालाई 'चनिगल' सम्बोधन गरेको कुरा निश्चित रूपले जानिन्छ। यति कुरा थाहा भएपछि चण्डेश्वरीको लोकप्रियता यसकालसम्म आइपुग्दा निकै नै बढी सकेको कुरा पनि खुल्न आउँछ। भक्तपुर-चण्डेश्वरी र बनेपा-चण्डेश्वरीबीच सांस्कृतिक सान्निध्यता एवं आदानप्रदान आज पनि जीवन्त रूपले चली आएको छ। यतावाट भक्तपुर-चण्डेश्वरीको मूलस्रोत पनि बनेपा-चण्डेश्वरी हुन् भन्ने बुझिन्छ। यसरी यतावाट पनि बनेपा-चण्डेश्वरीको प्राचीनता बोध हुन्छ।[४६] चण्डेश्वरीमन्दिरको भित्रपट्टिको

४३ पं.देवीप्रसाद लम्साल (सं.), भाषा वंशावली, भाग २, नेपाल राष्ट्रिय पुस्तकालय, काठमाडौं : पृष्ठ २०। 'यी राजाले ...चण्डेश्वरीका आज्ञा पाई वनेपुर (र अरू) नाम गरी देशहरू ७ गोटा ठाउं ठाउंमा वनाया।'

Daniel Wright, History of Nepal, Low Price publications, Delhi: pp. 110.' ...the Raja having obtained the favour and directions of Chandeswari, founded seven towns; viz. Banepur, near Chandeswari Pitha ; Panavati, near the Prayaga Tirtha of Nepal, celebrated in the Shastras, on the site where Panchala-des formerly stood; Nala, near Nala Bhagavati; Dhaukhel, near Narayana; Khadpu, near Dhaneswari; Chaukot, near the residence of Chakora Rishi; and Sang, near Nasika Pitha.'

द्रष्टव्यः गोपालराजवंशावली (३१ पत्र) अनुसार आनन्ददेवको जन्म ने.सं.२१९ (वि.सं.११५६) मा भएको हो। परवर्तीकालका वंशावलीहरूमा यिनले चण्डेश्वरीमन्दिर बनाएको र बनेपा लगायत सात शहर बसालेको कलिगत ४१९७ (वि.सं.११५३) मेल खाँदैन। यी कुरा बेग्लै अध्ययनका विषय हुन सक्छन्।

४४ धनवज्र वज्राचार्य, कमल प्रकाश मल्ल, गोपालराजवंशावली, फ्रान्ज स्टेनर वेरलाग् वेशवादेन, १९८५ ई.सं., ४१, ४३, ४५, ४६, ४९, ५५, ५८ पत्रहरू।

४५ डा.पुरुषोत्तमलोचन श्रेष्ठ, त्रिपुर र युथुनिमम् राजकुल, भक्तपुर नगरपालिका, भक्तपुर : पृष्ठ १-१५।

४६ चण्डेश्वरी अन्यत्र पनि छन् तर 'चण्डेश्वरी' नामले मात्र पनि बनेपा-चण्डेश्वरीको प्रथम-स्मरण एवं मानस-दर्शन भईहाल्छ। चण्डेश्वरी माई भक्तपुरको टिवुक्छे-चासुखेल, ललितपुरको पिंवहाल र काठमाण्डौको टोखामा छन्। यी चण्डेश्वरीस्थानहरूमा हालसम्म प्राप्त प्राचीनतम अभिलेखहरूमा पिंवहाल-चण्डेश्वरीस्थानको ने.सं.७८३ को अभिलेख, टोखा-चण्डेश्वरीस्थानको ने.सं.७९३ को अभिलेख, बनेपा-चण्डेश्वरीस्थानको ने.सं.८३५ को अभिलेख र चासुखेल-चण्डेश्वरीस्थानको ने.स.८४८ को अभिलेख देखिन आएका छन्।[क] विचारणीय कुरा के छ भने यी मध्येका कुनै पनि अभिलेखमा चण्डेश्वरीको स्थापना/प्रतिष्ठा विषयका कुरा परेका छैनन्। अतः अभिलेखमा आएको संवत्कै भरमा मात्र फलाना स्थानको पुरानो हो भनी व्याख्या गर्नु गलत कुरा हो। एक स्थानका प्रसिद्ध देवदेवीलाई गुह्य तान्त्रिक विधिपूर्वक आव्हान गरी तिनका प्रतिमूर्तिलाई अन्यत्र पनि लगी स्थापना गर्ने प्रवाह खासगरीकन चौधौं शताव्दीदेखि निकै चलेर आयो। उपत्यकाका चण्डेश्वरीहरू यस कुराका अपवाद होइनन्। उदाहरण पिंवहालकी चण्डेश्वरीलाई नै लिऊँ। जनश्रुति अनुसार यी चण्डेश्वरीलाई ललितपुरका प्रख्यात तन्त्रविद् गयोजुजुले बनेपाबाट साधन गरी ल्याई स्थापना गरेका हुन्। सोही अनुरूप चण्डेश्वरीलाई साधन र अनुष्ठान गरी ल्याउने परम्परा आजसम्म पनि चलेकै छ।[ख]

बनेपाका विद्वान श्री ज्ञानकाजी मानन्धरज्यूले बनेपाबाट ने.सं.५११ (वि.सं.१४४८) को एउटा महत्त्वपूर्ण ताडपत्र फेला पारी त्यसलाई प्रकाशमा ल्याउनु भएको छ। सो ताडपत्रको तेस्रो पंक्तिमा आएका देवताहरू 'चंदेश्वर' र 'एन्द' हुन्। उहाँले सो ताडपत्रको अनुवादमा 'चन्देश्वरयात नेन्हु' लाई 'चण्डेश्वरी जात्राय् निन्हु (चण्डेश्वरी जात्रामा दुई दिन)' र एन्द यात न्हसन्हु' लाई 'इन्द्रजात्राय् न्हयेन्हु' (इन्द्रजात्रामा सात दिन) पढी 'चण्डेश्वरी सम्बन्धी आःतक्क

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

द्वार-चौकोसको ने.सं. ९५१ को अभिलेख

नेपाली छाने शैलीमा निर्मित तीनतले चण्डेश्वरीमन्दिर उत्तराभिमुख छ। यस मन्दिरको मूलप्रवेशद्वारको भित्रपट्टि अर्को काष्ठनिर्मित द्वार छ।[४७] सो द्वारको चौकोसको शिर्षभागको बीचमा धातुको आलीढ मुद्रामा उभिएकी अष्टभुज देवीको मूर्ति छ। यो भाग सुनको मोलम्मा लाएको धातुको पाताले मोडिएको छ। त्यहाँ १ पंक्तिको, प्रचलित नेवारी लिपिमा कुँदिएको अभिलेख छ :

ॐ स्वस्ति श्री ३ चण्डेश्वरीदेवताप्रीतिन. श्री श्री श्रीमहाराजा राजेन्द्रविक्रम शाहदेवया जय मानय याङागु वन्दिकापुल महानगरया, जेतवर्ण्णमहाविहार, न्हुलवहालया, शाक्यभिक्षु बुद्धाचार्य, जयवीर भाजु मनरत्न धनभाजु.पति, हर्ष चुकुटि, मूति, जसलक्ष्मि, ग्यान्दलक्ष्मि, मात्यलक्ष्मि थ्वते भोछिं प्रमुषन सिजल धातुस लुन, सियाओ तोलण दुता जुलो, सम्वत् ९५१ फागुन शुदि १३ लोज ५ शुभ ॥ मुनि चाता

ने.सं.९५१ (वि.सं.१८८८) मा बनेपा महानगर, जेतवर्ण महाविहार, न्हुलवहालका शाक्यभिक्षु बुद्धाचार्य, जयवीरहरूले श्री३ चण्डेश्वरीदेवीलाई प्रीति गरी सुनको मोलम्मा लाएको तोरण चढाएका रहेछन् भन्ने कुरा यो अभिलेखबाट थाहा पाइन्छ।

पछिल्लो कालकै भएपनि चण्डेश्वरीमन्दिरमा यो अभिलेख प्राप्त हुनुले चण्डेश्वरीलाई समन्वयात्मक-धार्मिक दष्टिले बुझ्न मद्धत मिलेको छ। यसले पनि बनेपा भेकको महत्त्व र गरिमालाई बढाएको छ। के बौद्ध ! के शैव ! उही देवता ! मध्यम कुरा त मनले हेर्ने,मान्ने भाव र श्रद्धा रहेछ। यो विश्वमा धार्मिक समन्वय र सांस्कृतिक एकताको अतुल्य देश नेपाल नै रही आएको छ। यो पनि नेपाली संस्कृतिको एक वैशिष्ट्य हो। यस कुराको एक

प्राप्त जूगु अभिलेखय् थ्व अभिलेख हे दकसिलय् पुलांगु जुयाच्वंगु दु।' (चण्डेश्वरी सम्वन्धी आजसम्म प्राप्त अभिलेखहरूमा यो अभिलेख नै सवभन्दा पुरानो हुनआएको छ) भन्नुभएको छ।[ग] तथ्य कुरा के हो भने यस ताडपत्रमा आएका 'चंदेश्वर' चण्डेश्वरी होइनन् 'चण्डेश्वर' नै हुन्। 'यात' ले जात्रा भन्ने अर्थ नलाग्ने होइन। गोपालराजवंशावलीको ६१ पत्रमा आएको 'सायात कोन्हु' ले गाईजात्राको दिनमा भन्ने अर्थ जनाएको छ। प्रसङ्ग जात्राको हो तापनि यस ताडपत्रमा जुन आशयमा 'यात' आएको छ, त्यसको अर्थ 'चण्डेश्वरीजात्रा' 'इन्द्रजात्रा' नभएर 'चण्डेश्वरलाई', 'इन्द्रलाई' भन्ने अर्थमा आएको हो भन्ने मलाई लाग्छ। जे होस् ! यस ताडपत्रमा चण्डेश्वर नै आएका हुन् तापनि चण्डेश्वर सम्वन्धी यो सवैभन्दा पुरानो होइन, आजसम्म प्राप्त सवैभन्दा पुरानो बनेपा दछुटोलको हामीले माथि चर्चा गरिसकेको शिवदेव+अंशुवर्माको अभिलेखमा आएका 'चन्द्रेश्वर' नै हुन् भन्ने देखिनआएको छ। गोपालराजवंशावलीको ३९ पत्रमा ने.सं.३५२ (वि.सं.१३०७) को वर्षका महत्त्वपूर्ण घटना वर्णनका क्रममा, बनेपाको चण्डेश्वरक्षेत्रमा किल्ला बनाउने कुराका क्रममा पनि 'चण्डेश्वर'को चर्चा आएको छ। मलाई लाग्छ यो चण्डेश्वर बारेको हालसम्म प्रकाशमा आएको दोस्रो अभिलेख-प्रमाण हो। यस ताडपत्रमा आएको 'चंदेश्वर'ले पनि प्रकारान्तरमा हामीलाई लिच्छविकालमा मात्र नभएर पूर्वमध्यकालको सांस्कृतिक जीवनमा पनि उत्तरमल्लकालको ललितपुर चण्डेश्वरीस्थानको ने.सं.७८३ को अभिलेखले 'शिवशक्तिस्वरूपाय व्यापिनि' भनेर स्तुति गरे झैं शिवशक्तिस्वरूपमा चण्डेश्वर+चण्डेश्वरी अनवरत रूपले उत्तिकै लोकप्रिय रही आएको कुरा निश्चित रूपले जानिन्छ। जहाँ चण्डेश्वर छ, त्यहाँ चण्डेश्वरी पनि छ र जहाँ चण्डेश्वरी छिन् त्यहाँ चण्डेश्वर पनि छन् भन्ने कुरा बिर्सनु हुन्न। बनेपा चण्डेश्वरीमन्दिरलाई नै हेरौं न ! यिनको गर्भस्थानको वायाँपट्टि वा भनौं यिनको हृदयमाझमा (पश्चिमपट्टिको भित्तामा चित्रित भैरव) विशाल रूप लिएर तिनको साथमा उभिन आएकै छन्। हरेक वर्ष पुनःचित्रण गर्ने परम्परालाई आधार मान्दा नेपालमा हालसम्म पाइएका भैरवका प्राचीनतम र सवैभन्दा विशाल भित्तेचित्र पनि यही नै देखिन आएको छ। नील वर्णका यी भैरवलाई चण्डेश्वरीका साथमा सो पीठ+मसान परिसरलाई समेत पृष्ठभूमिमा राखेर हेर्दा त्यहाँ हामी चण्डेश्वर+चण्डेश्वरीलाई महादेव+महादेवी, महाकाल+महाकाली, मसानभैरव+भैरवी जस्ता उच्च तान्त्रिक स्वरूपमा समेत अनुभूत गर्न सक्तछौं। यसो हुँदा मानन्धरले यी भैरवलाई मिनाग भैरव, चण्डेश्वरीभैरव, मसानभैरव, कालभैरव भनी लेखेको कुरा तथ्यपूर्ण लाग्छ।[घ]

[क] श्यामसुन्दर राजवंशी, 'चण्डेश्वरी पीठहरूसित संलग्न केही अभिलेखहरू', चण्डेश्वरी, २०५०, पृष्ठ ३१-४७।

[ख] ईश्वरमान सिन्या, 'ललितपुर पिम्वहालस्थित श्री चण्डेश्वरी मन्दिर' चण्डेश्वरी, २०५०, पृष्ठ ७१।

[ग] ज्ञानकाजी मानन्धर, मानन्धरतय्गु विषय छुं खँ ..., केन्द्रीय मानन्धर संघ, यें : ने.सं.११३३, पृष्ठ ९०-९१।

[घ] ज्ञानकाजी मानन्धर, बनेपा-स्तवन, सुखवेती मानन्धर, बनेपा : २०६३, पृष्ठ ३५।

४७ यसले हामीलाई चण्डेश्वरीमाईको पुरानो मन्दिरको झझल्को गराउँछ। मन्दिरका पुजारी न्हुछेलाल कर्माचार्यका अनुसार यो द्वार तोरणले सजिएको थियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अनुपम नमुना बनेपा-चण्डेश्वरी पनि हुन् ।[४८] मलाई लाग्छ, यस अभिलेखबाट प्राप्त हुने प्रतीत-सन्देश यो पनि हो ।

चण्डेश्वरीमन्दिरको गर्भस्थानको सानो मन्दिरको ने.सं. ८०१ को अभिलेख

चण्डेश्वरीमन्दिरको गर्भस्थानमा आकृति नभएको रूखको फेद नै मूल चण्डेश्वरी हुन् । चम्पक वृक्षभित्र पसेकी देवी भगवतीलाई मार्न भनी चण्डासुर दैत्यले चाँपको रूखमा खड्गले प्रहार गर्दा अष्टभुजा भएकी, सिंहवाहिनी भगवती प्रकट भइन् । तिनले चण्डासुरलाई खड्ग प्रहार गरी मारिन् । यसरी चम्पक वृक्षको फेदबाट प्रकट भएको आख्यान अनुरूप गर्भस्थानको सो फेदलाई नै मूल चण्डेश्वरी मानी पूजा उपासना गर्ने रीतिपरम्परा रही आएको छ ।[४९]

आकृति नभएको मूल चण्डेश्वरी चार तहको तोरणले सजिएको छ । चण्डेश्वरीको आकृतिविहीन भाग रजतको त्रिनेत्रले युक्त छ । त्यसको शिर्षभागमा रजतमुकट छ । सो मुकुटको मध्यभागमा एक शिर, अष्टभुज भगवतीका पाँचवटा सुनका स-साना मूर्तिहरू कुँदिएका छन् । ती मूर्तिमाथि कलशाकृति पनि छ । गलामा लाएको रजतको सर्पाहारले चण्डेश्वरी सुहाइरहेकी छिन् ।[५०] त्यसैगरी यिनले जन्त्रमाला, पैसामाला पनि लाएकी छिन् । यसरी वस्त्र आभूषणले सजिएकी यी चण्डेश्वरीमाईको पनि पार्श्वभागमा करीब सात फिट जति अग्लो खट आकारको तामाको पाताले मोडिएको, तामाकै छाना भएको दुईछाने मन्दिर छ ।[५१] सो मन्दिरको माथिल्लो छानाका चारै दिशामा चतुर्मुख शिवलिङ्गकै प्रतिमालक्षण अनुसार दायाँ हातले अक्षयमाला र बायाँ हातले कमण्डलु लिएका चार शिव-मुखाकृति देखार्पछन् ।[५२] चण्डेश्वरीमाई शिवशक्तिस्वरूपिनी हुन्, महादेवी हुन्, भन्ने कुराको प्रतिकात्मक पुष्टि यताबाट पनि मिल्छ ।

सो मन्दिरको शीर्षमा छत्रयुक्त गजुर छ । त्यसदेखि माथि पित्तलको चँदुवा टाँगिएको छ । यस मन्दिरको पहिलो तलाको छानामा मोडिएको ताम्रधातुको पातामा निम्न अभिलेख कुँदिएको छ :

...भाजु[५३] राँ भागिराम प्रधानाङ्गया वेरस भोटया पञ्चसमुच्चयनं थ्व रथ दयकरा जुरो ।। ।। श्रीशकराज संवत १६०३, कलिगत ४७८२ श्रीविक्रमादित्य सं १७३८ शु (भं)[५४]

...भागिराम प्रधानाङ्ग भएको वेलामा बनेपाका पञ्चसमुच्चयले सो रथ (दुईछाने मन्दिर) वि.सं.१७३८ मा बनाएर राखिदिएको कुरा सो अभिलेखबाट जानिन्छ।

४८ हिन्दूहरूको 'शिवशक्तिमय' तान्त्रिक संसारमा चण्डेश्वरी आदिशक्ति महादेवी हुन्, महाकालका शक्ति महाकाली/चण्डमुण्डहन्ता चामुण्डा हुन्, कुब्जिका/दुमाजु हुन् । गुह्यश्वरी हुन् । मसानभैरवी हुन् ...। महाकाली+महालक्ष्मी+महासरस्वती, दुर्गा, भगवती, कुमारी इत्यादि जुन रूपमा हेर्छौं, त्यही रूपमा पाउँछौं । चण्डेश्वरीको 'सर्वव्यापिनी' मूल विशेषता यही लाग्छ । वौद्धहरूको तान्त्रिक संसार 'वज्रयान' को भावदृष्टिले नै हेरौं न ! उनै चण्डेश्वरीमाई एकजटी, तारा, नीलतारा, आर्यतारा, उग्रतारा, वज्रयोगिनी आदि रूपमा दर्शनीय हुन आइपुग्छिन् । यदि त्यसो नहुँदो हो त तत्कालीन वनेपाराज्यका शक्तिशाली शासक मदनरामवर्द्धनले आफूलाई 'श्रीएकजटीचरणसेवक' भनेर गौरवान्वित हुने पनि थिएनन् ।

४९ सूर्यचन्द्र वादे श्रेष्ठ, श्री चण्डेश्वरी माहात्म्य, श्री चण्डेश्वरी मन्दिर पुनःनिर्माण तथा छाना सुधार समिति, बनेपा : १०६२, पृष्ठ १-९ ।

५० चण्डेश्वरीमन्दिरका पूजारी न्हुच्छेलाल कर्माचार्यका अनुसार यी सर्प ज्यादै शक्तिशाली 'मीनाग' हुन् ।

५१ चण्डेश्वरीमन्दिरका पूजारी न्हुच्छेलाल कर्माचार्यका अनुसार सो मन्दिरभित्र भगवती चण्डेश्वरीको मूर्ति छ । गुह्य रूपमा प्रतिष्ठापित यस मूर्तिलाई तान्त्रिक विधिपूर्वक गुह्य रूपमै दीक्षित कर्माचार्य पूजारीहरूले मात्र पूजा गर्ने परम्परा छ । सो मूर्ति काठ वा धातु के को हो त्यो कुरा जान्न खोज्दा उहाँले 'भन्न नहुने' भने पछि यस वारेमा बढ्ता कुरा जान्न सकिएन ।

५२ डा.पुरुषोत्तमलोचन श्रेष्ठ, भक्तपुर राजदरबारस्थित राष्ट्रिय कला संग्रहालयका कलाकृति विवरण, राष्ट्रिय कला संग्रहालय,भक्तपुर : २०६३, पृष्ठ ४०-४१ । 'चतुर्मुख शिवलिङ्गको मुखस्थिति (नाम, दिशा, आम्नाय र प्रतीक) यस प्रकार रहेको विदित हुन्छ (क) सद्योजात वा महादेव -पूर्व,पूर्वाम्नाय, पृथ्वीतत्त्व (ख) तत्पुरुष वा नन्दीवक्त्र - पश्चिम, पश्चिमाम्नाय, वायुतत्त्व (ग) अघोर वा भैरव - दक्षिण, दक्षिणाम्नाय, अग्नितत्त्व (घ) वामदेव वा उमावक्त्र - उत्तर, उत्तराम्नाय, जलतत्त्व ।'

५३ यस शब्दका अघिल्तिर पनि केही अक्षर वा शब्द हुनुपर्छ जुन गारोभित्र धस्न पुगेकोले पढ्न सकिएन ।

५४ यहांको पाता उप्किएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

तत्कालीन भक्तपुर राज्यका राजा जितामित्र मल्ल (वि.सं.१७२९-१७५३) का प्रभावशाली प्रधानमन्त्री भागिराम प्रधानाङ्ग थिए। यतिबेला बनेपा भेक भक्तपुर राज्य अन्तर्गग नै थियो भन्ने कुरा यस अभिलेखले देखाएको छ।[५५]

निष्कर्ष

बनेपा भेकमा (सातग्रामप्रदेश र वरपरका इलाका) किरातकालतिरै अनेक नामका बस्ती बसिसकेका थिए। लिच्छविकालमा ती बस्तीहरू अझ बढ्ता विकसित हुँदै आए। बनेपा भेक पूर्वकालदेखि नै पूर्वबाट नेपाल-उपत्यका पस्ने व्यापारिक ढोकाको रूपमा रही आएको छ। त्यो प्राचीन गौरव आज पनि वर्तमान छ। बनेपा दछुटोलको शिवदेव+अंशुवर्माको अभिलेखमा बनेपाका तत्कालीन गृहस्थीहरूलाई कुशल मङ्गल सोध्ने क्रममा बनेपाको तत्कालीन नाम अवश्य सो अभिलेखको तेस्रो पंक्तिमा सम्बोधित भएको कुरा निश्चित रूपले जानिन्छ। तर दुःखको कुरो छ ! त्यहाँ त्यही नाम भएका अक्षर मेटिइसकेका कारण बनेपाको प्राचीन नाम जान्नबाट हामी वञ्चित भएका छौं। त्यसो भए तापनि यहाँ 'तेखंदुल्' नामको किरातकालिक बस्ती थियो, 'गोटन' नामको क्षेत्र थियो, यहाँ 'धेलन्ती' नामको नदी बग्दथ्यो भन्ने कुरा थाहा पाउनु पनि हाम्रो लागि महत्त्वपूर्ण हुनआएको छ। बनेपा भेकका लिच्छविकालका अभिलेखमा आएका जनभाषाका शब्दले पनि नेपालभाषाको व्यापक प्रचलन किरातकालदेखि नै रही आएको कुरा थाहा पाइन्छ। यहाँ अनेक तैल्यशालाहरू र तिनका मालिक सालमीहरू (मानन्धर) थिए। तेलका लागि यो भेक किरातकालदेखि नै प्रख्यात रही आएको थियो। तेल पेल्ने यन्त्र 'कोल' (साल) हो। यसर्थ परम्परित पेशा अपनाउँदै आएका कोलमालिक 'कोली' हुन् भन्ने कुरा जानिन्छ। नेपालका प्राचीन, प्रसिद्ध जातिमा कोली पनि पर्दछन्। कोलीग्रामको उल्लेख लिच्छविकालको अभिलेखमा आएको छ। यताबाट प्राचीन कालका कोलीहरू मानन्धरहरू रहेको विदित हुन्छ।[५६] यी परिश्रमी र स्वावलम्वी एवं आत्मनिर्भर जातिको रैथाने थलो काठमाण्डौ उपत्यका मात्र नभएर बनेपा उपत्यका/बनेपा भेक पनि थियो भन्ने कुरा पनि यसै प्रसङ्गमा जानिन्छ।

इतिहासको हरेक महत्त्वपूर्ण कालखण्डमा अनेक पक्षमा बनेपाले राज्यस्तरमै अग्रणी भूमिका निर्वाह गर्दै दूरगामि प्रभाव पार्दै आयो। यस

५५ लिच्छविकालमै सांग्रामिक सुरक्षाको दृष्टिले किल्ला रूपमा विकसित बनेपा मध्कालको पूर्वार्द्धतिर आईपुग्दा राजनैतिक दृष्टिले निकै सक्रिय, शक्तिशाली एवं प्रभावशाली बन्नपुगेको कुरा यस विषयका ऐतिहासिक सामग्रीबाट विदित हुन्छ। गोपालराजवंशावलीमा, शिवदेवका पालामा भोतान्तदेश (बनेपादेश)ले आक्रमण गरेको (२१ पत्र) र वसन्तदेवपछि भोटका राजा (बनेपाका राजा) आएर नेपालमण्डलमा राज्य गरेको कुरा (२३ पत्र) परेको छ। भक्तपुरमा त्रिपुर राजदरवारसहित राजधानी वसाल्ने आनन्ददेव लगायत जयार्जुनदेवहरू बनेपाली थिए भन्ने कुराको चर्चा माथि पनि गएको छ। जयार्जुनदेव (वि.सं.१४१८-१४३९) को पालासम्म नेपालमण्डलको शासन र राजनीतिमा बनेपाली राजकुल 'भोन्तश्री राजकुल' प्रभावशाली रही आएको देखिन्छ। जयार्जुनदेवलाई बनेपा धपाएपछि शक्तिशाली एकराजको रूपमा जयस्थिति मल्लले शासन गरे, नयाँ मल्ल वंशको शासन शुरू भयो। तापनि बनेपाको राजनैतिक सांस्कृतिक गरिमा र सक्रियतालाई शक्तिशाली रामवर्द्धन परिवारले कुनै न कुनै रूपमा निरन्तरता दिइरहन सफल भएको देखिन्छ। यक्ष मल्ल (वि.सं. १४८५-१५३९) को मृत्युलगत्तै आएको राजनैतिक विखण्डनले बनेपा रण मल्लको पालामा स्वतन्त्र राज्यको रूपमा देखा पऱ्यो। त्यसपछि भने यो भक्तपुर राज्यको अधीनमा रही आयो। यद्यपि वेलावखतमा कान्तिपुर राज्यले आक्रमण गरी बनेपा सातगाउँमाथि अधिकार कायम गरेको पनि देखिएको छ। केदारनाथ प्रधान, बनेपाको ऐतिहासिक रूपरेखा, पूर्ववत्, पृष्ठ ५६। 'भोन्तश्री राजकुल प्रष्टरूपमा १२२६ ई.देखि सत्तामा रहेको देखिन्छ। अरिमल्लको समय (१२०७-१२१६ ई.), अभय मल्ल (१२३०-१२५५ ई.), अनन्त मल्ल (१२७४-१३१० ई.) लाई छोडेर १२१६ ई.देखि १३८० ई. सम्म नेपालको राजनीतिमा भोन्तश्री राजकुल प्रभावशाली रहेको देखिन्छ।'

५६ प्रसिद्ध विद्वान स्व.ठाकुरलाल मानन्धरको विचारलाई ज्ञानकाजी मानन्धरले बनेपा स्तवनमा प्रस्तुत गरेको निम्न उद्धरण यहाँ प्रासङ्गिक लाग्छ : 'सिकन्दर भारतमा हमला गर्न आउँदा मिलान्डरहरू (मानन्धरहरू) अगाडि राखेर युद्ध गर्न आए। उनीहरू युद्धध्वजा लिएर अगाडि बसी युद्धका लागि चाहिने नाप (**Measurement**) को हिसाब गरिदिन्थे। पछि सिकन्दर ग्रीसमा फर्के र मिलान्डरको एक समूहलाई त्यहीं छाडिदिए। ती मिलान्डरहरू यहाँ नेपालमा आए। उनीहरू कालिगढ हुन्। ती मिलान्डर भनेका हामी नै हौं।' ज्ञानकाजी मानन्धर, बनेपा-स्तवन, पूर्ववत्, पृष्ठ ६८।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भेकले यस्ता शक्तिशाली ऐतिहासिक व्यक्तित्वहरू पाए जसले सारा नेपाली जनता र शासकवर्ग समेत ऋणि रहेको कुरालाई अतिशयोक्ति मानेर नकार्न सकिन्न । अंशुवर्माले बनेपाकै भूमिबाट सर्वप्रथम 'महाराजाधिराज' को राजकीय परम्परालाई चलाए । पूर्वमध्यकालमा नेपालको राजधानी भक्तपुरमा बसाली त्रिपुर राजदरबार बनाउने र बनेपा सातगाउँ बसाल्ने श्रेय पाएका राजा आनन्ददेव भोन्त थिए । उनकै कारण भक्तपुरले तीनसय वर्ष भन्दा बढी समयसम्म समग्र नेपालमण्डलको राजधानीशहर बन्ने सौभाग्य पाएको थियो । त्यसो हुँदा भक्तपुर राजनैतिक दृष्टिले मात्र नभएर सांस्कृतिक मूल थलोकै रूपमा समेत देखापरेको थियो । यो विद्याकै केन्द्र समेत बन्नपुगेको थियो । अंशुवर्माभन्दा अझ एक कदम अघि सरेर भोन्त जयार्जुनदेवले 'श्री ५' को परम्परा नै चलाइदिए । पशुपतिनाथको लिङ्गलाई बंगालका सुल्तान समशुद्धीनका सैन्यहरूले तीन टुक्रा पारेर ध्वस्त पार्दा सारा जनताहरूको मन अवश्य पनि रोएको हुनुपर्छ, आँसु झरेको हुनुपर्छ । त्यस्तो अवस्थामा पशुपतिनाथको लिङ्ग पुनः प्रतिष्ठापन गरिदिएर उनीहरूको दुखेको मनलाई सुम्सुम्याएर बगेको आँसुलाई पुछि पशुपतिनाथको धर्म संस्कृतिलाई पुनः संस्थापन गर्ने महान व्यक्तित्व अरू कोही नभएर बनेपाका शक्तिशाली शासक जयसिंहरामवर्द्धन नै थिए । बनेपा भेकलाई बिर्सेर न त नेपालको इतिहास नै चलेको छ न त संस्कृति नै । बनेपा भेकको नालाप्रदेशले काठमाण्डौ उपत्यकालाई कम्तिमा पनि उत्तरलिच्छविकालदेखि नै सुरिलो सल्लाका रूखहरू दिएर सांस्कृतिक कच्चापदार्थ उपलब्ध गराउँदै सांस्कृतिक गुन लगाउँदै आएको छ । यदि त्यो गुनलाई बिर्सने हो भने तीनवटै शहरका बिस्केट जात्रा र इन्द्रजात्रा चल्दैन, ठप्पै हुन्छ । यही प्रदेशमार्फत बनेपा भेकले नवदुर्गा-संस्कृति पनि त दिएको छ । त्यही संस्कृतिले पनि विशेषगरी भक्तपुर धनी भएको छ, भक्तपुरलाई चिनाएको छ ।

बनेपा भेक विशेषगरी सातौँ शताब्दीदेखि तान्त्रिक स्वरूपका धार्मिक सम्प्रदायहरूको प्रमुख पवित्रस्थलको रूपमा रही आएको विदित हुन्छ । मुण्डशृङ्खलिक पाशुपत र सोमसिद्धान्त सम्प्रदायको मूल थलोकै रूपमा यो भेक देखापरेको थियो । सोमसिद्धान्त सम्प्रदायका मुख्य देवता चण्डेश्वर हुन् । यस सम्प्रदायका अनुयायीहरू चण्डेश्वरलाई उनका शक्ति चण्डेश्वरीसहित पुजाअर्चना गर्दथे । यस सम्प्रदायको मूल विशेषता यो हो । बनेपा-चण्डेश्वरी कति प्राचीन छ भनी हामीले तिनलाई छामछुम गरी फर्केर हेर्दा दछुटोलको शिवदेव+अंशुवर्माको सातौं शताब्दीको अभिलेखमा आएका चन्द्रेश्वरलाई भेट्टाइहाल्छौं । यिनै चन्द्रेश्वर/चण्डेश्वरमा हामी चण्डेश्वरीलाई पनि निश्चित रूपले अनुभूत गर्न सक्छौं । चण्डेश्वर होस् वा चण्डेश्वरी ! दुवै एक भएर पनि 'दुई' भएका छन् दुई भएर पनि एकै हुन् । दुवको बासस्थान पनि एकै स्थानमा छ जहाँ उनीहरूलाई मनपर्ने श्मशान पनि छ । अभिलेखीय प्रमाणलाई विचार गर्दा पशुपति छत्रचण्डेश्वरभन्दा पनि पुरानो बनेपा दछुटोलका चण्डेश्वर देखिनआएका छन् । यस आधारमा पनि चण्डेश्वर/चण्डेश्वरी मत वा संस्कृतिको आदिस्थान बनेपा नै रहेको र बनेपाका चण्डेश्वर+चण्डेश्वरी मूल हुन् भन्ने कुरा सिद्ध हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उत्तर पृथ्वीनारायणकालिक नेपाल-तिब्बत व्यापार सम्बन्धमा टक्सारीको भूमिका

- देविचन्द्र श्रेष्ठ*

नेपालमा-तिब्बत सम्वन्धको इतिहास जसरी जुन रूपमा व्यक्त गर्नुपर्ने हो त्यसरी भएको छैन । त्यतिखेरको यस सम्वन्धले नेपाल र चीनका वीचको ऐतिहासिक सम्वन्धमा पनि यथेष्ट प्रकाश पार्ने कडी सावित हुने कुरा स्पष्ट छ। यसरी नेपालको चीनसित सम्बन्धको ऐतिहासिक धारमाथि प्रकाश पार्ने भएर नै नेपाल र तिब्बत सम्वन्धको ऐतिहासिक पक्ष उजागर गर्दै रहनु पर्छ। यसले वर्तमान सम्वन्धलाई थप मजवूत गर्नेतर्फ पनि उत्तिकै सहायक भूमिका निर्वाह गर्ने स्वत: सिद्ध छ ।

इतिहासको मध्यकालमा नेपाल मण्डल छँदा कान्तिपुरले तिब्बतमा चढाई गरी त्यहाँ प्रभाव जमाएका थिए तापनि तिब्बती धर्म शासनले भने नेपाल मण्डलका तीन ओटै मल्ल राज्यहरूबाट आउने व्यापारिक गुमस्ताहरूलाई उत्तिकै स्थान दिने गरेको पाइन्छ। यसकै फलस्वरूप कान्तिपुरको मुद्रा मात्र होइन, भक्तपुर तथा ललितपुर राज्यका राजकीय मुद्रा चाँदीका मोहर पनि तिब्बती अर्थतन्त्रमा ग्राह्य भएका पाइन्छन्। गोर्खा राज्यको मुद्रा भने तिब्बतमा धेरैपछि मात्र ग्रहण गरेका थिए पृथ्वीनारायण शाहको अथक प्रयासकै फलस्वरूप ।

पछिल्लो पटक यसरी गोर्खा मुद्रा तिब्बतमा चलाउन पनि पृथ्वीनारायण शाहले कान्तिपुरका राजा जयप्रकाश मल्लको सहायता मागेका थिए । तर मौद्रिक नीतिमा फरक पर्नाले गोर्खा मुद्राको चलन चल्तीमा तिब्बतले विभेद गर्न थालेको पनि भेटिन्छ। यसै मामिलामा तिब्बती लामाहरूसित पृथ्वीनारायण शाहको मत मिलेको थिएन । त्यसमाथि नेपाल मण्डलका मल्ल राज्यहरू सबै पृथ्वीनारायण शाहको हातमा परेपछि नेपालमाथि गोर्खाली आधिपत्य स्वीकार गर्नैमा तिब्बतले अडचन थाप्न लागे। कमसल मल्ल मुद्राहरूको क्षतिपूर्ति गोर्खाली शासनले दिनुपर्ने तिब्बती माग अघि सारेपछि झन् कुरा मिल्न सकेन । अर्कोतिर, पृथ्वीनारायण शाह पूर्वका सेन राज्यहरू दखल गर्नमा व्यस्त रहनु पर्दा तिब्बती मागतर्फ उनले ध्यान दिन पनि सकेन ।

यस्तै संक्रमणको व्यवस्थामा उता भारत भूमिमा आफ्नो साम्राज्य विस्तार गर्ने काममा लागिपरेका अंग्रेजहरूको दृष्टि तिब्बतमाथि पऱ्यो । त्यतिखेर जर्ज वोगलको नेतृत्वमा अंग्रजहरूले एउटा दूतमण्डल तिब्बतमा पठाएर यसले सिगात्छेमा रहेको टासी ल्हुन्पो गुम्वाको मुख्य लामा पाल्देन येशे कहाँ पुगे । यिनै प्रसिद्ध लामा पाल्देन येशेको सम्पर्क नेपालका नवोदित राजा पृथ्वीनारायण शाहसित पनि बढिराखेको थियो । त्यसै वखत, नेपाली दूतमण्डलमा भीमल गिरीका चेला लाल गिरीको नायकत्वमा सिगात्छे पुगेर पाल्देन येशेलाई भेट गरे । यसबाट पृथ्वीनारायण शाहको सन्देश पाल्देन येशेले पाइसकेको हुँदा उनी पनि नेपाल प्रति चनाखो रहनु स्वभाविक छ । तर लाल गिरी त्यहाँ

*आर्थिक इतिहासविद् हुनुहुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पुगेकै वखत नेपालमा भने पृथ्वीनारायण शाहको मृत्यु भएर ठूलो संकटको घडी देखापऱ्यो । यसले नेपालको तिब्बतसित विद्यमान व्यापार सम्बन्धमा गतिरोध पैदा गर्दा नयाँ राजा प्रतापसिंह शाहले यसमा प्राथमकिता दिएको पाइन्छ । तिब्बतलाई अंग्रेजको नीतिदेखि विमुख गराउनु पनि उनको अभीष्ट थियो । यसरी उत्तर पृथ्वीनारायण कालिक नेपाल-तिब्बत सम्वन्धको ऐतिहासिक अध्ययन पनि नेपालतर्फ खास हुन सकेको पाइँदैन ।

उपर्युक्त राजनीतिक तथा आर्थिक संकटको पृष्ठभूमिमा आफ्ना पिताको नुवाकोटमा मृत्यु लगत्तै राजा प्रतापसिंह शाहले तिब्बतसित सन्धिको पाइला चालेको पाइन्छ । यसवाट प्रस्तुत मामिला समकालिक नेपालको निमित्त कतिको प्राथमिक कुरो रहेछ भनेर बुझ्न सकिन्छ । पृथ्वीनारायण शाहले नेपालको तखतमा बसेको ५ वर्षको लामो अवधिमा पनि गर्न नसकेको काम प्रताप सिंहले आफू राजा भएको ६ महिनामै सम्पन्न गर्न सक्नु उनको राजनीतिक कुशलता नै ठहर्छ । प्रताप सिंहको यस सफलताप्रति ऐतिहासिक विवेचना गर्ने इतिहासविद् पनि नेपालमा देखापर्दैनन् । किन ?

तिब्बतसित भइराखेको गडवडी साम्य पार्न प्रतापसिंह कति व्यग्र थिए भनेर बुझ्न उनले नुवाकोट दरवारमा रहेका आफ्ना भारदार सूरसिं रानालाई लेखेको निम्न पत्रांशबाट पनि प्रष्ट हुन्छ :

"स्वस्ति श्रीराजभारा सामर्थ श्रीसूरसिं राना के...

ताधि रिंजिं छिंवो लामाले धर्म्मपत्र लेषि श्रीवावाज्यूका हजुरमा चह्रायाको धर्म्मपत्र ताहा राष्याको छ कागत पनि ठूलो छ, अक्षर पनि धेरै लेष्याको छ, छाप पनि माऱ्याको होला । त्यो कागत षोजेर याहा ल्याव तेस् कागजको ठूलो काम पाइन्या छ. षामषा षोजि ल्याव. विज्ञेषु फाल्गुन सुदि १२ रोज ३ मुकाम काठमाडौं शुभम्"

सं. १९३१ चैत्र ४ गते मंगलवार लेखिएको यस पत्रबाट त्यतिखेरै प्रतापसिंह तिब्बतसित नयाँ सन्धि गर्ने प्रयासमा लागिरहेको कुरा वोध हुन्छ । राजा प्रतापसिंहलाई यस कार्यमा सहयोग गर्ने काजी स्वरूपसिंह कार्की थिए । यस कामको निम्ति उनका भाइ रूपनारायण कार्की नेपालको तर्फबाट तिब्बतमा वकिल नियुक्त गरिएको थियो । उनको सहायकमा तात्कालीक टकसारी प्रतापसिंह ठाकुर (थकूजु) रहेको पाइन्छ ।

त्यतिखेर नेपालको खासामा बसेर ने.सं. ८९५ (सं.१८३२) श्रावण शुक्ल १३, बुधबारका दिन सम्पन्न यो सन्धिपत्र नेपाल लिपिमा, नेपाल भाषामा नै नेपाल संवत्को मात्र प्रयोग भएको छ । त्यसको अर्थ समकालिक तिब्बतमा नेपाल भाषा र लिपिले अन्तर्राष्ट्रिय भाषाको रूपमा ग्राह्यता भएको कुरा बुझ्न सकिन्छ । अर्को शब्दमा प्रस्तुत सन्धिपत्र नेपालमा भर्खरै स्थापित गोर्खाली सत्ताको तिब्बतद्वारा अनुमोदन पनि हो । यस सन्धिपत्रको तिब्बती संस्करण एवं गोर्खा भाषिक संस्करण पनि आवश्यक ठानिएन । प्रस्तुत संधि यिनै विशेषताले गर्दा प्रसिद्ध छ । पृथ्वीनारायण शाहको पालामा हुन नसकेको यस्तो छिमेकी राष्ट्रिय अनुमोदन त्यतिखेर राजा प्रतापसिंह शाहको पालामा नेपालले पाएको कुरामा अझ गर्व गर्न सकिन्छ ।

प्रस्तुत सन्धिको एउटा दफाको व्यहोरा यसप्रकार छ :

"ल्हासा झिकाछे (सिगात्छे) प्रमुख संदेश चोङ नेवार महाजन वंजालया खं न्हापा नेपालमा मर्यादथें नेपालया न्हापा 'नायक' याय न्हापाया मर्याद वसय याङा" ।

नेपाल भाषामा व्यक्त उक्त सन्धि प्रकरणको व्यहोरा नेपालीमा रूपान्तर गर्दा ल्हासामा अथवा सिंगात्छेमा कोठी स्थापना गरी बस्ने नेवार महाजन विशेषलाई नेपाल सर्कारले "नायक" नियुक्त गर्ने मल्लकालिक जुन पद्धति थियो त्यसैलाई प्रस्तुत सन्धिमा पनि कायम राखिएको छ ।

अब, जसरी यो सन्धिपत्र नेपाल लिपि र भाषामा लेखिएको छ, त्यसरी नै नेपाल सर्कारद्वारा ल्हासामा रहेका आफ्ना प्रतिनिधि 'नायक' लाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राजकीय पत्र लेख्दा पनि साविक प्रचलनलाई थामेर नेपाल भाषामै लेख्ने गरिएको पाइन्छ ।

परन्तु, नेपालको मध्यकालिक इतिहास खोतल्दा मल्ल राज्यहरूका पालामा ल्हासा वा सिंगात्छेमा रहेका आफ्ना प्रतिनिधि 'नायक' लाई लेखेको कुनै पत्र पनि हामीले भेट्टाउन सकेका छैनौं । तर, नेपालमा गोरखाली सत्ता प्रारम्भ भएको २० वर्षपछिसम्म पनि नेपाल सरकारद्वारा आफ्ना 'नायक' पाला थकाली, समेतका नाउमा ने.सं. ९११ को हिउँदमा पठाएको एउटा पत्र ल्हासाको व्यापारिक बजार भाकोरस्थित एउटा कोठीमा नै भेटिएको छ । त्यसको व्यहोरा जस्ताको तस्तै नागरी रूपान्तर तल प्रस्तुत गरिएको छ :

श्री सहाय

श्री ५ महाराजा-श्री साहेव

१

[छाप] ल्हासस चोङ पाला थकाली महाजन वेपारी खुतुलिया पंचपिन स(क)लस्तथ्व पत्र जूरो, शुभ
शुभ ॥ उप्रांत कुशल विचाल भाखां भिनकं तस्य हका
टक्सारी भंसारी श्री नरसिंहया भाखान ल्हासस चोङ पाला थकालि
महाजन पंच वेपारी पंच खुतुलिया पंच पनि सकलस्कं
थन जिपनि फया ख, आमकन छिस्कल छलपोल पनि सकले कुशल
जुओ मखुला विचाल खं थ्वते.
उप्रांत खं ग्वर्खा नेपाल ओ संदेश ओ घा घरियाचार वन्दोवस्त न
येक चित्त जुयाओ चोङसा छिस्कल छलपोल संदेश नेपालस चोङ
माहाजन प्रजा पंचया सुख आनन्द जुई धक थन- १ न जिमिसन
भरिसक्य धंधा फिकिर कायाओ चोना छमि छें वूं धन संपति
कुल कविलाया थास सुनान वल मिचय याक थास सर्कारस विन्ति
यानओ सुयां धका लगय मजुयक तया तया
थ्व समाचाल वत्तिस कोथिया माहाजनमार्फत् न छमित समाचार
छोया हकल जुइओ थन लि ग्वर्खा नेपाल ओ संदेश ओ येक चित्त
यायया निंतिं जि किजा तुलाराम ओ अजित खट्का विद्यापतिपिं छोयाव
हका थ्वपिं थाहा ओलस लुंया भाओ सूय मोहोरस थाहा ओना कायविय मते धाया हका दामया चलं वसय
जुइगु खनेओं सूय सोमोहो जुया

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भींगु सूय खुमोहोलं लु कायाओ घाओ विगारय यानाओ सन थनलि दामया चलन ओहोया भाओ वसय जुयओ छमिके दको दको दाम पित हयाओ चलन चलाय याओ, दाम मदुसा जिमिसेन विय धक किजापिसं धासेन थुकिसं छमिस मानयू मयाक ग्वर्खा नेपालओ संदेश ओ घाओ मिलय मजुओ खुनु छमिसं दुख सिइधक सर्कार नं थुगु वन्धं धंधा काया चोथास थुगु कथं थमिसं मानय मयासे घाओ विगारय याना सनास छमि विगरय जुओ खुनु गुगुकथं सर्कार बुझय याय, छमि सम्हार जिमिसं गथे याय कइओ

थन छमि साहू वत्तिस कोथिया माहाजन पिंके छमि वंजालं थथेसन धक धाया जिमि सुनापं मत जंत मदुः जिमिसं सियां मदु सर्कारया घाओ विगरय जुओगु जिमिसं याय मखु भतिभाता गुना जुओसां संजं लु मविओसाँ आमकन जि किजां याकगु भाओ लु गेयाओ विओ फेर ओहो लुं खरीद यायत दामविया छोयतेना धक जिमि हओने धाल थुगु रित सर्कारस जिन विंति याय धुनो महाजनं सर्कारया घाओ विगारय यानाओ मसं संजं लु मविओसां छमिसं छमिसं विओ धक पत्र विया छोत फेर सर्कारया वाहिक थओ थओ दामं थन छोत लु ओहो खरीद याना विया हकि धक थमि साहुपिस गथे सर्कारया सोझा सेओ यात उगु कथंन आओंलि खुनु जिकिजा ओ साहुति मत छमि साहुपिनि पत्रया वुझमाफिकं सर्कारया सोझा सेओ संकारया भिनिगु ज्या याङा

थनया ओरं छुं धंधा काय मते छमि साहुपिनि वुझं छमि संभार मालको जिमिसं याना चोना थुका. पतिस खं अदिक मतया छपिन वुझिक थुका.

सम्वत ९११ मिति मार्गसिर शुदि १५ रोज ३ शुभ ॥

पत्रको किनारामा लेखिएको व्यहोरा :

१. श्री जयनरसिंहया जथाजोगे विचालं पत्र न अर्थ बुझय यानाओ याओ

२. पत्र चिनल ओ प्र १२ मिति चेत कृ ९ स पत्र थेन दिं जुर

उपर्युक्त पत्र नेपाल सर्कारद्वारा तिब्बतको राजधानी ल्हासामा बस्ने आफ्ना व्यापार नायक समेत व्यापारीहरूका नाममा सम्बोधन गरिएको छ पत्रको सिरानमै । पत्रको अन्त्यमा मिति दिइएको छ : सम्वत् ९११ मिति मार्गसिर शुदि १५ रोज ३ शुभं ॥

घरायसी चिठीको ढाँचामा लेखिएको यस पत्रलाई हेर्नासाथ भन्न सकिने खास कुरो के हो भने यो त ने.सं. ८९५ मा भएको नेपाल-तिब्बत सन्धिकै परम्परामा लेखिएको छ । यसमा पनि पत्रको मिति नेपाल संवत्मा मात्र दिइएको छ । अनि यसको व्यहोरा पूरै नेपाल भाषा र लिपिमा छन् ।

प्रस्तुत पत्र सं. १८४७ मार्ग शुक्ल १५ पूर्णे मंगलवारका दिन लेखिएको देखिन्छ । त्यतिखेर, नेपालमा श्री ५ रणबहादुर शाहको शासन भए तापनि उनका नाममा काका बहादुर शाहद्वारा राज्यको नायव भएर सरकार

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चलिराखेको थियो । साथै, नेपाल राज्यको विस्तार पश्चिमतर्फ गंगानदीको मुख्य धार अलकनन्दा र भागीरथी समेत पार गरी गढवालमा युद्ध मुकाम राखी अझ पश्चिमतर्फ बढ्दै थियो ।

त्यसैले युद्ध खर्चको निम्ति आर्थिक स्रोत जुटाइराख्नु पनि उत्तिकै आवश्यक थियो नेपाल सरकारलाई । यो अवस्था भनेको लगभग पृथ्वीनारायण शाहद्वारा संचालित युद्ध प्रशासनकै समकक्षमा पुग्छ । यसको निम्ति पृथ्वीनारायण शाहले जस्तै तिब्बतमा आफ्ना व्यापार गुमस्ताहरू मार्फत सुन खरिद गर्नु पनि एउटा मुख्य आधार हो । प्रस्तुत पत्रको चूरो विषयवस्तु यही रहेको छ ।

नेपाल सरकारले यो पत्र लेख्ता तत्कालिक टक्सारका मुख्य पदाधिकारी टक्सारी मार्फत लेखिएको छ । त्यतिखेर टक्सारीमा जयनरसिंह नियुक्त भइराखेको देखिन्छ । यसै पत्रको किनारमा दिएको एक हरफमाः "श्रीजय नरसिंहया जथाजोगे विचाल : पत्रया अर्थ बुझय यानाओ याओ" भनेर जनिएको छ । यसले सरकारको प्रतिनिधि नायक पाला थकाली विशेषलाई ध्यानाकृष्ट गरेको वाक्य संझनु पर्छ । यसबाट उनको खास नाउं जयनर सिंह भनेर बुझ्नु पर्छ । तर, पत्र व्यहोरामा भने श्रीनरसिंहया भाखान भनेर दिइएकोले केही भ्रम पैदा गरेको छ । त्यतिखेर नरसिंह गुरुङ्ग भन्ने एक जना गोर्खाली भारदार भएकोले पनि यस्तो भ्रम हुन्छ ।

यतिखेर तिब्बतसित पहिलो व्यापारसन्धि भएको १५ वर्ष व्यतित भइराखेको छ। ने.सं. ८९५ मा सो व्यापार सन्धि हुँदा टक्सारी भंसारी प्रतापसिंहको उल्लेख पाइन्छ । यहाँ चर्चित पत्रमा पनि त्यसैगरी टक्सारी भंसारी नरसिंहया भाखान भनेर दिइएको छ । हुन त सरकारको टक्सार र भंसार अलग अलग निकाय हुन्छन् तापनि यी दुवै निकाय हेर्ने एउटै भारदार नियुक्त गरी राख्ने मल्लकालिक प्रचलन यतिखेरसम्म पनि कायम राखिएको पाइन्छ । अव यी जय नरसिंह भन्ने को हुन् उनको खास परिचय पाउन सकिएको छैन । १५ वर्ष अगाडि सन्धि पत्रमा उल्लेख भएको प्रताप सिंह कान्तिपुर ताना वहालको थकुजू देखिनाले माथि उनको नामको पछिल्तिर ठाकुर भनेर यस पटक जोडिएको छ । प्रस्तुत पत्रमा पनि टक्सारी भंसारी जयनरसिह प्रतापसिहकै कोही उत्तराधिकारी हुन सक्ने एउटा अनुमान गर्न सकिन्छ ।

पत्रको शिरमा 'ल्हासस चोङ पाला थकाली' भनेर सर्कारद्वारा नियुक्त नायकलाई संकेत गरेको बुझ्न सकिन्छ । तर उनको नाम भने यहाँ खुल्दैन । अनि 'महाजन वेपारी खुतुलिया पंच सकलस्तं ध्व पत्र' भनी जनाएर सबै व्यापारिक गुमस्ताहरूको ध्यानाकृष्ट गर्ने काम भएको छ । त्यहां खुद्रा व्यापार गर्ने समेतलाई वेपारी पंचमा गन्ती गरेको कुरा मननीय छ । यी सव नेवार व्यापारीहरूको नेपालमा रहेका श्रीसम्पति घर खेत श्री ५ महाराजा र साहेव वहादुर शाहद्वारा संरक्षित छन् भनेर सान्त्वना दिने काम गरिएको छ ।

अव प्रस्तुत पत्रको लक्षित विषयतर्फ प्रवेश गरौं । यो पत्र लेख्नुभन्दा अगाडि नेपाल सरकारले ल्हासामा तीन सदस्यीय दूत मण्डल पठाएको कुरा चर्चा गरिएको छ जसमा टक्सारी जयनरसिंहको भाइ तुलाराम, अजित खड्का तथा विद्यापतिहरू रहेका थिए । सो दूत मण्डलको काम ल्हासामा नेपाल सरकारले खरीद गर्ने सुनको भाउ निर्धारण गराउनु थियो । सो दूत मण्डल समक्ष सुनको भाउ तोलामा ३० मोहरले खरीद विक्री गर्ने भनेर तिब्बतीहरूले तोकेका रहेछन् । अनि सोही दरभाउ नेपालका व्यापारीहरूले पनि स्थिर राख्ने काम गर्नु भनेर पनि अन्हाएको रहेछ । तर त्यो दूत मण्डल नेपाल फर्केर गएपछि त्यहां सुनको भाउ ३३ मोहर गरायो, पछि त ३६ मोहरसम्म पनि पुऱ्याएको खबर आउँदा त्यसमा नेपाल सर्कार रिसाएको कुरा व्यक्त गरिएको छ पत्रमा । साथै, त्यसरी पूर्व निर्धारित भाउ विगार्ने भूमिका निर्वाह गर्ने नेपालकै कोठीवाल वंजालहरूको खेल रहेछ भन्ने बुझियो ।

त्यस बखत नै ल्हासामा नेवारहरूको कोठी संख्या ३२ पुगिसकेकाले तिनीहरूका निंति गोश्वरा वोली '३२ कोठी महाजन' भनेर प्रसिद्धि पाएको कुरा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ज्ञात हुन्छ । साथै, यस्ता कोठीमा कारोवार गर्ने कामदार नियुक्त गरी पठाउने चलन थियो जसलाई नेवारीमा 'वंजा:' भनिन्छ । अक्सर कोठीवाल साहु नेपालमा नै बसेर ल्हासामा आफ्ना कोठी वंजालहरूद्वारा चलाउने प्रथा रहेको पनि यसबाट बुझ्न सकिन्छ । तिनै नेपालका वंजालहरूले निर्धारित सुनको भाउ विगार्नमा खेलखाल गरेको चाल पाएर तिनीहरूदेखि नेपाल सर्कार रुष्ट भएको प्रस्तुत पत्रबाट ज्ञात हुन्छ । यही व्यहोराको छलफल नेपाल सर्कारले यहां रहेका कोठीवाल साहूहरूसमक्ष राख्दा तिनीहरू ल्हासामा पहिले निर्धारित भाउ मै चित्त बुझाएको देखिन्छ । अनि, तिनीहरूले आफ्ना वंजालहरूलाई सरकारकै भाउमा सुन विक्री गर्न अन्हाएको कुरा पत्रमा पनि उल्लेख गरिएको छ ।

प्रस्तुत पत्रद्वारा वहादुर शाहको प्रशासनिक कालमा नेपालको अर्थतन्त्र र युद्ध खर्च व्यवस्थापनका पक्षमा निक्कै प्रकाश परेको पाइन्छ । साथै, तिब्बतको सहायतार्थ आएको चिनिया फौजसित नेपालको युद्ध हुनुभन्दा केही समय अघिको नेपालको अवस्था वारे पनि यसबाट अनुमान गर्न सकिन्छ ।

अन्तमा, प्रस्तुत पत्र ल्हासामा कहिले पुग्यो भनेर पनि भएको किनारमा नै जनिएको पाइन्छ ।

'पत्र चिनल ओ प्र १२ म्ति चेत कृ ९ स पत्र थेन दिं जुर ॥'

यस उद्धरणबाट सो पत्र ल्हासामा ने.सं. ९११ चैत्र कृष्ण नवमीका दिन पुगेको कुरा थाहा पाइन्छ । साथै, यो सरकारी पत्र हुँदा पत्रको चिन्ह चाँदी १२ तोला पनि संलग्न रहेको छ । मार्ग शुक्ल १५ देखि चैत कृष्ण ९ सम्म गन्ती गर्दा ३ महिना चानचुन समय लगाएर यो पत्र ल्हासा पुगेको देखिन्छ । यो पत्र ल्हासा पुग्दा त्यहाँ के कस्तो प्रतिक्रिया देखा पऱ्यो त्यो पनि अनुसन्धेय रहेको छ ।

प्रस्तुत पत्रको छविचित्र (Facimile) परिशिष्टमा दिइएको छ ।

परिशिष्ट





नेपाल सरकारले सं. १८४७ मा ल्हासास्थित आफ्ना व्यापार नायक (थकाली) समेत सबै महाजनहरूका नाममा लेखेको ज्ञापन-पत्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सन्दर्भसामग्री सूची

- Clements R. Markham, 1876, reprint 1971, *Narratives of The Mission of George Bogle to Tibet and the Journey of Thomas Manning to Lhasa,* Bibliotheca Himalayica Manjusri Publishing House, New Delhi.
- पृथ्वीनारायण शाहको उपदेश, (२०२५)
  संशोधन मण्डलको निमित्त प्रकाशक-जगदम्बा प्रकाशन
- श्रेष्ठ, देविचन्द्र, *एकीकृत नेपालको मुद्रा तिब्बतमा प्रचलनः ऐतिहासिक विवेचनाको नवीनधार,* (अभिलेखः २०७१), राष्ट्रिय अभिलेखालय
- नेपाली, चित्तरञ्जन, (सं २०२०), रण बहादुर शाह

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

आयुर्वेदग्रन्थ लङ्कावतार (नेसं २८)को अन्तिम पत्र

- काशीनाथ तमोट*

लङ्कावतार भन्ने वितिक्कै महायानी बौद्ध नवग्रन्थ मध्येको एक महायानसूत्र ग्रन्थ भन्ने बुझिन्छ। अन्य ग्रन्थहरू हुन् प्रज्ञापारमिता, गण्डव्यूह, दशभूमिक, समाधिराज, सद्धर्मपुण्डरीक, गुह्यसमाज, ललितविस्तर र सुवर्णप्रभास । लङ्कावतारमा भगवान् बुद्ध लङ्कापुरीको मलयपर्वतमा अवतार हुँदा (पुग्दा) रावणले थाहा पाई आफ्नो राजभवनमा लगी अध्येषणा (नियमपूर्वक धर्मदेशना) सुन्न पाएको सद्धर्मविषयक कुरा छ । त्यसलाई १० परिवर्तमा बाँडिएको छ - अध्येषणा, धर्मसमुच्चय, अनित्यता, अभिसमय (आध्यात्मिक ज्ञान), नित्यानित्य, क्षणिकता, नैर्माणिकता (रूपान्तरण), मांसभक्षण, धारणी, सगाथक, जुन महामति बोधिसत्वको जिज्ञासामा भगवान् बुद्धले धर्मदेशना गरिएको भनिन्छ । (शर्मा, १९६३) लङ्कावतार नामको आयुर्वेद ग्रन्थ पनि छ । त्यसमा ने. सं २८ (ई. ९०७), दशौं शदीको ग्रन्थ नेपालको वाङ्मयको इतिहासमा प्रसिद्ध छ ।

वीर पुस्तकालय/पुस्तकखाना/राष्ट्रिय अभिलेखालयको मूल लगत ई. १९१२ अक्टोवर ३ (विसं १९७९ असोज १७) देखि शुरु भएको हो । त्यसको प्रथम लगतको १६४७ संख्यामा लङ्कावतार प्रविष्ट गरी सूची सूचना लेखिएको छ - विषय वैद्यकम्, पूर्ण, ताडपत्र, पत्र १-२४, नाप १०.७५×१.८७५ इन्च, लहर ६, गुप्ताक्षर, सं २८ (थ ड) । कैफियत - यसमा ७ पत्राङ्क दोहरा भई जम्मा पत्र २५ छ ।

कैफियतमा यस्तो पनि लेखिएको छ - यो कलम सा.ल.मा चढेको देखिंदैन शा.क्या.मा मात्र छ. कहीँ कहीँ अक्षरमाई की. का. छ । सा.ल. (साबिक लगत) भनेको विसं १९६७ को एकछापे बमोजिम १९६८ साल (ई. १९११) मा मु. विष्णुप्रसादले पुस्तकखानाका पुस्तकको तायदाती खडा गरी बुझाएका कुमारीचोक नेपाल फाँटमा रहेको लगत हो । (रा अ २०१५: १३५) शा.क्या. भनेको हरप्रसाद शास्त्रीको क्याटलग १-२ (ई. १९०५ र १९१५ हो । शास्त्री (१९०५:१४०)मा लङ्कावतारबारे उल्लेख छ - २४ पत्र, उपलब्ध श्लोक ५२२, नेवार एरा २८ । विषय - चिकित्सा-शास्त्रं आरोग्यार्थ शान्तिस्वस्त्यपनादि सहितम् अर्थात् चिकित्साशास्त्र, आरोग्यको लागि शान्ति- स्वस्त्यपन आदि सहित । नेपाल-जर्मनी हस्तलिखितग्रन्थ संरक्षण परियोजना (ई. १९७०-२००१) अन्तर्गत तीनवटा लङ्कावतारको छविचित्र (माइक्रोफिल्म) गरिएको छ । ती हुन् -

१. बी ३०/६ (शोकेश ३/८), रा. अ. १ - १६४७, ताडपत्र २६, २७.३×४ से. मि, ई. १९७१ अक्टोवर १६ ।

२. ए ९६६/११, रा. अ. १ - १६९७/९, ताडपत्र, पत्र ३२, २८×५ से. मि, ई. १९७० अक्टोवर १६ ।

३. ए २२०/७, रा. अ. ५ - ३९७६, कागजपत्र, पत्र १३, ३१×१३.५ से. मि, ई. १९७१ डिसेम्वर २३ ।

यसमा बी ३०/६ कुनै बेला प्रदर्शनीको लागि शोकेशमा राखिएको अझै भण्डारमा शोकेशमै छ । यो माथि उल्लिखित उही ने. सं २८ को ग्रन्थ हो । ए ९६६/११ प्रथम लगतको अतिरिक्त सूचीपत्रमा देखिएको ग्रन्थ हो

*स्वतन्त्र अनुसन्धानकर्ता हुनुहुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

त्यसको सिरानमा लेखिएको छ -

“१६९७ नंवरमा घसरपसर टुकटाक भनि चढिएका खतडाबाट पाएका ताडपत्रका विशेष ग्रन्थहरू ।”

यसमा ताडपत्रमा लेखिएको १२औं शताब्दि ताकाको भुजिंमोल लिपिमा लेखिएको लङ्कावतार रहेको छ । सूचिनिर्माताले त्यसको विषय शुरुमा लेखेको छ - “स्फोटकादि रोगविषयम्” ।

लङ्कावतारमा स्फोटक (खटिरा) आदि विषयमा चर्चा छ । ए २२०/७ को लङ्कावतार भने राष्ट्रिय अभिलेखालयको पञ्चम लगत (हेमराज शर्माको भारती भवन किन्दा आइपुगेको ग्रन्थ) ३९७६, संख्याको हो । यसमा मिति छैन र १९औं शताब्दिको देवनागरी लिपिमा यो लेखेको छ। यो नेसं २८ को लङ्कावतारलाई आधार मानी लेखिएको कुरा शुरु पृष्ठमा लेखिएकोबाट थाहा हुन्छ -

“संवत् थ ड (२८) लिखिताङ्क गुप्ताक्षर प्रत्न ताडपुस्तकम् समुद्भूर्तमिदं पुस्तकम् ।”

राष्ट्रिय अभिलेखालयमा दर्शन तथा तन्त्रशास्त्र भाग २ को टङ्कित सूचीपत्रमा संख्या ४७८७ मा चढेको ‘लङ्कावतार’ भने वास्तवमा आयुर्वेद विषयको लेहसमुच्चय (ए ४६/२) रहेछ । प्रस्तुत लङ्कावतार (ने. सं. २८) नेपालको लिपिको विकासको लागि पनि एक उल्लेखनीय ग्रन्थ हो । शङ्करमान राजवंशी (२००३:४८)ले प्राचीन नेवारी लिपिको पहिलो नमूनाको रूपमा लङ्कावतारको अन्तिम पत्रको अंश हस्तलिपिचित्र (संख्या १८) र त्यसमा प्रयुक्त वर्णमाला दिनु भएको छ। राजु रिमाल (२०१३:१२४-१३१)ले परम्परागत रूपमा कुटिला/उत्तरलिच्छवि/संक्रमणकालीन गुप्ता नाम दिई स्कन्दपुराण (मासं २३४/ई. ८१०) र लङ्कावतार (नेसं २८/ई. ९०७) मूलग्रन्थकै तुलनात्मक फ्याक्सिमिली (दुरुस्त) लिपि अक्षर दिनुभएको छ । यसलाई १-१५ तालिकामा स्वर, व्यञ्जन, क-बाह्राखरी, संयुक्त व्यञ्जन (य, व, र, ऋ, ल, ङ, ञ, ण, न, म-युक्त) अन्य संयुक्त व्यञ्जन र समरूप अक्षर (ए-च, प-य, ध-व, ल-ण, म-स) दिएको छ । नेवाः लिपिका इतिहासकारहरू यस ग्रन्थलाई यसमा प्रयुक्त लिपिलाई नेवाः लिपिको शुरुआती नमूना मान्छन् ।

राष्ट्रिय अभिलेखालयले प्रस्तुत लङ्कावतारलाई आयुर्वेद ग्रन्थमा उल्लेखनीय र प्राचीनतम ग्रन्थमा प्रस्तुत गर्न लायक मानी उल्लेख गर्ने गरिएको छ । मूल लगतमा बैद्यक (आयुर्वेद) ग्रन्थ उल्लेख गरिएको, माइक्रोफिल्म गर्दा आयुर्वेद (?) विषयमा प्रश्न चिह्न राखिएको छ । आश्चार्यकै विषय हो वीर पुस्तकालयको वृहत्सूचीपत्रम् (शर्मा, १९६४) र राष्ट्रिय अभिलेखालयको सूचीपत्र (शर्मा ज्ञवाली २००३)मा नै यो आयुर्वेद ग्रन्थको नाम छुटेको छ । यसरी नेसं २८ को यस लङ्कावतार ग्रन्थवारे व्यापक भ्रम रहिआएको छ। यहाँसम्म कि पुराविद्याविद् तथा इतिहासकार डा. महेशराज पन्त समेत नराम्ररी भुक्किनु भएको छ । (हेर्नुहोस् परिशिष्ट)

प्रस्तुत लङ्कावतारको अन्तिम पत्रमा उल्लिखित छुर्तिरोग, सन्निपात ज्वर, रक्तपित्त, ग्रहणी, कास, आदि आयुर्वेदिक शब्दावली प्रयोगबाट यसको विषय स्पष्ट छ । यस ग्रन्थको नाम लङ्कावतार किन राख्यो होला भन्ने खुल्दुली छ । अभिलेखालयको आयुर्वेद ग्रन्थ सूचीमा चारवटा अर्कप्रकाश (४-२० ९१/ए२१३/४, ४-२१९७/ए२१२/११, ४-२८८५/ए ९६३/१५, ५-७६३६/ए२१२/२०) सूचीकृत गरिएको छ। त्यो ग्रन्थ “लङ्कानाथकृत” हो । यसबाट लङ्का-नाथ नामका आयुर्वेद ग्रन्थकार रहेछ भन्ने सिद्ध हुन्छ। प्रस्तुत लङ्का-(अ)वतार उनै ग्रन्थकारको अर्को आयुर्वेद ग्रन्थ हुनसक्ने देखिन्छ। अवतारको बहुअर्थमा एक “चम्किलो प्रकाश हुनु” पनि एक हो । अर्कप्रकाश जस्तै ग्रन्थकारले आफ्नै नामबाट लङ्का(-नाथकृत आयुर्वेद) अवतार राखेको बुझिन्छ ।

सन्दर्भ

पन्त, महेशराज, ई. २०१६ । “जीर्णोद्धारमा रङलो र गाँसिएका अरु कुरा”, राजधानी (दैनिक, शनिवारीय सौजन्य), विसं २०७३ पुस १६ (३१ डिसेम्बर), पृ. ३, १० ।

राजवंशी, शङ्करमान, ई. २००३ । नेपाल लिपि विकास । काठमाडौं : श्यामसुन्दर राजवंशी, विसं २०५९(द्वि.सं, प्र.सं. २०३१), लङ्कावतार लिपिचित्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१८, देवनागरी उतार पृ. २१ ।

राष्ट्रिय अभिलेखालय, ई. २०१५ । "राष्ट्रिय अभिलेखालयको मूल लगतको पानाबाट", अभिलेख, संख्या ३२, पृ. १३३-१३५ । (प्रथम लगतको भूमिका)

राष्ट्रिय अभिलेखालयको मूल लगत (प्रथम - षष्ठ लगत)

लङ्कावतार - प्रथम लगत संख्या १६४७, माइक्रोफिल्म बी ३०/६

- प्रथम लगत (विशेष ग्रन्थ), संख्या १६९७/९, माइक्रोफिल्म ए ९६६/११

- पञ्चम लगत, संख्या ३९७६, माइक्रोफिल्म ए २२०/७

राष्ट्रिय अभिलेखालयका हस्तलिखित ग्रन्थहरूको सूचीपत्र, २०७० दर्शन तथा तन्त्र शाखा, भाग दुई(२) (टङ्कित) ।

शर्मा ज्ञवाली, शुकदेव, ई. २००३ । आयुर्वेद विषयका हस्तलिखित ग्रन्थहरूको सूचीपत्र । काठमाडौं : राष्ट्रिय अभिलेखालय, विसं २०५९ चैत्र ।

शर्मा, परशुराम, ई. १९६३ । सद्धर्मलङ्कावतारसूत्रम् । दर्भङ्गा : मिथिला विद्यापीठ ।

शर्मा, बाबुकृष्ण, ई. १९६४ । बृहत्सूचीपत्रम्, पञ्चम(आयुर्वेद) । काष्ठमण्डप : वीरपुस्तकालय, २०२१ ज्येष्ठ ।

Rimal, Raju, 2013. A Brief Introduction to the Collection of the National Archives and to Scripts, along with Script Tables for Skandapuran and Lankavatara Manuscripts. Abhilekh, No. 30 (VS 2069), pp. 120-132.

Shastri, Hara Prasad, 1905. A Catalogue of Palmleaf and Selected Paper MSS Belonging the Durbar Library, Nepal. Calcutta : Baptist Mission Press.

लङ्कावतारको अन्तिम पत्रको पाठ

(पूर्व्वतन्त्रे विधा)नेन त्रिष्काले त्त्रिविधस् तथा ॥
पीतरक्तप्रकारैस् तु पूजयेद् र(क्त)लोचनं ।
रक्ताङ्गम् एकवदन() द्विभुजञ् च द्विलोचनं ॥
रक्ताम्बरधरं रौद्रं तृफलङ्गद(२४अ२)धारिणां ।
अर्घादीन् पूर्ववत् दद्याद् गतीं च जलं तथा ॥
पूर्व्ववत् पूजयेत् सर्व्वन् नृमच्छादीम्म् अशेषतः ॥
तृदशाधिके हस्ते हि मण्डल सम्प्रकीन्त्तितां ॥
पञ्चरङ्गिकसूत्रे(३)ण बहिर्धातञ् च वेष्ठितां ॥ ۞ ॥
अथ राजाधिपः स्रद्धम् प्रणाम्याञ्जलिनाव्रवीत्
इदानी() छुर्त्तिरोगस्य स्रोतुम् इच्छामि निश्चयं ॥
द्विधा छुन्तिमहारोगा(:) (४) शरीरद्रव्यभेदतः
लक्षणन् तस्य वक्ष्यामि (तच्) छुन्तिभेदतः शृणु ।
त्रोमरं अङ्गमन्दश् च बलञ् चैव प्रणस्यति ॥
सन्निपातो ज्वरश् चास्य रक्तपित्तप्रको(५)पनः ।
ग्रहणाद् एव द्रव्यस्य छुर्त्तिदेवेन गृह्यते ॥
तत् त्यागात् त्यजते चैव निष्कृतेन तु नान्यथा ।
शरीरस्पृशना चैव गृष्यते सौ महाभयः
पूजावरण()(६) रक्षामि द्रव्यदाता च मुञ्चति ।
सुवर्ण्णमुन्तिकाकांसप्रवाडमणिकुण्डलं ।
वस्त्रं रूप्यञ् च ताम्रादीन् देयम् मरणभीरुणा
पूर्व्वतन्त्रे विधानेन पूजां कुर्या(७)(च्)छुचिन् नरः ।
सर्व्वथा कृष्णवर्ण्णानि कलशादीस् तु दापयेत्
शाति "''''''''''(२४प१)(प्यञ्च) दशाध् ।
कृष्णाकारात् यमेत् तत्र छुन्तिकासकश्शधकां
द्विभुजा() खड्गहस्ताञ् च तथा फेद्गकधारिणीं ।
(स)र्व्वञ् च पूर्व्ववज्रयोस् तेन '.(२) तीति ॥ ✿ ॥
सम्वत् थ ड कार्त्तिककृष्णदिवाष्टम्याम् ॥
सर्वेषु तन्त्रेषु सूद्धृतं सारं लङ्कावतारपुस्तकम् इति ॥ ✿ ॥ ✿ ॥ (पत्र २४अ१-प२)

(प्रस्तुत पाठ नेपाल-जर्मनी हस्तलिखितग्रन्थ सूचीकरण परियोजना(ई. २००२-१५)मा कार्यरत सूचीनिर्माताहरू भीम कँडेल, काशीनाथ तमोट, रवि आचार्य, राजितवहादुर श्रेष्ठ र जीवन महर्जनले संयुक्त रूपमा ई. २०१४ जुलाई १५-२१ मा पढिएको हो । - लेखक)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.





परिशिष्ट

नेसं २८ को लङ्कावतारवारे डा. महेशराज पन्तको भनाइ

यहाँ यस्ता यस्ता विशिष्ट ग्रन्थ र कागजात छन् भनी पत्रकारहरूलाई वताउने क्रममा अभिलेखालयमा अधिकारीले नामोच्चार गरेका ग्रन्थको विषयमा उनीहरूले वोलेको कुरामा पुरातत्त्वविभागमा पुरुषसंपत्को अर्थात् चलनचल्तीको भाषामा जनशक्तिको अभाव पुरै प्रतिविम्वित छ। त्यसको एउटा नमूना वौद्ध ग्रन्थ 'लङ्कावतार'लाई आयुर्वेदको ग्रन्थ भनेकोमा देखिएको छ (ईश्वरराज ढकाल, 'सातौं शताब्दीदेखिका सामग्री खतरामा', 'नेपाल समाचारपत्र', २०७३।९।२७, ९ पृ. सुरेन्द्र पौडेल, 'हजारौं ग्रन्थ र अभिलेख जोखिममा', 'नागरिक' २०७३।९।१७, १ पृ., ईश्वरराज ढकाल, 'सर्वोच्च-पुरातत्त्व जग्गा विवाद', 'नेपाल समाचारपत्र', २०७३।९।१७, ५ पृ.)।

'अष्टसाहस्रिका प्रज्ञापारमिता', 'गण्डव्यूह', 'दशभूमिक', 'समाधिराज', 'लङ्कावतार', 'सद्धर्मपुण्डरीक', 'गुह्यसमाज', 'ललितविस्तर' र 'सुवर्णप्रभास' गरी यी ९ ग्रन्थ समष्टिमा 'नवग्रन्थ', 'नवधर्म', 'नवखण्ड', 'नवव्याकरण', 'नववैपुल्यसूत्र' वा 'नवमहायानसूत्र' कहिन्छन्। यी नाममध्ये पनि 'नवसूत्र' र 'नवव्याकरण' ज्यादै प्रसिद्ध छन्। वज्रयानीहरूको घरघरमा जस्तो पाठ हुने 'नवसूत्र'मध्ये पनि 'लङ्कावतार'लाई आयुर्वेदको ग्रन्थ भन्नु पुराविद्याको गन्ध पनि नहुनुको परिणाम हो भनी भन्दा वढी वोलेको ठहरोइन।

(साभार - पन्त, २०१६:१०)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राष्ट्रिय संग्रहालय छाउनी सम्बन्धी १२ वटा कागजपत्र

- प्रकाश दर्नाल*

नेपालको पहिलो संग्रहालयको प्रारम्भ छाउनीस्थित सिलषानाबाट शुरु भएको देखिन्छ। भीमसेन थापाले सन् १८१९ मा हातहतियार राख्न युरोपियन शैलीको भव्य भवनको निर्माण गराएका थिए। यो उनको निवासस्थान पनि थियो। उनले चौकुना आकारको २५५ फिट चौडा र ३०० फिट लम्बाइको ३ तले भवन बनाएका थिए। यसै भवनको उत्तर र दक्षिणतर्फ चन्द्र शमसेरले सन् १९२६ मा थप भवन बनाएका थिए। केसर समसेरले यसलाई राष्ट्रको संग्रहालय बनाउने सोचले सिलषाना संग्रहालय बनाए पनि यो छाउनी सिलषानाको रूपमा प्रसिद्ध भयो। उनी नै यसको पहिलो डाइरेक्टर जनरल थिए। जुद्ध समसेरले संग्रहालयको भावनालाई आत्मसात गरेर यसको पुनर्गठन र आवश्यक व्यवस्थापन गरेका थिए। छाउनी सिलषानालाई सन् १९३८ मा नेपाल संग्रहालय नाम दिई १२ फेब्रुअरी १९३९ देखि सर्वप्रथम सर्वसाधारणको लागि खुल्ला गरियो। यसअघि दरवारको अनुमती लिएर मात्र कुलिनवर्गले हेर्न पाउँथे। शिवनारायण सेनले संग्रहालयको किपर पदको अभिभारा २३ अगष्ट १९३८ मा ग्रहण गरेका थिए। जुद्ध समसेरले संग्रहालय भवन बनाउनकै लागि रु.१,१२,०००/- खर्च गरेर जुद्ध जातीय कलाशाला भवन निर्माण गराएका थिए। यसको इन्जिनियर कप्तान नर बहादुर कार्की थिए भने डाइरेक्टर जनरल मेज मृगेन्द्र समसेर जङ्गबहादुर राणा थिए। यसको उद्‌घाटन २००० साल बैशाख ५ गते गरिएको थियो। राष्ट्रिय संग्रहालयको नामाकरण चाहिँ २०२४ सालमा भएको थियो। २०२९ सालमा महेन्द्र स्मृति संग्रहालय खुलेको थियो। यहाँ २०५४ सालमा जापान सरकारको सहयोगमा बौद्ध ग्यालरी बनेपछि महेन्द्र स्मृति संग्रहालय हनूमान्‌ढोका दरवारमा सारिएको थियो।

यहाँ राष्ट्रिय संग्रहालयमा भएका १२ वटा कागजपत्रमध्ये नं. ६ को फोटो मात्र दिइएको छ। यो पुर्जा च्यातिएको र संवत् पनि नभएकोले चर्चा गरिएको छैन। अन्य ११ वटा कागजपत्रको भने मूल पाठ दिइएको छ। यी कागजपत्र सबै राष्ट्रिय अभिलेखालयमा सुरक्षार्थ राखिएका छन्।

नं. १

१. छाउनी म्यूजीयम अडाका हाकीं कारींदाले पुर्जी हेरी सडर चीडीयाखानामा रहेका जना
२. वर चराचुरंगीहरूको छाला म्युजीयम लायकको म्युजीयममा र सींहदर्वारमा
३. रय लायकको गारथमा बुझाई अरु कां नलाग्ने छालाहरू चीडीयाखानाकै वी
४. रुवाहरूमा मल राखने गरी सनद सडर भयाको सो सनदबाट पैले तजवीज
५. गर्न नपाई जम्मै छाला म्युजीयममा डाखील गर्न पठाई सो म्युजीयमबाट काम
६. नलाग्ने भनी फीर्ता पठायापछी फेरी सो छालाहरू जम्मै सिंहदर्वार गारथमा डाषी
७. ल गर्न पठाई गारथबाट पनी फिर्ता पठायापछी मात्र काम नलाग्ने भनी विरु
८. वाहरूमा मल गर्नुपर्ने भयकाले डोरोरो त्यहोरो

*पूर्व प्रमुख, राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

काम भयको र लेखीय वमो
९. जीं गर्नालाई पुरामदत नभयको हुनाले लेखीयका छाला ले क महेश्वर सम्सेर ज
१०. जङ्ग वहादुर राणाका तजवीजबाट म्युजीयमलाई कां लाग्ने श्व म्युजीयममा र सीं



११. हदर्वार गारथमा काम लाग्ने जती गारथमा दाखील गर्ने र तजवीजबाट सो ठाउँ
१२. हरूमा काम नलाग्ने छालाहरू चीडीयाखानाका वीरुवाहरूमा मल राषने गरी
१३. पाया डोहोरो त्येहोरो काम नपर्ने भयको हुनाले गरी पाउ भनी जावलाखेल चीडी
१४. याखानाले रीपोट गरेको जाहेर भयो तसर्थ लेखीय बमोजींको छाला ले क महेश्व
१५. र समसेर जङ्गवहादुर राणाका तजवीजबाट म्युजीयमलाई काम लाग्ने जती
१६. म्यूजीयममा र सिंहदर्वार गारथमा काम लाग्ने जती गारथ डाखील गरी डी सो
१७. ठाउँमा कां नलाग्ने छालाहरू जती मल गरी चीडीयाखानाको वीरुवामा राषी डीनु

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१८. भनी हामीबाट हुकुं वक्सेको श्री छोरा नानी श्री प्रसिद्ध प्रवल गोर्खा दक्षिण
१९. वाहु ले ज नारायण समसेर जङ्ग वहादुर राणा केवीईले लेखी पठायेको हुनाले
२०. सो छाला लेखीय बमोजिं ले क महेश्वर सम्सेर जङ्ग वहादुर राणाका तजवीजबाट
२१. ठाउँठाउँ डाखील गर्ने र काम नलाग्ने मल राषने स्मेत गरी वकसेको छ सो वमो
२२. जीं वुझी ली अैंसवाल वमोजीं गर्ने कां गर ईती सम्वत १९९८ साल कार्तीक १५ ग
२३. ते रोज ६ शुभं.. ।

नं. २

१. मुल्की अडा अैंसवाल फाटबाट जाहेर गरेको रपोट
२. उप्रांत म्यूजीयमको निमीत्त घर नपुगेको वेहोरा म्यूजीयमको कीपर मीष्टर
३. सिवनारायण सेनले हामी मार्फत ९७ साल भाद्र २७ गतेमा श्री ३ महाराजका हजु
४. र्मा वींती चढाया वमोजीम श्री ३ महाराजबाट छाउनी म्यूजीयममा नत्रा घर १ यक....
५. घरकाज गोश्वरा मार्फत थप बनाउन लगाई वक्सेको तयार हुदै आयाकोले सो
६. तयार भयेको नत्रा घरलाई जुद्ध जातीय कलाशाला भंने नाउँ राखी तेसमा चा
७. हीने सोकेस आलमाडी तखता वैठक जो बनाउनु पर्ने वनाई चाहीने माल अ
८. सवाफ स्मेत राखी देखाउनलाई तपसीलका कुरामा तपसील वमोजीं गर्ने ग
९. री पाउँ भनी सो म्यूजीयमको कीपर मीष्टर शिवनारायण सेनले हामी मार्फ
१०. त ९९ साल मार्ग १९ गते ६ मा नागरजुंमा श्री ३ महाराजका हजुर्मा वींती चढा
११. उदा तपसीलका कुरामा तपसील वमोजीम गरी दीनु भंने हुकुंम वकसेको हुना
१२. ले हुकुम वकसेको लेखीया वमोजीं गर्नालाई जजस्का नाउमा चाहीछं जो चा
१३. हीने वेहोराको सनद पुर्जी चाडो गरी दीने कां गर भंने वेहोराको ९९ साल मा
१४. र्ग २१ गते १ मा श्री मे.ज. मृगेन्द्रसमसेर जङ्ग वहादुर राणाबाट दस्षत भै आ
१५. येको हुनाले सो वमोजीम सवालसनद गर्नालाई वुझ्दा हाल तयार भ
१६. येको नत्रा घरलाई जुद्ध जातीय कलासाला भंने नाउ राखी तेस्मा चाहीने
१७. सोकेस आलमाडी तखता वैठक जो वनाउनु पर्ने वनाइ चाहीने असवा
१८. फ स्मेत राखी देखाउनलाई तपसील वमोजीम गर्ने गरी पाउ भनी कीप
१९. र मीष्टर सीवनारायण सेनले वींती चढायेकोवाट माथी लेखीया वमो
२०. जीम हुकुम प्रमाङ्गी भै आयेको देखीनाले जाहेर गरेका छौं नीकासाका
२१. हकमा तपसीलका कुरामा तपसीलमा लेखीये वमोजीम गर्ने गराउने गरी
२२. वकसेको छ सो वमोजीं गर्नु गराउनु भन्या यो रपोट सदर गरी वकसेपछी
२३. जजसलाई चाहींछ जो चाहीने वेहोराको सनद आडर गराई पठाई यो रपो
२४. ट नेपाल म्यूजींम पठाई दिने ठहराञ्यू जो मर्जी हुकु

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



तपसील

१. म्यूजीयमको निमित चाहीने सोकेस आलमाडी तखता वैठक स्मेत जो
२. बनाउनु पर्ने वनाई राखना नीमीत्त चाहीने मालसामान खरीद गर्न र
३. मोल मजुरी खर्च गर्न स्मेत मोरु २५००। पचींस सये रूपैञा नीकासा वकसे
४. को छ सो रूपैञा कौसीतोसाखानावाट म्यूजीयमले डाइरेकटर जनरल
५. को दस्षत वमोजीम पटक गरी जीम्मावारी ल्याई खर्च गर्नालाई म्यूजी
६. यमलाई सोकेस बनाउने कामलाई सावीक ९५ साल आश्वीण ३।२ मा
७. भैरहेको सनद वमोजीम रीत पुऱ्याई खर्च गर्ने गर्नु –
८. म्यूजीयम्मा राखना नीमीत्त चाहीने मालसामान खरीद गर्न मोरु २०००/-
९. दुई हजार रूपैञा नीकासा बकसेको छ सो रूपैञा म्यूजीयमले कौसीतो
१०. साखानाबाट डाइरेकटर जनरलका दस्षत वमोजीम पटक गरी जी
११ म्मावारी ल्याई खर्च गर्दा म्यूजीयममा राखना नीमीत्त चाहीने मालसामा
१२. न खरीद गर्नालाई ९८ साल मार्ग १७। ३ मा भैरहेका खडग नीसाना रीपो
१३. ट सदर वमोजीम रीत पुऱ्याई खरीद गर्ने गर्नु ....

नं. ३

१. छाउनी म्युजियेम कहाको कारींडाले पुर्जी हेरी सडर चीडीयाषानामा रहेका जनावर चरा
२. चुरंगीहरू मर्दाको छाला यस ठाउमा दाषील गर्नु भंन्ये सनद सवाल केही नभै साछी
३. राषी सींहदर्वार गारथमा दाखील गरी आयेको तेस्को श्रेस्ता स्मेत आज सम्म केही
४. षडा भै नआयेको हुनाले यही ९७ साल माघ मसांत सम्मको केही गर्नु पर्दैन फागुन १

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

५. गते देखीलाई श्रेस्ता षडा गरी छाउनी म्युजीयम्मा दाषील गर्न पाउ भनी नानी ले क महे
६. श्वर समसेर जङ्ग वहादुर राणाले वींती चढायेको व्यहोरा हामी श्री ३ महाराजका हर्जुमा जा
७. हेर हुदा साछी स्मेत राषी दाषील गरेको ९७ सालमा माघ मसांत सम्मको हकमा केही गर्नु
८. पर्दैन ९७ साल फागुण १ गते देषी सो मरेका जनावर चराचुरंगीहरूको छाला श्रेस्ता ष
९. डागरी छाउनी म्युजीयंममा दाषील गर्न लाउनु भनी हुकुं वक्सेको छोरा नानी श्री प्र.प्र.गो.
१०. द.वा. ले ज नारायण समसेर जङ्ग बहादुर राणा के.वी.ई. ले मुलुकी अडा पुर्जी फाटमा ले
११. खी पठायेको वेहोरा जाहेर भयो लेखीये वमोजीं सडर चीडीयाषानामा रहेका जनावर चरा
१२. चुरुंगीहरू मर्डाको छाला ९७ सालमा माघ मैना संमको हकमा हाम्रा सींहदर्वार गारथमा
१३. चीडीया षानामा टोकीयेका साछी राषी दाखील गरेको हुनाले तेस्को श्रेस्ता षडा नभये
१४. को भये पनी केही गर्नु नपर्ने गरी हाल ९७ साल फागुण १ गते देषीलाई तेस्को श्रेस्ता
१५. षडा गरी तेस छाउनी म्युजींयम्मा वुझाई डीने गरी बक्सेको छ स्व वमोजीं वुझी ली तेस अं
१६. डालाई भयेको अैंसवाल वमोजीं गर्ने कां गर इति सम्वत् १९९७ साल फागुण २१ गते रोज
१७. ३ शुभम् ....



नं. ४

१. छाउनी सिल्षाना अडाका हाकीं कारींदाले पुर्जी हेरी सप्तम यडवार्ड
२. को रूपैआ मुगलीस्टेसंहरूमा स्मेत नलीयकोले वंड हुने भएको
३. भनी वीरगंज कलैया गौर वजारमा स्मेत सो रूपैञा लिन दिन ग
४. र्न गाह्रो मान्ने र कसै कसै माहाजंले चादी धेरै छ भनी ॥२॥*॥२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



५. मा लिने गरेको र मालहरूमा लीआयको छ वजारमा तेस्तो नलिनु
६. भंने सदर पुर्जीस्मेत केही नभएको सो स्टेसंहरूले पनी लीने
७. नगरेका वुझीयकोले वींती गरेको छु भनी वीरगंजगोश्वाराका श्री क
८. जनरल हिरण्य संशेरजङ्ग वहादुर राणाले कातिक १४ गते फों
९. जाहेर गरेकोमा यहाबाट नलीनु भन्ने आडर नआएसंम सप्तम
१०. यडवार्डको कंपनी सर्कारीया अडाले लिने गर्नु भन्ने श्री ३ महाराज
११. वुवाज्यूबाट हकुं वकसेको छ भन्ने श्री पुकजवाट कार्तिक १६ गते फों
१२. जवाफ पठाई वकसेको हुनाले जाहेर गरेका छौ हुकुं वकसेको लेषीया व
१३. मोजीं यहाबाट नलिनु भन्ने आडर नआयेसम्म सप्तम यडवार्ड
१४. को टकंको कंपनी सर्कारीया अडाले लीने गर्नु गराउनु भंने यो
१५. रीपोट सदर गरीवकसेपछी वीरगंज गोश्वारामा पठाई दिने ठहराई
१६. मध्यस रीपोट नीकसारी पूर्व फाटबाट जाहेर गरेको रपोटको सीरमा
१७. यस्मा लेषीयाको सप्तम यडवर्डको टक सन् १९४३ मे १ तारीख
१८. पछी रिजर्व व्यांकबाट पनि नलिने छापामा लेषीयाको हुनाले
१९. सो टकको कंपनी सं १९४३ मार्च आखीर तारिखसम्म ल्यायाको वु
२०. झी लिनु तेसपछी लिनु पर्दैन भन्य मध्यस पाहाड नेपालको
२१. भर मुलुक अडाका नाउमा सनद गरी दिनु भनी मुलुकी अड्डा अैं
२२. न सवाल फाटमा पठाइ दिनु भंन्य तोक थपी ९९ साल मार्ग १९ गते
२३. रोज ६ मा सदर गरी वकसेको खडग निसाना तोक सदर यस अडामा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२४. आयाको हुनाले लेषीया वमोजीं गर्नु गराउनु भंने सनद गरीवक्स
२५. नु पर्ने ठहराऱ्यु जो मर्जि हुकुं भनी मुलुकी अडा अैंसवाल फाँटका
२६. हाकीं कारींदाले हाम्रा हर्जुमा वींती पार्दा जाहेर भयो तसर्थ सो
२७. ठहरायाको हामीवाट पनी सदर गरीवकसेको छ सो वमोजीं गर्ने
२८. काम गर ईति सम्वत १९९९ साल पौष २३ गते रोज ५ शुभम् ।

नं. ५

१. सो जुद्ध जातीय कलासालामा चाहीने मालसामान राखी देखाउन
२. खुल्ने वखत म विदाम्मा वाडी दीने कीताप तसवीरहरू छपाई लीनाला
३. ई चाहीने मोल मजुरी खर्च गर्न र मार्वल पत्थरको सीलालीपी लेखा
४. ई लीनालाई चाहीने मोल मजुरी खर्च गर्नालाई स्मेत नोट रु.५०० पान



५. सये नीकासा वकसेकोछ सो रूपैञा डाइरेकटर जनरलमा दस्षत
६. वमोजीम म्यूजीयमले कौसी तोसाखानावाट जीम्मावारी ल्याई खर्च
७. गर्दा डाइरेकटर जनरलका दस्षत वमोजीम खर्च गर्ने गर्नु वही वुझ
८. दा लीने पाउनेका स्ही छाप र डाइरेकटर जनरलका दस्षत वमोजीं
९. मोजरा होला ....
१०. अैलेलाई नेपाल म्यूजीयमको स्टापबाट नेपाल म्यूजीयंमा चली
११. रहेको सावीक सवाल सनद वमोजीम सो जुद्ध जातीय कलासाला
१२. मा काम चलाउनु ४

मानेता प्रत्री प क क डम्वर सम्सेर थापा छे
त्री सि आई ई सी वी ई १
सुवा कृश्न वहादुर १

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ना सु.वा. ईन्द्र मान सीं १
ख डील्ली वहादुर १
मु रत्न प्रसाद १

ईति सम्वत १९९९ साल मार्ग २६ गते रोज सुभ्म........

नं. ६ को पाठ छैन ।



नं. ७

श्री कमांडर इन चीफवाट

१. म.... लाल श्रेष्ठले पुर्जि हेरी छाउनीमा वनीरहेको टहरा कोठा ४२ मा १२ कोठा
२. मा जागीर ९ कोठामा अडा वसेको ४ कोठा षाली, १७ कोठामा ढाक्रे र पराल
३. दीई राषे वसेको नीजहरूले सालको मोरु १ का दर्ले वहाल वुझाउन मंजुर गरेको छ
४. भंने स्मेत तीमीले मु नं ७७३ को जाहेरी जाहेर गरेको जाहेर भयो ढाक्रेहरूलाई
५. वशन र पराल दीदा राषन नदीनु पल्टनीञा ज्वां वंदोवस्त गरी राषनु वहाल
६. सावीक देषी लीई नआयेको हुनाले लीनु पर्दैन पल्टनीञा ज्वां राषने वंदोव
७. फिरादी दीनु दीने जंगीअडालाई पनी लेषीयेको छ संवत १९८८
८. साल माघ गते रो ....

नं. ८



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

श्री का.मु. डाइरेकटर अफ पवलिक
इन्सट्रकसन जितेन्द्रवहादुर शाहबाट
१. म्यूजीयमका सु जनकलालले पुर्जी हेरी आदेश्वरको कुलो म्यूजी
२. यमको उत्तर पट्टीबाट म्यूजीयमको पूर्व पर्खालको छेउ गरी ल्याउनु
३. पर्ने भएको वेहोरा जाहेर भयो तसर्थ सो कुलो माथि लेखिए वमजिं
४. गरी वनाई दिने काम भए वेस होला ईति सम्वत् २००४ साल मार्ग
५. गते रोज २६ शुभम् ५ ....

नं. ९

प.नं. १५९

जंगी अडावाट

छाउनी सीलषानाम्यूजींके

पुर्जी

१. उप्रांत म्यूजीं हेर्न आयालाई देषाउने र हेरचाह गर्ने कांलाई तजपीछे ५ जनाले लेनमा ३ के जना १५ पल्ट १।८ सीपाही षटाई
२. पाउ भनी तेस अडाले ठहराई जाहेर गरेको ज.नं. ९०३ को नछापेको वेहोरा श्री प.क.ज. साहेवका हर्जुमा जाहेर हुदा सो कार्यलाई पल्टनी
३. ञाजनाको नीकास हुन सकदैन भनी पठाई दिनु भन्ने मर्जी वकसेको हुनाले यसैसाथ फीर्ता पठाई दियाको छ ईती सम्वत १९९५
४. साल चैत्र गते रोज शुभम्



नं. १०

जंगी अडावाट

छाउनी सील्षाना म्यूजींके

पुर्जी

१. उप्रांत छाउनी पोषरीमा हास चढाउने गरेकाले चराउन नदीनु भंने छाउनी तोपषाना
२. गारद पालो वस्ने अफीसरका नाउमा श्री प.क.ज. साहेवको दस्कत सदर गराउनु पर्ने भनि
३. ठहराई जाहेर गरेको व्यहोरा श्री प.क.ज. साहेवका हर्जुमा जाहेर गर्दा गार्ड पालोका नाउ
४. भयाका सवाल वमोजीं गर्नु भंने मर्जी वकसेको हुनाले मर्जी वकसे वमोजीं सो दस्कत य
५. सै साथ पठायाको छ सो वमोजींम गर्ने कां गर इति संवत १९९४ साल मार्ग ६ गते रो
६. ज १ सुभम....................

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



नं. ११

श्री प.क.ज. वाट

१. छाउनी पालो तोपखाना गारतमा पालो वस्ने अफीसर पगरीले पुर्जि हेरी
२. छाउनी सर्कारी कमल पोखरीमा छाउनी गार्डका ज्यापुहरूले पाली राखेको
३. हास अडा नषुल्दै र अडावंद गरी गै सकेपछि सो पोषरीमा हास छाडी
४. खानु पर्ने पानी मैला फोहर गरी दीने र उस्माथी पोषरीमा रहेको माछा
५. स्मेत षाने षुवाउने हुनाले नीजहरूलाई तेसो नगर भनी वरावर संझाउ
६. दा वुझाउदा पनी नटेरी अटेर गरी पोषरीमा हास छाडी चराउदै गरी
७. रहेकोले भयाको माछाको नोक्सान र षानु पर्ने पानी स्मेत मैला फोहर
८. भयकोले सो सर्कारी पोषरीमा हास चराउने रोकका वंद गरी पाउ भनि
९. छाउनी सिलखाना म्यूजिंको हाकीं कारीन्दाले वींती चढायाको हुनाले
१०. सो छाउनीको सर्कारी पोषरीमा हास चराउन नदीनु चराया पक्री जंगी
११. अडामा वुझाई दीनु यो उर्दी पालो वदलीदा पनी चलाउने काम गर
१२. इति सम्वत १९९४ साल आश्वीन १८ गते १ रोज शुभं ....



नं. १२

श्री कमांडर इन चीफवाट

१. श्री प.क.ज. के शुभ आसीक उप्रांत यस छाउनी म्यूजीयम्मा ९५ साल
२. ? ७ गतेका सनद वमोजीम ९५ साल फागुण १ गतेदेखी भारदार दुनी
३. त्रां मुसाफीर लगायतलाई म्यूजियम देखाउन गर्दा आज सम्ममा रोजको
४. अंदाजी ४० जवानका हीसावले हेर्न आयाको र म्यूजियम्ममा रहेको मा
५. ल असवाफ सवै सोकेस भन्ने नभै खुला रहेको र पालो पहरा स्मेत केही
६. नभयाकोले हरयक मनक हेर्न आउदा म्यूजियमको कांदार साथसाथै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

७. गै देषाई आयाको तेसो गर्ने गर्दा म्यूजियमलाई ठेकीयाको कांदार मध्येवाट
८. रोजींदा १२।१५ जवान कांदार हेर्न आउने मानीसहरूको साथसाथै गै देषाई
९. रहनु परी अरु म्यूजियमको गर्नु पर्ने काम गराउन नपाई रहेकोले हालै
१०. देषी म्यूजियमका ३ तीनै तलामा तलापीछे जवान ५ पाचका दर्ले
११. जम्मा जवान १५ पंध्र अडा षुलेदेषी वंध नभयासम्मपालो पहरा
१२. नराखे म्यूजियमको माल असवाफ स्मेत नोकसान हुने संभव देषीयाकोले
१३. हाललाई लेषीया वमोंजीम अडा षुले देषी वंध नभयासम्म तलैपीछे
१४. जवान ५ का दर्ले तला ३ के ज्मा पल्टनीत्रा जवान १५ पंध्र पालो पहरालाई
१५. षटाई पाउ भनी कीपर मीष्टर यस येन सेनले भनेको हुनाले जाहेर गरे
१६. को कुरो लेषीयाको कांलाई नीजले भने वमोजीम पालो पहरा राखना
१७. नीमीत्त चाहीने पल्टनीका जवान १५ पंध्र षटाई दीनु भन्ने आडर गरी
१८. पाउ भनी छाउनी सीलषाना म्यूजियमको हाकीं कारीन्दाले वींती चढाया
१९. को हुनाले सो लेषीयाको कांलाई म्यूजियममा रहेको हरयक कीसींको
२०. सुना चादी जडाउ माल र हातहतियार स्मेत रहेको हुनाले सो म्यूजि
२१. यमा अडा षुलेदेषी वंध नभया सम्म पालो पहरा राखना नीमित्त
२२. भाइका तजवीजले असल इमानदार पल्टनीका जवान १५ पंध्र छाउनी
२३. म्यूजियममा षटाई पठाई दीने कां गर इति सम्वत १९५५ साल फागुण
२४. गते रोज सुभ............



सन्दर्भ ग्रन्थहरू

१. सेन, शिवनारायण (१९३९) दि नेपाल म्यूजियम- नेपाल म्यूजियम पव्लिकेशन नं १ ।
२. हीरक जयन्ती स्मारिका (२०७०) हीरक जयन्ती स्मारिका प्रकाशन : राष्ट्रिय संग्रहालय, छाउनी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ल.पु चपट गणेश मन्दिरमा फेलापरेको अप्रकाशित लिच्छवि अभिलेख

- श्याम सुन्दर राजवंशी*

परिचयः

ललितपुर उप महानगरपालिका वडा नं ८ मा अवस्थित चपट गणेश मन्दिरमा लिच्छविकालका शिलालेख भेटिएको छ । यो शिलालेख केही वर्ष अघि मन्दिरको पेटीमा प्रयोग भइरहेको अवस्था थियो । यसलाई स्थानीयको पहल र पुरातत्त्व विभाग ,स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालयको सकृयतामा पेटीबाट झिकेर मन्दिरको बाँया पट्टि दक्षिण फर्काएर सुरक्षित राख्ने काम भइसकेको छ । यसले पेटीमा मान्छेहरूबाट हरहमेशा अक्षर कुल्चिने अवस्थामा रहेकोमा अभिलेखको उद्धार भएको अवस्था छ । जुनबेला कुल्चिने अवस्था थियो त्यही बेला अक्षर खिइन गयो र शिलाको बाँया पट्टिको भागका अक्षरहरू झनै नष्टभ्रष्ट भइसकेको छ। अक्षर नष्ट भए पनि संभाव्य अक्षर बुझिनेलाई कोष्ठभित्र राखिएको छ। क्षति भएर नचिनेका अक्षरलाई पंक्तिमा कोष्ठभित्र १ ,२, ३ गरेर संख्यामा दिइएको छ। शेषरहेका बाँकी भाग याने पंक्ति १०, ११ ,१२, १३, १४ र १५ का अक्षर धेरै क्षतिग्रष्ट भइसकेका छन् भने अभिलेखका मूल व्यहोरा नै ती पंक्तिमा परेको छ। अतः शब्दादि शब्द अनुवाद गर्न कठिनाइ भएकोले भावार्थ मात्रै प्रस्तुत गर्ने प्रयास गरिएको छ।

अभिलेखको शिरोभागमा शिवको बाहन साँढे बसेको चित्र अंकित हुनु र गणेश मन्दिर भएतापनि बाहन बसाहा साँढे राखिएको देखिएबाट प्राप्त शिलालेख गणेश मन्दिरकै हो भन्ने संकेत गर्दछ। प्रयुक्त लिपि लिच्छवि लिपि हो । अन्तिम पंक्तिमा संवत् ४० दिइएको छ। शिलालेखको मुख्य विषयवस्तु संरक्षण कार्यसंग सम्बन्धित देखिन्छ। अभिलेखको नाप ८० से.मी. लम्वाइ ३२ से.मी. चौडाइ ६ से.मी. बाक्लो शिला छ। प्रयोग भएको अक्षर सालाखाला सानोको २ से.मी ठूलोको.३.से.मी. छ। अक्षर पंक्ति बीचको अन्तर ३.से.मी. छ । अभिलेख भेटिएको केही वर्ष भइसक्यो तापनि अभिलेख अझै अप्रकाशित नै रहेकोले प्रकाशमा ल्याइएको छ ।

मूलपाठः

१. (ॐ स्वस्ति) कैलासकूट भवनादनेकाय तनयेनो
२. (१ २ ३ ४) र्णवस्तु प्रतिसंस्कार व्यापातु विशेष्योपय
३. (यथा) नुरूप प्रसादाकृत नै रा(ज्यो) भगवत्पशु
४. (पति) भट्टारक पादानुगृहितो बप्प पादानुध्यात
५. (श्र्यंश)ुवर्मा कुशली (द्रुयम्पी) चतुग्राम निवासिनो यथा
६. (प्रधानङ) कुटुम्बिनः कुशलमाभाष्य समाज्ञा पयति वि
७. (दितम्भ) वतु भवतामनैक दिगन्तराभ्यागतक चतुर्व
८. (१ २). माभिक्षुयं मानाद्यद्भूता वलोकनीय मूर्ते भग
९. (वतः). पशुपतेः सङ्क्रम कर्षण प्रयास परि तुष्ट(१ २)
१० (१ २ ३ ४ ५ ६). गृहतयाच्छादन विस्ति पञ्चो
११. (१ २ ३ ४ ५ ६ ७ ८ ९ १०.)प्रसादः कृत मा च दूत
१२. (१ २ ३).या(१).वि.(१).विहाणि रित्येकन्तु गृहम्भ

*प्रमुख पुरातत्त्व अधिकृत, पुरातत्त्व विभाग ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(१ २)

१३. . (१ २ ३ ४ ५ ६ ७ ८ ९).भिर्न कैश्चिदयम्प्रसादोस्म

१४ (१ २ ३ ४ ५ ६ ७ ८ ९ १०)मतिक्रमणीयो भाविभिरपि

१५. (१ २ ३ ४ ५ ६).र्मा युवराज गुरुतया स्मत्कृत प्रसादा

१६. नुवर्तिभिरेव भवितव्यमिति स्वयमाज्ञां दूतकोत्र युव

१७. राजोदय देवः संवत् ४० आषाढ शुक्ल दिवा पञ्चम्याम्

भावार्थः

कल्याण होस् । अनेक सम्पदाहरू जीर्णावस्थामा रहेकोले कैलासकूट भवनबाट संरक्षण गराउनको निमित्त भगवान पशुपतिनाथको अनुग्रह पाएका, बप्प (बुवा)को पाउको अनुग्रह पाएका,गाथमा आराम रहेका श्री अंशुवर्माले रुयम्पी चतुग्राम बस्ने मुखिया लगायत गृहस्थीहरूलाई कुशल मंगल सोधेर आज्ञा गर्नु भएको छ ।

देवस्थल,मूर्ति,देवभवन आदि दिग्स्थीर राखी अवलोकनार्थ समुचित व्यवस्था कायम राख्ने र यसमा कुनै किसिमको कसैले पनि अतिक्रमण वेथिति नगर्नू भनी व्यवस्थापनका लागि निगाह गरियो ।

जसले यो निगाहलाई अटेर गरी अन्यथा गर्ला त्यसलाई हामी सहने छैनौं । पछि हुने राजाहरूले पहिलेका राजाहरूले गरेको निगाहको ख्याल राख्नु पर्छ । यो मेरो आफ्नै आज्ञा हो । यस वातका दूतक (मार्फत) युवराज उदय देव । संवत् ४० आषाढ शुक्ल पंचमी ।

टिप्पणीः

संवत् ४० आषाढ शुक्ल दिवा पञ्चम्याम्

अभिलेखको अन्तिम पंक्तिमा उल्लेख भएको तिथिमिति हो । संवत् ४० भनेको शक पूर्व २ को कार्तिकादि लिच्छवि संवत् ५४० को संक्षिप्त रूप हो । यो शक ५३८ को कार्तिकदेखि शक ५३९ आश्विनसम्म रहन्छ । अतः अभिलेखमा आषाढ शुक्ल पंचमी आएकोले तदनुसार शक ५३९को आषाढ शुक्ल पंचमी भन्नुपर्छ । यही शक ५३९ मा १३५ जोडे वि.सं ६७४ आषाढ हुने र शक ५३९ मा ७८ जोडे इस्वी ६१७ आषाढ हुन आउँछ किनभने शकमा १३५ जोडे वि.सं हुने र शकमा ७८ जोडे इस्वी हुने तथ्य प्रष्ट रूपले सबैलाई थाहा छ । तर संवत् ४० लाई मानदेव संवत् मान्नेहरूले संवत् ४० मा नै ६३३ र ५७६ जोड्ने गर्दा यथार्थ विक्रम संवत् र इस्वी सन्मा ठीक ठीक वर्ष मिलिरहेको अवस्था बनिरहेको छैन । तापनि अधिकांश लेखकहरू त्यही धारमा लागेर काम चलाउ गर्दै आएका मात्रै हुन् । यसले वास्तवमा वि.सं. ६७४ भन्नु पर्नेमा ६७३ मात्रै भन्ने गर्छ भने इस्वी सन् ६१७ भन्नु पर्नेलाई ६१६ मात्र भन्ने गर्दा साल मिति नमिल्ने स्वाभाविक भैहाल्यो भने ऐतिहासिक कालक्रम पनि खलबलिएकै अवस्था कायम रही आएको छ ।

यो मितिको तारिख गणना गर्दा आएको नतिजा यस प्रकार छ

AD 617 July 19 Friday = संवत् ४० आषाढ शुक्ल दिवा पञ्चम्याम्

श्र्यंशुवर्माः

श्री र अंशुवर्मा सन्धि भई श्र्यंशुवर्मा गरी अभिलेखमा उल्लेख छ । शिवदेव तथा अंशुवर्माको संयुक्त अभिलेख संवत् ५१६ देखि संवत् ५२६ सम्मका अभिलेख पाइए त्यसमा अंशुवर्मालाई महासामन्त पदवी दिइएको उल्लेख पाइन्छ । यिनलाई श्रीसामन्त पदवी पनि दिइएको अभिलेख पाइन्छ । संभवतः संवत् ५१५ सम्म यिनी श्री सामन्त थिए भने संवत् ५१६ देखि महासामन्तमा पदोन्नति भएको हुनुपर्छ । ती अभिलेखहरूमा शिवदेवले अंशुवर्माको अनेक प्रशंसाहरू गरिएको पाइन्थ्यो भने ती अभिलेखहरू सबै मानगृह दरवारबाट प्रसारित थिए ।

प्राप्त भएको यस अप्रकाशित अभिलेखमा "भगवत पशुपति भट्टारक पादानुगृहितो बप्प पादानुध्यात" प्रशस्ति बाहेक अरु पदवी दिइएको उल्लेख छैन । यस अभिलेखमा दिइएको तिथि मिति संवत् ४० आषाढ शुक्ल पंचमी छ । हुन त यिनको एकल नाम मात्र उल्लेख भएको अभिलेख संवत् २९ देखि संवत् ४५ सम्मकै पाइएका छन् । ती अभिलेख सबै कैलासकूट भवनबाट प्रसारित छन् । ती बीचका संवत् ३५ र संवत् ३६ का अभिलेख कैलासकूट भवन दरवारबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्रसारित भएको भएतापनि त्यसमा भने पूर्ण रूपले संवत् ५३५ र ५३६ नै उल्लेख गरिएका हुँदा यसरी संवत् २९ देखि देखिएको संवत् अर्को कुनै छुट्टै संवत् नभएर ५२९ को सट्टा छोटकरी गरिएको संवत् मात्र रहेछ भन्ने प्रमाणित हुन गएको हो । साथै मानगृहबाट प्रसारितमा पहिलो थरिको संवत् र कैलासकूटबाट प्रसारितमा दोश्रो थरिको संवत् भन्ने जुन भान परेको हो सो पनि गलत भान रहेछ भन्ने प्रमाणित भइसकेको छ । यो दृष्टिकोणले भन्नु पर्दा अंशुवर्माको उदय संवत् ५१५मा देखिएर संवत् ५४५ मा पुगेर अस्ताएको भन्न सकिन्छ । यसरी ३० वर्षको लामो अवधिमा यिनले सामन्तदेखि महाराजाधिराजसम्मको पदवी धारण गर्न पाएकोले यिनलाई एक अत्यन्त भाग्यशाली एवं कुशल व्यक्तित्वको रूपमा चित्रण गर्न सकिन्छ । यसरी यिनी तत्कालीन नेपालको इतिहासमा एक सर्वशक्तिशाली हुन पाएको भए तापनि लिच्छविवंशी राजाहरूको प्रभुत्वलाई सदासर्वदा आत्मसात् गर्दै आए भन्ने कुरा बप्प पादानुध्यात प्रशस्तिले चरितार्थ पारेको छ । भगवतपशुपतिभट्टारकपादानुगृहितो प्रशस्तिले श्री अंशुवर्मा पशुपतिका अनन्य भक्त थिए भन्ने पनि देखाउँछ ।

उदय देवः

अंशुवर्माका अभिलेखहरूमा दूतक भनेर समकालीन उच्च ओहदाका व्यक्तिहरूको नामहरू उल्लेखनीय रूपमा देखा परेको पाइन्छ । जसमा विक्रमसेन, विन्दुस्वामी, भोगवर्मा, उदयदेवका नामहरू विशेष छन् । अभिलेखमा विक्रमसेनलाई राजपुत्र, विन्दुस्वामीलाई महावलाध्यक्ष, भोगवर्मालाई महासामन्त र उदयदेवलाई युवराज भनिएको पाइन्छ । उदयदेव अंशुवर्मा भन्दा पछि राजाको रूपमा देखा परेको तर लामो समयसम्म राजा भई टिक्न सकेको देखिन्न । अंशुवर्मा लिच्छविवंशी राजाहरूको प्रभुत्वलाई अक्षुण्ण रूपले आत्मसात् गरी पालन गर्ने व्यक्ति भएकोले आफू पछि शिवदेवका छोरा युवराज उदयदेवलाई नै राजा बनाउनमा सहयोग गरे। प्राप्त अभिलेखको संवत् ४०(वि. सं ६७४) अंशुवर्माको शासनकालको उत्तरार्ध भएकोले युवराज उदयदेवलाई दूतक बनाइएको मतलव भविष्यको राजउत्तराधिकारी यही हुन् भनी बोध गराउन पनि थियो भन्ने बुझिन्छ ।

चतुग्रामः

अभिलेख प्राप्त भएको स्थान चपट हो । चपट टोलमा गणेश मन्दिर बन्दा मन्दिरको पेटीमा लिच्छवि अभिलेखलाई अलि छाँटेर काटेर प्रयोग गरिएको पाइएको र संभवतः शिलालेख ढलेको वा असुरक्षित देखेर त्यो बेला संरक्षणको दृष्टिले जतन गरेको पनि होला तर अभिलेखमा अंकित अक्षर नबुझेर नै गलत तवरले संरक्षण भएको हुन सक्छ । अभिलेखमा चतुग्राम शब्द आइरहेको छ । सायद यही चतुग्रामको अपभ्रंस भई चपट टोल कायम भएको पनि हुन सक्छ । जेहोस् अभिलेख अहिले सुरक्षित पाउनु पनि ठूलो कुरो हो भन्न सकिन्छ भने चतुग्रामका निवासीलाई सम्बोधन गरिएको अभिलेखको चपटटोल र चतुग्राम एउटै थियो वा थिएन यकीन गर्नु खोजीकै विषय भएको छ ।

हालसम्ममा पाइएका अंशुवर्मा कार्यकाल ताकाका संवत् अंकित अभिलेख मात्रैको सूची

अंशुवर्माका अभिलेख			तदनुसार			
सि.नं	अभिलेख मिति र स्थान	संक्षिप्तसंवत्	शक	इस्वीसन्	विक्रम	कलिगत
१	संवत् ५१६वैशाखको पाटन भीमसेनथानको अभिलेख	१६	५१५	५९३	६५०	३६९४
२	संवत् ५१६ ज्येष्ठको भपुगोलमाढीको अभिलेख	१६	५१५	५९३	६५०	३६९४
३	संवत् ५१६........ भपु तुलाछेको अभिलेख	१६	५१५	५९३	६५०	३६९४
४	संवत् ५१७ प्रथमाषाढको धर्मस्थलीको अभिलेख	१७	५१६	५९४	६५१	३६९५
५	संवत् ५१७ प्रथमाषाढको बूढानीलकण्ठको अभिलेख	१७	५१६	५९४	६५१	३६९५
६	संवत् ५१९ प्रथमपौषको सतुंगलको अभिलेख	१९	५१७	५९५	६५२	३६९६
७	संवत् ५१९..........टोखाकोअभिलेख	१९	५१७	५९५	६५२	३६९६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

८	संवत् ५२० माघ धर्मपुरको अभिलेख	२०	५१८	५९६	६५३	३६९७
९	संवत् ५२० चैत्रको खोपासीको अभिलेख	२०	५१८	५९६	६५३	३६९७
१०	संवत् ५२६ वैशाखको धापासीको अभिलेख	२६	५२५	६०३	६६०	३७०४
११	संवत् ५२६ आश्विनको लेलेको अभिलेख	२६	५२५	६०३	६६०	३७०४
१२	संवत् ५२९ ज्येष्ठको वुंगमतिको अभिलेख	२९	५२८	६०६	६६३	३७०७
१३	संवत् ५३० ज्येष्ठको हाडिगाउँको अभिलेख	३०	५२९	६०७	६६४	३७०८
१४	संवत् ५३१ प्र.पौषको भट्वालको अभिलेख	३१	५२९	६०७	६६४	३७०८
१५	संवत् ५३१ द्वि.पौषको भपु इनाय टोलको अभिलेख	३१	५२९	६०७	६६४	३७०८
१६	संवत् ५३१ माघको चाँगुनारायणको अभिलेख	३१	५२९	६०७	६६४	३७०८
१७	संवत् ५३१ वैशाखको लपु चक्रवहिलको अभिलेख	३१	५३०	६०८	६६५	३७०९
१८	संवत् ५३२ आषाढको हाडिगाउँको अभिलेख	३२	५३१	६०९	६६६	३७१०
१९	संवत् ५३२ भाद्रको साँगाको अभिलेख	३२	५३१	६०९	६६६	३७१०
२०	संवत् ५३४ प्र.पौष लपु सुनधाराको अभिलेख	३४	५३२	६१०	६६७	३७११
२१	संवत् ५३५ श्रावणको ज्यावहालको अभिलेख	३५	५३४	६१२	६६९	३७१३
२२	संवत् ५३६ द्वि. पौषको गोकर्ण वालुवाको अभिलेख	३६	५३४	६१२	६६९	३७१३
२३	संवत् ५३७ फाल्गुनको तिस्तुंगको अभिलेख	३७	५३५	६१३	६७०	३७१४
२४	संवत् ५३९ वैशाखको देउपाटनको अभिलेख	३९	५३८	६१६	६७३	३७१७
२५	संवत् ५४० आषाढको लपु चपटको अभिलेख	४०	५३९	६१७	६७४	३७१८
२६	संवत् ५४० श्रावणको साँखुको अभिलेख	४०	५३९	६१७	६७४	३७१८
२७	संवत् ५४३ ज्येष्ठको फर्पिङको अभिलेख	४३	५४२	६२०	६७७	३७२१
२८	संवत् ५४५ ज्येष्ठको भोटाहिटी रत्नपार्कको अभिलेख	४५	५४४	६२२	६७९	३७२३

सन्दर्भग्रन्थ सूची

१. बज्राचार्य, धनबज्र ,२०३० लिच्छविकालका अभिलेख,नेपाल तथा एशियाली अध्ययन संस्थान, त्रि.वि. कीर्तिपुर ।

२. रेग्मी, जगदीशचन्द्र, २०५३ः लिच्छवि–इतिहास, नेपाल तथा एशियाली अध्ययन संस्थान, त्रि.वि. कीर्तिपुर ।

३. गोयल, श्रीराम,१९७३ः प्राचीन नेपाल का राजनीतिक और साँस्कृतिक इतिहास, भारतीय –विद्या–प्रकाशन, वाराणसी ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लिच्छविकालका अभिलेखमा धारा प्रणाली

- सौभाग्य प्रधानाङ्ग*

काठमाडौं उपत्यकामा मानव सभ्यताको विकाससँगसँगै विभिन्न कला, संस्कृति तथा प्रविधिको विकास भएको देखिन्छ। शुरुमा गोपाल, महिषपाल, किरातवंशले यहाँ शासन गरेको वंशावलीलगायत विभिन्न स्रोतहरूमा उल्लेख पाइन्छ। तर तत्कालीन अभिलेखीय स्रोतको अभावमा त्यस बेलाको कला, संस्कृति तथा प्रविधिको बारेमा प्रमाणित हुन बाँकी छ। त्यसपछि लिच्छविकालदेखि शाहकालसम्ममा उत्कृष्ट कलाकारितासहितका मन्दिर, विहार, दरबार, स्तूप, चैत्य, मण्डप, ढुङ्गेधारा आदि कला र वास्तुकलाले भरिएका सम्पदाहरूको विकास भएको पाइन्छ। जसमध्ये केही सम्पदाहरू समयको कालक्रम र विभिन्न समयमा हुने प्राकृतिक प्रकोपका कारण लोप भएका छन् भने केही परिवर्तित स्वरूपसँगै अस्तित्वमा छन् केही सम्पदाहरू हालसम्म पनि हाम्रो गाउँ, सहर र नगरलाई सिँगारिरहेकै छन्। त्यस्तै एक अनुपम सम्पदा तथा प्रविधिको प्रतीकको रूपमा रहेका सम्पदा ढुङ्गेधाराहरू हुन् जसले प्राचीन कालदेखि आजसम्म काठमाडौं उपत्यकाको उत्कृष्ट प्रविधि, संस्कृति र इतिहासलाई जीवन्त वनाएका छन्। लिच्छविकालमा बनेका केही ढुङ्गेधाराहरू अहिलेसम्म निरन्तर सञ्चालनमा रहेका छन्। लिच्छविकालका अभिलेखहरूको अध्ययन तथा अनुसन्धानबाट तत्कालीन समयमा धाराहरूको निर्माण, संरक्षण, व्यवस्थापनलगायत विविध विषयबारे जानकारी प्राप्त गर्न सकिन्छ।

काठमाडौं महानगरपालिकामा १६६, भक्तपुर नगरपालिका भित्र ८७, ललितपुर उपमहानगरपालिका भित्र ६१, मध्यपुर थिमि नगरपालिकाभित्र ६५ र कीर्तिपुर नगरपालिकाभित्र ११ गरी ३९० ढुङ्गेधाराहरू रहेका छन् भने काठमाडौं उपत्यकाभित्र करिब पाँच सयभन्दा धेरै ढुङ्गेधाराहरू रहेको अनुमान गर्न सकिन्छ। पाँचवटा नगरपालिकाभित्र रहेका ३९० ढुङ्गेधाराहरूमध्ये २३३ वटा धाराहरू आजसम्म पनि निरन्तर परम्परागत रूपमा प्राकृतिक स्रोतको आधारमा सञ्चालनमा रहेका छन् भने करीव ४३ वटा धाराहरू नयाँ खानेपानीको लाइन जोडिएर सञ्चालनमा आइरहेका छन्। यसका अतिरिक्त ६९ वटा धाराहरू पानी सुकी सञ्चालनमा नरहेका र ४५ वटा धाराहरू लोप भइसकेका छन्।[१] यीमध्ये पनि केही धाराहरू सुक्ने क्रममा रहेका छन् भने केही लोप हुने क्रममा रहेका छन्। यी ढुङ्गेधाराहरूमध्ये केही धाराहरू पूर्व लिच्छविकाल र लिच्छविकालमा, केही धाराहरू पूर्व मध्यकाल र मल्लकालमा र केही शाहकालमा निर्माण भएका हुन्। समय र विकाससँगै पानी वितरण प्रणालीमा धेरै नयाँ प्रविधिहरू भित्रिसकेका छन् तापनि ती नयाँ वितरण प्रणाली तथा प्रविधिहरूसँगसँगै स्थानीय जनताको

*प्रमुख, राष्ट्रिय अभिलेखालय।

१ Traditional stone spouts Enumetation and Mapping, 2008

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सरल र सहज पहुँच हुने गरी प्राचीन ढुङ्गेधाराहरू निरन्तर चौविसै घण्टा सञ्चालनमा आइरहेका छन्। वर्तमानमा ढुङ्गाको धारा भएको कारणले ढुङ्गेधारा र गहिरो स्थानमा हुने भएकाले गैह्वीधारा भनी चिनिए जस्तै भाषा, समुदाय र समय अनुसार धारा छुट्टाछुट्टै नामले जानिन्छ। काठमाडौं उपत्यकाका स्थानीय बासिन्दाहरूले लोहँहिती, गाः हिति नामले चिनिन्छन्। त्यसैगरी ढुङ्गेधारा सुनको टुटी रहेको कारण लुँहिति, स्थान विशेषको आधारमा थँहिति, क्वहिति आदि विभिन्न नामले पनि चिनिने गरेका छन्। प्राप्त अभिलेखीय स्रोतहरूमा धारा जनाउन विभिन्न शब्दको उल्लेख गर्ने गरिएको पाइन्छ। लिच्छविकालका शुरुका केही अभिलेखहरूमा ढुङ्गेधारालाई 'कीर्त्ति'शब्दको प्रयोग गरेको पाइन्छ। उदाहरण स्वरूप हाँडिगाउँको भारविको संवत् ४७२ को अभिलेखमा मानदेवको छोरीका छोरा भारविले स्वादिलो चिसो सफा पानी आउने कीर्त्ति बनाएको उल्लेख छ। लोकहितको लागि पाटीपौवा, धारा, पोखरी आदि बनाउँदा पछिसम्म यश कीर्ति फैलाइराख्ने हुँदा यस्ता लोकहितका कार्यहरूलाई कीर्त्ति भनिएको बुझिन्छ।[२] अन्य अभिलेखहरूमा धारालाई प्रणाली शब्दको प्रयोग गरिएको छ उदाहरणको रूपमा काठमाडौं स्थित वटु र नक्साल भन्सारहिटीको अंशुबर्माको अभिलेखलगायत लिच्छविकालका अन्य अभिलेखहरूमा धारा जनाउन प्रणाली शब्दको प्रयोग गरिएको छ।[३] त्यस्तैगरी मध्यकालमा प्रणाली,[४] प्रणालि, प्रनालि,[५] पन्नाली, पनाली, यिति[६]र हिति[७] आदि शब्दहरूको प्रयोग भएकोछ। प्रणालि, प्रनालि, पन्नाली, पनाली शब्द संस्कृतको प्रणाली शब्दको परिवर्तित स्वरूपहरू हुन्। यिति र हिति शब्द नेपालभाषामा धारालाई बुझाउने अघिल्ला र पछिल्ला समयका शब्द हुन्। मल्लकालका प्रायः अभिलेखहरूमा संस्कृत र नेपालभाषा दुवैको प्रयोग भएको पाइन्छ त्यसैले केही अभिलेखहरूमा धाराको लागि प्रणाली र हिति दुवै शब्दको प्रयोग गरिएको छ।[८] राजा जयस्थिति मल्लको समयमा लेखिएको गोपालराजवंशावलीमा धाराको लागि पनाली शब्दको प्रयोग भएको छ। यसरी प्राप्त अभिलेखीय स्रोतहरूमा समय, भाषा, प्रसङ्ग र भाषामा भएको परिर्वतन अनुसार धारा जनाउन फरक फरक नाम प्रयोग भएको पाइन्छ।

ढुङ्गेधाराको ऐतिहासिकता

ढुङ्गेधाराको ऐतिहासिकताको अध्ययन गर्ने क्रममा आजसम्म प्राप्त अभिलेखीय स्रोतहरूको आधारमा लिच्छविकालभन्दा अगाडि पुग्न सक्ने प्रामाणित आधारहरू भेटिएको छैन। प्राप्त अभिलेखीय स्रोतहरूमध्ये गोपालराजवंशावलीमा राजा श्री विश्व(वृष)देवले पनाली(ढुङ्गेधारा) बनाएको र राजा श्री मानदेवले अन्जानमा पिताको आज्ञाले पनालिकास्थान (ढुङ्गेधारा) मा शिर काटिएको उल्लेख पाइन्छ।[९] यसबाट राजा विश्व(वृष)देवको समयमा नै ढुङ्गेधारासँग परिचित थिए भन्ने बुझिन्छ। राजा मानदेवको केलटोलको मानदेवको अभिलेखमा "दुनियाँको सुख सुविधाको लागि सफा पानी ल्याउन लाएर" भन्ने वाक्यांश परेको छ।[१०] यहाँ "सफा पानी ल्याउन लाएर" भन्ने वाक्यांशले ढुङ्गेधारालाई इंगित गरेको बुझिन्छ। लिच्छविकालका संवत् ४२८ को थानकोट आदिनारायणको वसन्तदेवको अभिलेखमा "दक्षिणतः पानीयमार्ग्गावधिः" भन्ने शब्दको प्रयोग भएकोछ। त्यस शब्दलाई धनवज्र बज्राचार्यज्यूले 'पानीको धारासम्म' भनी अनुवाद गर्नु भएको छ।[११] प्राप्त अभिलेखहरूमध्ये प्रथम पटक धारा

२ बज्राचार्य धनबज्र, २०५३, पृ.१७९ - १८०

३ ऐजन पृ. ३५१, ३५४

४ बज्राचार्य धनबज्र, २०६८, पृ.२४१

५ ऐजन पृ.१७, ८३

६ बज्राचार्य धनबज्र, २०५६ पृ.५३, ७३

७ ऐजन पृ.२०, १३४

८ मिश्र योगेश राज, १११९, पृ.२०

९ Bajracarya Danavajra and Malla Kamal P. 1985, P. 28

१० पूर्ववत सं. २, पृ. ७१ - ७२

११ ऐजन, पृ. ९१ - ९३
सोही पुस्तकको शिवदेव र अंशुबर्माको बनेपाको अभिलेखमा रहेको पानीयमार्ग्ग शब्दलाई पानीको धार भनि अनुवाद गरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

बनाएको सम्बन्धमा सीतापाइलाको वसन्तदेवको अभिलेखमा जयसुन्दरीले बुबा र आफ्नो पुण्य बढोस् भन्ने उद्देश्यले बनाउन लगाएको धाराको प्रसङ्ग उल्लेख पाइन्छ ।[१२] उक्त अभिलेखको धेरै अक्षरहरू खण्डित भई सकेकोले पूर्ण पाठ पढ्न सकिएको छैन । त्यसैगरी हाँडिगाउँको डबलीनिर रहेको र हाल राष्ट्रिय संग्रहालयमा रहेको संवत् ४७२ को भारविको अभिलेखमा 'राजा श्रीमानदेवका छोरीका छोरा भारविले स्वादिलो चिसो सफा पानी आउने कीर्ति बनाउनु भएको विषयमा उल्लेख परेको छ ।[१३] उक्त अभिलेख धारामा नभई डबलीमा रहेको छ । मंगलबजारको ढुङ्गेधारामा रहेको संवत् ४९२ को भारविकै अभिलेखमा आमा बुवा र आफ्नो पुण्य वृद्धि होस् भनी कीर्त्ति बनाउन लाएको उल्लेख छ ।[१४] यी दुवै अभिलेखमा भारविले कीर्ति राख्न लगाएको उल्लेख छ। संवत् ४७२ को हाँडिगाँउको अभिलेखमा स्वादिलो चिसो सफा पानी आउने कीर्ति भनेर स्वादिलो चिसो सफा पानी आउने धारा हो भन्ने अर्थ स्पष्ट हुन्छ र उक्त धारा हाँडिगाँउको डबली नजिकै रहेको ढुङ्गेधारा हुन सक्दछ। त्यस्को २० वर्ष पछि राख्न लगाएको संवत् ४९२ को मंगलबजारको अभिलेखमा भारविले आमा बावु र आफ्नो पुण्य बढोस् भनी यो कीर्त्ति बनाउन लगाउनु भयो भनी उल्लेख गरी ढुङ्गेधाराको मुनि पानी जम्ने खाल्टोको भित्तामा रहेको थियो ।[१५] यी दुवै अभिलेखको तुलनात्मक अध्ययन गर्ने हो भने दुवै अभिलेखमा रहेको कीर्त्ति शब्द ढुङ्गेधारालाई नै इंगित गरिएको हो भन्ने स्पष्ट हुन्छ । मंगलबजारको धारा १४४७ बर्षदेखि हालसम्म पनि निरन्तर सञ्चालनमा रहेको छ । लिच्छविकालमा अंशुबर्मा, जिष्णुगुप्त र नरेन्द्रदेवले धारा निर्माणको कार्यलाई निरन्तरता दिनुको साथै संरक्षणको कार्यलाई पनि विशेष प्राथमिकता दिएको पाइन्छ । पूर्व मध्यकाल, मल्लकाल र शाहकालमा पनि ढुङ्गेधाराहरू निमार्ण, जीर्णोद्वार र संरक्षणका कार्यहरूले निरन्तरता पाएको देखिन्छ ।

१२ ऐजन,पृ. १३२ – १३३

१३ ऐजन, पृ. १७९ – १८०

१४ ऐजन, पृ.२०८ – २०९

१५ जोशी हरिराम, २०३०, पृ. १८१ – १८२ (फोटो नं. १)

धारानिर्माण कार्य

लिच्छविकालका अभिलेखहरूको अध्ययन गर्दा शुरुका अभिलेखहरूमा राजा र राजपरिवारसँग सम्बन्धित, सम्पन्न परिवारले धारा बनाएको देखिन्छ । धारा निमार्ण गर्ने लिच्छवि राजाहरूमा विश्व (वृष)देव, मानदेव, अंशुबर्मा, जिष्णुगुप्त, विष्णुगुप्त र नरेन्द्रदेवको उल्लेख आएको छ । धारा निमार्ण गर्ने कार्यमा राजाहरू जस्तै राजपरिवारका सदस्यहरू र राजपरिवारसँग सम्बन्धित व्यक्तिहरूको पनि अग्रसरता देखिन्छ । वसन्तदेवकी बहिनी जयसुन्दरी, मानदेवका छोरीका छोरा भारवि, अंशुबर्माका भानिज महासामन्त भोगवर्मा, श्री कलहाभिमानी राजा (अंशुबर्मा)का भाइकी बुहारीले धारा निर्माण कार्य गरेका थिए । ती मध्ये भारविले बनाउन लगाएको हाँडिगाउँ र मंगलबजारको धारा अहिलेसम्म अस्तित्वमा छ । त्यसैगरी अंशुबर्माको निगाहा पाएका वार्त्त विभुबर्माले धारा बनाउन लगाएको टुण्डिखेलको उत्तरपट्टि रहेको उक्त धारा पुरिसकेको छ ।[१६] धारा निमार्ण गर्दा पानीको मुहान खोजी त्यहाँबाट सुरक्षित र व्यवस्थित रूपमा जमिनमुनिबाट पानी ल्याई धारा बनाउनु पर्ने भएकाले जनशक्ति र खर्च धेरै लाग्ने भएकोले राजपरिवार, विशेष अधिकार प्राप्त व्यक्ति र सम्पन्न व्यक्तिले मात्र यस्ता धाराहरू बनाउन लगाएको देखिन्छ । तसर्थ यसका अतिरिक्त ग्राम पाञ्चालीको अग्रसरतामा स्थानीय जनताको संलग्नतामा पनि केही धाराहरू बनेको पाइन्छ । जोञ्जोन्दिङ ग्रामका जनताहरूले नीलीशालाको धारा[१७] र माग्गोल ग्रामका जनताहरूले बनाउन लगाएका धारा[१८] उदाहरणको रूपमा लिन सकिन्छ । यसका अतिरिक्त व्यक्तिगतरूपमा पनि धाराहरू बनाएको केही उदाहरणहरू पाइन्छन् । नाला भगवती मन्दिर अगाडिको धारा ध्रुवशील र अणङ्गशील दुई भाइ मिली बनाएको र मंगलबजारको अदालत सामुन्नेको ढुङ्गेधारामा रहेको हाल पाटन

१६ पूर्ववत सं. २, पृ. ३७८

१७ ऐजन, पृ. ३५४ – ३५५

१८ ऐजन, पृ. ४०५ – ४०६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पुरातत्त्व बगैंचामा रहेको अभिलेखमा हिवाकर भन्ने व्यक्तिले धारा बनाई कलोपि ग्रामका पाञ्चालीलाई सुम्पिएको विषयमा उल्लेख गरिएको छ।[१९] त्यसैगरी नक्सालनारायण चौरको अभिलेखमा सीमा उल्लेख गर्ने क्रममा वोत्तरिनोले बनाउन लाएको धाराको उल्लेख गरिएको छ।[२०] तर यी व्यक्तिहरूको परिचय खुलेको छैन । सम्भवतः यी व्यक्तिहरू सम्पन्न परिवारबाट हुनु पर्दछ । यसरी सर्वप्राणी बाँच्न अत्यावश्यक पानी सहज रूपमा उपलब्ध गराउने परोपकारको भावनाले लिच्छविकालमा कीर्ति राख्न, जनतालाई सुख सुविधाको पुऱ्याउन, पुण्य वृद्धि गर्न आदि विभिन्न उद्देश्यले राजादेखि साधारण जनतासम्म धारा निमार्ण गर्ने कार्यमा अग्रसर भएको देखिन्छ ।

लिच्छविकालका अभिलेखहरूमा ढुङ्गेधाराको संरक्षण लिच्छविकालमा कुनै पनि किसिमको कीर्ति राख्ने क्रममा निरन्तररूपमा सञ्चालन र कालान्तरसम्म त्यसको व्यवस्थापन तथा संरक्षण होस् भन्ने हेतुले आयस्तासहितको जग्गा र गुठीको व्यवस्था गरिएको पाइन्छ । त्यस्तै व्यवस्था धारा निर्माणको क्रममा दीर्घकालसम्म निरन्तर चलिरहोस् र समय परिस्थितिले जीर्ण भएमा, टुटफुट भएमा मर्मत र नियमित संरक्षण होस्, दिगो व्यवस्थापन होस् भन्ने उद्देश्यले नियमित आयस्तासहितको जग्गाको व्यवस्था गरिएको पाइन्छ। सीतापाइलाको वसन्तदेवको खण्डित अभिलेखमा बहिनी जयसुन्दरीले बनाउन लगाएको धाराको मर्मत गर्नका लागि जग्गा व्यवस्था गरिदिएको उल्लेख छ ।[२१] मंगलबजारको भारविको अभिलेखमा ढुङ्गेधारा बनाउन लगाएर कहिल्यै नाश नहोस् भन्नाका लागि यूपग्रामको दक्षिण पश्चिमपट्टि पचास मानिका कुत आउने जग्गा गुठी राखिएको छ ।[२२] त्यसैगरी जिष्णुगुप्तको समयमा पाशुपत सम्प्रदायका प्रतिष्ठित आचार्य भगवत्प्रनर्दन प्राणकौशिकले छत्रचण्डेश्वरको टुटफुट हुँदा मर्मतको लागि असी मानिका कुत आउने खेत दान दिएको छ ।[२३] यसैक्रममा श्री कलहाभिमानी राजा (अंशुबर्मा)का भाइकी बुहारीले धारा निमार्ण गरी बिग्ग्रो भत्क्यो भने हेरविचार गर्न पचास मानिका कुत आउने खेत बैद्यमद्गुदिमा बस्नेहरूलाई दिएको छ ।[२४] लिच्छविकालका प्रायः अभिलेखहरूमा यसरी संरक्षणको लागि आवश्यक व्यवस्था गरी अन्तमा यो व्यवस्था निरन्तर पछिसम्म कायम गर्न धारा प्रणालीमा क्षति पुग्ने गरी अन्यथा गर्ने गराउनेलाई दण्ड हुने उल्लेख छ भने पछि हुने राजाहरूले पनि पहिलाका राजाहरूले गरेको निगाहालाई ध्यान दिनु पर्ने र उक्त निगाहा धेरै कालसम्म कायम रहोस् भन्नाका लागि सनद जारी गरेको उल्लेख पाइन्छ। यति हुँदाहुँदै पनि केही अभिलेखहरूमा संरक्षणको अभावमा धाराहरू जीर्ण भएको उल्लेख पाइन्छ । उदाहरणको लागि चाँगुनारायणको विष्णुगुप्तको अभिलेखमा उहिले भोगबर्माले दोलाशिखरस्वामीको द्वारमा ल्याएको धारो मर्मतको लागि खर्चको प्रबन्ध नहुनाले पहाडको फेदमै पानीको मुहान टुट्न गई जीर्ण भएको प्रसङ्ग पनि उल्लेख पाइन्छ ।[२५]

धाराको संरक्षणको विषयमा चर्चा गर्दा संवत् ५२६ को लेलेको शिवदेव अंशुबर्माको अभिलेख उल्लेखनीय रहेको छ। उक्त अभिलेखमा लेम्वटीद्रङ्गका विभिन्न विषयसँग सम्बन्धित संस्था तथा गोष्ठीहरू नियमितरूपमा सुचारु होस् भन्ने उद्देश्यले विभिन्न गोष्ठी तथा संस्थाहरूको लागि खेतको आयस्ता तोकिएको छ । सोही क्रममा पानीसँग सम्बन्धित पानीय गोष्ठीका गुठियारलाई ४० मानिका, पौलम्पानीय गोष्ठीको गुठियारलाई १० मानिका र प्रणालीगोष्ठीका गुठियारलाई ८ मानिका तोकिएको छ ।[२६] यी मध्ये पानीको बन्दोबस्त मिलाउन पानीय गोष्ठी हुन्थ्यो भने धारासम्बन्धी कार्यहरू धारा

१९ ऐजन, पृ. ५१२, ५९०
२० ऐजन, पृ. ५६६, ५६९
२१ ऐजन, पृ. १३२ - १३३
२२ ऐजन, पृ. २०८ - २०९
२३ ऐजन, पृ. ४२६ - ४२७
२४ ऐजन, पृ. ४३१ - ४३२
२५ ऐजन, पृ. ४५२ - ४५३
२६ ऐजन, पृ. २८३ - २८४

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

बनाउने, त्यसको बन्दोबस्त गर्ने र तिनको हेरविचार गर्ने काम प्रणाली गोष्ठीको हुन्थ्यो । हालसम्म पनि इनार तथा ढुङ्गेधाराहरू संरक्षण गर्ने जात्रापर्वमा पानी खुवाउने केही गुठीहरू कायम रहेको पाइन्छ । सिठिनखःको दिनमा गुठीबाट इनार तथा ढुङ्गेधाराहरू सफा गर्ने र मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रामा पानी खुवाउने परम्परा अहिलेसम्म पनि कायमै रहेको छ ।

अंशुबर्माको संवत् ३० को अभिलेखमा पानीयकर्मान्तिक भन्ने शब्द उल्लेख छ ।[२७] कर्मान्तिक शब्दले कालिगड विशेषलाई बुझाउने भएकोले पानीयकर्मान्तिक शब्दले पानी र पानीको श्रोतसम्बन्धी काम गर्ने कालिगड भन्ने बुझिन्छ । यस अभिलेखमा पानीयकर्मान्तिकलाई २ पुराण २ पण तोकिएको छ । यसबाट लिच्छविकालमा धारा लगायत पानीको स्रोतहरू नियमित रूपमा संरक्षण तथा मर्मत गर्न पानीयकर्मान्तिकको व्यवस्था रहेको बुझिन्छ ।

धारा बनाउने, नियमित हेरविचार गर्ने र संरक्षण गर्ने कार्यमा स्थानीय जनता तथा निकायको हौसला बढाउन प्रोत्साहन दिने उद्देश्यले तत्कालीन राजाहरूले धारा बनाएबापत ग्रामपाञ्चालीहरूलाई थप अधिकार प्रदान गर्ने, स्थानीय करहरू माफी गर्ने गरिएको देखिन्छ । धारा बनाउने कामले खुशी भएका अंशुबर्माले बटुभेकका जनतालाई मल्लपोटकर र सूकरकर माफी गर्नुको साथै सो भेकका पञ्चपराधसम्बन्धी मुद्दा हेर्ने अधिकार पनि स्थानीय पाञ्चालीलाई सुम्पेका थिए ।[२८] मानव जीवनको लागि अत्यावश्यक सफा शीतल पानीको व्यवस्था गर्ने कार्यलाई प्रोत्साहन गरी स्थानीय जागरुक बनाउन भीमार्जुदेव र जिष्णुगुप्त समयमा जोल्पिङ ग्रामबासिन्दालाई चैलकर माफ गरी दिएका थिए ।[२९]त्यसैगरी जिष्णुगुप्तको समयको पशुपति छत्रचण्डेश्वरको अभिलेखमा धाराको टुटफुट हुँदा मर्मतको लागि पाशुपत सम्प्रदायका आचार्यहरूको संघलाई र वराहस्वामी, उपसोम ..क्रसोम खडुकहरूलाई जिम्मेवारी दिई आयस्ता सहितको खेत दान दिएका थिए ।[३०]

वर्तमान समयमा धाराको मुहान स्रोतको संरक्षणको अभाव र ठूल्ठूला नयाँ निमार्ण कार्यको क्रममा पानी आउने मार्गहरूहरूको क्षति र अवरोधको कारणले वर्तमान अवस्थामा ढुङ्गेधारा दिन प्रतिदिन सुक्ने र लोप हुने क्रम तीव्र रहेको छ । त्यस्को साथै पानी आउने मार्ग माथिबाट र धाराको डिलबाट ठूल्ठूला सवारी साधनहरू गुडाउँदा जमिन मुनि रहेका पानी आउने मार्गहरूमा क्षति पुग्न सक्ने धेरै संभावना रहन्छ । लिच्छविकालमा धाराहरूको निर्माणको क्रममा नै संरक्षणको लागि आवशयक विभिन्न व्यवस्था गरिएको देखिन्छ । यस सन्दर्भमा भएका व्यवस्थाहरू अध्ययनका लागि लिच्छविकालका अभिलेखहरूमा नक्साल भन्सारहिटीको अंशुबर्माको अभिलेख महत्त्वपूर्ण छ । हजारौं वर्ष पहिले निमार्ण भएका ढुङ्गेधाराहरू हालसम्म पनि निरन्तर सञ्चालनमा रहनुको रहस्य पनि स्पष्ट हुन्छ । नक्साल भन्सारहिटीको अभिलेखमा धारा बनाउने कामले खुशी भएका अंशुबर्माले लिङ्ग्वल अधिकरणले पस्न नपाउने गरी तथा घोडा, साँढे, बग्गी, गाडा, गोरुको आवतजावतलाई रोकिदिएको प्रसङ्ग उल्लेख गरिएको छ ।[३१] ढुङ्गेधारा निमार्ण गर्दा पानीको मुहान कुनैमा जमिन मुनिबाट डुंड बनाएर टाढाबाट लिएर आएका हुन्छन् भने कतै ढुङ्गेधाराको नजिकै वरिपरि मुहान रहेको हुन्छ । लिच्छविकालका केही अभिलेखहरूमा उल्लेख भएका 'पानीयमार्ग्ग' भन्ने शब्दले पानी ल्याइएको बाटोलाई सङ्केत गरेको छ । यस्ता जमिन मुनि रहेका पानीका स्रोतहरू र पानीका मुहानहरूमा कुनै क्षति नपुगोस् भनी साँढे, बग्गी, गाडा जस्ता यातायातका साधनहरू निषेध गरिएको हो । साधारणतया बग्गी तथा गाडाहरू हल्का खालका हुन्छन् तर ती साधनहरूको प्रयोग गह्रौं सामानहरू ढुवानी गर्न प्रयोग गरिएको

२७ ऐजन, पृ. ३०२
२८ ऐजन, पृ. ३५१ – ३५२
२९ ऐजन, पृ. ४१९ – ४२०
३० ऐजन, पृ. ४२६ – ४२७
३१ ऐजन, पृ. ३५४ – ३५६ (फोटो नं. २)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हुन्छ र सो क्रममा नीलीशालाको धाराको मुहान तथा पानीको स्रोतमा कुनै क्षति नपुगोस् भनी यस्ता साधनहरू रोक लगाएको बुझिन्छ । यस किसिमको व्यवस्था राणाकालसम्म पनि रहेको देखिन्छ । पशुपति जयबागेश्वरीनिरको ढुङ्गेधारामा रहेका एक अभिलेखमा श्री ३ चन्द्रशम्सेरले जीर्ण भएको सुनधारालाई जीर्णोद्वार गरी धाराको दाँया बाँया दश दश हात वरिपरि घरहरू कसैले नबनाउनु, बनायो भने घर भत्काई मोरु २० रूपैञा दण्ड गर्नु भनी उल्लेख गरिएको छ । तर आज आएर विकासको नाममा ती धाराको डिलबाटै ठूल्ठूला गाडीहरू गुडिरहेका छन् । धारासँगै जोडिएर वरिपरि गगनचुम्बी घर र त्यसको लागि बिसौं फिट जमिन खन्ने प्रवृतिको कारण पानीको मुहान तथा स्रोतमा क्षति हुन गई उक्त धारा सुक्न गएको छ भने पानीको निकास बन्द भई वर्षाको आकासेपानीसमेत जाने ठाउँ नभई ढुङ्गेधाराको परिसर नै फोहर पोखरीको रूपमा परिणत भएको छ ।

धाराको स्रोत

लिच्छविकालका अभिलेखहरूमा ढुङ्गेधारा प्रणाली निकै व्यवस्थित थिए । धाराको मुहान, पानीको स्रोत, मुहानबाट पानी ल्याउने मार्ग, पानीको निकास सबै व्यवस्थित रूपमा दूरदृष्टि राखी बनाएका थिए । जस्ले गर्दा पन्ध्रसय वर्ष अघि बनेका धाराहरू अहिलेसम्म पनि सञ्चालनमा रहेका छन् । लिच्छविकालका अभिलेखहरूमा स्पष्टरूपमा धाराको मुहानको बारेमा उल्लेख नभएता पनि टाढाबाट पानी तानेर ल्याएको प्रसङ्ग, विभिन्न अभिलेखहरूमा पानीयमार्गको उल्लेख हुनु, धाराको संरक्षणको लागि वगैचा बनाइदिने आदि प्रसङ्गले धाराको स्रोतबारे केही प्रकाश पार्न सकिन्छ । केलटोलको मानदेवको अभिलेखमा "धर्मशास्त्रमा विधान गरे बमोजिम धर्मकर्म गर्ने राजा मानदेवले दुनियाँहरूको सुख सुविधाको लागि सफा पानी ल्याउन लाएर"[३२] भनी कतै टाढाबाट पानी ल्याउन लाएर धारा बनाउन लगाएको सङ्केत गर्दछ । यस विषयलाई स्पष्ट गर्न थानकोट आदिनारायणमा रहेको संवत् ४२८ को वसन्तदेवको अभिलेख र शिवदेव र अंशुबर्माको बनेपाको अभिलेखमा उल्लेखित 'पानीयमार्ग्ग'[३३] शब्दबाट पनि सहयोग गर्दछ । लिच्छविकालका अभिलेखहरूमा खेतमा सिँचाइको व्यवस्था गर्न बनाएको कुलोको लागि तिलमक शब्दको प्रयोग गरिएको छ भने पानीयमार्ग्ग शब्द धाराको लागि ल्याएको पानीको बाटो भन्ने बुझिन्छ । त्यसैगरी चाँगुनारायणको विष्णुगुप्तको अभिलेखमा भोगबर्माले ल्याएको खोला(धारा) टाढा बाटो हुनाले मर्मतको अभावले पहाडको फेदमै पानीको मुहान टुट्न गएकोले पुनः पहाडको फेददेखि ठूलो प्रयत्नले तानेर ल्याई अमृतजस्तो मीठो सफा पानी आउने दुईवटा धारा बनाएको प्रसङ्ग परेको छ ।[३४] त्यसबाट धाराको निर्माणको लागि पानीको मुहानबाट जमिनमुनि डुँड बनाएर पानीको व्यवस्था गरेको थियो । कतिपय त्यस्ता पानीको मार्गहरू विकास निर्माणको क्रममा नासिए भने कतिपय हालसम्म पनि सञ्चालनमा रहेका छन् । पानीको मुहानको विषयमा बलम्बूको भीमार्जुनदेव र जिष्णुगुप्तको अभिलेख महत्त्वर्पूण छ । त्यस अभिलेखमा संरक्षणको लागि भीमाजर्नुदेव र जिष्णुगुप्तले सफा र चिसो पानी आउने आनन्द दिने धारा बनाएर यसको बचावटको लागि सल्लोको बगैंचा बनाएर गीनुङवृत्तिको चारकिल्ला खुल्लाउने क्रममा चार दिशामा उत्तर, दक्षिण र पश्चिम दिशामा चारवटा पोखरीलाई सिमानाको रूपमा उल्लेख गरिएको छ ।[३५] धाराको बचावटको लागि बनाएको सल्लोको बगैंचा जमिनमुनि पानी सिंचन गर्न खुल्ला क्षेत्र, र त्यसको भण्डारको लागि वरिपरि रहेका पोखरीहरूको सुरक्षाको लागि चारकिल्ला खोली सरकारी कर्मचारी लगायत सबैलाई सो क्षेत्रको संरक्षणको आदेश सहित जानकारी गरिएको हो । यसबाट त्यस धाराको पानीको स्रोत त्यही सल्लोको बगैंचा र वरिपरि रहेका यी पोखरीहरू नै हुनु पर्दछ ।

३२ ऐजन, पृ. ७१ – ७२

३३ ऐजन, पृ. ९२, २४१

३४ ऐजन, पृ. ४५२ – ४५३

३५ ऐजन, पृ. ४१९– ४२०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

धापासीको चुनदेवीमा रहेको शिवदेव र अंशुबर्माको अभिलेखमा प्रणाली दिमक ग्रामको उल्लेख परेको छ।[३६] टोखाको संवत् ५१९ को अभिलेखमा जगगाको चारकिल्ला खोल्ने क्रममा चार ठाउँमा तिलमक, पानी झरेको ठाउँ, ज्ञातिखृन्नदी आदिको उल्लेख भएको छ भने एक ठाउँमा 'तिलमकसँगम' शब्द पनि परेको छ।[३७] यी अभिलेखहरूबाट टोखा र धापासी जलाशय क्षेत्र भएको बुझिन्छ। त्यस भेक वरिपरि वस्तीमा रहेका धाराहरूमा पानीको स्रोत यहीँबाट जाने भएकोले धापासी क्षेत्रको नाम नै प्रणालीदिमक रहन गएको बुझिन्छ।

लिच्छविकालमा ढुङ्गेधाराको व्यापकता

लिच्छविकालमा पानीको महत्त्वपूर्ण स्रोत ढुङ्गेधारा हो भने कुरा तत्कालीन अभिलेखहरूमा उल्लेखित धारासम्वन्धी प्रसङ्गहरूबाट पुष्टि गर्दछ। प्राप्त लिच्छविकालका अभिलेखहरूमा धार ासम्बन्धी प्रसङ्गहरू करिब ३० वटा अभिलेखरुमा परेका छन्। त्यसैगरी विभिन्न प्रसङ्गमा विभिन्न क्षेत्रहरूको सिमाना उल्लेख गर्ने क्रममा पनि केही स्थानहरूमा धारालाई सिमानाको रूपमा उल्लेख गरिएको छ। यागबहालको नरेन्द्रदेवको अभिलेखमा पशुपति क्षेत्रमा ठूलो धारा बनाई त्यसको संरक्षणको अभिभारा शिवदेव बिहारका आर्यभिक्षुसंघलाई सुम्पी गाउँ नै दान दिएको र सो गाउँको सिमाना खुलाउने क्रममा मात्रै चारवटा विभिन्न धाराहरूको उल्लेख परेको छ।[३८] यसको अतिरिक्त अन्यत्र धरै ठाउँमा चार किल्ला खुलाइने क्रममा सिमानाको धाराको उल्लेख आएको छ। यसको साथै लिच्छविकालका अभिलेखहरूमा मात्रै १८ वटा धारा निर्माणसम्बन्धी र करिब ३० वटा अभिलेखहरूमा धारासम्वन्धी प्रसङ्गहरू परेका छन्। यसबाट लिच्छविकालमा पानीको मुख्य स्रोतहरू मध्ये ढुङ्गेधारा पनि एक रहेको बुझिन्छ। प्राय लिच्छविकालमा महत्त्वपूर्ण आज्ञाहरू जारी गर्दा सबैले जानकारी पाऊन् भनी मानिसहरू नियमितरूपमा आवतजावत हुने, भेला हुने स्थानहरूमा अभिलेखहरू राख्ने गरिन्छ। यस्ता स्थानहरूमा ढुङ्गेधारा पनि पर्दछन्। लिच्छविकालका धारासँग सम्बन्धित नभएको केही महत्त्वपूर्ण अभिलेखहरू ढुङ्गेधारा परिसर र वरिपरि राखिएको पाइन्छ। उदाहरणको लागि पाटनको सुनधाराको संवत् ३४ को अभिलेख, यंगालहिटीको भीमार्जुनदेव र जिष्णुगुप्तको अभिलेख र यंगालहिटीको भीमार्जुनदेव र विष्णुगुप्तको अभिलेख,यंगालहिटीको नरेन्द्रदेवको अभिलेख, ललितपुरको गैह्रीधाराको नरेन्द्रदेवको अभिलेख आदिलाई लिन सकिन्छ। यसबाट लिच्छविकालमा ढुङ्गेधाराको व्यापक प्रचलनमा रहेको स्पष्ट हुन्छ।

निर्माण पदार्थ

लिच्छविकालका धारा निर्माणको क्रममा धारा राख्न लगाउने, धाराको संरक्षणको लागि गुठीको व्यवस्थासमेतको उल्लेख गरिएता पनि उक्त धारा केबाट बनेको थियो भन्ने स्पष्ट खुलेको पाइदैंन। तर नक्साल भगवतीमन्दिरको परिसरमा रहेको जलद्रोणीमा रहेको नरेन्द्रदेवको एक अभिलेखमा पानी झिक्ने यन्त्र, कुवा र ढुङ्गाको धारा बनाएको उल्लेख छ। हालसम्म प्राप्त धाराहरू प्रायः सबै धाराहरू ढुङ्गाकै बनेका छन् भने केही धाराका टुटीहरूमा तामाको पाताले बेरी (ढाकी) त्यसमा सुनको मोलम्वा लगाइएको छ जसलाई सुनधारा भन्ने गरिएको छ। काठमाडौंमा पशुपति जयबागेश्वरीको सुनधारा, परोपकारनिरको सुनधारा, धरहरानिरको सुनधारा, हनूमान्ढोकाको सुनधारा, पाटनको सुनधारा र टुसाहिटी, भक्तपुरको नागपोखरीको हिटि, टौमढीटोलको सुनधारा, भक्तपुर दरवार अगाडिको सुनधारा आदि उदाहरणको रूपमा लिन सकिन्छ। यी मध्ये पाटनको सुनधारालाई सबैभन्दा पुरानो सुनधारा मानिएको छ।[३९] सुनधाराको ने.सं.को ८२१ को अभिलेखमा यो धारा बिग्रिरहेको हुनाले पाटनका राजा योगनरेन्द्रको समयमा सुनको धारा

३६ ऐजन, पृ. २७९
३७ ऐजन, पृ. २६६ – २६७
३८ ऐजन, पृ. ४९६–४९७

३९ शाक्य वुद्धाचार्य, २०५१ पृ. ३९

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

बनाई जीर्णोद्वार गरेको उल्लेख छ।[४०] सम्भवत उक्त धाराको परिसरमा रहेको अंशुवर्माको समयको संवत् ३४को अभिलेख रहेको हुनाले यो अनुमान गरिएको हुन सक्दछ। तर उक्त अभिलेख धारासँग सम्बन्धित नभएर देवमन्दिर जीर्णोद्वार सम्बन्धी रहेको छ। देउपाटन स्थित जयबागेश्वरीको ने.सं. ५०८ को अभिलेखमा जीर्ण भई पानी आउन छोडेको धारालाई जयस्थिति मल्लले स्व.महारानी राजल्लदेवीको पुण्य बृद्धिको कामना गर्दै आठै अङ्ग पुगेको सितिमिति नपाइने असलपानीको सुनधाराको प्रतिष्ठा गरेको विषय उल्लेख छ।[४१] यसबाट जयस्थिति मल्लको समयभन्दा धेरै अगाडि बनेको जीर्ण धारालाई जयस्थिति मल्लले जीर्णोद्वार गरी सुनधाराको प्रतिस्थापन गरिएको बुझिन्छ। जयबागेश्वरीको परिसरमा रहेको ने.सं. १०३२ को अभिलेखमा[४२] संवत् २०५मा श्री महासामन्त रूपबर्माले बनाएको यो लुहिटी(सुनधारा) पानी नआएकोले श्री ३ चन्द्र शम्सेरले जीर्णोद्वार गरेको उल्लेख गरेवाट उक्त धारा लिच्छविकालमा नै निर्माण भएको स्पष्ट हुन्छ। त्यसैगरी टौमढी टोलमा रहेको सुनधारा ने.सं. ५६० मा यक्षमल्लले बनाएका थिए।[४३] काठमाडौंको धरहरा अगाडिको सुनधारा वि.सं. १८८५ मा रानी ललितत्रिपुरासुन्दरीले निर्माण गर्न लगाएकी थिइन्।[४४] प्राप्त अभिलेखीय स्रोतहरूमा लिच्छविकालमा धाराको निमार्ण पदार्थ नखुले तापनि प्राप्त सबै धाराहरू ढुङ्गाबाट बनेका छन्। मल्लकालमा आएर केही ढुङ्गेधारालाई कलात्मक, सुन्दर र वैभवशाली देखाउने उद्देश्यले धाराको टुटीमा तामाको पाताले बेरेर सुनको मोलम्बा लगाइयो। यो कार्यले शाहकालमा पनि निरन्तरता पाएको देखिन्छ। यसका अतिरिक्त केही धाराहरू काठबाट पनि बनेका थिए। उदाहरणको लागि काठमाडौको ढल्कोमा रहेका पाँचवटा धाराहरूको टुटी काठबाट बनेको थिए।[४५] तर काठमा धाराहरू पानीको धारले छिट्टै मक्किने हुनाले प्राय धाराहरूमा ढुङ्गाको विशेष प्रयोग भएको छ।

४० पूर्ववत सं. ६, पृ. ३२६

४१ पूर्ववत सं.४, पृ. १७२-१७५ (फोटो नं. ३)

• पूर्ववत सं.९, पृ.७१

४२ पशुपति स्थित जयवागेश्वरी अगाडि सुनधारा परिसरमा रहेको अभिलेख (फोटो नं. ४)

४३ पूर्ववत सं. ४, पृ. २९६

४४ धरहरा स्थित सुनधारा परिसरमा रहेको अभिलेख

प्रशासनिक व्यवस्था

लिच्छविकालमा ढुङ्गेधाराको संरक्षण गर्ने प्रशासनिक निकाय यही हो भन्ने निश्चित आधारहरू नभेटिएता पनि तत्कालीन अभिलेखहरूमा उल्लेख भएका विभिन्न प्रसङ्गहरूबाट केही जानकारी पाउन सकिन्छ। त्यसबेला धाराको रेखदेख गर्ने, हेरविचार गर्ने, मर्मत तथा संरक्षण गर्ने जिम्मेवारी गोष्ठी, आर्यसंघ, आचार्यसंघ, पाञ्चाली लगायतका स्थानीय निकाय तथा संघसंस्थाहरूलाई सुम्पेको छ। लेलेको शिवदेव अंशुबर्माको संवत् ५२६ को अभिलेखमा लेम्वटीद्रङ्गका विभिन्न विषयसँग सम्बन्धित संस्था तथा गोष्ठीहरूको लागि खेतको आयस्ता तोकिने क्रममा पानीय गोष्ठी, पौलम्‌को पानीय गोष्ठी र प्रणालीगोष्ठीको उल्लेख आएको छ।[४६] धारासम्बन्धी कार्यहरू धारा बनाउने, त्यसको बन्दोबस्त गर्न र तिनको हेरविचार गर्ने काम प्रणाली गोष्ठीको हुन्थ्यो। लिच्छविकालका अभिलेखहरूमा धारा बनाउने कामले खुशी भएर ग्राम पाञ्चालीहरूलाई थप प्रशासनिक अधिकारहरू सुम्पिएको प्रसङ्गहरू पाइन्छ। वटुको अंशुबर्माको अभिलेखमा, नक्साल गैह्रीधाराको अभिलेख र मालटारको ध्रुवदेव र जिष्णुगुप्तको संवत् ४९ को अभिलेखमा मुखिया लगायत पाञ्चालीका सदस्यहरूले धारा बनाएकोले प्रसन्न भई थप प्रशासनिक अधिकारहरू सुम्पिएको प्रसङ्गहरू उदाहरणको रूपमा प्रस्तुत गर्न सकिन्छ। संवत् १७० को मङ्गलबजारमा ढुङ्गेधारामा कुँदिएको अभिलेखमा हिवाकरले धारा बनाई कलोप ग्रामका पाञ्चालिकहरूलाई सुम्पिएको उल्लेख छ।[४७] यसबाट धाराको मर्मत तथा संरक्षण लगायतका आवश्यक

४५ Becker-RitterspachRaimund O.A.,1995, P. 76

४६ पूर्ववत सं. २ पृ. २८३

४७ ऐजन, पृ. १७०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्यवस्था गर्ने जिम्मेवारी पाञ्चालीको अधिकार क्षेत्रभित्र पर्दथ्यो भन्ने स्पष्ट हुन्छ । यसै क्रममा नक्साल गैह्रीधाराको अभिलेखमा नीलीशालाको धारा बनाउने कामले प्रसन्न भएका अंशुबर्माले लिङ्ग्वल अधिकरणले पस्न नपाउने गरी तथा घोडा, साँढे, बग्गी, गाडा, गोरुको आवतजावतलाई रोकी लिङ्ग्वल अधिकरणले गर्ने काम जोञ्जोन्दिङ ग्रामका मुखियालगायत स्थानीय बासिन्दालाई सुम्पिएको प्रसङ्ग उल्लेखनीय छ ।[४८] यस अभिलेखमा उल्लेखित यस प्रसङ्गको आधारमा लिङ्ग्वल अधिकरणको काम मध्ये एउटा काम कुलो धारा आदि पानीसँग सम्बन्धित थियो कि भने अनुमान गर्नु भएको छ ।[४९] तर धार ासँग सम्बन्धित अन्य कुनै अभिलेखहरूमा लिङ्ग्वल अधिकरणको उल्लेख आएको छैन । यस अभिलेखमा उल्लेखित उक्त प्रसङ्गलाई गहिरिएर विचार गर्ने हो भने घोडा, साँढे, बग्गी, गाडा, गोरुजस्ता यातायातका साधनहरूलाई रोकी लिङ्ग्वल अधिकरणलाई प्रवेश निषेध गरिएको छ । धारा संरक्षणको लागि त्यस क्षेत्रमा कुनै पनि यातायातको गतिविधि नहोस् र भारी सवारी साधनको कारणले मुहान र पानीको श्रोतमा क्षति नपुगोस् भन्ने उद्देश्यले लिङ्ग्वल अधिकरणलाई प्रवेश निषेध गरिएको आभास हुन्छ । यसबाट लिङ्ग्वल अधिकरणको मुख्य काम यातायातसँग अझ बढी सम्बन्धित भएको बुझिन्छ । संवत् १०३ को ललितपुरको यागबहालको र पशुपति वज्रधरको अभिलेखहरूमा नरेन्द्रदेवले बनाएको ठूलोधारामा गर्नुपर्ने सबै काम गराउने अभिभार ासहित गाउँ नै आर्यसंघलाई सुम्पिएको छ । त्यस इलाकामा आर्यसंघले छिन्न नसकिने मुद्दा उठ्यो भने परमासनले गर्नु भन्ने व्यवस्था गरेको छ । यसबाहेक पाटनको मीननाथको अभिलेखमा कुलो सम्वन्धी मुद्दामामिला उठ्यो भने अन्तरासनले नै छानविन गरी सो मुद्दा छिन्नु भन्ने उल्लेख परेको छ ।[५०] अभिलेखहरूमा उल्लेखित यी प्रसङ्गहरूबाट लिच्छविकालमा धारा र पानी सम्बन्धी हेर्ने प्रशासनिक कार्य केन्द्रमा मात्र सीमित नभई समय र परिस्थिति अनुसार विभिन्न तहमा विभाजन गरिएको थियो भन्ने स्पष्ट हुन्छ । नियमित रेखदेख, मर्मत तथा संरक्षणको कार्य धारासँग सम्वन्धित छुट्टाछुट्टै गुठी थियो भने प्रशासनिक कार्य पाञ्चाली वा विशेष संघलाई सुम्पेको थियो । पाञ्चाली वा स्थानीय संघद्वारा हुन नसकेका विषयहरू अन्तरासन वा परमासन (राजसभा)ले गर्दथे भन्ने बुझिन्छ ।

उपसंहार

लिच्छविकालदेखि काठमाडौं उपत्यकामा पानीको ढुङ्गेधाराको अत्यधिक प्रयोग गरिएको पाइन्छ । केही उपत्यका बाहिर गोरखा, दोलखा र पाल्पा आदि क्षेत्रहरूमा पनि फैलिएर रहेको पाइन्छ । लिच्छविकालका अभिलेखहरू तत्कालीन राजनैतिक, सामाजिक, धार्मिक अवस्थाको अध्ययन गर्न प्रमुख स्रोतको रूपमा रहेजस्तै ढुङ्गेधाराको निमार्ण, व्यवस्थापन र संरक्षणको बारेमा अध्ययन गर्न पनि विशेष महत्त्वपूर्ण छ। आजसम्म प्राप्त लिच्छविकालका अभिलेखहरूमा ३० वटा अभिलेखहरूमा धारा सम्बन्धी प्रसङ्ग उल्लेख छ भने करिब १८ वटा धारा निर्माण सम्बन्धी उल्लेख गरिएको छ । ती अभिलेखहरूमा धारा निर्माण, जीर्णोद्वार, मर्मत, संरक्षण, व्यवस्थापन आदिको बारेमा धेरै जानकारी लिन्न सकिन्छ । ती मध्ये केही मुख्य विषयहरूलाई निम्नानुसार बुँदागतरूपमा प्रस्तुत गर्न सकिन्छ ।

- लिच्छविकालमा पानीको मुख्य स्रोत ढुङ्गेधारा प्रणाली थियो र यसलाई वैधानिक पानीको स्रोतको रूपमा मान्यता दिएको थियो ।
- लिच्छविकालमा धारा निमार्णसँगै जीर्णोद्वारका कार्यहरू पनि भएको पाइन्छ । यसबाट लिच्छविकालमा प्राप्त अभिलेखीय स्रोतभन्दा पहिला नै धारा प्रणालीको बारेमा पनि परिचित भएको अनुमान लगाउन सकिन्छ ।

---

४८ ऐजन, पृ. ३५४

४९ ऐजन, पृ. १२९

५० ऐजन, पृ. ४९७,५००,५४४

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

- ढुङ्गेधारा निर्माणपश्चात् पानीको मुहान, जलभण्डार, पानील्याउने जलमार्ग, हरियाली क्षेत्रहरू र धाराको परिसरको संरक्षण र सुरक्षाको लागि वैधानिक रूपमा नै उचित व्यवस्था गरिएको थियो ।
- त्यसैगरी धाराको निर्माणपश्चात भविष्यमा नियमित सञ्चालन, जीर्णोद्वार तथा संरक्षणसहित दिगो व्यवस्थापन गर्ने उद्देश्यले दाताले नै आयस्तासहितको जग्गा व्यवस्था गरिएको छ भने सरकारको तर्फबाट पनि आयस्तासहित गोष्ठीको व्यवस्था गरिएको पाइन्छ ।
- ढुङ्गेधारा निमार्ण कार्यमा राजा, राजपरिवारदेखि स्थानीय निकाय र जनताहरू समेतको अग्रसरता रहेको देखिन्छ । स्थानीय कर छुट गर्ने, विशेष सुविधाहरू दिएर यस्ता कार्यमा स्थानीय जनता र निकायहरूलाई सरकारको तर्फबाट प्रोत्साहन गरेको पाइन्छ ।
- यसको नियमित संरक्षण तथा व्यवस्थापनको लागि स्थानीय संघ, स्थानीय निकाय र जनताहरूलाई जिम्मेवारी दिइएको छ । स्थानीय तहबाट टुङ्गो लगाउन नसकेका मुद्दा मात्र अन्तरासन र परमासनसम्म पुग्दथ्यो । यसबाट संरक्षणको कार्यमा स्थानीय निकायलाई अधिकार सम्पन्न गरी स्वायत्त शासनलाई प्रोत्साहन दिएका थिए ।
- ढुङ्गेधारा निमार्ण गर्ने तिनको संरक्षण गर्ने कार्यमा महिला पनि सक्रिय रहेको देखिन्छ ।
- लिच्छविकालमा धाराको दीर्घकालसम्म संरक्षण होस् भन्ने उद्देश्यले आवश्यक व्यवस्था गरी धारा प्रणालीमा क्षति पुऱ्याउने, आज्ञा नटेरेर अन्यथा गर्ने गराउनेलाई दण्डको व्यवस्था गरी पछि हुने राजाहरूले त्यसको संरक्षणमा ध्यान दिनु पर्ने व्यवस्था भएको पाइन्छ ।

सन्दर्भसामग्री सूची:

– मिश्र योगेश राज, ने.सं. ११११
सुथां अभिलेख प्रकाश, भक्तपुरः सुथां
– बज्राचार्य धनवज्र, २०३०
लिच्छविकालका अभिलेख, कीर्तिपुरः नेपाल र एशियाली अनुसन्धान केन्द्र, द्वितीय सँस्करण २०५३
– बज्राचार्य धनवज्र, २०५६
मध्यकालका अभिलेख, कीर्तिपुरः नेपाल र एशियाली अनुसन्धान केन्द्र
– बज्राचार्य धनवज्र, २०६८
पूर्वमध्यकालका अभिलेख, कीर्तिपुरः नेपाल र एशियाली अनुसन्धान केन्द्र
– शाक्य बुद्धाचार्य, २०५१
स्वनिगलया लोहंहिति, काठमाडौं : लोक साहित्य परिषद्
– हरिराम जोशी, २०३०
नेपालको प्राचीन अभिलेख, काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिस्थान
– Becker-Ritterspach Raimund O.A., 1995
Water Conduits in the Kathmandu Vally, India, Munshiram Manoharlal Publishers Pvt. Ltd.
– Pradhananga Saubhagya, 2007
The Stone Spouts of Lalitpur Sub-Metropolitan City,Lalitpur: Lalitpur Sub-Metropolitan City
– Traditional Stone Spouts Enumetation and Mapping in Five Municipalities of Kathmandu Valley, 2009, NGO Forum For Urban Water and Sanitation.
– Vajracarya Dhanavajra and Malla Kamal P., 1985
The Gopalrajvamsavali, Nepal Research Centre publication no. 9, Kathmandu: Franz Steiner Wiesbaden Gmbh.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



अभिलेख नं. ५५

फोटो न १

सौजन्यः
नेपालको प्राचीन अभिलेख

फोटो न २

सौजन्यः
राष्ट्रिय अभिलेखालय, नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



फोटो न ३

सौजन्यः
राष्ट्रिय अभिलेखालय, नेपाल



फोटो न ४

पशुपतिस्थित जयवागेश्वरी अगाडि सुनधारा परिसरमा रहेको अभिलेख

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हस्तलिखित ग्रन्थका गाताहरू

- गृह मान सिंह*

१. परिचयः

हस्तलिखित ग्रन्थको गाता एउटा ग्रन्थको सुरक्षा र सम्भार गर्ने प्रणाली हो। यसले ग्रन्थहरूलाई बिगारी दिने विभिन्न किसिमका तत्वहरूबाट बचाउने काम गर्दछ। यति मात्र नभई पाठक वर्ग प्रति पनि मोह माया गराउने काम गर्दछ। जस्तै किताबमा राम्रो चित्र सहितको गाता राखिएको खण्डमा पाठक वर्ग प्रभावित हुन्छन् साथै बाक्लो गाता भएको खण्डमा पुस्तक धेरै समयसम्म टिकाउ हुन जान्छ। ग्रन्थमा गाता राख्ने चलन चल्ती मल्लकालीन समयदेखि आजसम्म आएको कुरा राष्ट्रिय अभिलेखालयमा संकलित ताडपत्र, हरितालिका पत्र, नीलपत्र, सादा कागजका हस्तलिखित ग्रन्थबाट प्रष्ट हुन आउँछ। ग्रन्थ गातामा विभिन्न किसिमका रुखको काठ प्रयोग भएका देखिन्छन्। काठको भागमध्ये कडा काठ(Hard wood) र हर्ट उड (Heart wood) प्रयोग गरिएमा राम्रो हुन्छ। विभिन्न किसिमका गाता काठ, बुट्टेदारी तामामा सुन जलप, सर्पको छाला, काठमा सुक्ष्ममय चित्र, काठमा हरितालिका लेपन र अन्य सामग्रीहरूको प्रयोग देखिन्छन्।

यस किसिमको काठको गाता हस्तलिखित ग्रन्थमा प्रयोग गर्दा यसमा कीटनाशक रसायन फ्यूमिगेशन गरेर प्रयोग गरिएमा राम्रो देखिन्छ। गाताबाट ग्रन्थको सम्भार र ग्रन्थको आकर्षण पाठकवर्गमा हुने भएको हुँदा हस्तलिखित ग्रन्थमा गाता राख्न आवश्यकता देखिन्छ।

२. काठको किसिम र प्रयोग हुने भाग :

नेपालको विभिन्न ठाउँमा जलवायु अनुसार विभिन्न किसिमका रुखहरू पाइन्छन्। यसै अनुरूप यस ठाउँमा काठहरू प्रयोग गरेको पाइन्छन्। हिमाली र पहाडी क्षेत्रमा सल्लो (Pinus) पाइने भएको हुँदा त्यस्तो काठ बढी प्रयोग गरेका पाइन्छन्। तराई भागमा साल, सिसौ बढी पाइने भएको हुँदा बढी नै प्रयोग भएका पाइन्छन्।

हस्तलिखित ग्रन्थको काठको गाता बनाउने क्रममा Hard wood र Heart wood भएको विरुवाको काठको गाता बनाएको खण्डमा धेरै टिकाउ र राम्रो हुन्छ। यो विरुवा Angiospersn वर्गमा पर्छ। यसमा फूल फुल्ने, फलमा बोक्रा हुने, ठूलो चाक्लो पात हुने हुन्छ। यस केही निम्न रुखहरू पर्न आउँछन् :

साल/अग्राख	: Shorea robusta
चाँप	: Michalia champaca
चिलाउने	: Shima walliche
लप्सी	: Choreospondias axillasix
उतिस	: Altus Nepalese's

यस किसिमको रुखको मुढा काटेर हेर्दा बीच भाग कडा हुन्छ र Vessel paran chymatus tissue बाट बनेको हुन्छन्। यसले पानी र लवण पदार्थ जमिनबाट रुखको विभिन्न ठाउँमा पुऱ्याउँदछ। यसलाई Hard wood भन्ने चलन छ। कुनै कुनै

*वरिष्ठ रसायनविद् हुनुहुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

Agiosperm वर्गको रुखको मुढा बीच भाग गाडा खैरो रंगको हुन्छ । यसले रुख विरुवालाई उठाउने ठडाउने जनावरको हंडीको जस्तो काम गर्दछ । यो पनि साह्रै कडा बलियो हुन्छ ।

यसरी Angiosperm विरुवा पाइने Heart wood र Hard wood काठ गातामा प्रयोग गर्नु राम्रो र उपयुक्त हुन्छ । यसमा किरा लाग्ने सम्भावना निकै कम हुन्छ । तर काठको गाता बनाउँदा नरम काठ (Soft wood) र Sap wood प्रयोग गरी बनाउनु राम्रो हुँदैन । यसमा छिटै किरा लाग्ने सम्भावना हुनछ र कमलो नरम हुन्छ । आँपको काठ, सल्लाको काठ प्रयोग गर्न हुँदैन । यो एक किसिमको नरम काठ हो र बलियो हुँदैन ।

३. गाताको प्रकार:

मल्लकालीन समयदेखि संकलन गरी गीर्वाण युद्ध विक्रम शाहले वि.सं. १८६९ साल भदौ वदि ६ रोज ६ का दिन केदार नाथ झा पण्डितलाई जिम्मा दिएको हस्तलिखित ग्रन्थहरू हाल राष्ट्रिय अभिलेखालयमा रहेका छन् । ती ग्रन्थहरू अवलोकन गर्दा निम्न प्रकारको गाताहरू देखिन्छन् :

(क) काठको सादा गाता



(ख) काठको सादा गातामा बुट्टा



(ग) काठको सादा गातामा अभिलेख कुँदिएको



(घ) काठको सादा गातामा हरितालिका लगाएको



(ङ) काठको सादा गातामा विभिन्न रंगको सुक्ष्म चित्रमय भएको

(च) काठको सादा गातामा पूजा गरी जनै धागो बेरिएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(छ) काठको सादा गातामाथि बुट्टेदार स्वर्णलेपित ताम्रपत्र

(ज) सर्पको छालाको गाता

(झ) बाँसको गाता



यी गाताहरू विभिन्न काठहरू नरम, वडाबाट बनाइएको देखिन्छन् । यसमा निम्न अनुसारको अवस्था देखिन्छन् :

- कुनै कुनै गाताहरू ग्रन्थको नाप अनुसार नभएको
- गाता टुक्रा, भाँचिएको
- ग्रन्थमा दुईवटा गाता हुनुपर्नेमा एउटा मात्र भएको, कुनै ग्रन्थमा गाता नभएको
- नरम र बाँसको गातामा किराको असर भएको
- ग्रन्थ र काठको गातालाई धागोले बाँधिएको देखिन्छ भने कुनै कुनैमा फलामको लामो किल्लाले थमाई राखेको देखिन्छ
- कुनै कुनै गातामा हरितालिका लगाइएको छ, कुनैमा सर्पको छालाको गाता बनाइएको देखिन्छ। यसबाट ग्रन्थमा किरा लाग्ने सम्भावना देखिदैन ।

४. काठको सादा गाता बनाउने विधि :

हस्तलिखित ग्रन्थका काठका गाताहरू निम्न विधि अनुसार बनाइन्छन् :

- प्रत्येक ग्रन्थको लगत नम्वर, विषय संख्या नम्वर, पोका नम्बर जानकारी लिई ग्रन्थ भन्दा २-३ एम्.एम्. लम्बाई र चौडाई लामो नापको टिपोट गर्ने ।
- पुरानो चाँपको Hard wood, Heart wood भएको काठलाई १/२ इन्च मोटाईको फलेक बनाउने ।
- ग्रन्थको नाप लिए अनुसार टुक्रा टुक्रा पारी नम्बर लेख्ने ।
- आवश्यकता अनुसार यसलाई अन्तिम रूप दिने ।
- यस किमिसको काठको गातालाई किरा ढुसीबाट बचाउन कीटनाशक र ढुसीनाशक रसायन प्रयोग गरी फ्यूमिगेशन गर्ने ।
- यस प्रकारको विधिबाट काठको सादा गाता तयार गरिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

काठको गाता बनाउँदै गरिएको काठको सादा गाताहरूको अन्तिम रूप

५. गाताको फाइदा :

ग्रन्थमा गाता प्रयोग गर्दा निम्न अनुसारको फाइदाहरू देखिन्छन् :

- ग्रन्थमा गाता प्रयोग गर्दा Environment वातावरबाट हुने प्रकाशको असरबाट बचाउँदछ ।
- ग्रन्थहरूलाई Pollution प्रदूषणबाट हुने धुलो, धुँवा, अन्यबाट बचाउन मद्दत गर्दछ । धुलोमा माटो मात्र नभई विभिन्न जीवात्मक किराको फूल, ढुसीका कण (Spores) र हानिकारक रसायनका कणहरू हुन्छन् ।
- गाता प्रयोग गर्दा ग्रन्थमा भएका प्राकृतिक आद्रता (Natural moisture) उड्न दिँदैन र ग्रन्थ सुख्खा हुँदैन ।
- गाता प्रयोग गरिएमा पत्रहरू मोडिनबाट जोगिने र टुक्रा हुने भाँचिने सम्भावना कम हुन्छन् ।
- गाता प्रयोग गरी डोरी वा धागोले राम्रोसँग बाँधी राखिएमा पत्रहरू तलमाथि हुनबाट जोगाउँछ ।
- ग्रन्थमा विभिन्न रंगका सुक्ष्ममय चित्र, विभिन्न किसिमका काठमा बुट्टा, तामामा विभिन्न बुट्टा कुँदी सुनजलप हुँदा पाठकवर्ग, अनुसन्धानकर्ता र दर्शकहरूलाई अति आकर्षण गर्दछन् ।
- यस्तो कलात्मक चित्रणले अथवा चित्रकलाले त्यसबेलाको कला र संस्कृतिबारे अध्ययन अनुसन्धान गर्न सहयोग पुऱ्याउँदछ ।

६. उपसंहार :

ग्रन्थमा गाता प्रयोग भनेको परम्परागत तरिकाबाट ग्रन्थको एउटा सुरक्षा, सम्भार साथ पाठकवर्गलाई ग्रन्थप्रति आकर्षण गर्ने तरिका हो । यसमा विभिन्न रुखमा भएका Hard wood र Heart wood का काठहरू प्रयोग गरिएको हुन्छ । गाताको बनावटको दृष्टिकोणबाट ग्रन्थभन्दा २-३ एम्.एम्. लम्बाइ, चौडाइ लामो भएको काठको गातालाई किरा र ढुसीबाट बचाउन फ्युमिगेशन गरेर मात्र प्रयोग गर्नुपर्ने हुन्छ । ग्रन्थमा गाता प्रयोग भनेको कितावहरूमा Binding गर्दा Hard cover, soft cover को जिल्ला राख्ने जस्तै हो ।

सन्दर्भसामग्री सूचीः

- विष्णुराज कार्कि, सरस्वती सिंह, संरक्षणमा प्रयोग हुने परम्परागत सामग्रीहरू, संरक्षण पद्धति, पृ. ११-१४
- गृहमान सिंह, अभिलेखीय वस्तुहरूको सुरक्षा र सम्भार, अभिलेख (२०६४)
- Griha Man Singh, Conservation of Monument, Ancient Nepal (2058)
- Griha Man Sing, Haritalika Coated Envelop is a Means of Document Preservation, Abhilekha the National Archives of Nepal, p. 144 , Abhilekha (2051)
- Griha Man Sing, Conservation of Palm Leaf Manuscripts in Nepal, Abhilekh (2071)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भोट भाषामा काथाङ ग्रन्थहरूको संक्षिप्त अध्ययन

- पुण्य प्रसाद पराजुली*

नेपालको हिमाली क्षेत्र तथा काठमाडौं लगायतका भोट भाषी क्षेत्रहरूमा भोट भाषाका नाम भएका धेरै शब्दहरू चलन चल्तीमा छन् । तोर्मा चढाउने, तेर्मा निकाल्ने, वाङ् लिने, काथाङ पढ्ने, दोमाङ पाठ गर्ने जस्ता शब्दहरू नेपाली भाषी क्षेत्रमा पनि लामा गुरुहरूको सङ्गतले गर्दा प्रचलनमा आउन थालेका छन् । कुनै गोन्पा/गुम्बामा गयो भने त्यहाँका पूजारी लामाहरूले त्यहाँका मूर्ति, पुस्तक, पूजा सामग्रीलाई भोट भाषा शब्द प्रयोग गरेर व्याख्या गरेको पाइन्छ। कैयौं भोट भाषाका शब्दहरू आगन्तुक शब्दको रूपमा नेपाली भाषामै पनि आइसकेका छन् । तिनै प्रसिद्ध शब्दहरू मध्ये काथाङ शब्दको बारेमा यो लेखमा चर्चा गरिएको छ ।

भोट भाषाको संक्षिप्त परिचय :

हिमालय पर्वत श्रृङ्खला पारिको विस्तृत पठार भूमिका वासिन्दाहरू हजारौं वर्ष अघिदेखि प्रकृति पूजा गरेर बसोबास गरेका थिए । त्यहाँका पर्वत, ताल, चट्टान, रुख आदिमा दैवी तथा आसुरी शक्ति बसोबास गर्छन् भने विश्वासमा पूजा तथा परिक्रमा गर्दथे । त्यही प्रकृति पूजक धर्मलाई पछि वोन भन्न थालियो । इशाको सातौं शताब्दीमा भोटको सम्पर्क नेपाल तथा चीनसँग हुन थाल्यो । सातौं शताब्दीका भोट सम्राट स्रोङ चेन गाम्पो (सन् ६१७-६४९) ले नेपाली राजकुमारी भृकुटी (भाल्सा ठिचुन) र चिनीयाँ राजकुमारी ग्यासा कोङजोसँग विवाह गरी सकेपछि बौद्ध धर्मको प्रभाव पर्न थाल्यो (शाक्य : १९९७ : ४७) । राजाले मंत्री थोन्मी संभोटलाई भारत वर्षमा लिपि, भाषा र धर्म पढ्न पठाएपछि ती संभोटले नयाँ संभोट लिपिको शुरुवात गरे । संस्कृत भाषाको व्याकरण ग्रन्थहरूको आधारमा नयाँ व्याकरण लेखे र सोही व्याकरणको आधारमा संस्कृत भाषाबाट २१ वटा बौद्ध ग्रन्थहरू भोट भाषामा उल्था गरे । राजा स्रोङ् चेन गाम्पोले पनि आफूले अभ्यास गरेको बौद्ध धर्मको विषयमा ग्रन्थहरू लेखे । यसरी सातौं शताब्दीमा भोट क्षेत्रमा प्रचलित तिब्बतो वर्मेली भाषा समूहको भाषालाई भारोपेली भाषा समूहको संस्कृत व्याकरणको आधारमा लिपिबद्ध गर्न थालियो । संस्कृत भाषामा रहेका मन्त्र तथा धारणीहरूको लिप्यन्तर मात्र गरियो भाषान्तर गरिएन । भोटमा प्रचलित बौद्ध धर्मका प्रचलित शब्द केलाउने हो भने संस्कृतका तत्सम र तद्भव शब्दहरू प्रशस्त पाइन्छन् । संस्कृतको पद्मलाई पेमा भनेर बोलिन्छ भने लेख्दा संस्कृत जसरी नै लेखिन्छ ।

आठौं शताब्दीमा ल्हासा नजिकैको साम्ये भन्ने ठाउँमा विहार (गोन्पा, गुम्बा) बनाए पछि त्यहाँ अनुवाद कक्षको पनि व्यवस्था गरिएको थियो जहाँ भारतीय मूलका संस्कृत भाषा बोल्ने बौद्ध पण्डित र भोट मूलका अनुवादक (लोचावा, लोक चक्षुपाद) हरू संयुक्त रूपमा बसेर बौद्ध ग्रन्थहरूको अनुवाद गर्दथे । चौधौं शताब्दीसम्मै अनुवादको क्रम

*सोवा रिग्पा इन्टरनेशनल कलेजमा अध्यापनरत हुनुहुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

रह्यो । भारत वर्षबाट लगिएका संस्कृत, प्राकृत, पाली, अपभ्रंश भाषाका ग्रन्थहरूलाई भोट भाषामा अनुवाद गरी काङ्ग्युर (बुद्ध वचन अनुवाद) र तेन्ग्युर (बौद्ध शास्त्र अनुवाद) ग्रन्थमालामा राखियो । अनुदित पुस्तकहरूको अलावा भोटका गुरुहरूले बौद्ध धर्मका विविध पक्षमा लेखेका ग्रन्थहरू पनि धेरै छन् । धेरै पुस्तकहरू आठौं शताब्दीमै सांकेतिक रूपमा लेखेर पछि पूर्ण पुस्तकको रूपमा प्रकाशमा आएका पनि छन् । धर्ती र मानव मनमा जटिल रूपमा रहेका ग्रन्थहरूलाई सुयोग्य प्रकाशकहरूले जटिलताबाट सरल बनाई अन्य पुस्तक जस्तै बनाएका छन् । यसरी पहिले सांकेतिक रूपमा लेखिएका र पछि खुलस्त रूपमा सर्वसाधारणले पनि बुझ्न सक्ने किसिमले लेखिएका ग्रन्थहरूलाई तेर्मा भनिन्छ । यस्ता तेर्माहरूमा गुरुहरूको जीवनी, ध्यान पद्धति पूजा विधिहरू जस्ता विविध विषयहरू समेटिएका हुन्छन् (रिन्पोछे : १९९७ : २७) ।

भोटमा तेर्मा वाङ्मय

आठौं शताब्दीमा भोटमा दोस्रा धर्मराज ठिसोङ देउचेनले राज्य गर्दथे । भोटमा विहार (गोन्पा) बनाउनका लागि भारतको नालन्दा बौद्ध विश्वविद्यालयबाट आचार्य शान्तरक्षितलाई निमन्त्रणा गरी लगिएको थियो भने वज्रयानका साधना पद्धति सिकाउनका लागि गुरु पद्मसंभव, बिमलमित्र जस्ता महासिद्ध गुरुहरूलाई निमन्त्रणा गरिएको थियो । भोटमा राजा, रानी र प्रजा गरी २५ जना विशिष्ट साधकहरूले वज्रयान बौद्ध धर्मका विविध पक्षहरूमा साधना गरी सिद्धिहरू प्राप्त गरेका थिए । भोटकी रानी येशे छोग्याल तिनै २५ जना मध्येकी सर्वोत्कृष्ट सिद्ध साधिका थिइन । भारत वर्ष र नेपालका विभिन्न भूभागमा साधना गरी सिद्धि प्राप्त गुरु पद्मसंभवले भोटमा भविष्यमा हुने उतारचढावलाई आफ्नै अभिज्ञाबाट साक्षात्कार गरी त्यस्ता अप्ठ्यारा परिस्थितिहरूको सामना गर्न र त्यस बेलामा उपयुक्त हुने अभ्यास गर्नका लागि वज्रयानका विशेष उपदेशहरू पछिका लागि संरक्षण गरिदिनु भएको थियो । गुरु रिन्पोछे नामले भोट क्षेत्रमा विख्यात गुरु पद्मसंभवले आफ्नो जीवनी लगायत थुप्रै वज्रयानका गुह्य उपदेशहरू सिद्ध शिष्य येशे छोग्यालको सहयोगमा संकेतमा ढालेर भोट र नेपालका विभिन्न चट्टान, ताल आदि भौतिक वस्तुहरू तथा त्यस बेला उपस्थित शिष्यहरूको मनमा सुरक्षित रूपमा राखी दिनु भयो । त्यहाँ उपस्थित २५ जना शिष्यहरूका निर्माणकाय (पुनर्जन्म लिएका व्यक्ति) हरूले एघारौं शताब्दीदेखि निरन्तर रूपमा गोप्यताबाट बाहिर ल्याएका छन् । यसरी आठौं शताब्दीमै लेखिएका मानिने पछि निकालिएका धर्म ग्रन्थलाई तेर्मा/तेर्छो भन्ने गरिन्छ । हाल नेपालको उत्तरी भेग, भुटान, सिक्किम, लद्धाख जस्ता बौद्ध धर्मावलम्वी बसोवास गर्ने क्षेत्रमा दीर्घ परम्पराबाट आएका ग्रन्थहरू भन्दा यस्तै लघु परम्पराका ग्रन्थहरूको प्रयोग अत्यधिक मात्रामा भएको पाइन्छ ।

गुरु पद्मसंभवको आफ्नै जीवनी, भ्यारुङ खास्योर (बौद्धनाथ) स्तूपको वृत्तान्त, योल्मो (हेलम्बु) जस्ता तीर्थहरूको बयान, भोट र नेपालमा भविष्यमा हुने कुराहरूको भविष्यवाणी जस्ता विषयक यस्ता तेर्मा (धर्म निधि) मा बताइएका हुन्छन् । नेपाल, भारत, भुटान, भोट आदिमा गुरु पद्मसंभवका गतिविधिहरू बुझ्न पनि यस्तै तेर्मा वाङ्मयको आश्रय लिनुपर्ने हुन्छ । बौद्ध जगतमा अत्याधिक चर्चामा रहेका गुरु पद्मसंभवको जीवनी समेटिएका तेर्मा वाङ्मयलाई काथाङ भनिन्छ । काथाङलाई धेरै ठाउँमा काई थाङयीग भन्ने गरेको पाइन्छ । छोटकरीमा थाङ्यीग मात्र पनि भनिने गरेको पाइन्छ । तसर्थ काथाङ, काइथाङ, काई थाङयीग् र थाङयीग पर्यायवाची शब्दहरू हुन् । यस्ता केही काथाङहरूको परिचय अब दिइनेछ ।

प्रसिद्ध काथाङहरूको परिचय

काथाङ शब्दले वृत्तान्त (लोग्यु) वा निर्देशिका (श्याल्छेम) भन्ने बुझिन्छ । गुरु पद्मसंभव र उहाँसँग सम्बन्धित व्यक्तिहरूको बौद्ध धर्मसँग सम्बन्धित गतिविधि काथाङ ग्रन्थहरूमा लेखिएको हुन्छ । गुरु

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पद्‌मसंभवले विभिन्न समयमा दिएका उपदेश, पछिको भविष्यवाणी र प्रतिकूल परिस्थितिको बेलामा गर्नुपर्ने पूजा विधि समेटिएकाले निर्देशिका भन्न पनि सकिन्छ । धेरै प्रकारका काथाङहरू उपलब्ध भए पनि पद्‌मसंभवसँग सम्बन्धित काथाङ भएकाले पेमा काथाङ भन्ने पनि गरिन्छ। सबैको लामो नाम अलग भए पनि समग्रमा पेमा काथाङ नाम नै प्रचलनमा छ। यस्ता काथाङहरू प्राय तेर्माको रूपमा विभिन्न समयमा उजागर गरिएका हुन् । अब ऐतिहासिक घटनाक्रम अनुसार प्रमुख काथाङहरूको परिचय दिइन्छ।

गुरु पद्‌मसंभवले सांकेतिक रूपमा राखेका निधि (तेर्मा) हरू उजागर गर्ने काम उपल्लो मुस्ताङको लो गेकार/घार गुम्बाबाट एघारौं शताब्दीमा शुरु भएको पाइन्छ। साङ्गे लामा नामक भोटको पश्चिमी क्षेत्रका निधि प्रकाशक (तेर्तोन) ले लो गेकार गुम्बा परिसर र त्यस वरिपरिका चट्टानबाट धेरै तेर्माहरू निकालेका थिए। गुरु साधना, महासन्धि र महाकारुणिक (लाभ्फोग् थुग्सुम) का तेर्माहरू निकाले पनि गुरु पद्‌मसंभवकै जीवनी निकाल्ने काम बाह्रौं शताब्दीसम्म भएन ।

काथाङ साङलीङ्मा

न्याङराल न्यीमा ओसेर (सन् ११२४-११९२) ले साम्ये गोन्पा परिसरको साङलीङ (ताम्रद्वीप) बाट प्रकाशमा ल्याएको लोव्पोन पेमा जुङ्ने क्यी क्येराव छोज्युङ् नोर्वुइ ठेङ्वा, नाम्थार साङलीङ्माओ (आचार्य पद्‌मसंभवको जातक र धर्म इतिहास मणि माला) जीवनी ग्रन्थ नै आचार्य पद्‌मसंभवको पहिलो जीवनी ग्रन्थ मानिन्छ। छोटकरीमा 'साङ् लिङ्मा' भनिने यो ग्रन्थ जाम्गोन कोङटुलले उन्नाइसौं शताब्दीसम्मका तेर्माको सङ्कलन गरी छपाएको रिन्छेन तेर्जोको पहिलो पुस्तकको रूपमा राखिएको छ। ४१ अध्याय भएको यो पुस्तक अंग्रेजी तथा नेपाली भाषामा पनि अनुवाद गरिएको छ।

४५ अध्याय भएको मध्यम आकारको काथाङ साङ्लीङ्माको एक मात्र हस्तलिखित पुस्तक राष्ट्रिय अभिलेखालयको तिब्बती शाखामा सुरक्षित छ । उग्र्यान गुरु पेमा जुङने क्यी नाम्थार डिङ्पो स्हाङलिङ्मार ढाग्पा (उड्डीयान गुरु पद्‌मसंभवको मध्यम जीवनी ताम्रदीप भनी विख्यात) नामक १४८ पन्नाको यो ग्रन्थमा धेरै नयाँ कुराहरू छन्। यो ग्रन्थमा भ्यारुङ खाश्योर (बौद्धनाथ) स्तूपको निर्माणको क्रममा पद्‌मसंभव, शान्तरक्षित र ठिसोङ देउचेनका पूर्व जन्मका सुखोत्तमा नामक कुखुरा पालिका महिला (भ्याजिमा) छोराहरूको योगदानको वयान गरिएको छ। भोट प्रदेशमा भ्यारुङ खाश्योर छोर्तेन (स्तूप) निर्माणको प्रसङ्ग भएको यो नै प्रथम तेर्मा पुस्तक मानिन्छ।

पेमा काथाङ

पेमा काथाङ नामले विख्यात सबैभन्दा लोकप्रिय तेर्मा ग्रन्थ चौधौं शताब्दीका निधि प्रकाशक ओर्ग्येन लिङ्पा (सन् १३२९-१३६७) ले केन्द्रीय भोटको यार्लुङ शेल्ढाग (स्फटीक पर्वत) बाट सन् १३५२ मा निकालेको उर्ग्यान गुरु पेमा जुङ्ने क्यी क्येराव नाम्पार थार्पा ग्येपा कोपा पेमा कायि थाङ यिग् (उडीयान गुरु पद्‌मसंभवको विस्तृत विमोक्ष जातक पेमाको वचन लेख) नै हाल प्रचलित पेमा काथाङ हो । १०८ अध्यायहरूमा विभक्त ७२१ पृष्ठको यो पुस्तक सन् १९३३ मै फ्रेन्च भाषामा अनुवाद भई पेरिसबाट छापिएको थियो भने पछि The Life and Liberation of Padmasambhava को नामबाट अंग्रेजी भाषामा अनुदित भई छापिएको छ। धेरैजसो विद्वानहरूले यही पुस्तकलाई नै आधार भूत जीवनी ग्रन्थ मानेको पाइन्छ। भ्यारुङ खाश्योर छोर्तेनको बारेमा यसका दुई अध्यायहरूमा विस्तृत बयान गरिएको छ। भारत सरकारले पटनाबाट यो पुस्तकको भोट संस्करण नै छापेको छ।

यो पुस्तकमा पश्चिम दिशामा स्थित सुखावती (देवाचेन) मा रहेका अमिताभ बुद्धको पहिलो अध्यायमा बयान गरिएको छ भने दोस्रो अध्यायमा अमिताभ बुद्धको हृदयमा रहेको बीजाक्षरबाट रश्मी आई ओडियान (उर्गेन) देशको धनकोश तालको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पद्मको केशरमा निर्माणकाय उत्पत्तिको बयान गरिएको छ । भौतिक रूपका पिता र माता विना नै उपपादुक रूपमा पद्मको केशरमा पैदा भएको हुनाले नै पद्मसंभव भनिएको हो । बौद्ध धर्म अनुसार प्राणीहरूको जन्म गर्भ, अण्ड, पसीना र ऋद्धिद्वारा हुन्छ । यी चार जन्म मध्ये केही सिद्ध गुरुहरूको जन्म आकस्मिक रूपमा ऋद्धिमय तरीकाले भएको कुरा भारत वर्षका प्राचीन वाङ्मयमा पाइन्छ । संस्कृत भाषामा कमलको फूललाई पद्म भनिन्छ भने जन्मनु वा पैदा हुनुलाई संभव भनिन्छ । गुरु पद्मसंभवको जन्म उड्डीयान देशको उत्तर पश्चिम सीमामा रहेको धनकोश तालको पद्ममा भएकाले जन्मको आधारमा पद्मसंभव भनिन्छ भने भोट भाषामा संस्कृत भाषाको पद्मलाई पेमा भन्ने गरिन्छ भने संभवलाई भ्युङ्ने भनिन्छ । दुवै मिलाउँदा पेमा भ्युङ्ने हुन्छ । तर प्रायजसो संस्कृत नामलाई जोड्ने गर्दा हुने पेमासंभव नाम प्रचलनमा छ । पद्मसंभव वा पेमासंभवको वृत्तान्त र आज्ञा (वचन) भएकोले यो जीवनी ग्रन्थलाई पेमा काथाङ भनिएको हो । पेमा भन्नाले पेमा संभव (पेमा भ्युङ्ने) को छोटो रूप हो भने काथाङ भन्नाले वृत्तान्त (लोग्यु) र आज्ञा (श्याल्छेम) हो । अमिताभ बुद्धको निर्माणकाय (टुल्पा) को रूपमा पद्मसंभव देखा पर्नु भएको हो भन्ने कुरा सबै काथाङ वाङ्मयमा पाइन्छ ।

यो ग्रन्थमा पद्मसंभवको अलावा बौद्ध धर्मको उत्पत्ति उड्डीयान राज्यको बयान, राजा इन्द्रवोधिको जीवनी र राजासँग पद्मसंभवको धनकोश तालमा भेट जस्ता कुराहरू पनि विस्तारमा बताइएको छ । राजाले पद्मसंभवलाई दरवारमा लगी राजकुमार बनाएको, उहाँले उक्त राज्य त्याग गरी शीत वन जस्ता श्मसानहरूमा साधना गरेको, ज्योतिष, चिकित्सा जस्ता पंच विद्या अध्ययन गरेको, प्रवज्या लिएको (भिक्षु भएको), आनन्दसँग धर्मको विविध विषय सिकेको, आठ महाश्मसानमा गएर तन्त्रहरूको साधना गरेको, अवलोकितेश्वरको भविष्यवाणी अनुसार चीनको भ्रमण गरेको कुराहरू पनि छन् । आठ श्मसानहरू मध्ये अनाभोग कुट श्मसान (ल्हुनढुव चेग्पे दुर्ठो) नेपालमा रहेको कुरा यो ग्रन्थको एकचालीसौं अध्यायमा छ (पृष्ठ २०२) । भ्यारुङ खाश्योर छोर्तेन नै यो श्मसानमा बनाइएको हो भनी पछिका विद्वानहरूले बताएका छन् ।

अठचालीसौं अध्यायमा मन्दारव नामकी साहोरकी राजकुमारीको बयान छ । त्यसपछिका अध्यायहरूमा ती राजकुमारीलाई पद्मसंभवसँग गोप्य सम्बन्ध रहेको ठानेर जलाएको, जलाएको ठाउँमा नयाँ तलाउ बनेको (हाल भारतको हिमांचल प्रदेशको मण्डी स्थित छोपेमा), राजा पछुताएर पद्मसंभवको चेला भएको, मन्दारवसँग मारतिका (हलेसी) गुफामा आयु विद्याधरको सिद्धि प्राप्त गरेको, राजा अश्वकलाई धर्ममा प्रवेश गराएको जस्ता विषयहरू छन् । भैध, सिङ्गल, भङ्गाल (वंगाल), उड्डीयान, काश्मीर, ताम्रद्वीप, सुवर्णद्वीप जस्ता देशहरूमा बौद्ध धर्म फैलाएको कुरा पनि यो ग्रन्थमा छन् ।

चवन्नौं अध्यायदेखि भोटको प्रसङ्ग आउँछ । यसरी पहिलो आधा भागमा भारत वर्षमा पद्मसंभवका गतिविधिहरू समेटिएको छ भने पछिल्लो आधा भागमा भोट क्षेत्रका गतिविधिको विस्तृत बयान छ । ५४ औं अध्यायमा राजा ठिसोङ देउचेनको जन्मको विषय छ भने त्यसपछि ती राजाका गतिविधिहरू दर्शाइएको छ । त्यसै सिलसिलामा उपाध्याय वोधिसत्वको व्याकरण (खेन्पो वोधिसत्व लुङ्तेन्पा) अध्यायमा भ्यारुङ खाश्योर छोर्तेन (बौद्धनाथ स्तूप) बनाउने क्रममा आमा सुखोत्तमा र चार छोराहरूको कार्य र प्रणिधानको वर्णन गरिएको छ । आठौं शताब्दीमा भोटको साम्ये गोन्पामा बताइएको प्रसङ्ग चौधौं शताब्दीको यो ग्रन्थमा खुलाइएको छ । भोटमा विहार बनाउनका लागि उपयुक्त जग्गाको खोजी, शान्तरक्षितलाई नालन्दा विहारबाट भोटमा निमन्त्रणा, राजाले गुरु पद्मसंभवलाई भोटमा बोलाएको, भोट जाँदा बाटोमा सामना गरेका देव र असुरहरूसँगको द्वन्द्व र दमन, राजासँग गुरुको प्रथम भेट, साम्ये विहारको प्राण प्रतिष्ठा र साम्ये विहारमा गुरु पद्मसंभवबाट अभिषेक प्राप्ति पनि यो ग्रन्थमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समेटिएका विषयहरू हुन् ।

भोटका प्रसिद्ध अनुवादक (लोकचक्षुपा, लोचावा) को वर्णन, १०८ लोचावा र सात प्रथम भिक्षुहरूको प्रसङ्ग, लोचावा वैरोचनको विस्तृत जीवनी, विमलमित्रको भोट आगमन र शिक्षा, भारत वर्षबाट १०८ बौद्ध पण्डितहरूको निमन्त्रणा, साम्ये विहारको अनुवाद द्वीपको स्थापना, भोट भाषामा बौद्ध ग्रन्थहरूको अनुवाद जस्ता विषयहरूमा विस्तारमा चर्चा गरिएको छ । भविष्यमा भोटमा हुन सक्ने दुर्घटनाहरूको भविष्यवाणी, प्रतिकूल परिस्थितिमा साधना गर्ने गुप्त क्षेत्र (वेयुल) हरूको निर्धारण, भविष्यमा भोटका लागि उपयुक्त धर्म अभ्यास र त्यसलाई प्रकाशमा ल्याउने निधि प्रकाशक (तेर्तोन) हरूको बयान यो ग्रन्थको रोचक पक्षहरू हुन् ।

राक्षस दमनका लागि दक्षिण पश्चिमको चामर द्वीपमा जाने क्रममा भोटका युवराज, शिष्य येशे छोग्याल, तीन भाग्यमानी महिला शिष्यहरूलाई आवश्यक उपदेशहरू दिने नेपाल भोट सीमानाको माङ्युल गुन्थाङबाट अन्तर्धान भएको घटना पनि यो ग्रन्थमा समेटिएका छन् । गुरु पद्मसंभवको पूर्व जन्मको प्रसङ्गदेखि उहाँले भारत वर्षमा सिकेका र अभ्यास गरेका कुरालाई सिलसिलेवार रूपमा प्रस्तुत गरेर भोटमा भएका र भविष्यमा हुने घटनाहरूको बयान यो ग्रन्थमा भएका हुनाले प्रायजसो बौद्धमार्गीहरूको घरमा यो पुस्तक रहेको पाइन्छ ।

काथाङ देङा ग्रन्थ परिचय

पद्मसंभवको जीवनमा भेट भएका पाँच किसिमका व्यक्तिहरूसँग सम्बन्धित घटनाहरूको बयान उर्गेन लिङ्पा (१३२९-१३६७) को अर्को निधि ग्रन्थ काथाङ देङा ग्रन्थमा पाइन्छ । पंच वर्गीय (देङा) वृत्तान्त र आज्ञा (काथाङ) मा देवासुर वृत्तान्त (ल्हाडे काथाङ), राजाको वृत्तान्त (ग्याल्पो काथाङ), रानीहरूको वृत्तान्त (चुन्मोई काथाङ), अनुवादक र पण्डितहरूको वृत्तान्त (लोपण काथाङ) र मंत्रीहरूको वृत्तान्त (लोन्पो काथाङ) पर्दछन् । आठौं शताब्दीका नेपाल र भोटका प्रसङ्गहरू यी ग्रन्थहरूमा केलाइएका छन् । (पराजुली : २०६७ : ३३)

२४ अध्यायमा बाँडिएको देवासुर वृत्तान्त (ल्हाडे काथाङ) मा शुरुमा ६ लोकका प्राणीहरूको उद्धार र तिनलाई दिएका उपदेशहरू छन् । यसको आठौं अध्यायमा नेपाली शाक्य देव (देवी) को प्रसङ्ग छ भने दशौं, एघारौं र बाह्रौं अध्यायमा नेपालको येङ चुग्लाङ (यम्पी विहार) को कुन्सा शी को उद्धारको प्रसङ्ग विस्तारमा छ । यसको चौधौं अध्यायमा नेपालको फर्पिङ (याङ् लेश्यो) मा गुरु पद्मसंभवको वज्रकील साधना र स्थानीय देवासुर दमनको विस्तृत बयान छ ।

राजा वृत्तान्त (ग्याल्पो काथाङ) मा पृथ्वीको उत्पत्तिबाट शुरु गरेर बुद्धको आगमन, बौद्ध धर्मको विकास, भोटका राजा ठिसोङ देछेनको बयान, साम्ये लगायतका गोन्पाहरूको स्थापना र भविष्यमा हुने घटनाहरूको भविष्यवाणी छ । रानी वृत्तान्त (चुन्मो काथाङ) मा राजा ठिसोङकी रानी र अनुवादक वैरोचन बीचको वैमनस्य, वैरोचनको देश निकाला, राजकुमारीलाई उपदेश आदि विषयहरू समाविष्ट छन् । आचार्य र अनुवादक वृत्तान्त (लोपण काथाङ) मा ब्रह्माण्डको उत्पत्ति, अरूप धातु वर्णन, रूप धातु वर्णन, काम धातु (देव, असुर, मनुष्य, पशु, प्रेत, नरक) वर्णन, त्रिकाय शुद्ध क्षेत्र वर्णन, त्रिकाल बुद्ध आगमन, नौ यान (श्रावक, प्रत्येक बुद्ध, वोधिसत्व, क्रिया तन्त्र, चर्या तन्त्र, योगतन्त्र, महायोग, अनुयोग, अति योग) को वर्णन र भेद छुट्याइएको छ । मंत्री वृत्तान्त (लोन्पो काथाङ) का ३० अध्यायहरूमा मानव उत्पत्ति, राजाको आगमन, मंत्रीको आगमन, धर्मनीति निर्धारण, तेर्माहरूको निर्धारण जस्ता कुराहरू समेटिएका छन् ।

काथाङ देङा ग्रन्थ पहिले भोट सरकारकै छापाखानामा छाप्ने गरेको पाइन्छ । राष्ट्रिय अभिलेखालयको तिब्बती शाखामा रहेको ४९५ संख्याको पोकामा ३५४ पन्नाहरू छन् । अन्तमा पोताला छापाखाना (श्याल्पार खाङ) मा भोट सरकारद्वारा पृथ्वी स्त्री गोरु वर्षमा छापिएको यो पुस्तकमा श्री ३ महाराज भीम शम्सेर भन्ने छाप

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लगाइएको छ । यसबाट दुई सरकारहरूको बीचमा पवित्र पुस्तकहरूको उपहार दिने चलन रहेको देखिन्छ । भारतीय भाषामा अमनुज्ञान नाम दिएको पहिलो ग्रन्थका देवासुर वृत्तान्त (ल्हाडे काथाङ) को पहिलो पृष्ठमा गुरु पद्मसंभव र निधि प्रकाशक उर्गेन लिङ्पाको चित्रहरू छन् । दोस्रो पृष्ठमा कुन्सीग थुव्तेन ग्याछो (१३ औं दलाई लामा) र योङजीन देमोको चित्र छ ।

दोस्रो पुस्तक राजा वृत्तान्त (ग्याल्पो काथाङ) मा छाङ्पा ल्हाइमेतोग र मुतिग चेको चित्रहरू छन् । रानी वृत्तान्त (ग्याल्मो काथाङ) मा छोक्यी डोन्मा र ग्याल्मो चुनका चित्रहरू छन् भने अनुवादक पण्डित वृत्तान्त (लोपण काथाङ) मा वैरोचन र कावा पाल्चेगका चित्रहरू छन् । मंत्रीहरूको वृत्तान्त (लोन्पो काथाङ) मा तत्कालीन प्रधानमन्त्री ठिसाङ शाम र ल्हासाङ लुई पालका चित्रहरू छन् । अन्तमा तीन धर्मपालहरू एकजटी, मानिङ र राहुलको चित्रहरू अंकित छन् ।

त्यसपछि पनि साङ्गे लिङ्पा (सन् १३४०-१३९६) ले ११७ अध्याय भएको ७२७ पृष्ठको विस्तृत काथाङ सेठ्रेङ (सुवर्णमाला वृत्तान्त) निधि ग्रन्थ निकालेका छन् । भुटानमा प्रसिद्ध पेमा लिङ्पा (सन् १४४५-१५२१) ले १०२ अध्याय भएको धोन्साल मेलोङ (स्पष्ट आदर्श) नामक विस्तृत वृत्तान्त (काथाङ) तेर्माको रूपमा निकालेका थिए । मुख्य काथाङहरूलाई समेटेर गुरु टाशी तोव् ग्याल वा भ्याङदाग् कर्मा गुरु छोग्याल वाङ्पो (सन् १५५०-१६०२) ले डोवा राङ्डोल नामक ७१९ पृष्ठको ग्रन्थ लेखेका छन् । तेर्मा नभएमा पनि प्रमुख तेर्माहरू समेटेर लेखेको हुनाले धेरैजसो विषयहरू यो पुस्तकमा समेटिएका छन् । यसरी काथाङहरू इतिहास मात्र नभई उपदेश र भविष्यवाणीका भण्डारहरू छन् । पद्मसंभवका मूर्ति, थाङ्का (पौभा) र भित्ते चित्र (देव्री) यिनै काथाङ ग्रन्थहरूमा आधारित छन् ।

सन्दर्भसामग्री सूचीः

१) पराजुली, पुण्यप्रसाद : राष्ट्रिय अभिलेखालयमा संग्रहित पद्मसंभवका जीवनी ग्रन्थहरू, अभिलेख (२८) राष्ट्रिय अभिलेखालय, २०६७

२) उर्गेन लिङ्पा : उर्गेन गुरु पेमा जुङनेक्यी क्येराव नाम्पार थार्पा ग्येपार शेपा : सिठ्रोन मिरिग पेटुनखाङ छेङदु, १९८४

३) लाहुली, के. अंगरूप : आचार्य थोन्मी सम्भोटका जीवन चरित, केन्द्रीय उच्च तिब्बती शिक्षा संस्था, सारनाथ, २०००

४) Kunsang, Erik Pema : *The Lotus-Born,* Shambhala, Boston, USA, 1999

५) Zangpo, Ngawang : *Guru Rinpoche, His Life and Times,* Snow Lion Publication, Ithaca, Us, 2002

६) Blondeau, A.M. : *An Analysis of the Biographies of Padmasambhava according to Tibetan Tradition : Classification of Sources.* In Tibetan studies in Honour of Hugh Richardson, ed. by M. Aris and A.S. Suukyi, New Delhi, Vikas, 1980.

७) Singh, Sri Bireshwar Prasad (ed.): *Padma-bkai Thang-Yig (Biography of Padmasambhava)*, The Bihar Research Society, Patna, India 1988.

८) Shakya, Min Bahadur : *The Life and Contribution of Nepalese Princess Bhrikuti Devi to Tibetan History,* Book Faith India, Delhi, 1997.

९) Douglas, Kenneth & Gwendolyn Bays (tr.) *The Life and Liberation of Padmasambhava,* Berkeley, Dharma Publishing (2 volumes) 1978.

१०) Rinpoche, Tulku Thondup : *Hidden Teachings of Tibet,* Wisdom Publications, Boston 1997.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सिन्धुपाल्चोक थपिनारायणमन्दिरका ६ वटा र हनूमान्ढोका शिवमन्दिरको एउटा अप्रकाशित अभिलेख

- प्रकाश खड्का*
- रोशनीश्रेष्ठ*

यस लेखमा ७ वटा मूलपाठसहितको अभिलेख समावेश छन् । यहाँ समाविष्ट भएका पहिला ६ अभिलेख सिन्धुपाल्चोक जिल्लाको प्रसिद्ध मन्दिर थपिनारायण र एउटा हनूमान्ढोका भित्रको शिवमन्दिरको गर्भगृहमा रहेको जलहरीसँग सम्बन्धित छन् । यस लेखमा **अभिलेख** एवं **भावार्थ, थपिनारायण मन्दिरका अभिलेख, थपिनारायणमन्दिरका मूर्तिकला, थपिनारायण-लिस्ती-थँबहिल, प्रतापमल्लको प्रसिद्धि** र **हनूमान्ढोकाभित्रको महादेव मन्दिर** उपशीर्षकमा सूक्ष्म शोध-विवरण प्रस्तुत गरिएको छ ।

१. थपिनारायणमन्दिरका अभिलेख

सिन्धुपाल्चोक जिल्ला बाह्रबिसे-तातोपानी राजमार्गको फुल्पिङ्गकट्टि स्थानबाट ६ कि.मी. पूर्वी पहाडी उकालो सडकपछि थपिनारायणमन्दिर पुगिन्छ। यो शिलापत्र थपिनारायण मन्दिरभित्र रहेको छ । थपिनारायणमन्दिरमा प्रतापमल्लको ने.सं. ७७८ तदनुसार वि.सं. १७१४ पौष शुक्लपूर्णिमाको शिलापत्र, ने.सं. ९४१ तदनुसार वि.सं. १८७७ पौष शुक्लपूर्णिमाको गर्भेथाली अभिलेख, ने.सं. ९६९ तदनुसार वि.सं. १९०७ को ताम्र इन्धनी तोरण लेख, ने.सं. ९७७ तदनुसार वि.सं. १९१३ पौष शुक्लपूर्णिमाको पित्तलकोटः अभिलेख, ने.सं. ९७७ तदनुसार वि.सं. १९१३ पौष शुक्लपूर्णिमाको ताम्रथाली अभिलेख, वि.सं. १९०३ को राजदण्ड अभिलेख, वि.सं. १९४४ को पित्तल गाग्रीलेख[1], सं ४५ (वि.सं. १९४५) को वाता अभिलेख[2] छत्र अभिलेख वि.सं. १८९७ र ९४ अंकित चाँदीको अष्ट कलशयुक्त छत्रलेख र ने.सं. १०३८ तदनुसार वि.सं. १९७५ को जोडी सिंह अभिलेखका पाइएका छन् । यसका अतिरिक्त देव श्रृंगार एवं आभूषण (गरगहना) हरूमा अभिलेख उत्कीर्ण गरिएका छन् । यहाँ थपिनारायणमन्दिर सम्बद्ध महत्त्वपूर्ण ६ वटा अभिलेखको मूलपाठसहितको भावार्थ देहायानुसार प्रस्तुत गरिएको छ-

१.१ संवत् ७७८ को प्रतापमल्लको पालाको अभिलेख

शिलाको अग्रभागमा दुई मूर्ति कुँदिएका छन् भने पृष्ठभागमा अभिलेख उत्कीर्ण गरिएको छ। शिलाफलकको शिरोभाग गोलाकार भए पनि केही मात्रामा चुच्चो परेको छ । अभिलेखको शिरोभाग आकर्षक कलाले शोभित छ । पादबाहेक वरिपरि ज्वालावली कुँदिएको छ । शिरोभागको केन्द्रमा कलात्मक सूर्य उत्कीर्ण छ । सूर्यको गर्भ बिन्दुमा गोलबद्ध छ । त्यसभन्दा बाहिर कलात्मक बुट्टाहरू र त्यसको पनि वरिपरि दुई गोलाकार रेखा छन् । दुई गोलाकार रेखाभन्दा बाहिर सूर्यका ज्वालाहरू कुँदिएका छन् । ज्वालावली सूर्यको दायाँ-बायाँ

*पुरातत्त्व अधिकृत, पुरातत्त्व विभाग ।
*नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विषयका अन्वेषक हुनुहुन्छ ।

१ पित्तलको गार्गी (धार्पं)मा **१९४४ साल श्री थैपिनारायन गुथिलाई गुथियारले चधायाका पित्तल्पा गाग्रि** उत्कीर्ण छ ।

२ पित्तलको वातामा **४५ सालमाश्री थैपिनारायनका गुथियारले चधायाको** उत्कीर्ण छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

बुट्टेदार लहरा छन् । शिरोभागको चित्र र लेख भागलाई छुटयाउन केही लम्ब रेखाहरू तानिएका छन् । चित्रको मुनि विन्दु जस्तै देखिने कपिएका दुई बिन्दुरेखा (माथिल्लोभन्दा तल्लो आंशिक सानो) कुँदिएका छन् । तत्पश्चात् थोरै मुनि त्रिकोणकार बुट्टा कपिएको रेखा छ । यसरी नै चित्र र लेख भागलाई छुटयाइएको छ । यो शिलापत्रको नापो ४५ से.मी. अग्लो, २८ से.मी. चौडा छ ।[3] यस अभिलेखमा अहिले १८ पंक्ति छन् भने बाँकी ३ लहर छोपिएको स्थिति छ (चित्र संख्या १)।

मूलपाठ

१. ॐ नमो नारायणाय ।। स्वयंभूवमहं बन्दे, हिमाचल तटस्थि-
२. त भक्तानांवरदं विष्णुं, कौशिक्याः पूर्व्वतः सदा ।। श्री श्री प्र-
३. तापभुपाल, कविन्द्रस्य सुराज्यके । कश्यपान्वय संजा-
४. तो जितादेवः सगुप्तकः ।। भीमनारायणस्तज्ज स्तत्सु-
५. तः पण्डु रूत्तमः । पण्डु पूत्रः कृष्ण नामा, रंजय स्तत्सु-
६. तो भवेत् ।। नागाचल । श्वगेवर्षे पूर्ण्णिमा पूष्य संयु-
७. ते । पौष मासादित्यसुत, दिनयूक्ते मूदासुधिः ।। व्र-
८. तिसंवत्सरं दीव, दानातिर्थ्यत्र दक्षिणां । दातुं भूमि
९. सिमा विष्णु, प्रीतयरंजयोऽददय ।। ।। अतः प-
१०. रं देशभाषा ।। ।। श्री श्री कविन्द्र जयप्रताप मल्ल
११. देवस्य विजयराज्ये, रिष्टि देशया काश्यप अधि
१२. या वंशश, उत्पत्ति जुव ।। जितादेव थ्वनरिभीम-
१३. नारायण, थ्वनरि पण्डु, थ्वनरि कृष्ण, थ्वनरि रं-
१४ जयदेवन, स्वहस्तेन दुन्ता, नारायणजुयात
१५. स्वहस्ते न दुन्ता, रूपि पू बूख न छि १ थ्व बूया बर्सा न-
१६. दकोनवर्खपतिं पोसराया चतुर्दसि न चाक्रमत छोय-
१७. के मार, पूर्ण्णमासिकुन्हु, ब्राम्हण अथिति दकोष्ट जाके
१८. प्र २ दंम १ दक्षिणा विय मार ।। थ्वरे मयातसा सुनानं रो-
१९. भ । मोहो यातसाकोति पञ्चमहापाटक राक जुरो ।।
 शुभ स-
२०. म्वत् ७७८ ...पौषमासे शुक्र पक्ष पूर्ण्णमासि कुन्हु चोया जुरो
२१. थ्वयान पुण्यन जयजमानस्य शुभ कल्यान भवतु ।। शुभमस्तु ।।[4]

भावार्थ

ॐ नारायणलाई नमस्कार । श्रीश्रीकविन्द्रजय प्रतापमल्लदेवको विजयराज्यमा लिष्टिदेशका जितादेव काश्यप अधिया वंशमा जन्मनु भयो । जितादेव लगायत भीमनारायण, पण्डु, कृष्ण र जयदेवले आफ्नो बाहुबाट नारायणजुलाई खेत ६ रोपनी दान गर्नुभई हरेक वर्ष पौष चतुर्दशीको दिन चक्रावली बत्ती बाल्न र पूर्णिमाको दिन ब्राह्मण अतिथि सबैलाई चामल २ पसार, दाम १ दक्षिणा दिने चलन बसाउनु भयो । यो काम गरेन भने र कसैले पनि लोभ मोह गरे करोड पञ्चमहापातक लागोस् । शुभ संवत् ७७८ तदनुसार वि.सं. १७१४ पौष महिना शुक्ल पक्ष पूर्णिमाको दिन लेखियो र जजमान सबैलाई कल्याण होस । शुभ होस् ।।

प्रचलित नेवारी लिपिको यस शिलालेखका अधिल्ला ९ लहर संस्कृत भाषामा र पछिल्ला १२ लहर देश भाषा अर्थात् नेवारी भाषामा छन् ।

शिलालेख फलकको पृष्ठभागमा दुई सालिक उत्कीर्ण छन् । सालिक फलकको शिरोभाग र दायाँ-वायाँ ज्वालावली कुँदिएका छन् । पहिलो ज्वालावली र दोस्रो ज्वालावलीलाई दुई मसिना रेखाले छुट्टाएका छन् । पहिलो ज्वालावलीमा आगो बलिरहेको जस्तो कलाचित्र प्रस्तुत छ भने दोस्रो ज्वालावलीमा फूलको लहराले श्रृङ्गारिएको छ ।

शिलाफलकमा पुरुष सालिक र स्त्री सालिक नमस्कार मुद्रामा छन् । बायाँपट्टि कुँदिएको स्त्री सालिक पुरुषभन्दा आधी नै सानो छ । सालिकका मुखभाग केही खिइसकेकाले मुहारको हाउभाउ स्पष्ट रूपले देख्न सकिँदैन । तर गहिरिएर हेर्दा शान्त मुहारका दुवै सालिक भक्ति मुद्रामा लिप्त देखिन्छन् ।

---

३ अभिलेखका ३ लहर छोपिएको हुँदा माथि उल्लेखित नापोभन्दा शिलापत्र केही ठूलो छ ।

४ उपर्युक्त शिलापत्रका १९, २० र २१ लहरहरू पुरातत्त्व विभागका अनुसन्धान अधिकृत मोहनसिं लामाले दिनुभएको भिडियोबाट पढिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पुरुष सालिकमा मल्लकालिक भेषभूषा झल्किने पोसाक लगाइएको छ, जुन मुगलशैलीबाट प्रभावित छ । शिरमा मुगलशैलीकै टोपी (पगरी) देख्न सकिन्छ । कानमा फूलबुट्टायुक्त ठूला कुण्डल छन् । घाँटीमा स-साना गोलो दाना भएको मोतीझैँ देखिने माला लगाइएको छ । शरीरमा माथिदेखि तलसम्म आउने जामा पहिरिएको छ । जामामा लामो धर्के बुट्टा छन् । बायाँ हात केही फुटिसकेको सालिक दुवै घुँडा टेकी नमस्कार मुद्रामा बसेको छ ।

स्त्री सालिकमा पनि ठूला गोलाकार कर्णकुण्डल लगाइएका छन् भने घाँटीमा एउटा छोटो र एउटा लामो हार सुसज्जित छ । स्तन पुष्ट छन् । कम्मरभन्दा मुनितिर फरिया लगाइएको छ । फरियामा तेर्सो परेका धर्के बुट्टाहरू छन् । कम्मरमा पेटी छ र पेटीको बीच भागबाट मोजा झरेको छ । स्त्री सालिकले दायाँ घुँडा टेकेको छ भने बायाँ पैताला भुइँमा अड्याई खुट्टा उचालेर वसेको छ । नमस्कार मुद्रामा दायाँ हातको कुहिना दायाँ खुट्टाको घुडामा अड्याएको छ । यसै मूर्तिफलकको पृष्ठभागमा उत्कीर्ण अभिलेखबाट यो मूर्ति फलक जितादेवी र उनकी पत्नीको हो भनी भन्न सकिन्छ ।

१.२ गर्भेथाली अभिलेख

४६ से.मी. व्यास रहेको गर्भेथालीको सम्पूर्ण गोलाई १ मी. ३० से.मी. छ भने अभिलेख विस्तारित आकार ८६ से.मी. छ (चित्र संख्या २)। थालीको बीचमा गर्भे बैठो (बैठक) अर्थात् मूल देवताको आसन रहेको छ । स्थानीय भाषामा गर्भेथालीलाई गर्भे वो:/भू भनिन्छ ।

मूलपाठ

ॐ संवत् ७८६ तछोलावदि ११ ध्वकुन्हुश्री ३ थयपि नारांयण जुया वस्तुकं दयाकातगु धा १ वाकि लिस्ती भंसालसचोंम्ह, मदुतोलया, चिढिधन, नकु १= तनाजिंन उधार याङा, पलेफोलंस लुनसिया ।। संवत् ९४१ म्ति

भावार्थ

ॐ संवत् ७८९ जेष्ठ औंसी ११ का दिन श्री ३ थयपि नारायणका वस्तुहरू बनाएर राखेको धार्नी १ वाकि लिस्ती भंसालमा बस्ने, मधुटेलको चिढीधनले डेढी थप गरी जीर्णोद्धार गरी कमलफूलमा सुन लगाइयो । संवत् ९४१ मिति ।

गर्भे भूको बीचमा देव आसन वनाइएको छ। आसनमाथि तामाको बैठक राखिन्छ । यस बैठकको दुवैतिर गरुडको मूर्ति बनाइएको छ । एकातिरको गरुड घुँडा टेकी नमस्कार मुद्रामा बसेको छ भने अर्कोतिरकोले चाहिँ पखेटा फिजाएर दुवै खुट्टाका नंग्राले सर्पहरू च्यापेर उडिरहेको छ । उडिरहेको गरुडमूर्ति यस बैठकमा पछि टाँसिएको हो भने नमस्कार मुद्राको गरुडमूर्ति बैठकमा नै कुँदिएको छ । यसभन्दा माथि मूल देवताको मूर्ति प्रतिष्ठा गरिन्छ ।

१.३ गवाक्ष तोरण अभिलेख

जात्रा उत्सवमा मूलदेवतालाई परिक्रमा गर्ने बेला गरुडमूर्ति प्रतिष्ठा गरिने गवाक्ष/इन्धनी तोरणको नापो ५३ से.मी. अग्लो र ४२ से.मी. चौडा छ । स्वर्ण लेपित इन्धनी तोरण ४ टुक्राले जोडिएको छ- १ तोरण, २ स्तम्भ, १ पादपीठ । पादपीठको आकास तर्फ फर्केको खण्डमा अभिलेख कुँदिएको छ-

मूलपाठ

१. **संम्वत मिती पौषसुक्ल पौर्णामासि सोमबार ध्वषुनु त श्री ३ यमनारायण प्रिती थवहिल या सि**
२. **वनसिं भीमर्सि दयानसिं भैरवसिं भगतवीर्सि मुख सकल परिवार सुषावति भुवन प्राप्ति**
३. **कामनान सुर्वण तोरन गरुडासन सहित समप्रितं शुभम् ।।**
४. **द्वय मातुर शिव लक्ष्मी भार्ज्या दयालक्ष्मी पुत्र मानसरोवरसिं जगांतासिं**

भावार्थ

संवत् ९६९ पौषशुक्लपूर्णिमा सोमबार यस दिन श्री ३ यमनारायणको प्रीतिले थँबहिलका शिवनरसिंह, भीमनरसिंह, दयानरसिंह, भैरवनरसिंह, भगवतनरसिंह प्रमुख सबै परिवारले सुखावती भुवन प्राप्ति होस् भन्ने कामनाले सुर्वण तोरण, गरुडसहित समर्पण गरियो । शुभ होस् । दुवै आमाहरू शिव लक्ष्मी र पत्नी दयालक्ष्मी पुत्र मानसरोवरसिंह जगांतासिंह

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१.४ तामाको थाली अभिलेख

तामाको थालीको माथिल्लो भित्री भागमा १ मी. ३५ से.मी.को घेरामा अलिभेख उत्कीर्ण छ । यो थपिनारायण मन्दिरको पूजा थाली हो ।

मूलपाठ

सं ९७७ पौष शुक्ल पुर्न माशि सनिश्चर वार श्व । जम नारायण प्रीतिन कान्तिपूर थँ वहीलया सुब्बा शिवनरसिं वनरासिं पुत्र सुब्बा मानसरोवरा सिं जगंनाथा सिं समुचु टेल दुंन्ता पुजा भुपा १ चन्दन पात्र १ नैव्यद भुपा १ जुलो वर्ष वध पुजा माल सुनान लोभयासा पचं महापातक शुभम् ।

भावार्थ

वार्षिक पूजा चलाउन संवत् ९७७ पौषशुक्लपूर्णिमा शनिबारका दिन जमनारायणलाई प्रीति गरी कान्तिपुर थँबहिलका सुब्बा शिवसिंहको छोरा सुब्बा मानसरोवरसिंह, जगन्नाथसिंह सबैले पूजा थाली १, चन्दनपात्र १, नैवेद्य थाली १ चढाउनुभयो । कसैले पनि लोभ गऱ्यो भने पञ्चमहापातक लागोस् । शुभ होस् ।

१.५ कोटः अभिलेख

थपिनारायणमन्दिरमा एउटा कोटः अभिलेख पनि रहेको छ । विशेषतः काठमाडौं उपत्यकाका मन्दिर/घरमा प्रयोग गरिने खड्कुलो आकारको पूजा थालीलाई कोटः भनिन्छ । कोटःमा अभिलेख लेख्ने परम्परा मल्लकालदेखि पाइन्छ ।

मूलपाठ

ॐ सुभ सम्वत ९७७ मिति पौष सुदि १५ रोज ७ म श्री ३ पीठक् नारायणी प्रीतीन कान्तीपुर थ बहील यता लिवि दुने क्षया शु थालि दयालक्ष्मीन. पा १ कोट लू ग्वदि १, भिंलाये, तांहांप चिभु १ सिंन्हमु १ सम्हौपिचा १, अंत्ती १ धाला १संघधौपति पा २ सुकुदाग्व १, क्टैरा १२ धुपहराग्व १ ज्मा थान् २३ दुंता जुले सुनान लोभयात्सा पंच माहापातक लाक वर्षप्रति जात्रायात जुले शुभम् ।

भावार्थ

ॐ शुभ संवत् ९७७ पौषपूर्णिमा १५ शनिबारका दिन श्री ३ पीठक नारायणीलाई प्रीति गरी कान्तिपुर थँबहिल उत्तरभित्र बस्ने दयालक्ष्मीले थाली १, कोटः १, भिंलाये, तांहांप चिभु १, सिन्हमुः १, सम्हौपिचा (समयवजी हाल्ने भाडा) १, अन्ती १, धाला १, संघधौपति २, सुकुन्दा १, कटैरा १२, धुपहराग्व १, जम्मा थान २३ चढाउनुभयो । कसैले पनि लोभ गरेमा पञ्चमहापातक लागोस् । प्रतिवर्ष जात्रा गर्नुपऱ्यो । शुभ होस् ।

१.६ चाँदीको छत्र अभिलेख

सानो तर कलात्मक रजत छत्रको बीचमा अष्ट कलश उत्कीर्ण छन् । कलशको तल र माथि दुई लहर अभिलेख छन् ।

मूलपाठ

१. श्री ३ थैपीनारानलाई प्रिती गरी चधाइ राषेको सम्वत् १८९७ कोः चांः तो ।।ः तोः चधायको र अरु चांचुं गहना समेत ज्मा तोला ३१ को विगृ नोकसां हुंदा सं. ९४ सालमा धर्म ची.-

२. त भई देहाय वमोंजीको गंहना तयार गरी चधाई सांषुधोला तोल बसनेः

भावार्थ

श्री ३ थैपीनारायणलाई प्रीति गरी वि.सं. १८९७ मा चढाई राखेको चाँदीका गहनाहरू बिग्री नोक्सान भएको हुँदा दाताको धर्म चित्त उत्पत्ति भई संवत् ९४ सालमा जम्मा ३१ तोला चाँदीको गहना बनाई चढाइयो ।

२. थपिनारायणमन्दिरका मूर्तिकला

यस थपिनारायण मन्दिरमा मल्लकालिक काठमाडौं उपत्यकामा झैं कलाचरित् भएका मूर्तिहरू पाइएका छन् । उमामहेश्वर[५], गरुडासनविष्णु

५ स्यानीयका अनुसार उमामहेश्वर मूर्तिको पादपीठमा अभिलेख रहेको थियो । यद्यपि यो मूर्तिको पादपीठ सिमेन्टले छोपिएको छ । यो मूर्ति करिव ८४ से.मी. अग्लो र ६४ से.मी. चौडा छ । मूर्तिको शिरानमा मयूर कुँदिएको छ भने पादमा वाजागाजासहित आठ जना गणहरूसँग गणेश नाचिरहेका छन् । केन्द्रभागमा, पर्वतमा उमामहेश्वर विराजमान छन् । उमामहेश्वरको पृष्ठमा साँढे छ । गङ्गासहित यस मूर्तिफलकमा १३ वटा अन्य स-साना सेवकगणहरू समेत कुँदिएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(चाँगुनारायण)[६], स्थानक विष्णु[७], गरुडस्तम्भ[८], शाक्यमुनि बुद्ध (भूस्पर्श मुद्रा), करिब साढे २ मी. अग्लो त्रिशुल, खड्ग (गुह्येश्वरी), प्रस्तरको मकरधारा[९] मन्दिर भित्रको नमस्कार मुद्राको दाताको सालिक, शिलापत्रको पृष्ठ भागमा रहेको पुरुष एवं स्त्री सालिक एवं प्रस्तरपानसमा भक्तजनहरूका सालिक पाइएका छन् । यहाँका मूर्तिहरूको कला वास्तुकला काठमाडौँ उपत्यकामा पूर्वमध्यकालीन मूर्तिकलाको समान छन् । उमामहेश्वर, गरुडासन विष्णु (चागुँनारायण), बुद्ध, स्थानक नारायण मूर्तिहरू मन्दिरको जग खन्ने क्रममा भेटिएका हुन् ।

३. थपिनारायण, लिस्ती र थँबहिल

थपिनारायणमन्दिरका अधिकांश अभिलेखहरूमा **थपिनारायण**, **लिस्ती** र **थँबहिल** स्थानवाचक नामहरू आएका छन् । खासगरी थपिनारापयणमन्दिरमा दान गर्दा, पूजा गर्दा दाताको नामावलीसहित स्थानपरिचय दिँदा **लिस्ती** र **थँबहिल** उत्कीर्ण भएका छन् । थपिनारायणमन्दिरका मूल देवता को हुन् ? भन्ने बारे खोजी गर्दा सम्बद्ध अभिलेखहरूमा विभिन्न नामहरू पाइन्छन्- थयपिनारायण, थैपिनारायण, जमनारायण, जैमिनथपिनारायण, पीठकनारायणी, यमनारायण । यस मन्दिरमा विहानको आरतीमा गर्दा अन्तिम श्लोकमा

थपीनारायण एके फाने बरु दानङ.......महादेव, पिरकम नारायण एके फाने बरु दानङ.......महादेव, गरुडनारायण एके फाने बरु दानङ.......महादेव[१०]

को उच्चारण गरिन्छ । नारायण नामको अगाडि आएका यी शब्दहरूको अर्थ के कसरी रहन गयो ? मन्दिर कसले बनायो ? कहिले बन्यो ? यी प्रश्नहरू अनुसन्धेय छन् । दैनिक नित्य पूजा वाहेक यस मन्दिरमा भाद्रकृष्णाष्टमी (कृष्णजन्माष्टमी), माघशुक्ल पञ्चमी (श्रीपञ्चमी) माघशुक्लपूर्णिमा (श्रीस्वस्थानीपूर्णिमा) र चैत्रशुक्लनवमी (रामनवमी) जस्ता महत्त्वपूर्ण तिथिहरूमा विशेष पूजा परम्परा रहँदै आएको छ । खासगरी माघशुक्लपूर्णिमामा यहाँ सबैभन्दा ठूलो जात्रा लाग्दछ । यस मन्दिरमा नित्यपूजाका लागि सेतो पुजारी र कालो पुजारीको व्यवस्था थियो । कालो पुजारी भन्नाले स्थानीय प्रधान थरका पुजारी र सेतो पुजारी भन्नाले जुठो सुतक पर्दा नित्यपूजा नरोकियोस् भनेर सेतो पुजारीका कुटुम्ब अर्थात् अर्कोथरि प्रधान थरका पुजारीहरूको व्यवस्था थियो ।[११] स्थानीयहरूले अहिले नित्यपूजाको जिम्मा नेपाल थरका पुजारीलाई दिएका छन् ।

कान्तिपुरदेखि भोटसम्म व्यापार गर्न जाने थँबहिलका सार्थवाहहरूको मध्यबिन्दुका रूपमा नै लिस्तिकोटमा बस्तीको विकास भएको पाइन्छ । अहिले पनि थँबहिलका प्रधानहरू र लिस्तीकोटका प्रधानहरूबीच दाजुभाइको सम्बन्ध छ । कान्तिपुर राज्यबाट गएका हुँदा लिस्तीका प्रधानहरू र काठमाडौँ उपत्यकाका नेवार समुदायको भाषा, संस्कृति र परम्परासँग अधिक समानता पाइन्छ । कोटडाँडा भगवान् चैत्य, पाकु ढुंगेधारा, भैरवथानको कलात्मक भैरवमूर्ति, उग्रचण्डीमाई मन्दिर र नारायण मन्दिर पनि काठमाडौ उपत्यकाकै कला-सभ्यताका देन हुन् । हुन त लिस्तीकोटमा कीर्तिपुरे र थँबहिलका गरी दुई थरि प्रधान छन् । यी दुई बीच विहाबारीको समेत परम्परा चल्दैआएको छ । लिस्तीकोटका प्रधानहरूको एउटा शाखा थपिनारायणमन्दिरमा पुजारी भएर

६ ४२ से.मी. अग्लो र ३३ से.मी. चौडा नापो भएको यस उडिरहेको गरुडमा वसेका नारायण मूर्तिका माथिल्ला दायाँ र वायाँ हातमा क्रमशः गदा र चक्र छन् । तल्ला दुवै हात टुटिसकेका छन् ।

७ यस स्थानक विष्णु मूर्तिका चार हात छन् । दायाँबायाँ गरुड र लक्ष्मीका मूर्ति छन् । विष्णुको माथिल्लो बायाँ हातमा गदा र तल्लो हातमा शंख छ भने माथिल्लो दायाँ हातमा चक्र र तल्लो हातमा पद्मवीज छ । यो मूर्तिको नापो ५५ से.मी. अग्लो र ३६ से.मी. चौडा छ ।

८ स्तम्भमाथिको प्रस्तरको गरुडमूर्ति चोरी भई हाल धातुको गरुड मूर्ति राखिएको छ ।

९ थपिनारायण मन्दिर समीपमा तर केही अग्लो स्थानमा रहेको ढुङ्गेधारामा तीन जलधारामध्ये २ वटा मकराकृतिका र एउटा फुटिसकेको अवस्थामा छ । अहिले यस धारावाट पानी वग्न वन्द भएको छ ।

१० श्री उग्रचण्डी भजन संग्रह २०६५: ५८ पृष्ठ ।

११ मोहनसिंह लामा २०७०: २३ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

बसेको छ । कला, संस्कृति, भाषा, परम्परा, धर्म, अभिलेख र जाति आदिको आधारमा थपिनारायण, लिस्ती र थँबहिलबीच परस्पर सम्बन्ध सदियौंदेखि चलिआएको भनी भन्न सकिन्छ ।

पूर्वमध्यकालको प्रारम्भदेखि नै कान्तिपुरराज्यको थँबहिल धार्मिक केन्द्रका प्रसिद्ध छ । थँबहिललाई थँ वहि, थँ विहार, विक्रमशील महाविहार, धर्मधातु महाविहार, राजविहार, भगवान् बहाल आदि पनि भनिन्छ ।[१२] विभिन्न समयका थँबहिलका सिंहसार्थवाहहरूले कान्तिपुरदेखि भोटसम्म व्यापारिक कारोबार गरेको विवरण थँबहिलमा भएका ताडपत्रहरूमा पाइन्छ ।[१३]

४. प्रतापमल्लको प्रसिद्धि

मल्लकालमा कान्तिपुरको विजयराज्य कम्तीमा दोलखासम्म रहेको व्यहोरा पहिलोपल्ट ने.सं. ७३० तदनुसार वि.सं. १६६७ जेष्ठशुक्लद्वादशीको जयशिवसिंहदेव (राज्यकाल, वि.सं. १६३५-१६७७) को पालाको भीमेश्वरको ताम्रछाना अभिलेख प्रमाणले बोल्दछ ।[१४] यो हालसम्मको कान्तिपुरका राजाले दोलखामाथि शासन चलाएको हो भन्ने पहिलो अभिलेख-प्रमाण देखिन आएको छ । दोलखामा कान्तिपुरको राजाको शासनकाल लेखिएका शिवसिंहदेव पालाको ने.सं. ७३१ तदनुसार वि.सं. १६६८ वैशाखकृष्णद्वितीया पिङ्गलाटोलको भैरवमूर्ति अभिलेख, लक्ष्मीनरसिंहको पाला (राज्यकाल वि.सं. १६७७-१६९८)को ने.सं. ७५२ तदनुसार वि.सं. १६८९ भाद्रशुक्लपूर्णिमाको पिङ्गलाटोलको भैरवमूर्ति अभिलेख पाइएका छन् ।[१५] तत्पश्चात् दोलखामा प्रतापमल्ल (राज्यकाल १६९८-१७३१)का ६ वटा अभिलेख पाइएका छन् । ने.सं. ७६८ तदनुसार वि.सं. १७०४ माघशुक्लएकादशीको भीमेश्वर भण्डारको ताम्रपत्र अभिलेख, ने.सं. ७७१ तदनुसार वि.सं. १७०७ माघशुक्लपूर्णिमाको कोटछेँको ताम्रपत्र, ने.सं. ७७४ तदनुसार वि.सं. १७१० मार्गशिर कृष्णप्रतिपदाको भीमेश्वर भण्डारको ताम्रपत्र, ने.सं. ७७४ तदनुसार वि.सं. १७११ चैत्रकृष्णाष्टमी भीमेश्वर भण्डारको ताम्रपत्र, ने.सं. ७८१ तदनुसार वि.सं. १७१७ माघशुक्लएकादशीको भीमेश्वर भण्डारको ताम्रपत्र, ने.सं. ७८२ तदनुसार वि.सं. १७१९ मार्गशुक्लप्रतिपदाको भीमेश्वर भण्डारको ताम्रपत्र पाइएका छन् ।[१६] यसले तत्कालीन राज्यको पूर्वी सिमाना संकेत गर्दछ भने उत्तरदिशामा तातोपानीसम्म प्रताप मल्लको कीर्ति प्रसारित भएको देखिन्छ । थपिनारायण मन्दिर अभिलेख र लिस्तीकोट नेपाल संवत् ७९४ तदनुसार वि.सं. १७३१ को भगवान् चैत्य शिलापत्र[१७]मा पनि प्रतापमल्लको कीर्ति पाइन्छ । सप्तकोशीका भेद, सप्तगण्डकीका भेद, ६४ सिद्धिलिङ्ग, वाग्मतीसङ्गमतीर्थ, नानादेश, नानातीर्थ, नानादेवता हिमवत्खण्डमा आफैं हेरेर झिकी राजा प्रतापमल्लले लेखेर राखेको भन्ने व्यहोराबाट पनि प्रतापमल्लमा उनको तीर्थयात्राप्रति अभिष्ट इच्छा एवं धार्मिक आस्था कहाँसम्म र कतिसम्म थियो भन्ने कुरा झल्किन्छ ।[१८]

५. हनूमान्ढोका शिव मन्दिरको जलहरी अभिलेख

संवत् ७७६ को तदनुसार वि.सं. १७१३ यो जलहरी अभिलेख हनूमान्ढोका राजदरबारस्थित नागपोखरीको उत्तरकोणमा रहेको महादेव मन्दिरको गर्भगृहमा छ । जलहरीको पश्चिमपट्टिको फलकमा दुई लहरमा लेख उत्कीर्ण छ । वर्गाकृत यस जलहरी फलकको नापो ४ फीट १० इन्च रहेको छ । वि.सं. १९८७ मा लिइएको देवलहरूको नापोसम्बन्धी विवरणमा यस मन्दिरको नापो ३० हात अग्लो भनी लेखिएको छ ।[१९]

मूलपाठ

१. (ॐ न) मस्तु ।। श्री ३ नारायण प्रीतिन थ्व गरुड, महाराजाधिराज, भूपकेशरी श्रीश्री कवीन्द्र जयप्रतामल्लदेवन (थ्व)

---

१२ भुवनलाल प्रधान २०४८: ४-५ पृष्ठ ।

१३ भागवतनरसिंह प्रधान २०७०: *थं वहिल महाविहारसँग सम्बन्धित अप्रकाशित मध्यकालका ताम्रपत्रहरू ।*

१४ धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ २०५९: १०४-१०५ पृष्ठ ।

१५ ऐजन्: १०५-१०७ पृष्ठ ।

१६ ऐजन्: १०५-१०७ पृष्ठ ।

१७ मोहनसिं लामा २०७०: अप्रकाशित ।

१८ महेशराज पन्त २०६९: १९ पृष्ठ ।

१९ गौतमवज्र वज्राचार्य २०३३: १२८ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२. ... ।। सम्वत७७६ श्रावण शुदि सप्तमी वृहस्पतिबार थ्वकुन्हु प्रतिष्ठा दिन।। शुभ मस्तु सर्व्वदाकालं ।।

भावार्थ

ॐ शुभ नमस्कार । श्री ३ नारायणलाई प्रीतिका लागि गरुड स्थापना गर्ने कार्य महाराजाधिराज भूपकेशरी श्रीश्री कवीन्द्र जयप्रतापमल्लदेव...संवत् ७७६ श्रावण शुक्ल ७ वृहस्पतिबारका दिन सम्पन्न गरी प्रतिष्ठा गरियो । सदाकाल शुभ होस् ।

६. हनूमान्ढोकाभित्रको महादेवमन्दिर

इतिहास तथा संस्कृति अन्वेषक गौतमवज्र वज्राचार्यले यो मन्दिरलाई निकै भद्दा मन्दिर र मन्दिर अगाडि रहेको प्रस्तरस्तम्भ एवं त्यसमाथि रहेको साँढे मूर्ति मूर्तिकलाका दृष्टिकोणले महत्त्वपूर्ण देखिँदैनन् भनी टिप्पणी गरेका छन् ।[२०] यसर्थ पनि गौतमवज्र वज्राचार्यले आजभन्दा चार दशकअघि टिप्पणी गरेजस्तै यस मन्दिरको गर्भगृहको मूर्तिका विषयमा पनि केही लेख्नुपरेको छ । वास्तवमा हनूमान्ढोका नागपोखरीको समीपमा रहेको यो महादेवकोमन्दिर अगाडि दुई साँढे छन्- एउटा पश्चिममा र अर्को उत्तरमा स्तम्भमाथि । गौतमवज्र वज्राचार्यले उत्तरदिशाको स्तम्भमाथिको साँढेको कुरा मात्र उल्लेख गरेका छन् । यी दुई साँढेको उपस्थितिले पनि महादेवमन्दिरको अध्ययनको विषयलाई कौतुहल बनाएको छ । यस मन्दिरलाई शिवमन्दिर भन्ने गरिए तापनि यसको गर्भगृहमा शिवलिङ्ग अथवा कुनै शैव मूर्ति स्थापत्य छैन । बरु गर्भगृहमा रहेको मूर्ति फलकलाई हेर्दा यो तीन वटा प्रस्तरमा विभाजित देखिन्छ- जलहरी, उत्तराभिमुख नागसहितको कमल र लिङ्ग । जलहरीमा उत्कीर्ण नारायणलाई प्रीति गरी गरुड स्थापना गरेको व्यहोराको अभिलेखले पनि जलहरीको सम्बद्ध शिवमन्दिरसँग छैन भनी सिद्ध गरिसकेको छ । यसमाथि करिब २ फीट अग्लो कमल स्थापत्य छ । कमलको माथिल्लो भागमा १.५ से.मी. गहिरो अष्टकोण बनाइएको छ । यही अष्टकोणमा नै प्रस्तरको लिङ्ग राखिएको छ । जलहरी, कमल र लिङ्गको कुनै सम्बन्ध नभएको कुरा यी तीनै प्रस्तरको जोडाइबाट समेत थाहा हुन्छ । जलहरीमा वर्गाकार कमलको जोर्नी पनि आकर्षक छैन बरु खाली राख्नैका लागि मात्रै राखिएको जस्तो देखिन्छ। कमलमाथि अष्टकोणमा लिङ्गलाई उचाल्न मिल्ने गरी सामान्य तरिकाले राखिएको छ । अतः यो मन्दिरलाई शिवमन्दिर भनिए पनि गर्भगृह शास्त्रीय पद्धति अर्थात् शिवलिङ्ग प्रतिमालक्षणको विरुद्ध छ । गर्भगृहको मूर्ति हुँदाहुँदै पनि यस मन्दिरका विभिन्न समयका टुँडाल सहितका काष्ठकलाबाट यो मन्दिर शिवमन्दिर नै ठहर्दछ । यस मन्दिरका टुँडाल शैवधर्मसँग सम्बद्ध एवं आँखीझ्यालमा सुन्दर त्रिनेत्रधारी शिव प्रतिमा कुँदिएका छन् । मन्दिरको बाह्यस्वरूप शिवधर्मसँग गर्भगृहको अस्वाभाविक संयोजन प्रकोपजन्य घटनापछिको विकासक्रमको कडी हो भन्न सकिन्छ। गर्भगृहमा रहेको जलहरी कुन नारायण मन्दिरको हो अभिलेखमा आएको नारायणलाई प्रीति गरी चढाएको गरुड कहाँ छ ? जलहरीमाथि कमल र लिङ्ग कसरी राखिन पुगे ? शिवमन्दिरको शिवलिङ्ग कहाँ छ ? यी उब्जिएका प्रश्नहरूले शिवमन्दिरको ऐतिहासिकता एवं धार्मिकतालाई अझै अध्ययनयोग्य बनाएको छ। यद्यपि वि.सं. १९९० को भूकम्पपछि क्षतिग्रस्त यस मन्दिरको पुनःनिर्माण हुँदा उपर्युक्त परिस्थितिको विकास भएको हुन सक्छ ।

सन्दर्भसामग्री सूची

गौतमवज्र वज्राचार्य २०३३

= वि.सं. २०३३ मा काठमाडौँबाट नेपाल र एशियाली अध्ययन संस्थानद्वारा प्रकाशित गौतमवज्र वज्राचार्यको *हनूमान्ढोका राजदरबार*।

धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ २०५९

= वि.सं. २०५९ मा दोलखाबाट जिल्ला विकास समिति दोलखाद्वारा प्रकाशित धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठको *दोलखाको ऐतिहासिक रूपरेखा।*

भागवतनरसिंह प्रधान २०७०

= वि.सं. २०७० मा काठमाडौँबाट भागवतनरसिंह प्रधानद्वारा प्रकाशित एवं सम्पादित *थं वहिल महाविहारसँग सम्बन्धित अप्रकाशित मध्यकालका ताम्रपत्रहरू।*

---

२० गौतमवज्र वज्राचार्य २०३३: १२८ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भुवनलाल प्रधान २०४८
= वि.सं. २०४८ मा काठमाडौँबाट गोरखापत्र संस्थानद्वारा प्रकाशित *मधुपर्क*, २४ अङ्का १-३० पृष्ठमा छापिएको, भुवनलाल प्रधानको *थँवहिल अर्थात् ठमेलको ऐतिहासिक प्राधान्य*।

महेशराज पन्त २०६९
= वि.सं. २०६९ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित *पूर्णिमा* १३७ पूर्णाङ्का १-८९ पृष्ठमा छापिएको, महेशराज पन्तको *प्रताप मल्लको तीर्थजात्रा*।

मोहनसिं लामा २०७०
= वि.सं. २०७० मा काठमाडौँबाट पुरातत्त्व विभागका लागि मोहनसिं लामाको खोज तथा सम्पादनमा तयार गरिएको, *सिन्धुपाल्चोक जिल्लाको भौतिक सांस्कृतिक सम्पदाहरूको विस्तृत सर्वेक्षण एवं अध्ययन प्रतिवेदन* (अप्रकाशित)।

श्री उग्रचण्डी लिस्तीमाई २०६५
= वि.सं. २०६५ मा सिन्धुपाल्चोकवाट श्री लिस्ती माई गुठी सेवा समितिद्वारा प्रकाशित *श्री उग्रचण्डी लिस्तीमाई* (भजन संग्रह)।

चित्र १ : थपिनारायण मन्दिरभित्रको शिलापत्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चित्र २ : थपिनारायण मन्दिरको गर्भेथाली अभिलेख

चित्र ३ : थपिनारायण देवताको इन्धनी तोरण



चित्र ३.१ : इन्धनी तोरण अभिलेख

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



चित्र ४ : थपिनारायणमन्दिरको पूजा थाली

चित्र ५ : कोट अभिलेख

चित्र ६ : थपिनारायण देवताको चाँदीको छत्र अभिलेख



चित्र ७ : हनुमान्ढोकाभित्रको महादेव मन्दिरको गर्भगृह अभिलेख

यस लेखमा अभिलेखको मूलपाठ र भावार्थ शुद्धिमा पुरातत्त्व विभागका प्रमुख पुरातत्व अधिकृत एवं वरिष्ठ लिपिविशेषज्ञको श्यामसुन्दर राजवंशीको सहयोग लिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पाल्पा रिब्दीकोट जलेश्वर महादेव र बोधिसत्व

- निर्मल श्रेष्ठ*

१) सेनवंशको पहिलो रियासत पाल्पा रिब्दीकोट

पछिल्लो समयमा परम्परागत सीपबाट तयार भएको ढाका कपडा र काँसको करुवाले चिनिने पाल्पा, परापूर्वकालदेखि ऐतिहासिक, धार्मिक र साँस्कृतिक तवरले प्रख्यात रहदै आएको छ । अझ जब इतिहासको कुरा चल्छ, तब इतिहासका विद्यार्थीहरूको मन मस्तिष्कमा बृहत् सेनकालीन पाल्पा राज्य तरेलिन थाल्छ । सेनकालीन पाल्पा राज्य नेपाल अधिराज्यमा विलय हुनु अघि चौबीसे राज्यहरू मध्ये सबैभन्दा शक्तिशाली राज्यको थियो । मध्यकालको उत्तरार्द्धताका नागराजले स्थापना गरेको खस राज्यको विघटनसँगै पन्ध्रौं शताब्दीको पूवार्द्धमा यस भेकमा विभिन्न स्थानीय प्रशासकहरूले आफ्नै तरिकाले स-साना रियासतहरू स्थापना गर्न थालेका थिए । यसै बखत गण्डकी प्रदेशमा स्थापना भएको रियासतहरू मध्ये 'रिब्दीकोट' पनि एक थियो । ईस्वी सं. १४२० मा धर्मपालले रिब्दीकोट नामक रियासत खडा गरी राज्य संञ्चालन गरेका थिए (खनाल, वि.सं. २०६१, पृष्ठ १९) । सेनकालीन पाल्पा राज्यको चकचकी, त्यसबखतका साँस्कृतिक, धार्मिक, सामाजिक र ऐतिहासिकताले नेपालको इतिहासलाई सिंगारेको छ । सेनवंशका राजा मुकुन्दसेन प्रथमले वृहत् सेन राज्यलाई पूर्वमा कोशी नदीदेखि पश्चिममा हरिद्वारसम्म विस्तार गरेका थिए (रिजवी, ई.सं.१९८८, पृष्ठ ३१) । बृहत् सेनकालीन पाल्पा राज्यको राजधानी 'रिब्दीकोट'मा रहेको थियो । जुन रियासत पछि गएर पाल्पा राज्यको रूपमा प्रख्यात हुन पुग्यो ।

रिब्दीकोट सेन राजाहरूको पहिलो राजधानी भए तापनि सेनहरूले आफ्नो राज्यकालमा जारी गरेका स्याहा मोहरहरूमा 'रिब्दीकोट' मुकाम लेखिएको अभिलेखहरू पाइएका छैनन् । सेनहरूको राजधानी रिब्दीकोटबाट पूर्णाकोट (पुरानो कोट) हालको रिब्दीकोट गाउँपालिका वडा नं. ४ भैरवस्थानमा सारिएपछि मात्र सेनहरूको राज्य व्यवस्थित रूपमा सञ्चालनमा भएको देखिन्छ । त्यसपछि सेनवंशको पछिल्ला राजा पृथ्वीपालसेनको पालासम्मका स्याहामोहरमा 'पाल्पा मुकाम' उल्लेख भएको पाइएका छन् ।

२) नामकरण

नेपालका विभिन्न ठाउँहरूको नाम विभिन्न कोट, थुम, थोकहरूको नामबाट नामकरण भएको पाइन्छ । त्यसमध्ये प्रदेश नं. ५ को पाल्पा जिल्ला अन्तर्गत रिब्दीकोट गाउँपालिका वडा नं. ५ कुसुमखोलामा पर्ने रिब्दीकोट पनि एक हो । सेनहरूले पाल्पामा आफ्नो राज्य स्थापना गर्नु अगावै यहाँ मगरहरूको राज्य रहेको थियो । मगर हरूको राज्यकाल पछि यहाँ राज्य गर्नेहरू फेरिदै

---

*स्वतन्त्र अनुसन्धानकर्ता हुनुहुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गए तर मगरातमा चलेको रीति-रिवाज, भाषा, संस्कृति आदि अझ पनि यस भेकमा कुनै न कुनै रूपमा जीवन्त रहेको पाइन्छ । यस रिब्दीकोटको नामकरण पनि मगर भाषामा भएको देखिन्छ । मगरात राज्यको बाह्र मगरात भित्र पर्ने पाल्पा र पाल्पाको सेरोफेरोमा रहेका धेरै जसो ठाउँहरूको नामकरण मगर भाषामा रहेका पाइन्छ । मगर भाषामा 'रीप' भन्नाले सँधै ओस भै रहने ठाउँ, चिसमिरो जमिन भन्ने बुझिन्छ भने 'डी' भन्नाले पानीको मूल भन्ने बुझिन्छ (थापा, वि.सं. २०६६, पृ. ४५७, ८४८) । सँधै ओस (चिसान) भै रहने भू-भाग, जहाँ पानीको मूल पनि भएको र त्यस ठाउँमा कोट भएकोले यस ठाउँको नामकरण 'रिब्दीकोट' रहन गएको देखिन्छ । पहिले 'रीप डी कोट' भनेर भनिने यस ठाउँलाई समयको अन्तरालसँगै 'रिब्दीकोट' हुन गएको देखिन्छ । भाषागत नामकरणलाई विश्लेषण गऱ्यौं भने सेनहरूले यस क्षेत्रमा राज्य संञ्चालन गर्नु र यस ठाउँमा आफ्नो राजधानी बनाउनु अघि नै यस ठाउँमा मगर राजाहरूको कोट रहेको थियो भन्ने बुझिन्छ ।

३) तल्लो प्रशासनिक इकाइको रूपमा कोट

नेपालको प्रशासनिक इतिहासलाई फर्केर हेऱ्यौं भने प्राचीनकाल र मध्यकालीन राज्य व्यवस्थाको तल्लो इकाइको रूपमा 'कोट' को व्यवस्था गरिएको पाइन्छ । ब्राह्मी लिपिमा लेखिएको मानदेवको स्तम्भ अगाडि चाँगुनारायणको अभिलेखमा 'कोट्ट' उल्लेख भएको छ । यसैगरी सम्वत् ५१९ को सतुङ्गल ग्रामको अभिलेखमा 'वसतये कृषिकर्म्मणे च कोट्टो वः' उल्लेख रहेको छ भने सम्वत् ८० को अनन्तलिङ्गेश्वरको शिलालेखमा '... ग्रामसहितस्य चाटभटाप्रवेशः शरीरकोट्टोभयानेक मर्यादोपपन्नः कश्चित्प्रसा-' उल्लेख भएको छ (जोशी, २०३०, पृ. २१८, २४२, ४८१) । यसले लिच्छविकालमा तल्लो प्रशासनिक इकाइको रूपमा 'कोट' रहेको देखिन्छ । 'कोट्ट' बाट 'कोट' भएको 'कोट' शब्दको शाब्दिक अर्थ 'किल्ला' भन्ने बोध हुन्छ । 'कोट' शब्दको यात्राक्रमलाई हेर्दा 'कुट्' धातुको अर्थले वक्र या बाङ्गो भन्ने बुझाउँछ । साथै वृक्षको रूपमा 'कुट्' ले सामिप्यता राख्दछ । प्राचीन कालमा झुपडी या आश्रम बनाउन वृक्षको बोक्रा, हाँगाबिगालाई बङ्गाएर झुपडी वा कुटी बनाइन्थ्यो । यस प्रकारले 'कुट'बाट बनेको 'कुटः' शब्दमा कुटी, पाहाडी, कन्दरा निहित भएको देखिन्छ । 'कुट' धातुबाट नै कुटुम्बको निवासलाई जनाउँछ जहाँ आवादी र आश्रय लिएको पाइन्छ । कुटुम्बको निवासको रूपमा 'प्रासाद' देखिन्छ (वडनेरकर, ई.सं.२०११, पृ. ७६, ३८०) । तर भाषा विज्ञानमा कुटुम्बको साइनो कुटीमा जोडिएको छ । कुटबाट बनेको शब्द कुटः ले पहाड, कन्दरा, किल्ला, दुर्ग जस्ता शब्दहरूलाई बुझाउँदछ । सबैको भाव आश्रयको हुन्छ । टर्नरले अँग्रेजी कोर्टको नेपाली रूप कोट ठहराएको उल्लेख गर्दै सैनिक हतियारहरू राखिने घर, हतियार भण्डार, शस्त्रागारलाई कोट भनी अर्थ्याइएको छ (सापकोटा, २०३४, पृष्ठ १०४) । यसरी किल्लाको रूपमा देखिएको कोटले मानिसहरू बसोबास गर्ने ठाउँ, कहीँ सिमाना अथवा प्रशासनको अड्डा भन्ने जनाउँछ भने कहीँ एक क्षेत्र नभई एक इलाकाको प्रशासनिक केन्द्रको रूपमा राखी राज्यको रक्षा साथै ऐन कानून विरुद्ध काम गर्नलाई कोटको नाइकेद्वारा पक्राउ गर्नको लागि कोटको बन्दोबस्त गरिएको पाइन्छ ।

४) रिब्दीकोट एक ऐतिहासिक स्थल

समुन्द्र सतहदेखि १८८७ मिटर उचाइमा रहेको रिब्दीकोट, पाल्पा जिल्लाको सदरमुकाम तानसेनबाट १७ किलोमिटर पश्चिममा पर्दछ । करिब एक घन्टा गाडीको यात्रा पछि रिब्दीकोट गाउँपालिकाको पालुङ्ग मैनादीको बतासे भन्ने बजारमा पुगेपछि त्यहाँबाट तीन किलो मिटर सानो गाडीमा या पैदल यात्रा गरी सकेपछि रिब्दीकोटमा पुगिन्छ । सरक उग्रेको र तुँवालो फाटेको बेला यहाँबाट धेरै जिल्लाका भू-भाग देखिनुका साथै तराईका केही समतल भू-भागहरू देखिने गर्छ भन्ने स्थानीय बासिन्दाको भनाई रहेको छ । यहाँबाट देखिने लम्तन्न परेको हिमश्रृंखलाले यहाँ आउने जो कोहीलाई एकटक पार्छ भने ऋतुराज बसन्तको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

आगमनसँगै यहाँ फूल्ने विभिन्न थरिका लाली गुँरासले रक्ताम्य पारेको प्राकृतिक मनोरमतालाई आँखामा थुनी रहुँ झै लाग्छ।

रिब्दीकोट क्षेत्रमा सेनकालीन ऐतिहासिक, साँस्कृतिक एवम् स्मारक र स्थापत्यकलाको अभाव भएको भने पक्कै होइन । तर यहाँका धरोहरहरू भूतकालको महा-विष्मरण सागरमा विलिन हुन पुगेको भने पक्कै हो । शोधखोज र पुरातात्विक उत्खनन् नहुँदा धर्तीको गर्भमा लुकिरहेका पुरातात्त्विक महत्त्वका सामग्रीहरू उजागर हुन सकेको छैन। यसले गर्दा 'सेनकालीन राजप्रासाद रिब्दीकोट' ओझेलमा परेको छ। तर बाँकी जति छन् त्यसले इतिहासलाई जीवन्त भने राखेको छ । सिखिदै गएको अग्लो डाँडा टुप्पामा पुगेपछि मठारिएर सम्म परेको छ । सायद त्यसबखत कोट बनाउँदा सम्याइएको हुनु पर्दछ। कोट बनाउँदा अपनाइने विधिलाई पालन गर्दै कोटको ओरिङ्तै आक्रमण गर्न आउने शत्रुहरूको आगमनलाई व्यवधान पुऱ्याउन ट्रेञ्च/डिप्च (खाल्डो) खनिएको छ। प्राकृतिक अब्जर्भेसन पोष्टको (ओ.पी.) रूपमा रहेको यस कोटबाट चारैचौरास निगरानी गर्न सकिन्छ । कोटको एकापट्टि इनार जस्तो गहिरो खाल्डो छ। यो इनार कति गहिरो छ भन्ने अनुमान गर्न सकिदैन। यसको बगलमा सानो वृत्त आकारको सुरुङ रहेको छ, त्यसको मुखलाई एउटा ठूलो चाक्लो ढुङ्गाले छोपिएको छ। कोटमाईको सानो मन्दिर रहेको छ, त्यहाँ भक्तजनहरूले वली सहितको पूजा गर्ने गर्छन भने सो मन्दिरको अलिक पर जमिनमा प्रस्तरको भैरब बाबाको मूर्ति स्थापित छ। भक्तजनहरूले आस्था र विश्वासका साथ भैरब बाबाको पूजा गर्ने गर्दछन्।

५) प्रख्यात जलेश्वर महादेव

रिब्दीकोटको अर्को महत्त्वपूर्ण स्थल ' पानीको मूल' हो। एकजना जोगीले जमिनमा चिम्टा गाडेर यहाँ पानी निकालेको भन्ने जनश्रुति छ। सो पानीको मूल गर्मी याममा पनि सुक्दैन । मूलको अलिक माथि समुन्द्र सतहदेखि १७२५ मिटर उचाईमा धार्मिक महिमा बोकेको प्रख्यात जलेश्वर महादेवको मन्दिर रहेको छ । मन्दिर परिसरको बीच भागमा दुई मिटर चौबीस सेन्टिमिटर वर्गाकारको शिखर शैलीमा बनेको मन्दिर रहेको छ। मन्दिरको बगलमा दश मिटर लम्बाई र तीन मिटर चौडाइ रहेको भूँई तला सहित तीन तले पूर्व मोहोडा भएको सत्तल छ। सत्तललाई 'धुनी घर' भन्ने गरिन्छ। सत्तलको अहिलेको स्थापत्य कलालाई नियाँल्यौं भने स्थानीय शैलीमा बनेको छ । तर यस सत्तलमा प्रयोगमा ल्याइएका पुराना शैलीका झ्याल, ढोका र त्यसमा खोपिएको कलाकौशलले यस सत्तलको पुनर्निमाण वेला वेलामा भएको देखिन्छ । झ्याल, ढोका र बार्दलिमा कुँदिएका काष्ठकलाको जुन बेजोड नमुना खामिएको छ, त्यसले ती कलाकौशल सेनकालीन जस्तो देखिन्छन् । सत्तलमा भएका झ्याल, ढोका र भूँई तलाको कवालहरू अर्ध गोलाकार शैलीमा रहेका छन् भने त्यसमा आकर्षक बुट्टाहरू खोपिएका छन् । सत्तलको बीचको तलाको एउटा कोठामा अखण्ड धुनी रहेको छ। साथै पूजा गरी राखिएका ढलोटका देवी देवताका मूर्तिहरू छन् भने कोटहरूमा राखिने खुडा, तरवारहरू सङ्ग्रहित छन्।

धुनी कोठाको ठिक मुनि भूँई तलाको एउटा कोठामा चिल्लो प्रस्तरको आकर्षक जलहरि युक्त शिवलिङ्ग स्थापित छ । शिवलिङ्गको वेदिका र जलहरि त्यति प्राचीन त देखिदैन । तर सेतो प्रस्तरले बनेको सो शिवलिङ्ग अति सुन्दर र आकर्षक छ। जलहरि माथि रहेको शालीग्रामको दुईवटा गोलो चिल्लो ढुङ्गाहरू मानव निर्मित शिवलिङ्ग नभई पवित्र नदीबाट ल्याइएको जस्तो देखिन्छ । सोही सुन्दर शिवलिङ्गलाई 'जलेश्वर महादेव' भनि महिमा भएको हुनु पर्दछ । मन्दिर परिसरमा 'स्वस्ति श्री सम्वत् १९८० साल माघ २८ गते १ राजमा श्री गणेश पुरि श्री महंत दौलथपुरि संतोषपुरि रधुनाथपुरिवहिरीत गुरु प्रीतय मोक्ष षातिर जलेश्वरमहादेवलाई चढायौं ॥' भन्ने हरफ उत्कीर्ण गरिएको ठूलो घण्ट रहेको छ।

सत्तलको बगलमा पूर्व मोहोडा भएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शिखर शैलीमा बनेको मन्दिर छ। त्यस मन्दिर भित्र रहेको मूर्तिलाई जलेश्वर महादेव भनि सदियौंदेखि आस्था एवम् विश्वासका साथ स्थानीय र यस भेगका भक्तजनहरूले मान्दै आएका छन् । हाल पुजारी अमरपुरीले यस मन्दिरको पूजाआजा गर्दै आएका छन् । यस मन्दिरमा नित्यपूजा, मन्दिर व्यवस्थापन र हेरचाह गर्नका खातिर पहिलेदेखि गुठीको व्यवस्था रहेको छ । करिव एघार रोपनी जति क्षेत्रफलमा मन्दिर र मन्दिर परिसर रहेको छ । यसको साथै श्री जलेश्वर महादेवको नाउँमा नाप नक्सा भएको जग्गाहरूमा साविकको पालुङ गाविस वडा नं. ३ काउलेमा रहेको खेत र बारी, साविकको खस्यौली गाविस वडा नं. ६ जन्तीबासमा रहेको खरबारी, साविकको खस्यौली गाविस वडा नं.६ पुलको मुखनिरको कुसुमखोला फाँट र साविकको खस्यौली गाविस वडा नं. ६ मा रहेको फूलबारी भनिने ठाउँमा रहेको घरसमेतको बारी आदि रहेको श्री रिब्दीकोट जलेश्वर पर्यटन समितिका अध्यक्ष तथा साविकको पालुङ मैनादी गाविसका पूर्व प्रधानपञ्च नारायण बहादुर कुँवरको भनाई रहेको छ। यस गुठी जग्गाको यकिन क्षेत्रफल, मोहीको नाम र अहिले क-कसले कमाएको छ, आयस्थाको कहाँ सदुपयोग भएको जानकारीको अभाव छ । वि.सं.२०६२ सालमा मालपोत कार्यालय रहेको पाल्पा दरबार आगलागी हुँदा सम्पूर्ण कागजात जलेर नष्ट भएको र सो गुठीको जग्गाको श्रेस्ता कायम गर्न अझ पनि कोही नआएकोले सो गुठी जग्गाहरूको लगत मालपोत कार्यालयमा कायम भएको छैन ।

परापूर्वकालदेखि मन्दिरको पूजाआजा चलाउन गुठीको व्यवस्था भए झैं यस मन्दिरमा रहेको वस्तुभाउहरू (गाई) को संरक्षित चह्रनको व्यवस्था भएको देखिन्छ। सो गाई चरनको संरक्षण गर्नका लागि श्री ३ जङ्गबहादुर राणाको पालामा सनद भएको थियो :

१) स्वस्ति श्री मदनी प्रचण्ड भुजदण्डेत्यादि श्री श्री श्री माहाराज जङ्ग
२) बहादूर राणा. जी.सी.वी.प्राईममिनिष्टर.यांड कम्यांडर ई
३) न चीफ. कस्य रुक्का ....
४) स्वस्ति श्री भदुज राजकुमार. जनरल रणउद्दि
५) प सिंह कुँवर. राणा. कस्य पत्रम्
६) आगे. पालपा का अम्वल मध्ये. चार
७) पाला. भित्र का. जिम्मावाल. थरी मु.
८) षीया. मिझार गौहं भला हादमी गैह्र
९) के यथो चीत उप्रांत. नीज अम्वल का
१०) दुनीया हरू ले अधी देषी नथुनीया को गाई को. चह्रन. घाट
११) गौंडे. वन. छुटकी वंद गरी दीया. अधी देषी आज तक. नथुनी
१२) या को. गाइ को चह्रन. घाट गौडो. वनहरू कीनु. पर्न्या होइन. भने
१३) वालपुरी स्वामी का चेला. करम पुरी. ले. हाम्रा हजुर. मा वींती
१४) गऱ्या. तसर्थ. हाम्रा हुकुम. मर्जी ले. वंद भया. को जगा वाहेक
१५) अघी देषी नथुनीया को. गाइ को चह्रन. घाट गौंडो. वन. नथुं
१६) नु. नरोकनु. अघी देषी नथुनीया. को घाट गौंडो. वन मा. गा
१७) इ को चह्रन नथुन्यौं हटक गऱ्यो अैन वमोजीम. तिमी हरू ले वुझा
१८) उनु पर्ला. इती सम्वत् १९२४ साल मिती वैसाष सुदी १२ रोज
१९) ४ सुभम् ....

सोमबारका दिन भक्तजनहरूबाट एकजोडा रोटसहित पूजा हुने गर्छ भने साँझ विहान दशनामी 'पुरी' थरका पुजारीबाट नित्य पूजा हुने गर्छ। आफूले चिताएको कार्य सिद्ध होस् भनि भाकल गरेकाहरूले 'रोट' चढाउने गर्छन् भने कोही कोहीले परेवाको जोडी उडाउने गरेको पनि पाइन्छ । शिवरात्रिको दिन यस जलेश्वर महादेवको परिसरमा ठूलो मेला लाग्ने गर्छ। पहिले पहिले रोपाइको वेला पानी परेन भने यहाँ पानी माग्न आउने चलन थियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

६) मूर्तिको स्वरूप

सदियौंदेखि मन्दिरमा रहेको यस मूर्तिलाई बडो आस्था र विश्वासका साथ श्री जलेश्वर महादेवको रूपमा सबैले मान्दै आएका छन् । उचाइ तीस इञ्च र चौडाइ बाइस इञ्चको फूलको बुट्टेदार फलकमा उचाइ बाईस इञ्च र चौडाइ बीस इञ्चको प्रभामण्डल नभएको वाँया खुट्टा पलेटी मारेको र दायाँ खुट्टा ठाडो गरी केही बायाँतिर ढल्केको अर्धपर्यङ्कासन मुद्रा र राजललित आसनमा बसेको कालो प्रस्तरको मूर्ति प्रतिस्थापित छ । चिल्लो, केश रहितको शिर भएको सो मूर्ति र फलक एउटै प्रस्तरमा कुँदिएको छ । मूर्तिकलाको ढाँचालाई नियाँल्दा सातौं आठौं शताब्दी ताका बनेको बोधिसत्वको सो मूर्ति खिइएको अवस्थामा छ (आचार्य, वि.सं.२०५४, पहिलो पृष्ठ) । अलि कति बायाँ तिर झुकेको सो मूर्तिको कानको लोति लामो हुनुका साथै कुमसम्म लट्किएको देखिन्छ । मूर्तिको दायाँ हात ज्ञान मुद्रामा छातीसम्म पुर्‍याइएको छ भने वायाँ हातले सानो कर्नाल जस्तो बस्तु लिएको छ । सोही दायाँ हातले संवर मृगलाई च्यापिराखेको छ । खिइएर प्रष्ट देख्न नसकिने मृगका मुखले बोधिसत्वको बायाँ हातको पाखुरा छोएको छ । मूर्तिको कम्मरभन्दा माथि यज्ञोपवित धारण गरेको देखिन्छ । दायाँ हात ज्ञान मुद्रामा हुनु, शिर केश रहित हुनु, कानको लोती लामो हुनु, हात गोडा र मूर्तिमा मृगको उपस्थिति रहनुले सो मूर्ति वोधिसत्व मूर्ति भनी चिन्न सकिन्छ ।

७) मूर्ति बोधिसत्वको हुनुको आधारहरू

मूर्तिको प्रकृतिलाई हेर्दा रिब्दीकोटमा रहेको सो मूर्तिमा उत्कीर्ण गरिएका मृगले वोधिसत्वसँग मृगको सम्वन्धलाई जोडेको छ । जुन महत्त्वपूर्ण छ । जातक कथा अनुसार रुरु नामक मृग जो कुलीन र स्व-शरीर उत्सर्ग (self–sacrificing stag) गर्ने मृगको रूपमा बुद्धको पहिलो जन्म भएको उल्लेख रहेको छ । कथामा रुरु मृगले एक जना बाढीमा वगिरहेका व्यापारीलाई बग्नबाट बचाएको कुरा सो व्यापारीले वनारसका राजालाई सुनाएपछि, मृगको महिमा र साधुत्वलाई बुझेर राजाले मृगलाई मार्ने काम गरे तर सो अद्भूत मृगले राजालाई धार्मिक जीवनको कर्तव्यको विषयमा धर्मोपदेश गरेपछि राजा एक धर्मशील मानिस बने भन्ने उल्लेख छ । बुद्धको यो पूर्व जन्मको कथालाई भार्हुतको राउण्डेलमा मूर्तिकरण गरिएको छ (Majupuria, २०००, पृ. १३९) । मृगलाई नेपाल र भारतमा पूजा गर्ने प्रचलन छैन् । मृगलाई पवित्र र साङ्केतिक रूपमा हिन्दु र बौद्ध दुवैले लिएको पाइन्छ । शिव र नारायण (विष्णु) को मूर्तिहरूमा मृग उत्कीर्ण गरिएको पाइन्छ । बौद्धधर्ममा मृगलाई वायु देवताको वाहनको रूपमा लिने गरिन्छ । त्यसले पनि बुद्धको मूर्तिहरूमा मृग उत्कीर्ण गरिएको पाइन्छ ।

८) फेरिएको परिवेश

केही मूर्तिहरूको नाम समयको अन्तरालसँगै फेरिदै गएको पाइन्छ । काठमाडौंको प्रसिद्ध पशुपतिनाथको मन्दिरदेखि दक्षिण-पूर्वपट्टि 'भस्मेश्वर' भनी प्रख्यात शिवलिङ्ग छ । सो शिवलिङ्गको जलहरी भन्दा मुनि आसनको रूपमा रहेको ढुङ्गामा पश्चिमपट्टिको अभिलेख अनुसार हाल 'भस्मेश्वर' भनी प्रख्यात भए तापनि 'भद्रेश्वर शिवालय' भएका पुष्टि हुन्छ (तेवारी, वि.सं.२०१५, पृ. २६) । यसै गरी काठमाडौं असन चोकबाट न्हैकन्तला तिर जाने बाटोमा दक्षिण-पश्चिम कुनामा एउटा सानो खाडल छ । त्यस खाडलभित्र शिलामूर्ति छ जसलाई स्थानीय बासिन्दाहरूले 'हीगाद्यो' भन्छन् । तर त्यो शिलामूर्तिलाई भैरबको रूपमा पूजा गर्ने प्रचलन रहेको छ (अमात्य, वि.सं. २०५४, पृ. ८०) । यसको साथै नेवारहरूको घरको मूल ढोकाको नजिकै कमलको फूलको आकारको वा मण्डलाकारको प्रस्तर मूर्ति राखिएको हुन्छ । घर बाहिरका देवी देवताको पूजा गर्न पूजा लैजानु अगावै सर्वप्रथम सो देवतालाई पूजा गर्ने गरिन्छ । जसलाई 'पिखा-लाकुद्यो' भन्ने गरिन्छ तर सो मूर्ति 'लुकुमहाद्यो' शिवको रूपमा लिने गरिन्छ (Bruckner, १९९३, पृ. १८६ र १८७) । यसैगरी पाल्पाको सदरमुकाम तानसेन बजारको मध्ये भागमा अवस्थित श्री ७

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

रणउजीरेश्वरी भगवती माईको मन्दिर परिसरमा रहेको प्रख्यात सरस्वतीको मूर्तिलाई नियाल्यौं भने सरस्वती माईको मूर्ति निर्माण मूर्तिकलाभन्दा अलिक पृथक रहेको छ। यी प्रसंगहरूलाई हेऱ्यौं भने समयको अन्तरालसँगै कहिलेकाहीँ मूर्तिको पहिचानमा फरक पर्दो रहेछ भन्ने बुझिन्छ।

९) इतिहासले पनि केही कुरा बोल्दो रहेछ

इतिहासका पानाहरूलाई पल्टायौं भने कत्यूरी राजाहरूको राजधानी जोशीमठ थियो र कत्यूरीहरूको राज्य-विस्तार सिक्किमदेखि काबुलसम्म भएको थियो। साथै विजनौर, दिल्ली, रोहिलाखंड आदि प्रान्तहरू कत्यूरी-राज्य-शासनको सीमा भित्र रहेको थियो। ह्युयानसाँङ्गको समय याने छैठौं शताब्दी ताका कत्यूरी राज्यको सीमा उत्तरमा तिब्बतसम्म, पश्चिममा सतलज नदीसम्म, पूर्वमा गण्डक नदीसम्म र दक्षिणमा रोहिलखण्डसम्म फैलिएको थियो। कत्यूरीहरूको शासनकाल २५०० ईसा पूर्वदेखि ७०० ई.सं.सम्म रहेको थियो। शालिवाहन देवको राज्यकालमा अयोध्याबाट अलग भएपछि नेपालदेखि काबुलसम्मका प्रान्तहरू माथि कत्यूरीहरूको अधिन हुन गएको थियो। कत्यूरीहरूको राजभाषा संस्कृत र बोलीचालीको भाषा पाली थियो। उनीहरूको राज्य धर्मराज्यको रूपमा रहेको थियो। सातौं शताब्दीसम्म बौद्धधर्मको खुबै प्रचार र प्रभाव थियो। कत्यूरी राजाहरू शंकराचार्यको धार्मिक दिग्विजयभन्दा पहिले बौद्ध भएको अनुमान गर्न सकिन्छ। तर आठौं शताब्दीमा शंकराचार्यको धार्मिक दिग्विजयले यहाँ बुद्धधर्मको ह्रास हुन गयो। नेपाल र कुमाउ दुवै देशमा शंकराचार्य गएर सबै ठाउँका मन्दिरहरूका बुद्धमार्गी पुजारीहरूलाई निकालेर सनातनी पंडितहरूलाई नियुक्त गरी दिएका थिए। बदरीनारायण, केदारनाथ र जागीश्वरका बौद्ध पुजारीको ठाउँमा दक्षिणका पंडितहरूलाई नियुक्त गरेका थिए। (पाण्डे, ई.सं.१९९०, पृष्ठ १८३, १८९, २२५)।

क) खस साम्राज्यमा बुद्धधर्म

भारतको मैदानी भागबाट आएका चन्द राजपूतहरूले एघारौं शताब्दीको सुरुमा कुमाउमा अधिकार गरेपछि चन्दहरूको दमनले स्थानीय खसहरू यत्रतत्र लाग्न बाध्य भएका थिए। तिब्वतमा बौद्धधर्म विरोधी राजा लाङदर्मा हत्या पछि ल्हासाको राजवंशको झगडाबाट तिब्वती अधिराज्यको विखण्डन भएको अवस्थामा कुमाउ भेगका खसहरू तिब्बतको दक्षिण पश्चिममा गएर आफ्नो प्रभाव जमाएका थिए। उनीहरूले बौद्धधर्म अपनाएका थिए। तिनीहरूले त्यहाँ आफूलाई स्वतन्त्र शासकको रूपमा स्थापित गरे। तिब्बत पुगेका खसहरूका केही पुस्ता पछिका नागराजको नेतृत्वमा कर्णाली प्रदेशका पालहरूलाई पराजित गरी सिञ्जालाई राजधानी बनाएर पश्चिम नेपालमा खस साम्राज्य स्थापना गरे। नागराजका पाँचौं उत्तराधिकारी सम्राट क्राचल्लदेव वि.सं. १२६४ मा राजसिंहासनमा बसेका थिए। प्रत्येक राजाको राज्यकालको काल निर्धारण बीस वर्षलाई मान्ने हो भने विक्रमको बाह्रौं शताब्दीको मध्यतिर नागराजले पश्चिम नेपालमा खस साम्राज्यको स्थापना गरेको देखिन्छ (अधिकारी, वि.सं.२०६१, पृष्ठ ३५, ३७)।

दक्षिण पश्चिममा सम्पूर्ण कुमाउ र गढवाल इलाकासम्म, उत्तर पश्चिममा पश्चिम तिब्बतको खारी इलाकाको सम्पूर्ण गुगे-पुराङ क्षेत्र, पूर्व र दक्षिणमा वर्तमान नेपालको नुवाकोट इलाका, त्रिशुली नदीसम्म र उत्तर पूर्वमा तिब्बतको माङ्लयुल-गुङथाङ इलाकासम्म हिमालवारि र हिमालपारि दुवैतिर फैलिएको विशाल ट्रान्स हिमालय साम्राज्य ई.सं. पन्ध्रौं शताब्दीसम्म कायम रहेको थियो (महर्जन, ई.सं.२०१६,पृष्ठ २६)। खस अधिराज्यको इतिहासलाई फर्केर हेर्दा नागराज र नागराजभन्दा अघिका खस राजाहरू एवम् नागराजपछि क्राचल्ल बौद्धधर्मका अनुयायी थिए भने उनका छोरा अशोकचल्ल पनि अहिंसावादी बौद्धधर्मका अनुयायी र महायानी बौद्ध मतका उपासक थिए। दुल्लु पादुकास्थानमा खस सम्राट

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अशोकचल्लका एकजना सहयोगी सउना कार्की र उनकी धर्मपत्नी साउना कर्क्यानीले स्थापना गरेको धर्मस्तम्भमा भूमिस्पर्श मुद्रामा ध्यानरत अक्षोभ्य बुद्धको मूर्ति अंकित शिलास्तम्भले पूर्व मध्यकालमा पश्चिम नेपालका पहाडिया खस बाहुन पनि बौद्धधर्ममा आस्था राख्ने गर्दथे भन्ने कुरा पुष्टि हुन आउँछ। अशोकचल्लका जेठा छोरा जितारिमल्ल पनि बौद्धधर्मका अनुयायी थिए (अधिकारी, वि.सं.२०६१, पृष्ठ ४५, ५१)। जितारिमल्लका भतिजा रिपुमल्लद्वारा प्रस्तुत गरिएको श्वेततारा (बौद्ध देवी) को दायाँ बायाँ आफू र आफ्ना छोरालाई भक्तका रूपमा विनित भावमा बसिरहेको पौभा चित्र (महर्जन, ई.सं. २०१६, पृष्ठ ३९) र लुम्बिनी र कपिलवस्तु भेक पनि त्यसवेला रिपुमल्लको राज्यक्षेत्र भित्र रहेको थियो । रिपुमल्लका कपिलवस्तु निग्लिहवा र लुम्बिनीमा साना साना दुईटा अभिलेख रहेको छ। कपिलवस्तु निग्लिहवामा " ॐ मणि पद्मे हुँ ॥ श्रीरिपुमल्लश्चिरं जयतु १२३४" भन्ने वि.सं.१३६९ को अभिलेख पाइएको (संम्पा.वज्राचार्य र पन्त, पृष्ठ २९) छ । साथै लुम्बिनीमा अशोकस्तम्भमा अशोकको अभिलेखभन्दा माथि " ॐ मणि पद्मे हुँ। श्रीरिपुमल्लश्चिरञ्जयतु" "संग्राम (म)ल्ल म (हाराज) जयः " लेखिएको छ (सं. नरहरिनाथ, वि.सं. २०१३, पृष्ठ ८१) । यी विभिन्न सन्दर्भले खस राजाहरू बौद्धधर्मका उपासक हुनुका साथै तिनीहरूले आफ्नो नाउँ विभिन्न शिलापत्रमा उत्कीर्ण गर्नुले त्यसबखत बौद्धधर्मको विकास भएको देखिन्छ । साथै खस साम्राज्यको सरहदभित्र रहेको दुल्लु पादुकास्थानदेखि जुम्ला, दैलेख, सुर्खेत, अछाम, डोल्पा, रूपन्देहीको लुम्बिनी, सैनामैना, एवम् कपिलवस्तु, तिलौराकोट, निग्लिहवा र नवलपरासीको देवदहमा पाइएका विभिन्न अभिलेख र बुद्धमूर्तिले खस साम्राज्यमा बौद्धधर्मको मनज्ञ विकास भएको देखिन्छ । यही आधारमा त्यसताका खस साम्राज्य भित्र पर्ने पाल्पामा पनि बौद्धधर्मको विकास र बुद्धका मूर्तिहरू निर्माण भएन भन्न सकिदैन । रिब्दीकोटमा रहेको यस बोधिसत्वको मूर्ति यसको मिसिङ्ग-लिङ्कको रूपमा लिन सकिन्छ ।

ख) सेनकालीन पाल्पा

खस अधिराज्यको विघटन पछि विभिन्न साना साना राज्यहरूको निर्माण भएको र पाल्पा राज्य सेनहरूबाट स्थापना भएको यस अघि नै चर्चा गरी सकिएको छ । सेनहरू शास्त्रीय परम्पराका पोषक थिए -रेग्मी, वि.सं. २०६०, पृ ९४) । खस साम्राज्यमा विकास भए जस्तै बौद्धधर्म र बौद्ध मूर्तिकलाले सेनकालमा उतिसारो गति लिन सकेन। एकातिर सेनहरू शास्त्रीय परम्पराका पोषक थिए भने अर्कोतिर पाल्पाका सेनहरूको रीति-रिवाज, रहनसहन, धार्मिक मान्यता र संस्कृति पहिलेको पूर्वी भारत, त्यस पछि ईष्ट इन्डिया कम्पनीको पालामा वङ्गाल सुवा भनिने वङ्गालका सेनहरूसँग सादृश्यता रहेको थियो । त्यसबखत सेनहरूले वङ्गालमा राज्य गरेको बेला तिनीहरूभन्दा पहिले पालवंशका राजाहरूले बुद्ध मूर्ति, चैत्य, विहार वनाएर बौद्ध र बौद्ध धर्मावलम्बीहरूलाई महत्त्व दिनुका साथै राजसंरक्षण पनि दिएका थिए । तर पालहरूलाई विस्थापित गरेर सेनहरूले राज्य गरे पछि हिन्दु मठ मन्दिरहरू, हिन्दु देवी देवताका मूर्तिहरू मात्र कुँदिन थालेको थियो (khan, 2001 A.D., Page 111) ।

यसरी वङ्गालका सेनहरूसँग धार्मिक, सांस्कृतिक र प्रशासनिक ढाँचासँग सादृश्यता राखेका पाल्पाका सेनहरूले आफूहरूलाई पनि त्यही अनुरूप अगाडि बढाएको देखिन्छ। पाल्पाका सेनराजाहरूका पालामा जति हिन्दु मठ मन्दिरहरू, देवी देवताका मूर्तिहरू उल्लेख्य रूपमा विस्तार भएको थियो बौद्ध विहारहरू, वोधीसत्वका मूर्तिहरू, बुद्धका मूर्तिहरू निर्माण हुन सकेनन्। समग्रमा भन्नु पर्दा सेनकालमा बौद्धधर्मको विकास र विस्तारमा कमी आएको देखिन्छ। यसरी सेनकालमा बौद्धधर्म विस्तारै लोप हुँदै गएको देखिन्छ । शासकहरूको संरक्षण नपाउँदा यहाँ मात्र होइन, नेपाल बाहिर पनि यस्ता उदाहरणहरू प्रशस्त रहेका छन् । जैनधर्म र विभिन्न परम्परागत हिन्दुधर्मको भूमिको रूपमा चिनिने राजस्थान ईसाको पहिलो केही शताब्दीसम्म बुद्धिज्मको राम्रो प्रभाव थियो । तर चौहानहरूको राज्य स्थापना भए पछि बुद्धधर्म लोप हुँदै गएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

थियो (Sharma, 1959 A.D., page 249) । यसरी नै गुप्तहरूको उत्थानसँगै बौद्धधर्मको अवनतिको सुरुवात हुँदै गएको र शंकराचाय{को धार्मिक बहस, कुमारिलाको बौद्धधर्म प्रतिको आक्रमण साथै नालन्द भग्नावशेषमा रूपान्तरित हुनु र हिन्दूधर्मको उत्थानले बौद्धधर्मको अवनति सुरु भएको थियो । बंगालका सेनहरू ब्राह्मणवादी संस्कृति र संस्कारका अनुयायी भएको हुँदा बंगालको भूमिमा पल्लवित भएको बौद्ध वज्रयानलाई सेनहरूबाट संरक्षण हुन सकेन ।

बौद्धधर्ममा वज्रयानको विकाससँगै हिन्दुधर्म प्रति विरोधका स्वरहरू पनि घन्किन थालेको थियो । बौद्धमूर्तिकरुमा हिन्दु देवताहरूलाई नोकरको रूपमा प्रस्तुत गर्न थालियो । वज्रयानी साहित्य साधनामालामा इन्द्रलाई बुद्धको छाता बोक्ने, विष्णुलाई चौकिदार र कार्तिक्यलाई सेनाको कमाण्डरको रूपमा प्रस्तुत गरियो । साथै बौद्ध मूर्तिहरूको पैतला मुनि विष्णु र लक्ष्मीलाई देखाउन थालियो -Upadhyay vasudeva, 1964 A.D., page 345, 346) । त्यसबखत नेपाल खाल्डोमा पनि बौद्धधर्मको निकै प्रभाव बढ्न थालेको थियो । बौद्धधर्मालम्बीहरूले उपत्यकामा स्थापित पुरानो शैवमठ-मन्दिरहरू अतिक्रमण गरी शैवमन्दिरमा शङ्ख-घन्ट बज्न बन्द गराउँन थालेका थिए (जङ्गम, वि.सं. २०६६, पृष्ठ १२६) । यतातिर ईसाको सातौं शताब्दीपछि हिन्दू साहित्यमा बुद्धलाई विष्णुको अवतारको रूपमा प्रस्तुत हुन थाल्यो । मत्स्य पुराणमा विष्णुको दश अवतार मध्ये बुद्धलाई नवौं अवतारको रूपमा उल्लेख गरियो । वराह पुराणमा पनि “मत्स्यः कूर्मो वराहश्च नरसिंहोथ वामनः, रामो रामश्च कृष्णश्च बुद्धः कल्की च ते दशः” भनी बुद्धलाई अवतारका रूपमा व्याख्या गरियो । ईसाको बाह्रौं शताब्दीका बंगालका राजा लक्ष्मणसेनका राजकवि जयदेवले आफ्नो रचना गीत गोविन्दमाः

“निन्दसि यज्ञ विधेरहह श्रुतिजातं
सदय हृदय दशिंत पशुघातं
केशवधृत बुद्ध शरीर, जय जगदीश हरे ।”

भनेर लेखेका छन् -Upadhyay vasudeva, 1964 A.D=, page 352-355) ।

दक्षिण-पूर्वी एशियाको धार्मिक फाँटलाई नियाल्दा वाली, जावा आदि ठाउँहरूमा शिव-बुद्धको नयाँ सम्प्रदायको विकास भएको देखिन्छ । बुद्धलाई शिवको कान्छो भाइको रूपमा लिएर बुद्धिष्टहरूले शिवको पूजा गर्दैनन\ भने शैवहरूले बुद्धको पूजा नगरेको पाइन्छ । शान्तिपूर्ण तरिकाले एक आपसमा मिलेर बसेको पाइन्छ । ठूलो पर्व पञ्चवालीकर्ममा पूर्वी जावाका राजाले बुद्ध र शिवलाई समान रूपले पूजा गर्ने गर्छन । जावामा मिश्रित सम्प्रदायको रूपमा “शिव-बुद्ध सम्प्रदाय”को विकास भएको देखिन्छ । इन्डोनेशियामा “या बुद्ध या शिव” भन्ने गरिन्छ । यसको अर्थ शिव र बुद्धलाई एउटै रूपमा हेर्नु हो, मान्नु हो -Ed. Chandra, 1991 A.D., page 208, 213) । पुरीको जगन्नाथ मन्दिरको मूर्ति हिन्दु देवताको हो वा बुद्धको हो भन्ने विषयमा विवाद रहेको छ । पहिले यो मन्दिर बुद्धिष्ट मन्दिर भएको र मन्दिर भित्र बुद्धिष्ट मूर्ति रहेको थियो पछि हिन्दु देवताहरूको मूर्ति प्रतिस्थापन गरिएको भन्ने भनाई रहेको छ - Upadhyay vasudeva, 1964 A.D=, page 355, 356) ।

यी सन्दर्भहरूलाई नियाल्दा कत्युरी र खस राजाहरू बुद्धधर्मका उपासक थिए । ती दुवै साम्राज्यमा बौद्धधर्मको प्रभाव हुनु र खस साम्राज्यमा बौद्ध मूर्तिकलाको विकास प्रशस्त भएको थियो । त्यसताका पाल्पाको भू-भाग यी दुवै साम्राज्यभित्र पर्नुले यस ठाउँमा बौद्धमूर्तिहरूको निर्माण भएन भन्न सकिदैन । अहम् कुरा बुद्धको मूर्ति शिवको मूर्तिमा कसरी रूपान्तरित भयो भन्ने हो । शासक वर्गको धर्म माथि संरक्षण, ती शासकहरूमा धर्ममा आएको परिवर्तन नै मुख्य कारण भएको देखिन्छ । यस कुरालाई यही थाति राखी पाल्पा रिब्दीकोटको जुन बोधिसत्वको मूर्ति छ जसलाई जलेश्वर महादेव भनी आस्था र विश्वासका साथ मान्दै आएको छ, त्यस बुद्धको मूर्ति गान्धार शैलीको बुद्धमूर्तिभन्दा पृथक भएकोले यस बुद्धको मूर्तिको विषयमा शोधखोज गर्ने विद्यार्थीहरूका लागि खुला संग्रहालय र बौद्ध पर्यटकहरूलाई नयाँ गन्तव्य बन्न सक्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सन्दर्भ सामाग्रीहरू :

– अधिकारी सूर्यमणि, खस साम्राज्यको इतिहास, प्र. भुँडी पुराण प्रकाशन, काठमाडौं, वि.सं. २०६१
– अमात्य साफल्य, राजसत्ता र नेपाली संस्कृति, प्र.साझा प्रकाशन, काठमाडौं, वि.सं.२०५४
– आचार्य कोषप्रसाद, पुरातत्त्व विभागको टोलीको रिपोर्ट, वि.सं. २०५४
– खनाल मोहनप्रसाद, सेन राज्यको राजनैतिक इतिहास, प्र. नेपाल एशियाली अनुसन्धान केन्द्र त्रि.वि. काठमाडौं, वि.सं. २०६१)
– जङ्गम भरत, ख्वपदेश, प्र. नेपाली आवाज प्रकाशन प्रा.लि. काठमाडौं, वि.सं. २०६६
– जोशी हरिराम, नेपालको प्राचीन अभिलेख, प्र.नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं, वि.सं. २०३०
– तेवारी राम जी, अभिलेख-संग्रह भाग १, प्र. संशोधन मण्डल काठमाडौं, वि.सं. २०१८
– थापा हिरा सिंह, मगर (ढूट)-खस-अंग्रेजी शव्दकोश, प्र.नेपाल मगर संघ, काठमाडौ., वि.सं. २०६६
– नरहरिनाथ योगी, इतिहास-प्रकाश, अङ्क २, भाग १, प्र. इतिहास-प्रकाशक-संघ, वि.सं. २०१३
– पाण्डे वद्रीदत्त, कुमाऊँ का इतिहास, प्र. विनोद प्रसाद अग्वाल, श्याम प्रकाशन, अल्मोडा, ई.सं. १९९०
– पुरातत्त्व विभागको टोलीबाट तयार पारिएको अध्ययन रिपोर्ट
– महर्जन बसन्त, खस साम्राज्यमा बौद्ध धर्मको उत्थान र पतन, प्र. इन्साइट पव्लिकेशन प्रा.लि. काठमाडौं, ई.सं.२०१६
– रिजवी सैयद नजमुल रजा, अठारौं सदी के जमींदार, पीपुल पव्लिशिंग हाउस, नयी दिल्ली,ई.सं. १९८८
– रेग्मी जगदीश चन्द्र, नेपालको वैधानिक परम्परा, प्र.तन्नेरी प्रकाशन, काठमाडौं, वि.सं. २०६०
– वडनेरकर अजित, शव्दोका सफर, प्र. राजकमल प्रकाशन, नयी दिल्ली, ई.सं.२०११
– वज्राचार्य गौतमवज्र र महेशराज पन्त, पूर्णिमा, वर्ष २, अङ्क २, प्र. भोलानाथ पौडेल, संशोधन-मण्डल, काठमाडौं, वि.सं. २०२२
– सापकोटा महानन्द, नेपाली शव्द परिचय, प्र.अप्राप्त, वि.सं. २०३४
– Bruckner Heidrun, Flags of fame, Ajay Kumar jain, New Delhi, 1993 A.D.
– Ed.Chandra Lokesh, The Art And Culture Of South-East Asia, pub.International Academy Of India Culture and Aditya Prakashan, New Delhi, 1991 A.D.
– Khan Enayetullah, Bangladesh Splendours Of The Past, pub. Cosmos Printing and Publications Limited, Malibagh, Dhaka, 2000 A.D.
– Majupuria Trilok Chandra, Sacred Animals of Nepal and India, pub. M.Devi, Lashkar (Gwalfor), (M.P.) India, 2000 A.D.
– Sharma Dasharatha, Early Chauhan dynasties, pub. Motilal Banarsidass, Delhi, 1959
– Upadhayay Vasudeva, The Socio-Religious Condition Of North India, pub. The Chowkhamba Sanskrit Series Office, Varanasi-1, 1964 A.D.



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राष्ट्रिय अभिलेखालयमा रहेको ग्रन्थ वास्तुविधिको समीक्षा

- मनिता न्यौपाने*

१. विषयप्रवेश

आफ्नो हैसियतअनुसारको गृह वा घर निर्माण गर्नु प्रत्येक व्यक्तिको जीवनको सबैभन्दा ठूलो उपलब्धी हो । घर भन्नाले माटो, ढुंगा, सिमेन्ट, रड वा इट्टाको थुप्रो मात्र भन्ने बुझियो भने त्यस्तो बुझाई अपूर्ण हुन्छ । घरको वास्तविक अर्थ यसमा बास गर्ने हरेक सदस्यको समष्टि वा गतिशीलता हो । घर छ तर त्यहाँ कलह छ भने त्यो घर घर हुन सक्दैन । भनिएको पनि छ 'गृहाणातीति गृहम्' । घरमा बस्ने सबै सदस्यहरू खुशी, आनन्दित र आत्मीय छैनन् भने घर घर जस्तो हुँदैन । त्यसैले घर बनाउँदा निकै विचार पुऱ्याउनु पर्छ । यसका लागि ज्योतिषशास्त्रका ग्रन्थहरूमा वास्तुअन्तर्गत सबै समस्याको निराकरण बताइएको छ । 'वास्तु' शब्दको उत्पत्ति संस्कृत भाषाको 'वस्' धातुबाट भएको हो । जसको अर्थ हुन्छ 'बस्नु' अर्थात् निवास गर्नु । बृहत् नेपाली शब्दकोषले 'घर बनाउनका लागि छुट्याइएको भूमि'[१] भनेर 'वास्तु' शब्दलाई परिभाषित गरेको छ । वास्तु शब्दले निवास गर्ने स्थान वा वास बस्ने स्थान भन्ने जनाउँछ ।[२] वास्तु शब्द सबै प्रकारको निर्माणको वाचक हो ।[३] वास्तु शास्त्रलाई अंग्रेजीमा Architecture भनिन्छ । यो शब्द ग्रीक भाषाबाट उत्पत्ति भएको मानिन्छ । ग्रीक भाषाका दुई शब्द आर्की Archi र टेक्टान Tectan को परिवर्तित रूप नै Architecture (आर्किटेक्चर) हो । 'वास्तु' शब्दको पर्यायका रूपमा 'स्थापत्य' शब्दको प्रयोग गरिन्छ । यो शब्द 'स्थपति' शब्दबाट बनेको हो । स्थ धातु र पति प्रत्ययको सन्धिबाट यो शब्द निर्माण हुन्छ । स्थ संस्कृत भाषाको मूल धातु हो । जसको अर्थ हुन्छ स्थिर वस्नु । यसैले यहाँ बुझ्नुपर्ने कुरा यो छ कि घर पनि स्थिर वस्तु हो । अतः भवन निर्माणसम्बन्धी सम्पूर्ण प्रक्रियाको पति स्थपति भयो र यसै अनुरूप निर्मित रचनालाई स्थापत्य भनियो । स्थापत्यअन्तर्गत भवनको साथमा प्रतिमा प्रतिष्ठा लक्षण र प्रतिमाको निर्माण कार्य पनि आउँछ किनकि प्रतिमा अर्थात् मूर्ति पनि स्थिर अथवा स्थायी हुन्छ । नेपालमा उपत्यकासहित अन्य विभिन्न पुरातात्विक महत्त्वका शहरहरूमा वास्तुकला अर्थात् वास्तुविधिअनुरूप तयार गरिएका घर, मन्दिर, विहार र चैत्यहरू देख्न पाइन्छ । प्राचीन कालदेखि नै पूर्विय परम्परामा वास्तुशास्त्र विषयमा आधारित भएर विभिन्न ग्रन्थहरूको रचना भएको पाइन्छ । यस अन्तर्गत रहेर प्राचीन मुनिहरूले संहिता ग्रन्थहरूमा प्रतिमा लक्षण, प्रतिस्थापनका विधिहरूको विस्तृत रूपमा व्याख्या गरेका छन् । बृहत्संहिता, बृहद् वास्तुमाला, मानसार, मयमतम्, समरांगण सूत्रधार, बृहद् वास्तुमाला जस्ता प्रमुख ग्रन्थहरूमा वास्तुसम्बन्धी विशेष रूपमा बताइएको छ । वास्तुको चर्चा अग्निपुराण, विष्णुधर्मोत्तर पुराणसहित मत्स्य पुराणमा पनि पाइन्छ । यस्ता प्राचीन तथा दुर्लभ

---

*अनुसन्धान अधिकृत, राष्ट्रिय अभिलेखालय ।

१ नेपाली बृहत् शब्दकोश, ने.रा.प्र.प्र., सातौं संस्करण, २०६७, पृ. ११४३ ।

२ वास्तुविधान, स्वदेश प्रकाशन प्रा.लि., पृ.२७ ।

३ बृहत्संहिता, खण्ड २, पृ. ५४४ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ग्रन्थका पाण्डुलिपिहरू राष्ट्रिय अभिलेखालयमा सुरक्षित रहेका छन्। यस्तै पाण्डुलिपिहरूको संग्रहमा रहेको ल.सं. च १४८५ नम्बरको वास्तुविधि ग्रन्थको छोटो समीक्षा यहाँ गरिएको छ।

२. वास्तुविधिग्रन्थको परिचय

यो ग्रन्थ वीर पुस्तकालयका संकलनहरू मध्येकै एक हो। यो ग्रन्थ सहित वास्तुविधि शीर्षक राखेर लेखिएका १३ वटा ग्रन्थहरू अभिलेखालयमा रहेका छन्। मूलप्रति यहीं रहेका पाण्डुलिपिहरू ४ वटा छन् भने अन्य सबै माइक्रोफिल्ममा विभिन्न स्थानमा गएर खिचेर राखिएका प्रतिहरू छन्। कुनै पनि प्रकारका घर, मन्दिर वा चैत्य बनाउँदा अपनाइने पद्धति, वास्तुको पूजाविधि र यसलाई सम्पन्न गर्न आवश्यक पर्ने विभिन्न मूहुर्तहरूको ज्ञानका विषयमा वास्तुविधि नामक ग्रन्थमा चर्चा गरिएको पाइन्छ। लगत संख्या च. १४८५ वास्तुविधि नामको यो पाण्डुलिपि अहिलेसम्म अप्रकाशित नै रहेको छ। राष्ट्रिय अभिलेखालयको संकलनमा रहेको यो ग्रन्थ वैदिक कर्मकाण्ड विषयअन्तर्गत विषय संख्या १८५८ मा दर्ता रहेको छ। प्राचीन समयमा काठमाण्डौं उपत्यकामा निर्माण गरिने घर, मन्दिर, चैत्य र विहारहरू यही वास्तुविधि ग्रन्थमा बताइएको विधिअनुसार निर्माण गर्ने गरिएको पाइन्छ। बी ३७७/४८ रील नम्बरमा यो ग्रन्थलाई यस अभिलेखालयको माइक्रोफिल्ममा समेत हेर्न सकिन्छ। हरिताल लगाएर ठ्यासफुमा लेखिएको यो पाण्डुलिपिको केही भाग मुसाले काटेको छ र थोरै अक्षरहरू अस्पष्ट भएका छन्। यसलाई प्रचलित नेवारी लिपि र नेवारी भाषामै लेखिएको छ। १८.५×९ यसको आकार रहेको छ भने ७ वटा पङ्क्तिमा यो पाण्डुलिपिलाई सकेसम्म सुन्दर बनाउने गरि कोरिएको छ। नेवारी भाषामा लेखिएको भए पनि यस पाण्डुलिपिमा सरल भाषाशैलीको प्रयोग गरिएको छ। यसमा लेखन समय र लेखकको नाम लेखिएको छैन। समग्रमा भन्नुपर्दा यो पाण्डुलिपि वास्तुका दृष्टिकोणले ज्यादै महत्त्वपूर्ण रहेको छ।

३. वास्तुविधिमा वर्णित विषयवस्तु

ग्रन्थको सुरुवात अपूर्ण नक्षत्रका नामबाट गरिएको छ जुन पुनर्वसु नक्षत्रबाट सुरु हुन्छ। यसमा अवकहडा चक्र क्रमैसँग दिइएको छ। अपूर्ण नक्षत्रका नामसहितको अवकहडा चक्र हेर्दा यो ग्रन्थ नभई रफ गर्नका लागि तयार गरिएको ठ्यासफु हो कि भन्ने लाग्दछ। तेस्रो पत्रमा ग्रहले अशुभ फल दिएमा कुन ग्रहलाई के गर्ने भनी ग्रहको शान्तिविधि बताइएको छ। चौथो पत्रमा गृहवास्तुअनुसारको एकासी पद वास्तुको चित्र दिइएको छ। पाँचौ पत्रमा शेष नागका बारेमा बताइएको छ। छैटौ पत्रमा यो ग्रन्थ यसरी सुरु हुन्छ। ॐ नमो विश्वकर्माय नमः ॥ ॥ न्हापां भोजदेव राजाया आज्ञा कास्यं ; गृह आरभ यायत ॥ विश्वकर्मालाई नमस्कार गरेर भोजदेव राजाको आज्ञा लिएर लेखिएको यस ग्रन्थमा अष्टवर्ग हेरी त्यसको शुभाशुभ फल विचार गरी गृहारम्भ गर्नुपर्ने कुरा बताइएको छ। इति अस्तवर्ग फल जुलो ॥ ॥

थनलि वास्तुया महिमा ल्हाय ॥ ॥ कश्यप ऋषि र सिंहिकाका छोराहरूमध्ये पराक्रमी वास्तवलाई वास्तुसँग जोडेर उसको पराक्रमको वर्णन गरी घर, मन्दिर, विहार, चैत्य जे बनाउँदा पनि यसको पूजा गरी बनाउने प्रचलन आएको भनी प्राचीन कथालाई जोडेको छ। इति वास्तु कथा समाप्त ॥ ॥ ॥

ॐ नमो श्रीगणेशाय नम ॥ ॥छाय केन्य थास जाकि वियगूया लक्षन : वास्तुको उत्पत्तिको कथापश्चात् अक्षता लिएर जोखाना हेर्ने लक्षण बताइएको छ। थुति जाकि बि यया रक्षन जुल ॥ ॥ ॥ ॥ दिग विदिगया रक्षन ॥ ॥ यस ग्रन्थमा यात्रा मूहुर्तका बारेमा पनि जानकारी दिइएको छ। थ्वत्ये दृगया काल विचाल ॥ ॥

अथ स्येखनागया महिमा ख कने ॥ ॥ शिलान्यास गर्दा शेष नागको अङ्ग विचार र त्यसले पार्ने शुभाशुभ फलका साथै गृहारम्भ गर्दा मासअनुसारको फलादेश पनि गरिएको छ। थुति छे दनेया सुभ असुभ महिनाया रक्षन जुल ॥ ॥

पुनः विश्वकर्मालाई नमस्कार गरेर ध्वजादि आय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विशेष अष्टवर्गको फलादेश पनि यस ग्रन्थमा समावेश छ । वर्णअनुसार कुन जातिलाई कुन कोठामा गृह निर्माण गर्ने ? गृह निर्माण गर्दाको फल, नक्षत्र र वार अनुसारको फल, अथ छेया देवगण चोस्यं तया ॥ ॥ घरमा हामीले दैनिक प्रयोग गर्ने सामग्रीहरू र तिनमा निवास गर्ने देवता, घरमा प्रयोग गरिएका थाम, मेठ (अहिलेको पक्की घर निर्माणमा भन्नुपर्दा पिल्लर, विम) आदिमा स्थित देवताका नाम, काठका जात अथवा प्रकारको व्याख्या, बारवेला, चन्द्रमाको दिशा, तिथि अनुसारका योगिनी विचार, नक्षत्रका नाम र विस्कुम्भादि योगको नाम दिइएको छ । घर निर्माण गर्दा कुन दिशामा कतिवटा घर बनाउने ? कुन दिशामा स्थित घरको नाम के हो ? गृहको द्वार कता राख्ने ? तथा कुन कुन नक्षत्र भएका दिन राख्ने ? घर बनाउँदा कुन ठाउँमा खाली राख्ने भन्ने कुराको निर्देश चित्रसहित गरेको छ । यस्ता प्रकृतिका घर बनाउँदा शुभाशुभ फल के-के मिल्छ भन्ने कुराको प्रशस्त जानकारी दिइएको छ । अन्तिम पृष्ठमा अष्टवर्गको चित्र बनाएर यो ग्रन्थको अन्त गरिएको छ । यसमा लेखक, लेखन समय उल्लेख गरिएको छैन । समग्रमा भन्नुपर्दा वास्तुविधि शीर्षक राखी यो ग्रन्थ लेखिए पनि यसमा पूजाविधिसँग सम्बन्धित कुनै पनि कुरा नदेखिँदा यो ग्रन्थको नाम गृह निर्माण विधि राखिएको भए पनि हुन्थ्यो कि जस्तो देखिन्छ । हामीले घरमा दैनिक प्रयोग गर्ने वस्तुहरू (कुचो, लोहोरो, ओखल) मा कुन कुन देवताको वास रहेको छ भन्ने विषयको ज्ञानसमेत दिइएको छ । वास्तुविधि शीर्षक राखी लेखिएको भए पनि यो ग्रन्थले घरभित्र हुने सूक्ष्मातिसूक्ष्म विषयको ज्ञानसमेत दिन्छ । साना साना कुरासमेत समेटी लेखिएको यो ग्रन्थ गृह निर्माण कार्यमा मात्र नभई अन्य कर्महरू (यात्रा प्रकरण, बारवेला, चन्द्रमाको दिशा, नक्षत्र तथा योगका नाम) गर्दा समेत उपयोगी हुने देखिन्छ ।

४. वास्तुपुरुषको उत्पत्तिका सम्बन्धमा वर्णित कथाहरू

वास्तुसम्बन्धी अन्य ग्रन्थ र वास्तुविधि नामक समीक्षा ग्रन्थमा वर्णित वास्तुपुरुषको उत्पत्तिका विषयमा प्रचलित प्रसङ्गहरू भिन्नाभिन्नै रहेका छन् । मत्स्यपुराणमा वर्णित कथाअनुसार प्राचीन कालमा अन्धकासुर दैत्यको वध गर्नका लागि शिवले घोर रूप धारण गर्नुभयो । युद्ध गर्दा भगवानको निधारबाट पसिना निस्क्यो । त्यसबाट भयङ्कर रूप भएको राक्षस उत्पन्न भयो । त्यो भीषण प्राणीले अन्धकासुरहरूको सम्पूर्ण रगत पान गर्‍यो तैपनि उसको भोकको तृप्ति भएन र शिवजीको तपस्या गर्न लाग्यो । उसको यो तपस्याले शिवजी प्रसन्न हुनुभयो र उसलाई वरदान माग्न आज्ञा गर्नुभयो । तब त्यसले म सम्पूर्ण चराचर जगत् र त्रैलौक्यलाई खान सकूँ भनी वरदान माग्यो । भगवान् शिवले 'तथास्तु' भनेर वरदान दिनुभयो । त्यसपछि त्यसले चराचर जगत्लाई आफ्ना देहले रोक्दै भुईंमा झर्‍यो । त्यतिबेला सम्पूर्ण देवतासहित ब्रह्माजी पनि डराएका थिए । त्यसबेला त्यो प्राणीलाई भगवान् शिवले बीचैमा रोकिदिनुभयो । जहाँ शिव भगवान्ले रोक्नुभएको थियो । त्यो प्राणी त्यहीँ नै बसिरह्यो र त्यहीँ नै सम्पूर्ण देवताले वास गरे । त्यसैले यसलाई वास्तुपुरुष भनिएको हो । सबै देवताहरूद्वारा रोकिएको हुनाले त्यसले देवताहरूसँग प्रार्थना गर्‍यो । "म कुन आकार लिएर अधोमुख भएर बसौ ? मेरो खाने आहारा के हो ?" भन्दा देवताहरूले वास्तुपूजन गर्दा जो वलि दिइन्छ त्यो नै तिम्रो आहारा हुनेछ र वास्तुपूजा नगरी जो मनुष्य घरमा बस्दछन् । तिनै तिम्रो आहारा हुनेछन् भनेपछि त्यो वास्तुपुरुष प्रसन्न भएको थियो ।[४]

विश्वकर्मा प्रकाशकमा बताइएअनुसार परापूर्व कालमा एउटा भयङ्कर राक्षस उत्पन्न भएको थियो । त्यसले आफ्नो शरीरले सारा विश्वलाई ढाकेको थियो । त्यसलाई देखेर देवताहरू डराई ब्रह्माजीको शरणमा गए । राक्षसबाट भएको भयको कारण बताएपछि ब्रह्माजीले त्यस राक्षसलाई उँधोमुन्टो लगाएर गाड्न सल्लाह दिए । ब्रह्माको निर्देशनबमोजिम देवताहरूले त्यसलाई उँधोमुन्टो गरेर खाडलमा हाली त्यसैमाथि स्थापित भएर बसे । त्यसरी खाडलमा हालेको राक्षसले ब्रह्मासँग भन्न थाल्यो, "तपाईंले यो चराचर जगत्को रचना

४ मत्स्यपुराण, २५१/ ५- १९ श्लोक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गर्नुभयो । यो जगतमा सबै प्राणी विचरण गर्दछन् तर विनापराध किन मलाई यो कष्ट ?" भनेर सोध्दा ब्रह्माजीले त्यसलाई भन्नुभयो "गाउँ, नगर, किल्ला जलाशय तथा उद्यानहरूको निर्माण गर्नुपूर्व तिम्रो पूजन गर्ने मानिसको कल्याण हुनेछ । पूजन नगर्ने मानिसलाई पाइला पाइलामा बाधा अड्चन आउनेछन् । मृत्यु प्राप्त हुनेछ । तिनीहरू भविष्यमा तिम्रै आहार हुनेछन्" विश्वकर्माप्रकाशअनुसार । त्यसै समयबाट गृहारम्भ अथवा गृहप्रवेशको समयमा वास्तु पूजाको प्रचलन रहेको छ ।[५] यही कथा वराहमिहिरको बृहत्संहितामा पनि वास्तुविद्याध्यायमा संक्षेपमा बताइएको छ ।

५ अभिलेखालयमा रहेका वास्तुविधिसम्बद्ध पाण्डुलिपिसँग वास्तुविधिको तुलनात्मक अध्ययन

वास्तुविधिसम्बन्धी राष्ट्रिय अभिलेखालयमा अन्य ३ वटा (मूलप्रति) पाण्डुलिपिहरू रहेका छन् । तिनीहरूका आ-आफ्नै विशेषता रहेका छन् । ती पाण्डुलिपिहरू एक अर्कामा र ल.सं. च.१४८५ ग्रन्थमा रहेका विधिहरू फरक प्रकृतिका रहेका छन् । वास्तुविधिसम्वन्धी अन्य पाण्डुलिपिहरूमा विशेष गरी पूजाविधिसँग सम्बन्धित कुराहरू धेरै रहेका छन् । अभिलेखालयमा रहेका वास्तुविधिसँग सम्बन्धित केही ग्रन्थहरूको संक्षिप्त परिचय निम्नानुसार छ ।

५.१ ल. सं. च.३०८५

वैदिक कर्मकाण्डको विषय संख्या ९९ मा दर्ता रहेको यो पाण्डुलिपिको लिपि देवनागरी हो । संस्कृत भाषामा लेखिएको यो पाण्डुलिपिमा पृथ्वीपूजन, वास्तुपुरुष र वास्तुपूजाका अङ्गभूत देवताहरूको हवनविधि, मूल वास्तुपुरुषको पूजाविधि आदि कुराहरू बताई खाडल खनेर पानी राख्दाको शुभाशुभ ज्ञान र ब्राह्मणभोजन जस्ता विधिहरू वताइएको छ । यो ग्रन्थमा पनि गृह निर्माणलाई महत्त्व दिइएको पाइँदैन । यो ग्रन्थमा पनि विशेष गरेर वास्तु पूजाविधिलाई नै विशेष महत्त्व दिइएको छ ।

५.२ ल.सं. प्र. १३१४

वैदिक कर्मकाण्डको १८५९ विषय संख्यामा दर्ता रहेको यो वास्तुविधि ग्रन्थको आदि पाठमा ' अथ वास्तुपूजा प्रयोग' र पुष्पिका वाक्यमा 'इति वास्तुपूजाविधि समाप्तः ॥ एकाशीतिभागे स्वस्वस्थाने पूजयेत्' भनेर लेखिएको छ । यो पाण्डुलिपिमा वास्तुमण्डलस्थित देवताहरूको पूजाविधि, पूजापछि त्रिमेखलायुक्त अग्निकुण्ड निर्माण गरी सबैलाई पूजा र हवन गर्ने विधि बताइएको छ । पछिल्लो भागमा एकाशीपद वास्तुचक्र निर्माण गरी प्रत्येक पदस्थित देवता र बलियोग्य वस्तुलाई कोष्ठकमा दिइएको छ । यसले गृह निर्माणलाई भन्दा वास्तुको पूजालाई विशेष रूपले महत्त्व दिएको छ । यसमा वास्तुअनुसार घर बनाउँदा हुने शुभाशुभ फलसमेत बताइएको छैन ।

५.३ ल.सं. षष्ठ ४९७२

पाण्डुलिपिमा गृह निर्माण गर्ने समयमा मुख्य घरको वरिपरि रहेका अन्य घरहरू र उक्त घरको अग्रभागको अवस्थितिका आधारमा उक्त घरमा बस्ने व्यक्तिहरूलाई प्राप्त हुने शुभाशुभ फलको विवेचनासहित ८० वटा घरहरूको स्वरूप र शुभाशुभ फलको चित्रसमेत दिइएको छ । यसमा पनि ल.सं. १४८५ ग्रन्थमा जस्तै वास्तुपूजाविधिका बारेमा विशेष केही उल्लेख गरिएको पाइँदैन भने घर कस्तो, कसरी र कता फर्काएर बनाउँदा शुभ अशुभ भन्ने विषयमा बताइएको छ । भाषा र लिपिको समानता रहेको यस ग्रन्थमा गृहनिर्माणबारे नै विशेष रूपमा वर्णन गरिएको छ ।

६. वास्तुविधिग्रन्थका विशेषता र महत्त्व

वास्तुविधि भन्नेबित्तिकै घर निर्माण गर्ने तरिकाहरू, त्यसबाट प्राप्त हुने शुभाशुभ फलहरू र त्यसको प्रभावबाट मुक्त हुन अपनाइने उपायहरूलाई बुझिन्छ । वास्तुविधिले मानिसलाई वास्तुदोषबाट मुक्त हुन र यसको प्रभावबाट बच्न विभिन्न विधिहरू बताउँछ । यसले मानिसले गरेका गल्तीलाई सच्याउने मौका प्रदान गर्छ । भुलवश कुनै कार्यहरू भइहालेको खण्डमा पनि यसलाई निराकरण

---

५ विश्वकर्मा प्रकाश , पृ. १८- २२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गर्ने उपाय वास्तुविधिमा बताइएको छ । ल.सं. १४८४ वास्तुविधिले पनि मानिसले कसरी गृहको निर्माण गर्नुपर्छ भन्ने कुरा सचित्र वर्णन गरेको छ । यसले विभिन्न चित्रहरूसहित यसको व्याख्या पनि गरेको छ । जसले गर्दा तत्काल घर निर्माण गर्न चाहने हरेक व्यक्तिलाई सहज बाटो बताइदिएको छ। यसले शिलान्यास गर्दा विचार गर्नुपर्ने कुराप्रति सबैलाई सचेत गराएको छ। घर निर्माण गर्दा घरको अवस्थिति सूचक चित्रहरू बताएकाले गर्दा यसले गृहको वास्तु जान्न चाहने हरेक व्यक्तिलाई परेका समस्याको निराकरण गरिदिएको छ। यो पाण्डुलिपि वास्तुशास्त्रका विषयमा बृहद् खोज गर्न चाहने अध्येताहरूलाई महत्त्वपूर्ण सन्दर्भ सामग्री बन्न सक्छ।

७. निष्कर्ष

वास्तुविधि भन्नाले विभिन्न किसिमका गृह, मन्दिर वा चैत्य बनाउने विधि हो । यो विधिको प्रयोगले मानिसलाई वास्तुको दोषबाट मुक्त हुन र यसको प्रयोगबाट वच्न मद्दत मिल्दछ। कुन दिशामा कस्तो घर बनाउने ? कुन भाग खाली राख्ने ? घरको ढोका कता राख्ने ? भन्ने विभिन्न समस्याहरूको निराकरण वास्तुग्रन्थहरूबाट गर्न सकिन्छ । हाम्रा पुर्खाहरूद्वारा रचना गरिएका यस्ता कुराहरूले आजको आधुनिक युगमा विज्ञानको कार्य गर्नेछन्।। आजको आधुनिक युगमा केवल भौतिक विज्ञानले मात्र कार्य गर्न सक्दैन, यसमा आध्यात्मिकता पनि एकीकृत गर्न सकेमा अझ हामीले गर्ने कार्य उन्नत हुनेछन् । पुरातन समयदेखि अभ्यास गर्दै आएको मौलिक परम्परा, संस्कृति र मान्यताहरूको ज्ञान हासिल गरी पुरातन कला, वास्तुकला र अत्याधुनिक भौतिक विज्ञानले बताएका दुवै कुराको संयोजन गरी कार्य गरेमा वास्तुसम्बन्धी कार्य गर्न अझ नवीनता थपिनेछ। यसो हुन सकेमा मात्र पुर्खाहरूले बताएको बाटो हामी भावी पुस्तालाई हस्तान्तरण गर्न सक्षम हुनेछौं ।

सन्दर्भग्रन्थ सूची:

१. **नेपाली बृहत् शब्दकोश**, ने.रा.प्र.प्र., सातौं संस्करण, २०६७ ।

२. न्यौपाने, प्रेमराज, **वास्तुविधान**, काठमाडौं, स्वदेश प्रकाशन, वि.सं. २०७१ ।

३. **मत्स्य पुराण**, वाराणसी : गीता प्रेस ।

४. मिश्र सुरेशचन्द्र, **बृहत्संहिता**, नयाँ दिल्ली : रञ्जन पब्लिकेशन, सन् २००५ ।

५. ज्ञानेश्वर, उमेश पुरी, **विश्वकर्माप्रकाश**, हरिद्वारः रणधिर प्रकाशन, सन् २००४ ।

परिशिष्ट खण्ड



वास्तुविधिको मूल ग्रन्थ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



एकाशीतिपदवास्तुचक्र



ॐनमाश्रीविश्वकर्मायनमः॥ [illegible]

वास्तुविधिग्रन्थको सुरुको पत्र



अन्तिम पृष्ठमा रहेको चक्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

थोन्मी संभोट र संभोट व्याकरण : एक परिचय

- कल्पना पराजुली*

हाम्रो हिमालय पर्वत श्रृङ्खलाको पारि र वारि बोलिने भाषालाई भोट वा तिब्बती भाषा भनिन्छ । नेपालको हिमाली क्षेत्र, भारतको सिक्किम, अरुणाचल प्रदेश, हिमाञ्चल प्रदेश, लद्धाख र भुटानमा प्रचलित भाषाहरूलाई भोट भाषामै गनिन्छ । हिमाल पारिको विस्तृत भूभाग जसमा चीनको स्वशासित क्षेत्र तिब्बत, छिङ्हाई, गान्सु, सिचुवान र युनान प्रान्तको भाषा पनि हिमाली क्षेत्रको जस्तै भाषा हो । तिब्बती बर्मेली भाषा समूहमा राखिएको यो भाषा मङ्गोलिया र रुसको केही क्षेत्रमा पनि प्रचलनमा छ (पराजुली: २०६१: ८३) । धेरै ठूलो भूभाग ओगटेको र धेरै देशमा प्रचलित यो भाषा लेखिने लिपिमा समानता छ भने यहाँ भाषिकाहरूको बोल्ने पद्धति केही अलग देखिन्छन् । सातौं शताब्दीका भोटका मंत्री थोन्मी संभोटले निर्माण गरेको प्राचीन लिपिलाई संभोट लिपि भनिन्छ भने उनले रचना गरेको व्याकरणलाई संभोट व्याकरण भनिन्छ। आजकल तिब्बत र तिब्बती जस्ता शब्दहरूको प्रयोग अत्यधिक मात्रामा गरिन्छ । संस्कृत वाङ्मय तथा नेपाली प्राचीन शिलालेखमा भोट वा भोट्ट शब्द प्रयोग गरिएको हुनाले यहाँ पनि भोट भाषा भन्ने शब्द प्रयोग गर्नु उपयुक्त देखिन्छ । बोलिने भाषामा व्याकरणको धेरै ख्याल गरिएको पाइन्न तर ग्रन्थहरूको लेखनमा व्याकरणको महत्त्व उच्च भएकाले यहाँ संभोट व्याकरणको संक्षेपमा चर्चा गरिएको छ ।

भोटमा लेखन पद्धतिको शुरुवात

ईशाको सातौं शताब्दीसम्म भोटमा लेख्य भाषा भेटिएको प्रमाण पाइन्न । भोटका सम्राट स्रोङ् चेन गाम्पो (सन् ६१७-५०) ले नेपाली राजकुमारी भृकुटी (ठिचुन) र चिनीयाँ राजकुमारी कोङ्जो वेन्चीङसँग विवाह गर्दा राजाले आफ्नी रानीहरूले ल्याएका पुस्तकहरू देखेर अचम्मित भएको प्रसङ्ग त्यहाँको इतिहासमा भेटिन्छ (शाक्य: १९९७: ३७) । त्यसपछि मात्र अनुपुत्र थोन्मी नामक मन्त्रीलाई लिपिको विकास गर्नका लागि भारतवर्षतर्फ पठाएको उल्लेख छ । थोन्मीले भारत वर्षमा आई देव विद्या सिंह र लिपिकार (लिज्यीन) आदि गुरुहरूसँग संस्कृत भाषा, बौद्ध धर्म र त्यहाँ प्रचलित लिपिहरू अध्ययन गरे । सात वर्षसम्म धैर्यतापूर्वक अध्ययन गरी विद्यामा पारङ्गत भईसकेपछि संभोट (राम्रो/भद्र भोटे) भन्ने उपाधि पाए । भोटमा फर्कंदा लिपिको निर्माण पनि गरिसकेका हुनाले थोन्मी संभोट नामले प्रसिद्ध भए (लाहुली: २०००: ३) । संस्कृत भाषालाई सम्मान गर्ने प्रचलन अनुसार संभोट नामले मात्र प्रसिद्ध भए । भोट भाषामा अकारको प्रचलन नभएका हुनाले संभोटा भन्ने गरिन्छ । अभिप्राय संस्कृत शब्दको भएको हुनाले यहाँ संभोट शब्द व्यवहारमा ल्याइएको हो ।

* तिब्बती भाषा सहायक, राष्ट्रिय अभिलेखालय ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

संस्कृत भाषाका ५० वर्णहरूको आधारमा भोट भाषामा ३४ वर्णहरू मात्र लिइयो जस अनुसार ३० व्यञ्जन वर्ण बनाइयो भने चार स्वर वर्णहरू मात्र प्रचलनमा ल्याइयो । व्यञ्जन वर्णमा चौथो वर्गका महाप्राण अक्षरहरू घ, झ, ढ, ध, भ तथा ट वर्गका ट, ठ, ड, ढ, ण छाडेर तीस वर्णलाई मात्र समावेश गरियो (मणि कावुम : १९९५, १९७) । संस्कृत भाषाको अ वर्ण पनि व्यञ्जनमै समावेश गरियो । स्वर वर्णमा इ, उ, ए, ओ मात्र राखियो । तीस व्यञ्जन वर्णमा यी चार स्वर वर्ण जोड्ने गरियो । यसरी संस्कृतको लेखन पद्धतिलाई आधार मानेर भोट वर्ण मालाको सिर्जना गरियो ।

वर्णमालामा आधारित भएर शब्द र वाक्यहरूको लेखन शुरु भयो । थोन्मी संभोट आफैंले अवलोकितेश्वरसँग सम्बन्धित २१ लघु ग्रन्थहरूको अनुवाद गरी राजा स्रोङ् चेन गाम्पोलाई चढाए (पराजुली : २०६१ : ८३) । राजाले पनि वर्णमाला सिकेर भोट भाषामा लेखन कार्यको शुरुवात गरे । यसरी मन्त्री थोन्मी संभोटा भोट भाषामा संस्कृत भाषाबाट उल्था गर्ने पहिलो अनुवादक हुन् भने यो भाषाको पहिलो लेखक पनि मानिन्छन् । त्यसपछि लिपि सिकेर राजा स्रोङ् चेन गाम्पोले पुस्तकहरू लेखे जुन मणि कावुम नामक ग्रन्थ मालामा संकलित छन् भने थोन्मी संभोटाका अनुवादहरू पनि उक्त ग्रन्थमै संकलित छन् (पराजुली : २०७० : ८२) ।

थोन्मी संभोट जीवनी

सातौं शताब्दीका भोट विद्वान् थोन्मी संभोटको जन्म र मृत्युको समयबारेमा लेखिएका दस्तावेजहरू हालसम्म पाइएका छैनन् (लाहुली : २००१ : १) । उनी भोट सम्राट स्रोङ् चेन गाम्पोका मन्त्री भएकाले राजकै जीवनीका आधारमा उनको जीवनीको बारेमा जान्न सकिन्छ । उनको जन्मस्थानको बारेमा धेरै मतान्तर छन् । मेन्डो पण्छेन लगायतका विद्वान्हरूका अनुसार थोन्मीको जन्म भोटको ल्होखा प्रान्तको योर्पो न्याल गाउँको थु वा थोन् परिवारमा भएको थियो । थु/थोन् वंशको नाम भएकाले थुमी वा थोन्मी भन्नाले वंश सम्बन्धी नाम भन्ने बुझिन्छ । बाल्यकालमा उनको नाम अनु थियो । भोटमा हुन्ज्याल उनको नाम थोन्मी अनु वा थुमी अनु रहेको देखिन्छ । अध्ययनका लागि भारत वर्षमा आउँदा उनका गुरु लिपिकार (लिजिन) थोन्मीसँग खुशी भएर संभोट नामले बोलाउन थाले । यसको शाब्दिक अर्थ भोट विद्वान् वा भद्र भोटवासी हुन्छ । 'सं' उपसर्गका १३ अर्थ हुन्छन् जसमध्ये यहाँ पूरा रूपमा (कुन्तु) लाई जोड दिएको पाइन्छ । यही आधारमा भोट भाषामा अनुवाद गर्दा कुन्तु स्हाङ्पो (संभोट) हुन्छ । थोन्मीले आफ्ना व्याकरण ग्रन्थको पुष्पिका वाक्यमा यही नामलाई भोट भाषामा राखेका छन् (लाहुलीः २०००ः २) ।

थोन्मी संभोटका हाल उपलब्ध दुई ग्रन्थहरूको अन्तमा यस्तो लेखेको पाइन्छ -

क) व्याकरण ई चावा ग्येपाले कुन्तु साङ्पोइ व्याकरण धाङपोइ काव् ते ङापा ओ (मूल आठ व्याकरण अन्तर्गत संभोट व्याकरणको पहिलो अवकाशको पाँचौ परिवर्त हो ।)

ख) व्याकरण ई चावा ग्येपाले कुन्तु साङ्पोइ व्याकरण न्यीपे काव् ते ढुग्पा ओ । (मूल आठ व्याकरण अन्तर्गत संभोट व्याकरणको दोस्रो अवकाशको छैठौं परिवर्त हो ।

यी ग्रन्थहरूका लेखकको रूपमा आफ्नो नाम कुन्तु साङ्पो राखेको हुनाले संभोट नामक शब्द भोट भाषामा आफैंले अनुवाद गरेको देखिन्छ । थोन्मीले भोट फर्केपछि लिपि निर्धारण गर्नुको अलावा व्याकरणको पुस्तक लेखेको देखिन्छ । व्याकरणका कमसेकम आठ ग्रन्थ मध्ये यी दुई सर्वत्र उपलब्ध छन् भने बाँकी हाल उपलब्ध छैनन् (लाहुली : २००० : ४) ।

थोन्मीको भारत वर्ष आगमनको विषयमा मणि कावुम नामक स्रोङ्चेन गाम्पोको जीवनी र रचनावलीको बारेमा यस्तो लेखिएको छ - "त्यसपछि राजाको मनमा भोट राष्ट्रमा सद्धर्म (बौद्ध धर्म) प्रवेश गराउन भोटमा अक्षर लिपि) छैन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भन्ने विचार आयो । यस्तो सोचेर प्रजाहरू मध्येबाट मेधावीको प्रतिभाको खोजी गर्ने क्रममा उत्तम प्रज्ञा भएका थोन्मी अनुपुत्र संभोटलाई छानी सोह्रजना व्यक्तिहरूको साथमा सुनको धूलो दिएर भारत वर्षमा धर्म र लिपि सिक्नको लागि पठाए । थोन्मी भारतमा गएर सयौं विद्वान्हरूमध्ये उत्तम पण्डित देव विद्या सिंह (ल्हा रिग्पाई सेङ्गे) सँग धर्म र लिपि सिके । त्यसपछि छन्द शास्त्र, काव्य, नामकोश आदि साधारण विद्या र सम्पूर्ण आध्यात्मिक विद्याहरू सिकेर सबैमा पारङ्गत भए । भोट देशमा फर्केर लाञ्चा (रञ्जना) लिपिमा आधारित उचेन (डिको युक्त) र पटुल लिपिको आधार लिएर उमे (डिको रहित) लिपिको निर्माण गरे ।

भारत वर्षको क आदि ५० व्यञ्जन वर्णलाई ३० वर्णमा समाहित गरे । व्यञ्जन मध्येका महाप्राण (घ, झ, ढ, ध, भ) र ट वर्ग (ट, ठ, ड, ढ, ण) वर्णहरू छोडि दिए । च, छ, ज तीन वर्ण तथा श्य, श्ह, ह तीन मिलाएर ६ वटा थपे । सम्पूर्ण स्वरलाई नारो (ओकार), घिघु (इकार), डेङभु (एकार), शहाव्क्यु (उकार) मा समेटेर उर्ध्वस्थ (रागो) आदि मिलाएर भोट वर्णहरूको निर्माण गरे । त्यसको आधारमा आठ महाशब्दशास्त्रको रचना गरे । रत्नमेघ, करण्ड व्यूह आदि सूत्रहरू भोट भाषामा अनुवाद गरे ।" (मणि कावुम पूर्व खण्ड पृ. १८९)

भोटका इतिहास ग्रन्थहरू अनुसार स्रोङ् चेन गाम्पोको जन्म सन् ६१७ (अग्नी गोरु वर्ष) मा भएको थियो । उनको नेपाली राजकुमारी भृकुटीसँग सन् ६४० मा विवाह भएको थियो भने सन् ६४१ मा कोङ्जोसँग २३ वर्षको उमेरमा विवाह भएको थियो । (शाक्य : १९९७ : २५) थोन्मीलाई त्यसपछि भारत वर्षमा अध्ययनका लागि पठाएको हुन सक्छ । जे होस् इशाको सातौं शताब्दीको मध्यमा थोन्मीले लिपि र व्याकरण बनाएको देखिन्छ ।

थोन्मीका रचनाहरू

थोन्मी संभोटको प्रमुख काम हाल प्रचलित भोट लिपिको निर्माण गर्नु थियो । लिपि निर्माणको क्रममा भारत वर्षमा प्रचलित ६४ लिपि अध्ययन गरेको देखिन्छ । विशेष गरी रञ्जना, वार्तुल आदि लिपिहरूको आधारमा थोन्मीले भोटका लागि उपयुक्त लिपि बनाएको पाइन्छ । लिपि मात्र नभई शब्द शास्त्र र अध्यात्म विद्याको पनि गहिरो अध्ययन गरेको देखिन्छ (लाहुली : २००० : १९) । शब्द शास्त्र अन्तर्गत व्याकरणको लेखन गरेको पाइन्छ ।

हाल उपलब्ध आठ मूल ग्रन्थहरू लेखिएका देखिन्छन् । यसरी थोन्मीले आठ परिवर्त (अध्याय) भएको एउटै ठूलो पुस्तक लेखेको देखिन्छ । तर उपलब्ध ग्रन्थहरू दुइवटा मात्र छन् । तसर्थ व्याकरण मूल त्रिंशद (लुङ्तोन्पा चावा सुम्चुवा) र लिङ्गावतार (लुङतोन्पा ताग् क्यी जुग्पा) नै थोन्मी संभोटका व्याकरण सम्बन्धी ग्रन्थहरू हुन् ।

त्रिंशद (सुम्चुवा) ग्रन्थको नाम यस पुस्तिकामा भएका तीस श्लोकको आधारमा राखिएको छ भने लिङ्गावतारमा भोट वर्णहरूको उच्चारणको आधारमा लिङ्ग निर्धारण गरी तिनीहरूको प्रयोगको बारेमा लेखिएको छ । यसमा ३४ वटा श्लोकहरू छन् । अन्य छ अध्याय र पुस्तिका हाल अनुपलब्ध भएकाले यी दुई लघु ग्रन्थको व्याख्या गर्ने क्रममा संस्कृत भाषाका व्याकरणहरूको सहयोग लिएको पाइन्छ ।

व्याकरणका दुई आधारभूत ग्रन्थहरू थोन्मी संभोटका मौलिक कृतिहरू मानिन्छन् भने २१ वटा बौद्ध धर्मसँग सम्बन्धित थोन्मीले संस्कृतबाट भोट भाषामा अनुवाद गरेका थिए । सम्राट स्रोङ् चेन गाम्पोका ध्यानको लागि प्रयोग गरिएका ग्रन्थहरू थोन्मीबाटै अनुदित थिए ।

संभोट व्याकरण परिचय

भोट भाषाको व्याकरण निर्माण गर्ने क्रममा थोन्मी संभोटले सातौं शताब्दीमा प्रचलित थुप्रै संस्कृत व्याकरण ग्रन्थहरूको सहयोग लिएका थिए । सत्रौं शताब्दीका प्रसिद्ध भोट विद्वान देसि साङ्ग्ये ग्याछो (सन् १६५३-१७०५) को यासेल नामक ग्रन्थ अनुसार यी आठ ग्रन्थहरूको आधारमा भोट

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्याकरणको रचना भएको हो । यिनीहरू यस प्रकार छन् - १) ऐन्द्र व्याकरण २) आपिशलि व्याकरण ३) पाणिनि व्याकरण ४) पातंजल महाभाष्य ५) मनुजैनेन्द्र व्याकरण ६) शाकटायण व्याकरण ७) समन्तभद्र व्याकरण र ८) सारस्वत व्याकरण । (लाहुली : २००० : ४) यी आठ मध्ये हाल भोट भाषी क्षेत्रहरूमा सारस्वत व्याकरणको पढाई हुन्छ । त्यसको अलावा कलाप व्याकरण र चान्द्र व्याकरणको पनि पठनपाठन भईरहेको छ । पाणिनिको पनि भोट अनुवाद पाइन्छ तर पाठ्यपुस्तकको रूपमा प्रयोग भएको पाइन्न । चान्द्र, कलाप र सारस्वत व्याकरण नै हालको संभोट व्याकरणको आधार रहेजस्तो देखिन्छ ।

संभोट व्याकरणमा वर्णहरूलाई स्वर (याङ्) र व्यञ्जन (साल्ज्ये) मा बाँडिएको छ । स्वर वर्णमा इ, उ, ए, ओ गरी चार मात्र छन् भने व्यञ्जन वर्णमा का, खा, घा, ङा, च्या, छ्या, भ्या, ञा, ता, था, धा, ना, पा, फा, भा, मा, चा, छा, झा, वा, श्या, श्हा, हा, या, रा, ला, स्या, सा, हा, आ गरी तीस छन् । अकार अक्षर नभएकाले सबै आकारान्त हुन्छन् । अन्तको आ अक्षरलाई पनि व्यञ्जनको रूपमा राखिएको छ । जबकि भारतवर्षका भाषाहरूमा आ स्वर वर्णमा हुन्छ । त्यही अन्तिम वर्णमा इकार (घिघु), उकार (श्याब्क्यु), एकार (डेङ्भु) र ओकार (नारो) लागेमा स्वर वर्ण बन्दछन् । स्वर वर्ण आ मा आधारित भएकाले आली भन्ने गरिन्छ भने व्यञ्जन वर्ण का वर्णबाट शुरु हुने भएकाले काली भनिन्छ । स्वर र व्यञ्जन बुझाउँदा आलीकाली भन्ने गरिन्छ । हा वर्ण दुई पटक दोहोरिएको पाइन्छ । पहिलोको उच्चारण लामो हुन्छ भने दोस्रो छोटो हुन्छ । सा वर्गमा चार वर्णहरू छन् जस्तै श्या, श्हा, स्या र सा । यिनीहरू उच्चारण स्थानको भेदले अलग सुनिन्छन् । उच्चारण स्थानमा कण्ठ, तालु, दन्त, ओष्ठ, मूर्धा र अनुनासिक गरी ६ वटा छन् । (लाहुली : १९६१ : ४) संस्कृत वर्णको उच्चारण गर्ने क्रममा संस्कृतका वर्णहरू कुनै उल्टाएर, कुनै खप्टाएर ल्याउने गरिन्छ । रा, ला, र सा अक्षरहरू अरु अक्षरहरू माथि खप्टन सक्छन् जसलाई रागो, लागो र सागो भनिन्छ । या, रा, ला र वा अक्षर अरु अक्षरहरूको मुनि पनि आउन सक्छन् जसलाई याता, लाता, राता र वासुर भनिन्छ । उर्ध्व अक्षरले ध्वनि परिवर्तन गर्दैनन् भने निम्न अक्षरले ध्वनि परिवर्तन पनि गर्न सक्छन् ।

भोट व्याकरणको मौलिक पक्षमा पूर्व अक्षरहरू आउँछन् । एक वर्णमा चारवटा सम्म सग्ला अक्षर रहन सक्छन् भने खप्टेका अक्षरमा स्वर चिन्ह राख्दा सातवटा सम्म अक्षर र संकेत एक वर्णमा रहन सक्छन् । उच्चारण गर्दा एक पूरा र अर्को आधा मात्र गर्न सकिन्छ । यसले गर्दा थुप्रै अक्षरहरू अनुच्चारित हुन्छन् । उदाहरणको लागि प्रसिद्ध जनावर याक लेख्नुपर्दा घा-या-घा ती अक्षरसँगै लहरै लेख्नु पर्छ जसमा पहिलो घा अनुच्चारित हुन्छ भन्ने अन्तिम घाको उच्चारण आधा मात्र हुन्छ । हिज्जे जनाउँदा घा होघ् या या या घा याघ् भन्नुपर्छ । यसरी मूल अक्षर (मिङ्शी) भन्दा पहिला लेख्नुपर्ने तर अनुच्चारित अक्षरलाई पूर्वाक्षर (ङोग्जुघ) भनिन्छ । तीस वर्ण मध्ये घा, धा, भा, मा, हा मात्र पूर्वाक्षरको रूपमा आउन सक्छन् ।

तीस व्यञ्जन मध्ये दशवटा कुनै मूल अक्षरको पछि आउन सक्छन् जसलाई पराक्षर (जेन्जुघ्) भनिन्छ । घा, ङा, धा, ना, भा, मा, हा, रा, ला, सा अक्षर मूल अक्षर पछि भएमा आधा मात्र उच्चारित हुन सक्छन् । यी दश पराक्षर पछि दुई अक्षरहरू परापराक्षर (याङजुघ्) को रूपमा आउन सक्छन् । यिनीहरूको उच्चारण हुन्न तर हुनु र नहुनुले अर्थमा व्यापक फरक पार्छ । यसरी भोट भाषाका अक्षरमा चार अक्षरहरूको एक वर्ण हुन सक्छ उदाहरणको लागि उपदेश अर्थ दिने ' धाम्' वर्णमा चार अक्षरहरू घा धा मा सा लहरै आएका हुन्छन् जसलाई उच्चारण गर्ने क्रममा मूल अक्षर (मिङ्शी) छुट्टयाउनुपर्छ जुन यहाँ धा अक्षर हो । त्यो भन्दा पहिले आएको घा अक्षर पूर्वाक्षर (ङोन्जुघ) हो जसको उच्चारण हुन्न । 'धा' पछि आउने 'मा' पराक्षर (जेन्जुघ्) भएकाले आधा मात्र उच्चारण हुन्छ । अन्तको 'सा' अक्षर परात्पर अक्षर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(याङ्जुघ्) भएका अक्षरहरू उच्चारण हुन्न । यसरी हिज्जे र उच्चारण नमिल्नु भोट व्याकरणको एक मूल विशेषता हो (नागा : २०१२ : २५) ।

कारकका नियमहरू पनि भोट व्याकरणमा आफ्नै प्रकारका छन् । सम्बन्ध कारकको को, का, कि, रो, रा, रि, नो, ना, नि बुझाउन पराक्षर हेरीकन घि, क्यी, घ्यी, हि, यि को प्रयोग हुन्छ भने करण कारकमा यिनै पाँच प्रत्ययमा 'सा' पराक्षर जोडिएको हुन्छ जसको उच्चारण नहुने भएकाले बोल्दा कुन कारक हो भनेर छुट्याउन गाह्रो हुन्छ । लेख्दा चाहिँ छुट्टिन्छ । कर्म कारक, सम्प्रदान कारक र अधिकरण कारकमा एउटै प्रत्यय ला प्रयोग हुन्छ जसको सट्टामा सु, रु, रा, धु, न, ला, तु प्रत्ययहरू समान रूपमा प्रयुक्त हुन्छन् । यसले गर्दा तीन कारक मध्ये कुन हो भनी छुट्याउन पनि गाह्रो हुन्छ ।

भोट व्याकरणको अर्को महत्त्वपूर्ण पक्ष अक्षरहरूको लिङ्ग (ताघ्) हो । सामान्यतया स्वर वर्ण स्त्रीलिङ्गी मानिन्छन् भने व्यञ्जन वर्ण पुल्लिङ्गी । व्यञ्जन वर्ण भित्र पनि का, च्या, ता, पा, चा पुलिङ्ग हुन् भने खा, छ्.ा, था, फा, छा नपुंसक लिङ्ग हुन् । घा, भ्या, धा, भा, झा, वा, श्हा, श्या, हा, या, स्या र सा स्त्रीलिङ्गी हुन् भने ङा, न्या, ना, मा अति स्त्रीलिङ्गी हुन् रा, ला, हा, आ वन्ध्या अक्षरहरू हुन् । यिनीहरूको आधारमा पूर्वाक्षरको प्रयोग हुन्छ भने त्रिकालका क्रियापदका रूप पनि यसै अनुसारका छन् । लिङ्गावतार नामक पुस्तिकामा अक्षरका लिङ्ग र प्रयोग सम्बन्धी विस्तृत जानकारी दिएको पाइन्छ । (लाहुली : १९६१ : २५७) त्रिंशद (सुम्चुपा) र लिङ्गावतार (ताग्जुग) का थुप्रै भाष्य ग्रन्थहरू हाल राष्ट्रिय अभिलेखालयको तिब्बती शाखामा पनि सुरक्षित छन् ।

थोन्मी संभोटले व्याकरण बनाउने क्रममा त्यसबेला भोटमा प्रचलित कथ्य भाषालाई भारत वर्षको लेख्य भाषासँग मिलाउन खोजेको देखिन्छ । अनुवाद कार्यका लागि आवश्यक नियम संस्कृत व्याकरणबाटै ल्याउन खोजेको देखिन्छ । हाल संस्कृत भाषा र नेपाली भाषामा नचलेका कैयौं पक्षहरू हालको भोट भाषामा प्रचलनमा रहेको पाइन्छ ।

सन्दर्भग्रन्थ सूची :

१) लाहुली, के अंगरूप - *संभोट व्याकरण*, वैज्ञानिक अनुसन्धान तथा साँस्कृतिक मन्त्रालय, भारत सरकार, दिल्ली १९६१

२) लाहुली, के अंगरूप - *आचार्य थोन् मी संभोटका जीवन चरित* (हिन्दी): केन्द्रीय उच्च तिब्वती शिक्षा संस्थान, सारनाथ वाराणसी : २०००

३) पराजुली, पुण्य प्रसादः *संभोट लिपि, परिचय तथा विकासक्रम,* अभिलेख (२२), राष्ट्रिय अभिलेखालय वि.सं. २०६१

४) पराजुली, पुण्य प्रसादः *राष्ट्रिय अभिलेखालयमा संरक्षित तिब्बती वाङ्मय विवरण* अभिलेख (२३), राष्ट्रिय अभिलेखालय वि.सं. २०६२

५) पराजुली, कल्पना : *राष्ट्रिय अभिलेखालयमा रहेका 'मणि कावुम' को छोटो परिचय* अभिलेख (३१), वि.सं. २०७०

६) Naga, Sangye Tandar: *Tibetan Language, Literature and Grammar :* Library of Tibetan Works and Archieves, 2012

७) Parajuli, Punya Prasad : *Catalogue of Tibetan Manuscripts (5 volumes),* National Archives, Kathmandu 2006.

८) Shakya, Min Bahadur: *The Life and Contribution of Nepalese Princess Bhrikuti Devi to Tibetan History*. Book Faith, India, Delhi 1997.

९) *ग्याल्पो स्रोङ्चेन गाम्पोई मणि कावुम तोछ्या मेछ्या छाड्ढीग स्हुग* (राजा स्रोङ्चेन गाम्पोको मणि कावुम पूर्व र पृष्ठ भाग सहित) शेरिग पार्खाङ् धर्मशाला, १९९५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

Reporting across Borders in a Time of Turmoil

Eight Reports from Lokaramaṇa Upādhyāya from the Years 1837-1844

- Manik Bajracharya, Simon Cubelic and Rajan Khatiwoda*

Introduction

This is a follow up to the article published in the previous volume of this journal (see Bajracharya/Cubelic/Khatiwoda VS 2072) which included four reports dispatched by the Nepalese envoy Lokaramaṇa Upādhyāya from colonial India to Nepalese authorities. In this article we will provide eight more such reports from the years 1837 to 1844 which have been preserved in the National Archives of Kathmandu and were microfilmed by the Nepal-German Manuscript Preservation Project (hereafter NGMPP). Our primary concern has been to provide annotated editions and translation of these correspondences in order to stimulate further research on practices of foreign information gathering, the formation of views on foreign affairs among Nepalese elites, and especially on the multiple social roles and agency of scribal and administrative elites in 19th-century Nepal.

